# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

गीता केशरी (वि.सं. १९९७) नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने स्रष्टा हुन् । कथा विधाबाट साहित्यलेखन प्रारम्भ गरेकी केशरीको प्रसिद्धि उपन्यास विधामा छ । उनको साहित्ययात्राको प्रारम्भ वि. सं. २०२१ मा *अरुणोदय*मा प्रकाशित *अपराधी को ?* शीर्षकको कथाबाट भएको हो । त्यसपछि उनका *तरङ्ग* (२०५७), *भुमरी* ( २०५९) र *लहर* (२०६६) कथासङ्ग्रह प्रकाशित भएका छन् । उनको औपन्यासिक यात्राको प्रारम्भ भने *कसिङ्गर* (२०३४) उपन्यासबाट भएको हो । यसपश्चात् उनका *सौगात* (२०४६),*आवाज* (२०४७), *मुक्ति* (२०४८), *खोज* (२०५०), *अन्तिम निम्तो* (२०५१),*विश्वास*(२०५२),*खुल्ला आकाश* (२०५४),*नोकरी* ( २०५५),*निष्कर्ष (*२०६०),*बदलिँदो क्षितिज* (२०६६),*फक्रँदो कोपिला* (२०६८),*आमा* (२०७०) र *नयाँ अध्याय*(२०७४)उपन्यास प्रकाशित छन् । यी उपन्यासमार्फतपितृसत्तात्मक संरचनाका नारी पुरुषका सम्बन्ध, भूमिका, व्यवहार र दृष्टिकोणसँग सम्बन्धित विषय प्रस्तुत भएका छन् । यी उपन्यासमा समाजमा विद्यमान पुरुष प्रभुत्व, चेलीबेटी बेचबिखन, बलात्कार, बालविवाह, बहुविवाह, अनमेल विवाह, दाइजो प्रथा, देवकी प्रथा, पेसा व्यवसायभित्रका बेथितिका माध्यमबाट नारीमाथि हुने लैङ्गिक विभेद, शोषण, उत्पीडन, हस्तक्षेप, दबाबलाई मुख्य विषयका रूपमा उठान गरिएको छ ।मुख्य रूपमा सहरी र गौण रूपमा ग्रामीण परिवेशको चयन गरिएका यी उपन्यासमा पात्रहरूमा विकसित लैङ्गिक सचेतना र प्रतिरोधका विषयलाई महत्त्वपूर्ण स्थान दिइएको छ ।यी उपन्यासमा यस्ता विषयमार्फत समाजमा विद्यमान लैङ्गिक विभेदको यथार्थ चित्रण गरी लैङ्गिक समानताको आदर्श प्रस्तुत गरिएको छ । यसर्थ केशरीका यी उपन्यास लैङ्गिकताका दृष्टिले महत्त्वपूर्ण छन् ।

लैङ्गिकतालाईनारी र पुरुषको शारीरिक विशेषताका आधारमा विभाजित सामाजिक, सांस्कृतिक भूमिकाका रूपमा लिइन्छ । यसअन्तर्गत नारीवाद, पितृसत्ता र पुरुषव्यवहार, समलैङ्गिकता, लैङ्गिक विभेद, शोषण, उत्पीडन, हिंसा र अधीनस्थता जस्ता विषयको अध्ययन गरिन्छ । प्रस्तुत शोधकार्यमा केशरीका उपन्यासमा निहित लैङ्गिक अवस्थितिको अध्ययनका लागिलैङ्गिकताका सैद्धान्तिक मान्यतालाई आधार बनाइएको छ । यहाँ अध्ययनको विशिष्टता र स्पष्टताका लागि  लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, लैङ्गिक सचेतना र प्रतिरोध जस्ता शीर्षकमा उपर्युक्त उपन्यासको विश्लेषण गरिएको छ ।

## १.२ शोधसमस्या

गीता केशरीका उपन्यासहरू पितृसत्तात्मक समाजमा विद्यमान लैङ्गिक समस्याहरूलाई विषय बनाएर रचिएका छन् । उनका उपन्यासमा पितृसत्तात्मक शक्ति संरचनामा पुरुषद्वारा नारीमाथि हुने लैङ्गिक हिंसा, विभेद, शोषण, दमन र हस्तक्षेप तथा पात्रमा विकसित अस्तित्वनिर्माणसम्बन्धी सचेतना र प्रतिरोध चित्रित छन् । उनका उपन्यासमा चित्रित विषयमार्फत् पितृसत्तामा पुरुष मात्र नभएर नारीमा पनि पुरुष सोच हाबी भएका कारण नारी नै पितृसत्तात्मक वर्चस्वका अधीनमा रहेको स्थितिलाई प्रस्तुत गरिएको छ । सहरी परिवेशका साथै अल्प मात्रामा ग्रामीण परिवेशलाई समेत स्पर्श गरेका उनका उपन्यासमा केही पुरुष पात्रलाई नारीका सहयोगीका रूपमा खडा गरेर लैङ्गिक समन्यायको सन्देश समेत दिन खोजिएको छ । प्रस्तुत अध्ययनमा गीता केशरीका सौगात, खोज, विश्वास, नोकरी र निष्कर्ष उपन्यासमा निहित लैङ्गिक विषयको अध्ययनलाई विषय बनाइएको छ ।तसर्थ गीता केशरीका उपन्यासको लैङ्गिक विश्लेषण गर्नु यस शोधको मुख्य प्राज्ञिक समस्या हो । यस मूल समस्याको समाधानका लागि प्रस्तुत शोधकार्य निम्नानुसारका शोधप्रश्नमा केन्द्रित रहेको छः

क) गीता केशरीका उपन्यासमा के-कस्तो लैङ्गिक शक्तिसम्बन्ध प्रस्तुत गरिएको छ ?

ख) गीता केशरीका उपन्यासमा के-कस्तो लैङ्गिक भूमिका प्रस्तुत गरिएको छ ?

ग) गीता केशरीका उपन्यासमा लैङ्गिक सचेतना र प्रतिरोधलाई कसरी प्रस्तुत गरिएको छ ?

## १.३ शोधउद्देश्य

गीता केशरीका उपन्यासमा निहित लैङ्गिकतासम्बन्धी निष्कर्षमा पुग्नु प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । यसर्थ माथि उल्लिखित शोधसमस्याको समाधानार्थ यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) गीता केशरीका उपन्यासमा प्रस्तुत लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गर्नु,

ख) गीता केशरीका उपन्यासमा प्रस्तुत लैङ्गिक भूमिकाको विश्लेषण गर्नु,

ग) गीता केशरीका उपन्यासमा प्रस्तुत लैङ्गिक सचेतना र प्रतिरोधको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको उपन्यास विधामा लामो समयदेखि क्रियाशील गीता केशरीका औपन्यासिक कृति र उनका औपन्यासिक प्रवृत्तिका विषयमा विभिन्न पत्रपत्रिका, समालोचनात्मक कृति, विभिन्न शोधकार्यमा चर्चा भएको पाइन्छ । उनका उपन्यासका विविध विषयमा विभिन्न

कोणबाट अनुसन्धान पनि भएको पाइन्छ । केशरीका उपन्यासका सम्बन्धमा यसपूर्व भएका ती समालोचना, समीक्षा तथा शोधकार्यले उनका उपन्यासमा लैङ्गिकताको अध्ययनका लागि आधार र मार्गनिर्धारण गर्न सघाउ पुऱ्याउने देखिन्छ । यसर्थ गीता केशरीका उपन्याससम्बन्धी भएका पूर्वकार्यलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

तुलसी भट्टराईले 'मुक्ति मानवीय मूल्य मान्यताको आधारशीला' (२०४९) शीर्षकको लेखमा गीता केशरीको *मुक्ति* उपन्यासको विश्लेषण गरेका छन् । यस लेखमा उनले *मुक्ति* उपन्यासको विषय, पात्रचयन, शैली र उद्देश्यको व्याख्या गरेका छन् । उनका अनुसार यस उपन्यासमा स्वास्नी मान्छेलाई पुरानो कपडा फेरेझैँ फेरिरहने, केवल वासनाका पुतलीझैँ ठान्ने, यातना र पीडा मात्र भोगाउने, अधिकारबाट वञ्चित गराउने तत्कालीन र आजको नेपाली पुरुषसमाजको यथार्थ चित्र कोरिएको छ । साथै यसमा नारी चरित्र र नारी अन्तर्भावनाको प्रतिनिधित्व भएको छ । यस लेखमा त्यस्ता कुसंस्कारगत पुरुष मानसिकतामा परिवर्तन नआएसम्म समानताको नारा नारामा मात्र सीमित रहने विचार व्यक्त भएको छ ।प्रस्तुत लेखमा *मुक्ति*उपन्यासमा लेखकले १०४ वर्षे राणाशासनमा सबभन्दा बढी प्रहार नारी जातिप्रति भएकाले प्रजातन्त्रकालमा नारी पुरुषका सकारात्मक पारस्परिक सौहार्द व्यवहार, व्यवहारिक जीवनमा नारी पुरुषको समान कर्तव्य र अधिकारको आश्वस्तता खोजेको बताइएको छ । तुलसी भट्टराईको प्रस्तुत लेखमा गीता केशरीको *मुक्ति* उपन्यासको लैङ्गिक सन्दर्भको मात्र सङ्केत गरिएको छ । यसमा लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, सचेतना र प्रतिरोधकाकोणबाट उपन्यासको विश्लेषण गरिएको छैन । साथै यस अध्ययनमा केशरीका अन्य उपन्यास समावेश गरिएका छैनन् यद्यपि यस लेखबाट प्राप्त *मुक्ति* उपन्यासमा प्रस्तुत भएको नारीवादी विषयसम्बन्धी जानकारी प्रस्तुत शोधकार्यमाउपन्यास छनोटमा सहयोगी रहेको छ।

गार्गी शर्माले 'नेपाली साहित्यमा नारीको योगदान' (२०६२) शीर्षकको लेखमा नेपाली साहित्यको कविता, कथा, उपन्यास, नाटक, निबन्ध र समालोचना विधामा रहेको नारी स्रष्टाहरूको योगदानको सर्वेक्षण गरेकी छन् । उनका विचारमा गीता केशरी, भागीरथी श्रेष्ठ, वानिरा गिरी, इन्दिरा प्रसाईं, प्रेमा शाह जस्ता नारी साहित्यकारमध्ये गीता केशरीका उपन्यास सङ्ख्यात्मक र गुणात्मक दुवै हिसाबले अग्रस्थानमा रहेका छन् । शर्माले यस लेखमा गीता केशरीका प्रायः सबै उपन्यास सामाजिक भए पनि उनको मूलस्वर भने नारीवादमै घन्किएको निष्कर्ष निकालेकी छन् । शर्माको यस लेखमा नारी साहित्यकारको योगदानको स्थूल सर्वेक्षण पाइन्छ । यस लेखबाट गीता केशरीका उपन्यासका विषयवस्तुको बारेमा सामान्य परिचय प्राप्त गर्न सकिन्छ । गार्गी शर्माले प्रस्तुत लेखमा गीता केशरीका उपन्यासमा नारीवादी स्वर पाइने

सङ्केत गरे पनिउनका कुनै उपन्यासलाई केन्द्रित गरीनारी पुरुषबिचको शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोध जस्ता विषयको चर्चा भने गरेको पाइँदैन । यद्यपि यस लेखमा उल्लेख गरिएको गीता केशरीका उपन्यासमा पाइने नारीवादी स्वर घन्किएको भन्ने सङ्केतबाटउनका उपन्यासको लैङ्गिक अध्ययन गर्न सकिने आधार प्राप्त गर्न सकिन्छ । त्यसैले गीता केशरीका उपन्यासको लैङ्गिक अध्ययनको आधारप्राप्तिका लागिप्रस्तुत पूर्वकार्यसहयोगी रहेको छ ।

ज्ञानु पाण्डेले 'नेपाली उपन्यासमा नारी स्रष्टाको उपस्थिति र वर्तमान अवस्था' (२०६२) शीर्षकको लेखमा उपन्यास विधामा कलम चलाउने नारी स्रष्टाको उपस्थितिको इतिहास, तिनीहरूका औपन्यासिक प्रवृत्ति र प्राप्तिको चर्चा गरेकी छन् । उनलेयसमा उपन्यास परम्परालाई अगाडि बढाउने उपन्यासकारहरू दुर्गादेवी आचार्यणी, अम्बालिका देवी, पारिजात, वानिरा गिरी, गीता केशरी, भागीरथी श्रेष्ठ, सुस्मिता नेपाल, इन्दिरा प्रसाइ, सीता पाण्डे र प्रेमा शाहका औपन्यासिक प्रवृत्ति र प्राप्तिको चर्चा गरेकी छन् । यसै क्रममा उनले गीता केशरीका उपन्यास सङ्ख्यात्मक र गुणात्मक हिसाबले ओजपूर्ण रहेको विचार व्यक्त गरेकी छन् । उनका विचारमा गीता केशरी मूलतः समाजको सूक्ष्मभन्दा स्थूल यथार्थको चित्रण गर्न रमाउने सामाजिक यथार्थवादी उपन्यासकार हुन् । ज्ञानु पाण्डेले यस लेखमा नेपाली उपन्यासमा नारी स्रष्टाको उपस्थिति सर्वेक्षण गर्ने क्रममा गीता केशरीका उपन्यासको उल्लेख गर्दै उनको झुकाव नारीवादी विषयतर्फ रहेको चर्चा गरेकी छन् । ज्ञानु पाण्डेकोप्रस्तुत पूर्वकार्यमा गीता केशरीका उपन्यासको विषय नारीवाद रहेको उल्लेख भएपनि नारी पुरुष शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, लैङ्गिक सचेतना र प्रतिरोधका विषयमा अध्ययन भएको छैन ।यद्यपियस पूर्वकार्यबाटगीता केशरीका उपन्यासमा नारीवादी विषय समावेश रहेको जानकारी प्राप्त भएको छ । यसबाट केशरीका उपन्यासको लैङ्गिक कोणबाट अध्ययन गर्न सकिने आधार निर्माण हुने भएकाले प्रस्तुत शोधकार्यका लागि यो पूर्वकार्य उपयोगी रहेको छ ।

लीला लुइटेलले 'महिला लेखन र नारीवादी उपन्यास' (२०६६)शीर्षकको लेखमा नारीवादको परिचय दिँदै नेपाली साहित्यमा महिला उपन्यासकारको अवस्थितिको चर्चा गरेकी छन् । यसमा उनले नेपाली उपन्यासका क्षेत्रमा कलम चलाउने नारी उपन्यासकारको नाम उल्लेख गर्दै गीता केशरी, पुष्प राई, शवनम श्रेष्ठ, नीलम कार्की निहारिका, शोभा भट्टराई, सुजात, गौरा रिजाल, भाषा भण्डारी, पद्मावती सिंह र मनिषा गौचनका औपन्यासिक प्रवृत्तिको चर्चा गरेकी छन् । उनले यस लेखमा गीता केशरीलाई नारीवादी दृष्टिकोण राखेर धेरै उपन्यास लेख्ने उपन्यासकारका रूपमा लिएकी छन् । उनका अनुसार केशरीका उपन्यासको मूल वस्तु विविध क्षेत्रमा व्याप्त नारी समस्या एवम् लैङ्गिक समानताको खोजी हो । लुइटेलले सामाजिक

अन्धविश्वास, रूढिग्रस्त धार्मिक तथा पारम्परिक मान्यता, पक्षपातपूर्ण कानुनी नियमहरूबाट नारीहरू तिरस्कृत र अपहेलित भएको युगीन सन्दर्भमा नारी स्वतन्त्रता र अस्तित्वको पक्षमा केशरीका उपन्यासले आवाज उठाएको तर्क गरेकी छन्। उनले यस लेखमा नारीले आफ्नो शक्ति पहिल्याएर सङ्कीर्णताको विरुद्धलाग्ने हो भने नारीविरोधी स्वर क्रमशः हट्दै जाने विचार केशरीका उपन्यासमा पाइने निष्कर्ष निकालेकी छन् । यस पूर्वकार्यमा केशरीका उपन्यासमा चित्रितनारीका समस्या, नारीको स्वतन्त्रता र नारीअस्तित्व जस्ता नारीवादी विषयको सामान्य चर्चा छ तर लैङ्गिक शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोध जस्ता कोणबाट उक्त विषयको विस्तृतरूपमा चर्चा गरिएको छैन । यद्यपि यस पूर्वकार्यमा केशरीका उपन्यासको विषय नारी समस्या एवम् लैङ्गिक समानताको खोजी रहेको भन्ने निष्कर्षलेउनका उपन्यासको लैङ्गिक अध्ययन गर्न सकिने आधारप्रदान गरेको छ । त्यसैले प्रस्तुत शोधकार्यका लागि यो पूर्वकार्य सहयोगी रहेको छ ।

लीला लुइटेलले ‘आख्यानकार गीता केशरी’ (२०६८) शीर्षकको लेखमा गीता केशरीका कथात्मक र औपन्यासिक प्रवृत्तिको चर्चा गरेकी छन् । यसमा उनले*कसिङ्गर, सौगात, आवाज, मुक्ति, खोज, अन्तिम निम्तो, विश्वास, खुला आकाश, नोकरी, निष्कर्ष र बदलिँदो क्षितिज* उपन्यासका आधारमा केशरीका विषयगत, चरित्रगत, परिवेशगत र उद्देश्यगत औपन्यासिक प्रवृत्तिको चर्चा गरेकी छन् । उनका विचारमा केशरीका उपन्यासमा अधिकांश सहभागी शिक्षित र बौद्धिक हुनाका साथै सहअस्तित्वप्रति सचेत रहेका छन् । उनलेसमाजमा घट्ने र घट्न सक्ने घटनाहरूलाई समेटेर औपन्यासिक स्वरूप प्रदान गरिएका केशरीका कृतिमा नारी शिक्षित र सबल भए मात्र नारी स्वतन्त्रता र समानता प्राप्त हुने धारणा मुखरित भएको बताएकी छन् । मुख्य रूपमा विविध क्षेत्रमा व्याप्त नारी समस्यालाई मूल विषय बनाइएका केशरीका उपन्यासमा आन्तरिक र बाह्य द्वन्द्व भने सतही रहेको धारणा लुइटेलको रहेको छ । उनले समग्रमा गीता केशरी आदर्शोन्मुख यथार्थवादी, यथार्थवादी, आलोचनात्मक यथार्थवादी, ऐतिहासिक यथार्थवादी र नारीवादी उपन्यासकार हुन् भन्ने निष्कर्ष निकालेकी छन् । लीला लुइटेलले यस लेखमा गीता केशरीका उपन्यास नारी समस्यालाई विषय बनाई लेखिएका र पात्रहरू सहअस्तित्वप्रति चेतनशील भएको सङ्केत गरेकीछन् तर त्यसको विस्तृत विश्लेषण भने गरेकी छैनन् । उनको यस लेखमा केशरीका उपन्यासमा निहितलैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक भूमिका र प्रतिरोधका सम्बन्धमा पनि चर्चा गरिएको छैन । यद्यपियस लेखमा प्रयुक्त केशरीका उपन्यास नारीका समस्यालाई विषय बनाई लेखिएका र पात्रहरू सहअस्तित्वप्रति चेतनशील भएकोभन्ने जानकारीले केशरीका उपन्यासको लैङ्गिक अध्ययन गर्न सकिने आधार प्रदान गरेको छ । त्यसैले यो पूर्वकार्य प्रस्तुत शोधकार्यका लागि सहयोगी रहेको छ ।

ज्ञानु पाण्डेले **नेपाली उपन्यासमा लैङ्गिकता** (२०६९) नामक कृतिमा लैङ्गिक समालोचनाको सैद्धान्तिक आधार स्थापना गरी प्रतिनिधिमूलक उपन्यासको विश्लेषण गरेकी छन् । उनले यस कृतिमा लैङ्गिक समालोचनाको प्रारम्भ, विकासको चर्चा गर्दै लैङ्गिकतालाईसामाजिक सांस्कृतिक भूमिकाका रूपमा परिभाषित गरेकीछन् । उनले हृदयचन्द्रसिंह प्रधान, विजय मल्ल, वि.पी कोइराला, पारिजात, प्रभा कैनी, गीता केशरी, पद्मावती सिंहका एक-एक उपन्यासको लैङ्गिक दृष्टिकोणले अध्ययन गरेकी छन् । उनले गीता केशरीको *बदलिँदो क्षितिज* उपन्यासको अध्ययन गरी यसलाई सन्देशमूलक उपन्यासको संज्ञा दिएकी छन् । उनका अनुसार यसभित्र केशरीले समाजमा युगौँदेखि चल्दै आएको सामन्ती परिपाटी र त्यसबाट सिर्जिएको जातीय विभेद, लैङ्गिक विभेद, बहुविवाह, अनमेल विवाह र बालविवाह प्रथा, बालअधिकार उल्लङ्घनका परम्परालगायतका सामाजिक सांस्कृतिक समस्याप्रति गहिरो चिन्तनमनन गरेकी छन् । पाण्डेले लैङ्गिक विभेदकारी सामाजिक संरचनाभित्र महिलाहरू अधिकारशून्य अवस्थामा गुज्रिँदा बालबालिकाको जीवनमा नकारात्मक आँच पुग्ने हुनाले महिलाका मुद्दालाई गम्भीरताका साथ उठाइनुपर्छ भन्ने विचार *बदलिँदो क्षितिज* उपन्यासले उठाएको निष्कर्ष निकालेकी छन् । प्रस्तुत कृतिमा गीता केशरीको उपन्यासको लैङ्गिक विश्लेषण गरेको पाइए पनि लैङ्गिक शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोध जस्ता आधारबाट सूक्ष्म विवेचना भएको छैन तथापियसपूर्वकार्यमा प्रस्तुत गरिएको लैङ्गिक समालोचनाको पृष्ठभूमि, परिचयका साथै सैद्धान्तिक अवधारणा र उपन्यासको विश्लेषणप्रस्तुत शोधकार्यमा सैद्धान्तिक आधार निर्माण, उपन्यास चयन र विश्लेषणको ढाँचा बनाउनका लागि सहयोगी रहेको छ ।

विष्णुप्रसाद पौडेलले 'नारी लेखनका चार उपन्यासको नारीवादी परिप्रेक्ष्य' (२०६९) शीर्षकको लेखमा शोभा भट्टराई, गीता केशरी, भाषा भण्डारी र सीता पाण्डेका एक-एक उपन्यासको समीक्षा गरेका छन् । उनले यस लेखमा गीता केशरीको *निष्कर्ष*उपन्यासमा नारीवादी स्वर समसामयिक र मूल स्वर बनेर आएको विचार व्यक्त गरेका छन् । उनले यस लेखमा गीता केशरीको *निष्कर्ष* उपन्यासको विश्लेषण गरी उपन्यासमा सामाजिक, राजनीतिक, आर्थिक विकृति विसङ्गतिप्रतिको विरोध भए पनि नारीवादी स्वर मूल स्वरका रूपमा अगाडि आएको बताएका छन् । विष्णुप्रसाद पौडेलले यस लेखमा गीता केशरीको *निष्कर्ष* उपन्यासमा नारीवादी विषय रहेको सङ्केत गरे पनि लैङ्गिक शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोधका आधारमा प्रस्तुत उपन्यासको विस्तृत विवेचना गरेका छैनन् तथापि यसमा उनले केशरीको *निष्कर्ष* उपन्यासमा मूल रूपमा नारीवादी स्वर मुखरित भएको भनी निकालेको निचोडप्रस्तुत शोधकार्यमा उपन्यास चयन र उपन्यासको लैङ्गिक अध्ययन गर्न सकिने आधार प्राप्तिमा सहयोगीरहेकोछ ।

सुधा त्रिपाठीले **नारीवादी सौन्दर्य चिन्तन** (२०६९) कृतिमा नारीवादी आन्दोलन तथा जागरणका विषयमा विस्तृत चर्चा गरेकी छन् । उनका अनुसार नारीवादी आन्दोलन र जागरण पश्चिमी जगत्को देन हो । अमेरिका युरोप हुँदै नेपाली बौद्धिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा देखा परेको नारीवादी जागरणमा विभिन्न साहित्यकार र समालोचकको योगदान रहेको निष्कर्ष उनको छ । त्यसमध्ये उपन्यासका क्षेत्रमा आफूलाई नारीवादी साहित्यकारका रूपमा चिनाउने पारिजात, गीता केशरी, मनिषा गौचन, पद्मावती सिंह जस्ता उपन्यासकारहरूमध्ये उनले गीता केशरीलाई नारीवादी उपन्यासकारका रूपमा लिएकी छन् । यस पूर्वकार्यमा नारीवादी आन्दोलन र जागरणका प्रारम्भिक कदम, नारीवादी समालोचनाका सिद्धान्त र नेपालका विविध क्षेत्रमा नारीवादी जागरणको विषयमा गहन अध्ययन गरिएको छ । यसमा गीता केशरीलाई नारीवादी उपन्यासकारका रूपमा चिनाएपनि उनका कृतिको लैङ्गिक विश्लेषण गरेको भने पाइँदैन यद्यपि यस कृतिमा प्रस्तुत नारीवादसम्बन्धी सैद्धान्तिक अवधारणा र गीता केशरीलाई नारीवादी उपन्यासकारका रूपमा गराइएको चिनारी प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण र विषय चयनमा सहयोगी रहेको छ ।

सुशान्त गुरुङले 'उपन्यास विधाका सन्दर्भमा नेपाली नारी स्रष्टाहरूको उपस्थिति र योगदान' (२०६९) शीर्षकको लेखमा नारी स्रष्टाको उपन्यास लेखनको ऐतिहासिक सर्वेक्षण गरी तिनका प्रवृत्ति र अवस्था समेतको चर्चा गरेका छन् । उनले साठीका दशकका वानिरा गिरी, गीता केशरी, इन्दिरा प्रसाईं अनुपम जोशी, अन्जु पुरी आदि केही नारी उपन्यासकारहरू केही सबल सङ्केतका साथ देखा परेको उल्लेख गरेका छन् । उनले धेरै सङ्ख्यामा उपन्यास लेखेर सङ्ख्यात्मक योगदान दिने उपन्यासकारका रूपमा गीता केशरीलाई लिएका छन् । उनका अनुसार केशरीका अधिकांश उपन्यासमा कहीँ न कहीँ नारी समस्याहरू आउने गर्दछन् । यसका साथै नारीका समस्या नारीले नै महसुस गर्ने भएर नारी उपन्यासकारका उपन्यासमा प्रायः नारी समस्या नै मुख्य विषयवस्तु बन्ने गरेको उनको धारणा छ । यसमा उनले विधवा समस्या, बुहार्तन, घरेलु हिंसा, सौता समस्या, बालविवाह जस्ता नारी समस्याका साथै पुरुषसत्ताको बहिष्कारसम्म गर्ने उग्र नारीवादी धारामा केही नारी उपन्यासकारले कलम चलाएको विचार व्यक्त गरेका छन् । प्रस्तुत लेखमा गीता केशरीका उपन्यासको नारीवादी विषयका बारेमा सङ्केत गरे पनिलैङ्गिक शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोध जस्ता आधारमा उनका उपन्यासको अध्ययन गरेका छैनन् यद्यपि यस लेखमा उल्लेखभएको गीता केशरीका अधिकांश उपन्यासमा नारी समस्याहरू आउँछन् भन्ने जानकारी प्रस्तुत शोधकार्यमाविषय छनोटको लागि सहयोगी रहेको छ ।

राजेन्द्र सुवेदीको **समसामयिक नेपाली उपन्यास** (२०७२) नामक कृतिमा 'समसामयिक सन्दर्भ : आदर्शोन्मुख यथार्थवादी उपन्यासकार गीता केशरी' शीर्षकको लेख समाविष्ट छ । यस लेखमा गीता केशरीको औपन्यासिक यात्रालाई दुई मुख्य चरणमा विभाजन गरी उनका बाह्रवटा उपन्यासको चर्चा गरिएको छ । सुवेदीद्वारा केशरीका *कसिङ्गर, सौगात* र *आवाज*लाई प्रथम चरण र *मुक्ति, खोज, अन्तिम निम्तो, विश्वास, खुला आकाश, नोकरी, निष्कर्ष, बदलिँदो क्षितिज र फक्रँदो कोपिला*लाई द्वितीय चरणमा राखिएको छ । उनका अनुसार नारी समस्यामा केन्द्रित *कसिङ्गर* उपन्यासमा उच्च वर्गका यौन व्यभिचारको दुश्चरित्रता, निम्न वर्गका मान्छेले भोग्नुपर्ने नियति, अर्थ र अभिजातको आवरणमा समाजभित्र गर्ने अनेकौँ दुराचार, यौन व्यभिचारबाट अभिशप्त नवजात शिशु र तिनका आमाको दयनीय मातृसंवेदनालाई सफलतापूर्वक देखाइएको छ । त्यस्तै उनले साँस्कृतिक दृष्टिले नारीको उपेक्षामा केन्द्रित रहेको पुरुषप्रधान समाजका संरचनालाई केन्द्रमा राखेको *सौगात* उपन्यास आदर्श नारीवादको सेरोफेरोमा निर्माण भएको कलाको उदाहरण बनेको बताएका छन् । उनले *आवाज*लाई वर्गीय विसङ्गतिको शिकार बनेका समाजमा गरिने नारी यौनको शोषण, श्रमको भयावह शोषण, नारी अस्मिताको शोषण जस्ता स्थितिको आलोचना गरेर लेखिएको आदर्शोन्मुख यथार्थतिर अभिमुख कृतिका रूपमा लिएका छन् । उनले *मुक्ति*लाई २०४८ सालको राजनीतिक पर्यावरणको परिवर्तित सन्दर्भमा टेकेर तयार पारिएको उपन्यास भनेका छन् । उनले *खोज*मा समाज र नारी जीवनका विसङ्गति, आर्थिक, सांस्कृतिक प्रताडना, जीवन र जगत्का स्वाभाविक विसङ्गतिका पक्षहरूलाई संवेद्य ढङ्गले प्रस्तुत गरेको र नारी अस्मिताको मूल्य अन्वेषण र व्याख्याहरू प्रस्तुत गर्ने सन्दर्भमा सहज रूपले यथास्थितिको आलोचना गरेको तर्क गरेका छन् । यस्तै उनले *विश्वास* उपन्यासले नारीको सिर्जना शक्ति बीजाङ्कुरित हुन पाउनुपर्छ र नारीको मातृत्व र दाम्पत्यको सफल सन्तुलित हुनुपर्छ भन्ने मूल मर्म बोकेको बताएका छन् । यसैगरी उनका अनुसार *खुला आकाश*ले नेपाली समाजका अबोध र अनाथ बालबालिका तथा नारी मानसिकताका विकारग्रस्त जीवनभोगका अवस्थाहरूलाई विषय बनाएको छ । *निष्कर्ष*ले एकातिर नारी संवेदनाको मानवीय रूप र अर्कोतिर पुरुषप्रधान समाजका नारीहरूको छोरा र छोरीलाई हेर्ने दृष्टिकोण प्रस्तुत गरेको छ । उनले *बदलिँदो क्षितिज*र *फक्रँदो कोपिला*लाई नयाँ पुस्ताका विचारहरू प्रक्षेपण गर्ने दिशामा क्रियाशील किशोर मानसिकताको प्रतिनिधित्व गर्ने उपन्यासका रूपमा लिएका छन्। उनको यस कृतिमा गीता केशरीका प्रायः उपन्यासमा पितृसत्ताका कारण सिर्जित विभिन्न किसिमका नारी समस्याको प्रस्तुति,पुरुषप्रधान समाजका नारीहरूको छोरा र छोरीलाई हेर्ने दृष्टिकोणको प्रस्तुति र नारी पुरुषको बौद्धिक र संवेदनागत समानस्तर अपेक्षित भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत कृतिमा केशरीका उपन्यासमा पितृसत्तात्मक समाजमा सिर्जितनारीका अनेक समस्यालाई विषयबनाइएको निष्कर्ष निकालिएपनि ती उपन्यासको अध्ययनलैङ्गिक

शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोधका कोणबाट भने गरेको पाइन्न यद्यपि यस कृतिमा केशरीका उपन्यासमा चित्रित नारी समस्यासम्बन्धी विषयको जानकारीप्रस्तुत शोधकार्यमाविषय र उपन्यास चयनको लागि सहयोगी रहेको छ ।

रामप्रसाद ज्ञवालीले 'नयाँ विषयको औपन्यासिक प्रस्तुति' (२०७४) शीर्षकको भूमिकामूलक लेखमा गीता केशरीको *नयाँ अध्याय*लाई नयाँ भोगाइ र नयाँ अनुभूतिलाई प्रस्तुत गर्ने उपन्यास भनेका छन् । उनका अनुसार यस उपन्यासबाट तेस्रो लिङ्गीको मनस्थिति कस्तो हुन्छ ? तेस्रो लिङ्गीहरू कसरी सोच्छन् ? उनीहरू कसरी जिउँछन् ? समाजले तिनको भावना नबुझिदिँदा तिनलाई कस्तो अनुभूति हुन्छ ? भन्ने जिज्ञासाको जवाफ पाठकलाई मिल्छ । उनले *नयाँ अध्याय*पुरुषले आफूलाई पुरुष नमान्ने र महिलाले आफूलाई महिला नमान्ने अनुभूतिले गर्दा उत्पन्न हुने सामाजिक तथा वैयक्तिक समस्याको उद्घाटन गर्ने सामाजिक तथा मनोवैज्ञानिक यथार्थमा आधारित आख्यान भनेका छन् । यसले समाजमा नारीको महिमा, परिवारमा नारीको आवश्यकता र औचित्य, सन्तानका लागि नारीको अभिभावकत्व तथा पतिका लागि नारीको प्रेम, भरोसा र साथकोमहत्त्वका बारेमा बताउने प्रयत्न गरेकाले ज्ञवालीले यसलाई नारीमैत्री उपन्यासकोसंज्ञा दिएका छन् । ज्ञवालीको प्रस्तुत लेखगीता केशरीको *नयाँ अध्याय*मा वर्णित विषयको चर्चामा केन्द्रित रहेको छ । यसमा *नयाँ अध्याय* उपन्यासमा प्रस्तुत भएको तेस्रो लिङ्गी पुरुषहरूका विषयका बारेमा उल्लेख भएपनि शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोध जस्ता लैङ्गिकअध्ययनका आधारबाट विवेचना भएको छैन यद्यपि *नयाँ अध्याय* उपन्यासमा वर्णन भएका तेस्रो लिङ्गीसम्बन्धी समस्या, उनीहरूका पहिचानका मुद्दाहरू, नारीका भूमिकाका विषयमा प्राप्त हुने जानकारी प्रस्तुत शोधकार्यमा उपन्यास चयनको लागि सहयोगी रहेको छ ।

अम्बिका अर्यालले **गीता केशरीका उपन्यासमा नारी संकेन्द्रण** (२०७५) शीर्षकको लघु अनुसन्धानमा गीता केशरीका चौध उपन्यासमध्ये *कसिङ्गर, सौगात, आवाज, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* गरी सात उपन्यासमा नारी संकेन्द्रणको अध्ययन गरेकी छन् । उनलेयसमा लैङ्गिक सचेतनाको समाख्यानशास्त्रीय कोणबाट केशरीका उपन्यासको अध्ययन गरेकी छन् । उनका अनुसार गीता केशरीका उपन्यासमा नारीका विचार, मानसिकता एवम् भोगाइलाई यथार्थ रूपमा प्रस्तुत गर्न नारी समाख्याता संकेन्द्रकको प्रयोग गरिएको छ ।उनलेप्रस्तुत अध्ययनमा यी उपन्यासमा लैङ्गिक विभेद र समानताप्रतिको सचेतना, नारी पहिचान र अस्तित्वप्रतिको सचेतना, पितृसत्तात्मक दमन र नारी हिंसाको विभेदप्रतिको सचेतना, वैयक्तिक अधिकारप्रतिको सचेतना, राजनीति र शक्तिसंरचनामा नारीको समान भूमिकाप्रतिको सचेतना, नारी र पुरुषको सहअस्तित्व, समान अधिकारको माग, पितृसत्तात्मक प्रवृत्तिको अन्त्य र सुधारिएको कानुनी व्यवस्थाप्रतिको

सचेतना प्रस्तुत गरिएकाले नारी संकेन्द्रणका हिसाबले गीता केशरीका उपन्यास सशक्त छन् भन्ने निष्कर्ष निकालेकी छन्। अम्बिका अर्यालले यस अनुसन्धानमा लैङ्गिक सचेतनाका कोणबाट गीता केशरीको समाख्यानशास्त्रीय अध्ययन गरेको पाइए पनि लैङ्गिक शक्तिसम्बन्ध, भूमिका र प्रतिरोध जस्ता आधारबाट अध्ययन गरेको पाइन्न यद्यपि केशरीका उपन्यासमा नारी संकेन्द्रक रहेको र यसका पात्रमा लैङ्गिक सचेतना प्रबल रहेको भन्ने उनको अध्ययनको निष्कर्षप्रस्तुत शोधकार्यमा उपन्यास चयन र विश्लेषणको ढाँचा निर्माणमा सहयोगी रहेको छ ।

सुनिता खनालले 'चुनौतीलाई अवसर मान्ने केशरी' (२०७५) शीर्षकको लेख लेखेकी छन् । यस लेखमा उनले गीता केशरीलाई व्यक्तिगत रूपमा चिनाउँदै उनलाई चुनौतीदेखि नभागी त्यसलाई अवसरका रूपमा उपयोग गर्ने व्यक्तिका रूपमा अर्थ्याएकी छन् । यस लेखमा उनले केशरीको *मुक्ति* उपन्यास २००७ सालको क्रान्तिका विषयमा सुनेका घटनाका आधारमा राणाकालीन परिवेशको चित्रण गरिएको कृति भएको र यसले राणाकालीन चरित्रको चित्रणमार्फत समाजको ध्यान त्यसतर्फ खिच्ने काम गरेको बताएकी छन् । साथै यसमा *विश्वास* उपन्यास बालविधवाको अवस्था र मातृत्वको अधिकारका पक्षमा राम्रो सन्देश दिन सफल भएको बताइएको छ । यस लेखमा गीता केशरीको विश्वास उपन्यासमा नारीका विषयलाई उठाएको सङ्केत गरे पनि उनका उपन्यासको अन्य लैङ्गिक सन्दर्भको विवेचनाभएको छैन यद्यपि यसमा *विश्वास* बालविधवा र मातृत्वको अधिकारका पक्षमा सन्देश दिन सफल उपन्यास भएको भन्ने विषयगत जानकारीप्रस्तुत शोधकार्यमा उपन्यास चयनका लागि सहयोगी रहेको छ ।

सुनिता सापकोटाले **नयाँ अध्याय उपन्यासको विधातात्त्विक अध्ययन** (२०७५) शीर्षकको शोधपत्रमा *नयाँ अध्याय* उपन्यासको विधातत्त्वका आधारमा अध्ययन गरेकी छन् । उनका अनुसार नयाँ अध्याय मूलतः तेस्रो लिङ्गी पुरुषका मनस्थिति, जीवन भोगाइ र उनीहरूप्रतिको सामाजिक दृष्टिकोणलाई विषयवस्तु बनाइएको उपन्यास हो । उनलेयसमा तेस्रो लिङ्गीका शारीरिक अङ्ग र सामान्य मान्छेसँग उसको भिन्नता, तिनको मनस्थिति र तनाव, तिनको व्यवहारमा पाइने अस्वाभाविकता, तिनका सम्बन्धमा समाजको अज्ञानता, असहिष्णुता र उपहासको चित्रण गरिएको बताएकी छन्। सुनिता सापकोटाको प्रस्तुत अध्ययन गीता केशरीको *नयाँ अध्याय* उपन्यासको विषयविश्लेषण मात्र केन्द्रित छ तसर्थ यसले अन्य उपन्यासको लैङ्गिक सन्दर्भलाई समेट्न सकेको छैन यद्यपियस पूर्वकार्यबाट उपन्यासमा समलिङ्गी तेस्रो लिङ्गीको मुद्दालाई विषय बनाएको बारेमा प्राप्त हुने जानकारी प्रस्तुत शोधकार्यका लागि उपन्यास चयन र ती उपन्यासको लैङ्गिक अध्ययन गर्न सकिने  आधार प्राप्तिका लागि सहयोगी रहेकोछ ।

रमेशप्रसाद भट्टराईले **आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक, जातीय) विश्लेषण** (२०७७) शीर्षकको कृतिमा सांस्कृतिक अध्ययनका विविध उपकरणका सैद्धान्तिक पर्याधारको चर्चा गर्दै विभिन्न कोणबाट केही नेपाली उपन्यासको विश्लेषण गरेका छन् । उनले लैङ्गिक अध्ययनसम्बन्धी सैद्धान्तिक मान्यताको विस्तृत चर्चा गरी लैङ्गिक अध्ययनभित्र लिङ्ग, नारीवाद, पितृसत्ता, यौनिकता, शरीर विभेद, दमन र शोषण, हिंसा र अधीनस्थता, लिङ्गीय सम्बन्ध, पहिचान जस्ता विषय समेटिने बताएका छन् साथै नेपाली उपन्यासको सर्वेक्षणका क्रममा उनले गीता केशरीका *कसिङ्गर, आवाज र विश्वास* उपन्यासका प्रवृत्तिको सामान्य चर्चा गरेका छन् । उनका अनुसार *कसिङ्गर* जातीय विभेद, नारी समस्या र अस्मितामा आधारित आदर्शवादी  धाराको उपन्यास हो । भट्टराईले केशरीको *आवाज*लाई पनि नेपाली समाजको लैङ्गिक विभेदलाई विषयवस्तु बनाइएको उपन्यास भनेका छन् । उनका अनुसार यस उपन्यासमा निम्न वर्गका नारीहरूले सहरमा मालिकका अगाडि अस्मिता जोगाउन गर्नु परेको सङ्घर्ष, बम्बईको वेश्यालयमा बेचिनु परेको विवशतालाई प्रस्तुत गरिएको छ । त्यस्तै उनले केशरीको *विश्वास* उपन्यासमा लैङ्गिक सचेतनाका लागि नयाँ मूल्य र पुरानो मूल्य, प्रगतिशील दृष्टिकोण र सामन्तवादी दृष्टिकोणका बिच द्वन्द्व भई प्रगतिशील मान्यताले विजय प्राप्त गरेको छ भन्ने धारणा राखेका छन् । यसका साथै नारी जागरण, संचेतना, पहिचान र नवचेतनालाई प्रस्तुत गरिएको यस उपन्यासले लैङ्गिक विषमताका विरुद्ध सशक्त आवाज उठाएको छ भन्ने निष्कर्ष भट्टराईको रहेको छ । यसमा केशरीका यी उपन्यासमा नारीका समस्यालाई विषय बनाइएको उल्लेख गरे पनि तिनको विस्तृत विवेचना भने गरेको पाइन्न तथापि यसमा प्रस्तुत भएको लैङ्गिक अध्ययनको सैद्धान्तिक अवधारणासम्बन्धी चर्चा र गीता केशरीका *कसिङ्गर, आवाज र विश्वास* उपन्यासमा नारीका विविध समस्यालाई विषय बनाइएकोभन्ने जानकारी प्रस्तुत शोधकार्यमा सैद्धान्तिक पर्याधार निर्माण, उपन्यास चयन र विश्लेषणको आधार तय गर्न सहयोगी रहेको छ ।

गीता केशरीका उपन्यासका सम्बन्धमा गरिएका उपर्युक्त पूर्वकार्यहरूमा केशरीका उपन्यासका विषयवस्तुगत प्रवृत्ति, पात्र चयनगत प्रवृत्ति, परिवेशगत प्रवृत्तिका विषयमा चर्चा भएको पाइन्छ । प्राय: जसो पूर्वकार्यमा गीता केशरीका उपन्यासमा नारीवाद मुख्य स्वरका रूपमा मुखरित भएको निष्कर्ष निकालिएको छ । तीमध्ये गार्गी शर्मा, ज्ञानु पाण्डे, सुधा त्रिपाठी, सुशान्त गुरुङका लेखमा नेपाली उपन्यास साहित्यका क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक दृष्टिले योगदान दिने नारीवादी उपन्यासकारका रूपमा गीता केशरीलाई लिइएको छ । त्यस्तै लीला लुइटेलद्वारा समग्रमा केशरीका औपन्यासिक प्रवृत्तिको समीक्षा गरेको पाइन्छ जसमा केशरीलाई नारीवादी उपन्यासकारका रूपमा चिनाइएको छ । ज्ञानु पाण्डे, राजेन्द्र सुवेदी, रमेशप्रसाद भट्टराई, अम्बिका अर्यालका कृति तथा शोधकार्यमा केशरीका उपन्यासको विभिन्न आधारमा विश्लेषण गरिएकाले यी

पूर्वकार्यबाट केशरीका उपन्यासमा नारीका पारिवारिक समस्या, मातृत्वका मुद्दा, बलात्कारजन्य पीडा, पितृसत्तात्मक परिपाटीका कारण सिर्जित विभेद, बालविवाह, बहुविवाह जस्ता विषयको प्रस्तुति भएको निष्कर्ष निस्किएको छ । यीमध्ये ज्ञानु पाण्डेको कृतिमा लैङ्गिकताका कोणबाट केशरीको *बदलिँदो क्षितिज* उपन्यासको विश्लेषण छ । त्यस्तै अम्बिका अर्यालको अध्ययन नारीवादमा केन्द्रित रहेको छ । रमेशप्रसाद भट्टराईको अध्ययनमा लैङ्गिक समालोचनाको सैद्धान्तिक आधारको वर्णनका साथै यसै कोणबाट केही उपन्यासको विश्लेषण पनि गरिएको छ । रामप्रसाद ज्ञवाली र सुनिता सापकोटाले *नयाँ अध्याय* उपन्यासमा तेस्रो लिङ्गी समुदायका समस्यालाई उजागर गरिएको बताएका छन् । यी अध्ययनमा गीता केशरीका उपन्यासको विभिन्न कोणबाट अध्ययन गरी तिनले नारीका समस्यालाई प्रमुख स्थान दिएको निष्कर्ष निकालिए पनि लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, सचेतना र प्रतिरोधका आधारमा विस्तृत अध्ययन भएको छैन । लैङ्गिकता नारी पुरुषको सामाजिक सांस्कृतिक भूमिका भएकाले नारीवादी कोणबाट गरिएको अध्ययनले मात्र यो पूर्ण हुँदैन । तसर्थ प्रस्तुत शोधकार्यमा नारी पुरुषका शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, सचेतना र प्रतिरोध जस्ता विषयलाईविश्लेषणको आधार बनाई गीता केशरीका उपन्यासमा लैङ्गिकताको अध्ययन गरिएको छ ।

## !=% zf]wsfo{sf] cf}lrTo

प्रस्तुत शोधकार्यको पूर्वकार्यमा समावेश भएका अध्ययन अनुसन्धान नै गीता केशरीका उपन्यासका सम्बन्धमा गरिएका अध्ययन हुन् । उपर्युक्त पूर्वकार्यको अध्ययनबाट केशरीका उपन्यासका सम्बन्धमा नारीवादी कोणबाट अध्ययन अनुसन्धान भए तापनि लैङ्गिकताका कोणबाट अध्ययन भएको पाइँदैन ।यी अध्ययनले उनका उपन्यासका विषयगत प्रवृत्ति र नारीवादी सचेतनालाई मात्र प्रस्तुत गरेका छन् तसर्थ गीता केशरीका उपन्यासमा नारी पुरुष शक्तिसम्बन्ध, भूमिका र प्रतिरोधको अध्ययन रिक्त पक्षका रूपमा रहेको छ ।लैङ्गिक विभेद सिर्जना हुनुमा समाजमा विद्यमान नारी पुरुषबिचको वर्चस्वशाली अधीनस्थ शक्तिसम्बन्ध र त्यसका आधारमा निर्धारित भूमिका जिम्मेवार भएको देखिन्छ । पात्रहरूमा हिंसा, शोषण, उत्पीडन र विभेदविरुद्ध विकसित चेतनाले नै उनीहरूलाई प्रतिरोधी बनाउँछ । नारीवादी अध्ययनले मात्र यी सबै विषयलाई समेट्न सक्दैन । त्यसैलेयस शोधकार्यमा गीता केशरीका उपन्यासको लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, लैङ्गिक सचेतना र प्रतिरोध जस्ता आधारमा अध्ययन गरिएको छ । यसले गीता केशरीका उपन्यासको अध्ययनमा नयाँ आयाम थप्नुका साथै उनका उपन्यासका सम्बन्धमा जान्न चाहने पाठक तथा अध्येताका लागि उपयुक्त सामग्रीको काम गर्न सक्छ । त्यस्तै

लैङ्गिकतासम्बन्धी अध्ययन गर्ने अध्येतालाई पनि यस शोधकार्यले मार्गनिर्देशन गर्न सक्छ । त्यसैले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## !=^ zf]wsfo{sf] ;LdfÍg

गीता केशरीका लैङ्गिक विषयमा आधारितचौधवटा उपन्यासहरू प्रकाशित छन् । उनका*सौगात, आवाज, मुक्ति, खोज,अन्तिम निम्तो, विश्वास, खुल्ला आकाश, नोकरी,निष्कर्ष, बदलिँदो क्षितिज, फक्रँदो कोपिला, आमा* र *नयाँ अध्याय* उपन्यासहरूमध्ये सोद्देश्य नमूना छनोट विधिको आधारमा अध्ययनको लागि लैङ्गिक चेतनाको विषय प्रबल भएका*सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष*गरी पाँचवटा उपन्यास विश्लेषणका लागि चयन गरिएको छ । यी पाँच उपन्यासको अध्ययन लैङ्गिकताका सैद्धान्तिक मान्यताका आधारमा गरिएकोछ । लैङ्गिकताअन्तर्गत नारीवाद, पुरुषसत्ता, लैङ्गिक हिंसा, उत्पीडन, शोषण, अधीनस्थता, समलैङ्गिकता, लैङ्गिक पहिचान, प्रतिरोध, शक्तिसम्बन्ध जस्ता विषयको अध्ययन गर्न सकिने भए पनि प्रस्तुत शोधकार्य उपर्युक्त उपन्यासमा निहित लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, लैङ्गिक सचेतना र प्रतिरोधको अध्ययनमा केन्द्रित रहेकोछ । यो नै प्रस्तुत शोधको सीमाङ्कन हो ।

## !=& zf]wljlw

गीता केशरीका उपन्यासमा लैङ्गिकता शीर्षकको प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि प्रयोग गरिने सामग्री सङ्कलन विधि र विश्लेषण विधि सम्बन्धमा अलग-अलग शीर्षकमा उल्लेख गरिएको छ ।

### !=&=! ;fdu|L ;Íng ljlw

गीता केशरीका उपन्यासमा लैङ्गिकता शीर्षकको प्रस्तुत शोधकार्य साहित्यिक शोध हो । त्यसैले यसका लागि आवश्यक सामग्री सङ्कलनका लागि पुस्तकालय कार्यको उपयोग गरिएको छ । यो शोधकार्य सम्पन्न गर्नका लागि पुस्तकालय र वेभसाइटबाट शोध्य विषयसँग सम्बन्धित प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । गीता केशरीकाचौधवटा उपन्यासको पठन र सर्वेक्षण गरी सोद्देश्य नमूना छनोट विधिका आधारमा लैङ्गिक चेतनाको विषय प्रबल भएका*सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष*उपन्यासहरूलाई प्राथमिक सामग्रीका रूपमा चयन गरिएको छ ।त्यस्तै पूर्वकार्यको समीक्षाका क्रममा पुस्तकालय र वेभसाइटबाट केशरीका कृति र साहित्यिक प्रवृतिका सम्बन्धमा समीक्षा तथा  समालोचना गरिएका कृति र पत्रपत्रिकाहरूबाट आवश्यक

सामग्रीको सङ्कलन गरिएकोछ । प्रस्तुत शोधकार्यमा लैङ्गिकता वा लैङ्गिक अध्ययनसम्बन्धी सैद्धान्तिक अवधारणा समावेश भएका पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## !=&=@ ;}4flGts kof{wf/

प्रस्तुत शोधकार्य गीता केशरीका उपन्यासमा लैङ्गिकताको अध्ययनमा केन्द्रित छ । लैङ्गिकता शारीरिक भिन्नताको आधारमा नारी र पुरुषले गर्ने कामको बाँडफाँड, उनीहरूबिचको शक्तिसम्बन्ध र सामाजिक सांस्कृतिक मान्यता हो (पाण्डे ९)।लैङ्गिकताको जन्म विश्वजगत्मा प्रचलित नारीवादबाटै भएको हो (भट्टराई ११९)। यसको पृष्ठभूमि अमेरिकी स्वतन्त्रता सङ्ग्राम र फ्रान्सेली राज्यक्रान्तिपछि पितृसत्ताका कारण सदियौँदेखि पछाडि पारिएका नारीहरूको आर्थिक, सामाजिक, राजनीतिक अधिकारका खोजीका क्रममा अगाडि आएको नारीवादी आन्दोलनसँग जोडिएको छ । यो आन्दोलन शारीरिक संरचनाका आधारमा नारीमाथि गरिने विभेदका विरुद्ध थालिएको हो । यो आन्दोलन सिमोन द बुभाको *सेकेन्ड सेक्स* कृतिमार्फत बौद्धिक तथा प्राज्ञिक विषय बन्न पुगेको हो । बुभाले यस कृतिमा पितृसत्ताको उदयको ऐतिहासिक पृष्ठभूमि खोतल्दै नारी र पुरुषका बारेमा समाजमा प्रचारित विभेदकारी धारणा प्रकृतिप्रदत्त यथार्थ नभई समाजले बनाएको मिथ्या धारणा मात्र हो भन्ने तथ्य खुलाएकी छन् (पाण्डे २२३) यसपश्चात् नै लैङ्गिक समानताका लागि नारी एक्लैको मात्र नभई पुरुष र तेस्रो लिङ्गीको पनि अध्ययन हुनुपर्ने अवधारणा विकसित भएको हो । यसै अवधारणाअनुरूप नै अहिले लैङ्गिकता वा लैङ्गिक समालोचनाले नारीवाद, पितृसत्ता र पुरुषव्यवहार, समलैङ्गिकता, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, हिंसा र अधीनस्थता जस्ता अनेक विषयमा अध्ययन थालेको पाइन्छ । लैङ्गिक समालोचनाअन्तर्गत कृतिमा चित्रित लैङ्गिक अवस्थितिको अध्ययन गरिन्छ ।त्यसैले यसमा लैङ्गिकताअन्तर्गतफुको र कोनेलका शक्तिसम्बन्धी मान्यता, लर्बर, मोसी र कोस्टरका लैङ्गिक भूमिकासम्बन्धी मान्यता र ग्राम्सी अनि फुकोका प्रतिरोधसम्बन्धी मान्यतालाईउपन्यास विश्लेषणका आधार बनाइएको छ ।

## !=&=# ljZn]if0f ljlw

प्रस्तुत शोधकार्य गीता केशरीका उपन्यासको विश्लेषणमा केन्द्रित छ । यसमा लैङ्गिक समालोचनाको सैद्धान्तिक मान्यतामा आधारित भएर केशरीका उपन्यासको लैङ्गिक विश्लेषण गरिएको छ । यसका लागि यहाँ उठाइएका लैङ्गिकतासम्बन्धी जिज्ञासाको प्राज्ञिक समाधानका लागि मिसेल फुको, अन्टोनियो ग्राम्सी, जुलिया क्लिम्स मोसी, एरिका कार्टर र जुडिथ लर्बरकासैद्धान्तिक मान्यताको उपयोग गरिएको छ । लैङ्गिक अध्ययनका सिद्धान्तका आधारमा उपन्यासमा प्रस्तुत

लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक भूमिका र यसका आधारमा हुने लैङ्गिक श्रम, उत्पादन, पुनरूत्पादन, लैङ्गिक अवस्था, लैङ्गिक रुचि, लैङ्गिक सचेतना र प्रतिरोधको अध्ययन गरिएको छ । औपन्यासिक कृतिको लैङ्गिक विश्लेषणमा आधारित प्रस्तुत शोधकार्य गुणात्मकअनुसन्धान विधिमा आधारित रहेकोछ । त्यसैअनुरूप यसमा मुख्यतया व्याख्यात्मक र पाठविश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## !=* zf]wkqsf] ¿k/]vf

प्रस्तुत शोधकार्य निम्नानुसारको परिच्छेदमा सङ्गठित रहेको छ -

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेदः गीता केशरीका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

तेस्रो परिच्छेदः गीता केशरीका उपन्यासमा लैङ्गिक भूमिका

चौथो परिच्छेदः गीता केशरीका उपन्यासमा लैङ्गिक सचेतना र प्रतिरोध

पाँचौँ परिच्छेदः सारांश तथा निष्कर्ष

# bf];|f] kl/R5]b

# uLtf s]z/Lsf pkGof;df n}lËs zlQm;DaGw

## @=! ljifokl/ro

गीता केशरीका उपन्यासमा विभिन्न किसिमका विषयवस्तुका माध्यमबाट परिवार र समाजमा नारी र पुरुषबिच रहेका सम्बन्ध, नारी पुरुषका एकअर्को लिङ्ग, उनीहरूका भूमिकाप्रतिको दृष्टिकोण, व्यवहारको चित्रण गरिएको छ । उनका उपन्यासमा नेपाली समाजमा लामो समयदेखि अहिलेसम्म पनि यथावत् रहेका दाइजो प्रथा, बालविधवा, बालविवाह, बहुविवाह, अनमेल विवाह, देवकी प्रथा, चेलीबेटी बेचबिखन, बलात्कारजन्य अपराध, पेसागत भूमिकाको निर्धारण जस्ता विविध कारणले निम्त्याएका लैङ्गिक विभेद, हिंसा, उत्पीडनको उद्घाटन पनि गरिएको छ । उपन्यासमा वर्णित यस्ता विषय र घटनाले समाजमा निहित लैङ्गिक शक्तिसम्बन्धलाई दर्साउँछन् । लैङ्गिक शक्तिसम्बन्धमा नारी पुरुषकाबिचमा कुन पक्ष शक्तिशाली छ; कसले निर्णय प्रक्रियामा प्रमुख भूमिका निर्वाह गर्छ; कुन पक्ष अधीनस्थ छ; कुन बढी हस्तक्षेपकारी छ र कुन पक्ष बढी अन्याय र हिंसामा परेको छ; त्यसको अध्ययन गरिन्छ । यसर्थ गीता केशरीका उपन्यासमा नारी पुरुष पात्रका भूमिका, दृष्टिकोण, व्यवहार, भोगाइ, हिंसा, उत्पीडन, असमानता, सहकार्य आदिका आधारमा लैङ्गिक शक्तिसम्बन्धको निक्यौंल गरिएको छ ।

## @=@ ;}4flGts kof{wf/

शक्तिका सम्बन्धमा पाश्चात्य जगत्मा विकसित चिन्तन प्रणाली र चिन्तकका आ-आफ्नै मान्यता रहेका छन् । तीमध्ये मार्क्सवादीहरूका निम्ति शक्ति सामाजिक तथा आर्थिक शोषणको माध्यम हो ।शक्तिको मुख्य स्रोत आर्थिक हुन्छ र समाजमा चलिरहने आर्थिक तथा सामाजिक वर्गसंघर्षसँग जोडिएको हुन्छ (उप्रेती ४२)।उनीहरूका यी मतबाट आर्थिक पक्ष अर्थात् उत्पादनका साधन, उत्पादन र श्रमशक्तिको उपलब्धताका आधारमा शक्ति निर्धारित हुन्छ भन्ने बुझिन्छ ।मार्क्सवादीहरूको शक्तिसम्बन्धी यो धारणाभन्दा भिन्न अभिमत राख्दै दार्शनिक मिसेल फुकोले शक्तिसम्बन्धी आफ्ना धारणा राखेका छन् । उनलाई शक्तिसम्बन्धी विस्तृत अवधारणा राख्ने दार्शनिक चिन्तकका रूपमा लिने गरिन्छ । उनले सङ्कथन वा विमर्श र सत्ता वा शक्तिको चर्चा गर्दै विमर्शबाट शक्ति प्राप्त हुने र शक्तिशालीले नै विमर्शको निर्माण गर्ने कुरा बताएका छन् । उनका

विचारमाशक्तिको अभ्यास आर्थिक क्षेत्रमा मात्र नभएर अन्य क्षेत्रमा पनि भइरहेकै हुन्छ । शक्तिका कर्मकाण्डहरू राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिकलगायतका समाजका सबै क्षेत्रमा मात्र नफैलिएर विश्वव्यापी संसार, राष्ट्र, समाजदेखि लिएर परिवार र व्यक्तिका अन्तर्मनसम्म चलिरहेकै हुन्छन् (उप्रेती ४२)।

शक्ति सधैँपरम्परागत मान्यतामा हामीले मान्दै आएको जस्तो माथिबाट तल झर्दैन । फुकोका लागि भने शक्तिले चेनका रूपमा काम गर्दैन । यसमाथि कहिल्यै पनि एउटा केन्द्रको एकाधिकार छैन/हुँदैन । यो जालो जस्तो सङ्गठनका माध्यमबाट प्रयोग गरिन्छ र उद्घाटित हुन्छ ( पाण्डेय७४)।उनका विचारमा शक्ति सधैं राजनीति वा सत्तामा मात्र केन्द्रित हुँदैन । यो समाजका स-साना एकाइमा पनि विभक्त हुने गर्दछ । शक्ति राज्य, कानुन, समाज, परिवार र व्यक्ति जस्ता विभिन्न सामाजिक एकाइमा निहित हुन्छ । यो सदैव नकारात्मक र दमनकारी पनि हुँदैन । यसले हामीमाथि नो भनेर लाद्ने काम मात्र गर्दैन । यसले परम्परागत सीमाहरूपार गर्दै कुराहरू उत्पादन गर्छ, यसले आनन्द प्रदान गर्छ, ज्ञान निर्माण गर्छ, विमर्श उत्पादन गर्छ ( पाण्डेय७४)।तसर्थ फुकोका विचारमा शक्ति शोषण र सिर्जना दुवैको इन्जिन हो । यसले एकातिर सैनिक, आर्थिक तथा सांस्कृतिक शक्तिकै माध्यमले औपनिवेशवाद तथा दासत्व प्रणालीको बिस्तार गरेको थियो भने यसैकै माध्यमबाट परिवर्ननशील, अस्थायी र सामाजिक सत्यहरूको निर्माण हुने गर्दछ (उप्रेती ४२)।फुको सङ्कथन वा विमर्शलाई सत्ता वा शक्तिको मुख्य स्रोत ठान्छन् भने ज्ञान र सत्ताको सम्बन्ध अत्यन्त निकट हुन्छ भन्ने कुरा देखाउँछन् । उनी राजनीतिले नै सत्ताको निर्मितिमा सर्वोपरि महत्त्व राख्छ भन्ने कुरालाई पूर्ण रूपमा स्वीकार नगरी सूक्ष्म राजनीति (माइको पोलिटिक्स)का सन्दर्भमा स्थानीय क्षेत्रको राजनीति र सङ्घर्षलाई जोड दिन्छन् । उनी राजनीतिलाई महिला, जाति, जनजाति, राष्ट्रियता जस्ता क्षेत्रमा केन्द्रित गर्दै सत्ताको निर्मितिको कुरा गर्दछन् (भट्टराई३३८-३३९)।शक्तिसम्बन्धका फुकोका यी चिन्तनका आधारमा शक्ति सधैँ नकारात्मक र निषेधात्मक मात्र नभई उत्पादनात्मक र सिर्जनात्मक समेत हुने गर्दछ । समाजमा कुनै पनि व्यक्तिले उसको लिङ्ग, जाति, वर्ण, वर्ग आदिका आधारमा शक्तिको अनुभव गर्छ । त्यसैले कुनै पनि व्यक्ति समाजमा पूर्णतया शक्तिशाली या पूर्ण रूपमा शक्तिहीन हुन सक्दैन भन्ने बुझ्न सकिन्छ ।

समाजका विभिन्न एकाइमास्थापित शक्तिसम्बन्धमध्ये लैङ्गिक शक्तिसम्बन्धका विषयमा पनि पाश्चात्य चिन्तकहरूले आफ्ना मत राखेका छन् । रोबर्ट कोनेलले शक्ति र लैङ्गिकता भन्ने पुस्तकमा नारी पुरुषबिचको लैङ्गिक सम्बन्धलाई तीनथरीका सामाजिक संरचनाले चिनाउँछन् भन्ने मान्यता राखेकी छन् ।उनका अनुसार सामाजिक र संस्थागत तहमा श्रमको लैङ्गिक विभाजन,

शक्तिको लैङ्गिक विभाजन र सामाजिक मान्यता र तीप्रतिको भावनात्मक लगावको संरचना हुन्छ । यी तीन किसिमका संरचना एकअर्कामा मिल्दाजुल्दा तर फरक हुन्छन् र यिनीहरूनारी पुरुषका लैङ्गिक भूमिकाको व्याख्यामा सहयोगी हुन्छन्(विङ्गुड र डिक्लेमेन्ट३१५)।कोनेलका अनुसार यी तीन किसिमका संरचनास-साना संस्थागत एकाइमा समेत देखिन्छन् ।त्यसैले समाज र संस्कृतिअनुरूप लैङ्गिक शक्तिसम्बन्ध स्थापना र परिवर्तन हुन्छ । यसैका आधारमा लैङ्गिक मूल्य र उत्तरदायित्वको निर्माण हुने गर्दछ भन्ने मानिन्छ ।समाजमा सबैजसो पक्षमा सहभागी हुने हुनाले लैङ्गिक शक्तिसम्बन्ध व्यापक हुन्छ । लैङ्गिकताले समाजका सबै तहमा शक्तिसम्बन्धहरूलाई आकार दिन्छ । यो परिवारदेखि राजनीतिक निर्णय गर्ने तहसम्म शक्तिसम्बन्धको सबैभन्दा स्थिर कारण, परिणाम र संयन्त्र हुन सक्छ । यो समाजले नारी र पुरुषका लागि निर्धारण गरेका भूमिका, व्यवहार र दृष्टिकोणहरूको समूह हो (कोस्टर२) । त्यसैले समाजका सबै एकाइमा लैङ्गिक शक्तिसम्बन्धको अध्ययन गर्न सकिन्छ । गीता केशरीका उपन्यासमा पितृसत्तात्मक संरचनाका विभिन्न स्तरमारहेको नारी पुरुषबिचको शक्तिसम्बन्धका विविध स्वरूपको वर्णन गरिएको छ । प्रस्तुत परिच्छेदमाफुको र कोनेलका शक्तिसम्बन्धीयिनै सैद्धान्तिक मान्यतामा आधारित रहेर उनका*सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष*उपन्यासमा निहित नारी पुरुषबिचको शक्तिसम्बन्धको अध्ययन गरिएको छ ।

## @=# uLtf s]z/Lsf pkGof;dfgf/L / k'?iflarsf] zlQm;DaGw

गीता केशरीका उपन्यासमा पितृसत्तात्मक समाजका विभिन्न एकाइमा पुरुषद्वारा अधीनस्थ बनाइएका नारीका समस्याको वर्णन गरिएको छ । यी उपन्यासहरूमा नेपाली समाजमा विद्यमान सत्तासम्बन्धका आधारमा पुरुषद्वारा नारीहरू शोषित पीडित बनेको यथार्थको उद्घाटन गरिएको छ । यी उपन्यासहरूमा घटनाको वर्णनका क्रममा विभिन्न पृष्ठभूमिका थुप्रै नारी पुरुष पात्रहरू आएका छन् । उपन्यासका पात्रहरूमा परिवार, विवाह, पेसा, शिक्षा र सामाजिक स्तरमा विभिन्न किसिमको सम्बन्ध स्थापित रहेको छ । यसरी स्थापित सम्बन्ध कतै वर्चस्वशाली-अधीनस्थ, दबाबपूर्ण, विभेदकारी,उत्पीडनकारीर कतै समझदारीपूर्ण रहेको देखिन्छ । नारी पुरुष पात्रहरूका एकअर्काप्रतिका दृष्टिकोण, व्यवहार, दबाब, हस्तक्षेप, हिंसा, अधीनस्थता, शोषण, उत्पीडन र समझदारीका आधारमा *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष*उपन्यासमा नारी पुरुष पात्रबिचको शक्तिसम्बन्धको विश्लेषण यहाँ गरिएको छ ।

### @=#=! n}lËs lje]bd"ns zlQm;DaGw

गीता केशरीका उपन्यासमा पितृसत्तात्मक संरचनाको पारिवारिक र सामाजिक स्तरमा हुने लैङ्गिक विभेदका घटनाको वर्णन गरिएको छ । यी उपन्यासमा पितृसत्तात्मक प्रभुत्वका कारण

नारीहरू पारिवारिक स्तरबाटै विभिन्न अवसर प्राप्ति, भूमिका निर्वाह, संस्कारगत कार्यमा विभेदमा परेका छन् । यी उपन्यासमा पुरुषका तुलनामा नारी पात्र नै सामाजिक मूल्य, मान्यताका कारण सामाजिक अधिकारप्राप्ति रशिक्षाप्राप्ति जस्ता कुरामा पछाडि पारिएका छन् । त्यसैले यहाँ केशरीका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* उपन्यासमा पारिवारिक तथा सामाजिक स्तरमा देखिएका लैङ्गिक विभेदका स्वरूपको अध्ययन गरिएको छ ।

*सौगात* उपन्यास २०४६ सालतिरको प्रजातन्त्र पुनर्स्थापनाकालीन सामाजिक परिवेशलाई आधार बनाएर रचिएको हो । यसमा विशेष गरेर काठमाडौँको सहरी परिवेश, पूर्वको वीरगञ्ज, पश्चिमको डोटी जस्ता स्थानगत परिवेशका नारी पुरुषका सम्बन्ध, व्यवहार, दृष्टिकोणहरूको वर्णन गरिएको छ ।उपन्यासमापितृसत्तात्मक स्वरूपको परिचय गराउँदै नारीअस्तित्व, नारी क्षमता, नारी पुरुष सहअस्तित्वको महत्त्व दर्साइएको छ । नारीमाथि पुरुष प्रभुत्व अस्वीकार गरिएको यस उपन्यासमा परिवार र समाजका विभिन्न एकाइमा विद्यमान लैङ्गिक विभेदका विषयको उठान गरी तत्कालीन सामाजिक परिवेशमा देखिएका पितृसत्तात्मक प्रभुत्वकास्वरूपको चिनारी गराइएको छ ।

प्रस्तुत उपन्यासमा प्रतिभा, अम्बिका, शोभना, मेनका जस्ता नारी पात्र र कमल, जीवन, प्रतिभाको बाबु, भाइ उदय, अम्बिकाका भाइ, पति, मेनकाको बाबु, भाइहरूलगायतका पुरुष पात्रहरू संलग्न छन् । यी सबै पात्रमध्ये प्रतिभाको कथा केन्द्रमा छ र प्रतिभाको संलग्नतासँगै अन्य पात्रहरू पनि उपन्यासमा जोडिँदै र हराउँदै गएका छन् । यस उपन्यासका नारी पुरुष पात्रहरूपारिवारिक रूपमा पतिपत्नी, बाबुछोरी, दाजुबहिनी, आमाछोरा जस्ता सम्बन्धमा आबद्ध छन् भने सामाजिक रूपमा उनीहरूमा मालिक-कर्मचारी र साथीको सम्बन्ध स्थापित छ । पितृसत्तात्मक प्रभुत्वका कारण यी पात्रहरूमा पारिवारिक तथा सामजिक तहबाटै विभेदका घटनाहरू घटित भएका छन् जसले गर्दा पुरुष परिवार र समाजको मालिक अनि नारी अधीनस्थ बनेको स्थिति छ ।

प्रस्तुत उपन्यासमा प्रतिभा पितृसत्तात्मक प्रभुत्वका पारिवारिक र सामाजिक स्वरूपबाट सबैभन्दा बढी प्रभावित पात्र हो । ऊ सानैदेखि परिवारबाट नै छोराछोरीमाथि भएको विभेदप्रति असन्तुष्ट रहेकी छ । दशैँमा ठूलाबाट सानाको क्रममा मान्यजनबाट टीका ग्रहण गर्ने परम्परा भए पनिउसको परिवारमा प्रतिभालाई भाइ उदयभन्दा सधैँ पछि मात्र टीका लगाइदिने गरिएको छ । छोरी भएकै कारण आफूलाई पछि पारी भाइलाई पहिलो प्राथमिकता दिनुमा उसले विभेद महसुस गरेर त्यसको अन्त्यका लागि आमासमक्ष यसरी आग्रह गरेकी छ-"यसपालिको दशैँमा बुझ्नुभो आमा ! बुबासँग टीका लगाउँदा उदयभन्दा पहिले म लगाउँदछु । त्योभन्दा पहिले म जन्मेको, म उसकी दिदी हुँ (१२)।" तर आमाले छोरा घरको पुर्ख्यौली थाम्ने खम्बाभएका कारण उसैको पहिलो

पालो आउने बताएकी छ । त्यसमा बाबुले पनि यस्तो प्रतिक्रिया दिएको छ-"उसको मन राख्न हुन्छ तँलाई नै पहिले लगाइदिन्छु, भएन ?...हुन्छ भनेर टार्नुपर्छ नि ? यस्ता नचाहिने कुरामा पनि तिमी बहस गरी रहन्छ्यौ (१३)।" उसका यी भनाइले छोरीले आफ्नो अस्तित्वको लागि उठाएको प्रश्न र अधिकारको मागलाई व्यर्थ सम्झेको पुष्टि गर्छन् ।उनीहरूले पितृसत्तात्मक संरचनाले सिर्जना गरेको लैङ्गिक विभेदलाई बिनातर्क स्वीकार र अनुसरण गरेका छन् ।प्रतिभापनि त्यस बखत चुप लागेर बाबुआमाद्वारा गरिएको विभेद स्वीकार्न बाध्य भएकी छ । यसले उक्त परिवारमा पितृसत्तात्मक प्रभुत्वलाई स्वीकार गरी पुरुषलाईपरिवारको संरक्षक तथा निर्णायक मान्दै विभेद स्विकारिएको अवस्था छ ।

*खोज* उपन्यास प्रजातन्त्र पुनर्स्थापनावरिपरिको सामाजिक परिवेशलाई आधार बनाएर रचिएको हो तापनि यसले राणाकालीन दरबारको इतिहासलाई पनि स्पर्श गरेको छ ।यसको कथावस्तु मुख्य रूपमा काठमाडौँको सहरी परिवेश, चितवनतिरका स्थान र भारतको बनारसको वेश्यालय जस्ता स्थानगत परिवेशमा निर्मित रहेको छ । यसमा फरक-फरक पृष्ठभूमिका नारी पुरुष पात्रहरू समावेश गरिएको छ । विशेष गरेर समाजमा हुने अपराध, अपराधीका मनस्थिति र कारणको खोजका रूपमा विभिन्न घटनाको संयोजन यसमा गरिएको छ । मानव बेचबिखन र त्यसबाट पीडितको जीवनयात्रालाई समावेश गरिएको प्रस्तुत उपन्यासमा बेचबिखन, दाइजो प्रथा, देवकी प्रथाका माध्यमबाट पितृसत्तात्मक सत्तासम्बन्धलाई प्रस्तुत गरिएको छ । यसमा पितृसत्तात्मक सत्तासम्बन्धका कारण नारीहरू पारिवारिक तथा सामाजिक स्तरमा विभेदमा पर्ने गरेको यथार्थको उद्घाटन गरिएको छ । यसमा शान्ति र कृपा मुख्य पात्रका रूपमा चित्रित छन् । उनीहरूको परिवारमा उनीहरूलगायत बाआमा र दाजु संयोग छन् । कृपा शान्तिको मित दाजु हो । उसलाई लालनपालन र पठनपाठनको सम्पूर्ण दायित्व बोकेर शान्तिका बाबुले गाउँबाट ल्याएका हुन् । उपन्यासमा यीलगायत बादल, शान्ता, शची, सोमनाथ पण्डितका दम्पति, कपिल, कपिलकी हजुरआमा, प्रहरी, वेश्यालयका वाई, बेचिएका नारीहरू जस्ता थुप्रै पात्रहरू समावेश छन् । यी पात्रहरूमा पारिवारिक, सामाजिक स्तरको सम्बन्ध रहेको छ । पारिवारिक रूपमा शान्तिका बाआमा पतिपत्नी, संयोग, कृपा र शान्ति दाजुबहिनी हुन् । यिनीहरूको अन्य पात्रसँग पेसागत र सामाजिक सम्बन्ध स्थापित छ ।

प्रस्तुत उपन्यासमा पारिवारिक रूपमा बाबुआमाद्वारा छोराछोरीमाथि गरिनेविभेदको वर्णन गरिएको छ । यसमा मुख्य पात्र शान्तिको परिवारमा आमाद्वारा गरिने विभेदपूर्ण व्यवहारका विषयको चर्चा छ । प्रस्तुत उपन्यासको प्रारम्भमा मितिनी आमाले शान्ति र उसको दाजुबिच गर्ने व्यवहार विभेदपूर्ण देखिन्छ । मितिनी आमाले शान्ति बेचिनुभन्दा पहिले छोरा संयोगलाई बढी र

छोरीलाई कम महत्त्व दिएकी छ । उपन्यासमा उसका व्यवहारका सम्बन्धमा यस्तो भनिएको छ- “उनी तिनै आमा हुन् जसले छोरीलाई पन्छाई छोरालाई अत्यधिक माया गर्थिन् । छोरालाई घरमा पूर्ण अधिकार दिएर, छोरीलाई आश्रित, केही दिनको पाहुना मात्र हुन् भन्ने पार्थिन् (१८)।” उपन्यासमा प्रयुक्त कृपाका यी भनाइबाट मितिनी आमा र छोरी शान्तिबिचको सम्बन्ध स्नेहमा भन्दा विभेदमा आधारित रहेको थाहा हुन्छ । आमासँग डराउने र आमाले गरेको व्यवहारमा विभेद महसुस गर्ने हुनाले शान्तिले आफ्ना मनका इच्छाहरू बताउन सक्दिन जसले गर्दा ऊ डेरामा बस्ने बादलजस्तो मानव बेचबिखन गर्ने अपराधीसँग फसी वेश्यालयमा बेचिन पुगेकी छ ।

*विश्वास* उपन्यासमा पुरुष प्रभुत्वका कारण सिर्जित लैङ्गिक विभेदसम्बन्धी विषयको वर्णन गरिएको छ । यस उपन्यासमा प्रधानपञ्च रवि शर्माको परिवारको प्रसङ्ग चित्रित छ । उपन्यासमा रवि शर्माको जताततै शक्ति र धनको रवाफ छ । उसका २ पत्नी र छोराछोरीहरू छन् । परिवारमा पदको कारण पनि उसको प्रभुत्व छ । उसको परिवारमा लैङ्गिक विभेद यथावत् छ । जेठी पत्नीले छोराको जन्म नदिएको कारण देखाई अर्की पत्नी बिहे गरेको स्विकार्ने यी अभिव्यक्तिले उसको परिवारमा छोरीको कुनै महत्त्व नभएको कुरालाई उजागर गरेका छन्-

> जेठीबाट लगालग दुई छोरी नै छोरी जन्मेपछि कान्छी विवाह गराइदिई हाले । वंश धान्ने छोरा हुनैपर्छ भन्ने वहाँहरूको भनाइलाई कसले त्यसबेला नाइँनास्ति गर्न सक्ने ? हुन पनि कान्छी ल्याएपछि पहिलो पल्टमा नै छोरा जन्माई । अहिले जेठीपट्टि दुई छोरा र तीन छोरी छन् र कान्छीपट्टि तीन छोरा र दुई छोरी छन् । जेठीको सौतेनी ग्रह परेको रहेछ सौता नभित्र्याई छोरा नै पाउन सकिन र मलाई पनि दुई जोईको पोइ बनाइदिई (८३)।

यहाँ रवि शर्माद्वारा पुरुष प्रभुत्व र अहम् प्रस्तुत भएको छ । उसको नारीप्रतिको सोच नै नराम्रो छ । उसका अनुसार छोरा वा छोरीको जन्म गराउनुमा मुख्य हात नारीको हुन्छ । छोरा जन्माउनका लागि नै दोस्रो बिहे गर्ने उसको नारीप्रतिको हेय दृष्टिकोणले उसको पुरुष प्रभुत्वलाई स्पष्ट पारेको छ साथै उसको परिवारमा निहित लैङ्गिक विभेदलाई पनि यसले प्रस्ट्याएको छ ।

प्रस्तुत उपन्यासमा रवि शर्माले छोराहरूलाई काठमाडौँमा पढ्न पठाई छोरीहरूलाई घर र मेलापातको काममा सीमित राखेको छ । उसका विचारमा छोरा बहकिनु उसको नैसर्गिक अधिकार हो र बुहारी उसको बहुलट्ठीपनलाई सुधार्ने साधन हो । शिक्षिका दुर्गासँगको संवादमा उसले दिएको यो जवाफमा उसको यो अहम् प्रस्टिएको छ-“के कस्तो समस्या ल्याउला कि भन्नु भएको ? जवानीमा कसको छोरा बहकिँदैन ? त्यसबेला तह लगाउन सक्ने स्वास्नी नै हुन्छ भनेर त विवाह गराइदिन आँटेको हुँ (८५)।” रवि शर्माका यी अभिव्यक्तिमा पनि पुरुष अहम् नै निहित रहेको छ ।

उसले पुरुषले जे गरे पनि हुन्छ भन्ने मान्यता बोकेको छ । नारी बिग्रिएका पुरुषलाई सुधार्ने माध्यम उसलाई लागेको छ । प्रधानपञ्चकी पत्नी हुनाको कारण सुरेशकी आमाको पनि ठूलो रवाफ छ तर रवि शर्माका परिवारका नारी सदस्यहरू सबै उसकै आदेशमा चलेका छन् । उनीहरूको छुट्टै अस्तित्व उपन्यासमा देखिएको छैन । छोरा सुरेश जाँड, रक्सी र कुलतमा फस्दा पनि उनीहरूले गाउँकी सोझी केटी गङ्गासँग अनमेल विवाह गरिदिएका छन् । गङ्गा सानै उमेरकी भएका कारण पतिद्वारा अपेक्षित शारीरिक आवश्यकता पूरा गर्न, उसको बानी व्यवहार र परिवारका कामको बोझ धान्न सकेकी छैन । रवि शर्माले घरका नारी सदस्यलाई घरका काममा सीमित राखेको छ । छोराले एउटी मरे अर्की सहजै विवाह गर्न पाउने सामाजिक नियमका कारण गङ्गाको मृत्यु रहस्यमय बनेको छ । सुरेशले पछि सामाजिक स्वीकृतिमै धुमधामसँग दोस्रो विवाह गरेको छ । यसले रवि शर्माको परिवारका नारी पात्रहरू पुरुष प्रभुत्वका कारण थिचिएका छन् । उनीहरूले परिवारमा विद्यमान विभेदका कारण शिक्षाको अवसर पनि पाएका छैनन् तर पुरुषहरू भने जुनसुकै कार्य गर्न र जहाँ जान पनि स्वतन्त्र रहेका छन् । यसले रवि शर्माका परिवारमा नारीहरू पूर्णतया पुरुषका अधीनस्थ छन् भन्ने स्पष्ट भएको छ ।

प्रस्तुत उपन्यासमा देवीले समाजमा विधवाप्रति हुने विभेदपूर्ण व्यवहार महसुस गरेकी छ । उसलाई विधवा हुनुमा आफूहरूको कुनै प्रकारको दोष नरहेपनि समाजले उनीहरूलाई दिने सजाय विभेदपूर्ण रहेको लागेको छ । आफ्नो पति मर्दा नारी जीवनभर रहर मारेर अशुभ मानिएको वैधव्य जीवन व्यतीत गर्नुपर्ने सामाजिक परम्परा र नियम भए पनि पत्नी मर्दा पतिले कुनै प्रकारको कष्ट झेल्नुपर्दैन । ऊ जतिबेला पनि दोस्रो विवाह गर्न स्वतन्त्र छ । उसलाई कुनै पहिरनमा पनि बन्देज छैन र कुनै प्रकारको सामाजिक तिरस्कारको सामना पनि उसले गर्नुपर्दैन । प्रस्तुत उपन्यासमा पनि एकातर्फ देवीलाई वैधव्य जीवनमा घृणा र तिरस्कार गर्ने समाजले गङ्गाको मृत्युपछि विधुर बनेको सुरेशको दोस्रो विवाहलाई निसङ्कोच स्वीकार र समर्थन गरेको छ । यो सामाजिक नियम एकतर्फी, अन्यायपूर्ण, विभेदपूर्ण र मानवताविरोधी छ । यसले समाजमा नारी र पुरुषबिच असमानताको खाडल झनै गहिरो बनाउने कार्य गरेको छ । यसबाट पूर्णतया नारीहरू नै शोषित, पीडित, प्रताडित बन्नु परेको अवस्था विद्यमान रहेको स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक प्रभुत्व भएको समाजमा नारी पुरुषका बिचमा शिक्षाका क्षेत्रमा विभेद रहेको देखाइएको छ । प्रस्तुत उपन्यासमा  शिक्षाक्षेत्रमा पनि पुरुषहरूको वर्चस्व रहेको नुवाकोटको एउटा गाउँमा नारी शिक्षाका लागि काठमाडौँबाट शिक्षिका दुर्गालाई ल्याई स्कुल खोलिएको छ । दुर्गा उक्त गाउँमा शिक्षाप्राप्तिबाट वञ्चित रहेका छोरी, बुहारीहरूलाई पढाउने अभियानमा खटिएकी छ । प्रधानपञ्च रवि शर्माले आफूलाई विकास समर्थक देखाई

समाजमा प्रभाव जमाउने उद्देश्यले स्कुल खोल्ने र शिक्षिका ल्याउने कार्य गरेको छ । ऊ आफैँले छोराहरूलाई शिक्षाप्राप्तिका लागि काठमाडौँ पठाएको छ तर छोरीहरूलाई घरको काममा सीमित राखेको छ । गाउँका नारीहरू (छोरी, बुहारी, पत्नी) शिक्षाप्राप्तिका अवसरबाट पूर्णतया वञ्चित छन् । गाउँमा गरीब परिवारका युवक वा पुरुषहरू पनि यस अवसरबाट वञ्चित छन् । त्यसैले शिक्षाको महत्त्व, शिक्षामार्फत नारीलाई स्वावलम्बी बनाउन सकिने उपायको वर्णन र त्यसको लागि रातोदिन जनचेतना फैलाउने र विकृतिविरुद्ध लड्ने काम दुर्गाले गरेकी छ । उसले गाउँलेहरूलाई छोरीलाई पढ्न पठाउनका लागि यसरी अनुरोध गरेकी छ -

> तपाइँहरूको सहयोगको ज्यादा जरुरत छ । आफ्ना बहिनी, दिदी, भाउजू र आफ्ना जहानहरूलाई पढाएर आत्मनिर्भर हुनसक्ने बनाउन शिक्षा आर्जन गर्न दिनोस् । यसले तपाइँहरूलाई नै बोझ उठाउन सहयोग गर्नेछ । तपाइँहरूले शिक्षित साथी पाउन सक्नुहुन्छ भने तपाइँहरूका सन्तानले बाल्यकालदेखि नै शिक्षित आमाको काखमा खेल्दै हुर्कन पाउने छन् । शिक्षित समाज हुनसके त्यहाँ तपाइँहरूका दिदी बहिनीहरू बिचल्ली भई माइतमा फर्केर आई शरणागत हुनुपर्ने छैन । ती नारीहरूले घर बसाउन नसके पनि आफ्नो जीविकोपार्जनका लागि आफैँले कमाई गरी बिताउन सक्षम हुनेछन् । यस्तो भलाइ हुने कामलाई अर्थहीन मानेर नपन्छाइदिनोस् (५५)।

दुर्गाका यी अभिव्यक्तिले गाउँमा नारीहरू शिक्षाको अवसरबाट पूर्णतया वञ्चित रहेको यथार्थ उद्घाटित भएको छ । पितृसत्तात्मक संरचनामा नारीहरूले शिक्षाको अभावमा व्यक्तित्व विकास गर्न नसक्दा पुरुष र माइतीको सहारामा बाँच्नुपरेको यथार्थलाई पनि यसले प्रस्तुत गरेको छ । त्यसैले यहाँ दुर्गाले नारीलाई आत्मनिर्भर भई अरुको बोझ हुनबाट जोगाउन शिक्षाप्राप्तिमा सहयोग गर्न पुरुषहरूलाई आग्रह गरेकी छ । यसले पितृसत्तात्मक समाजमा विद्यमान लैङ्गिक विभेदका कारण नारीहरू ज्ञानआर्जनका अवसरबाट वञ्चित भई परनिर्भर हुने गरेको तथ्य उद्घाटित गरेको छ ।

प्रस्तुत उपन्यासमा नारीलाई घर र मेलापातका काममा सीमित राखेर पढ्न अवसरबाट वञ्चित गरेको पाइन्छ । गाउँमा विद्यालय खुलेपछि पनि केही गाउँलेहरूले छोरीलाई पढ्न पठाएपनि केहीले छोरीलाई घरको काम सम्हाल्नुपर्ने हुनाले पढ्न पठाउन नसक्ने बताइरहेका छन् । दुर्गाले बारम्बार आग्रह गर्दा पनि गाउँलेबाट यस्तो जवाफ पाउने गरेकी छ -"छोरीलाई पढ्न पठाउन थाल्यौँ भने घरमा हामीलाई कसले सहयोग गर्दछ ? वस्तुभाउ छ त्यसको स्याहारसम्भार गर्नुपर्छ स-साना बच्चाहरू छन्, त्यसलाई खेलाई रेखदेख गराउन यिनै अलि बढेकालाई लगाउनैपर्छ(५१)।" यहाँ गाउँलेहरूको छोरीप्रतिको दृष्टिकोण प्रस्तुत भएको छ । छोरीको काम

भनेको घर, मेलापात, बच्चाको रेखदेख गर्नु हो । त्यसैले उनीहरूलाई पढाउनु जरुरी छैन भन्ने पितृसत्तात्मक मान्यता यहाँ झल्किएको छ । यसबाट नारीमाथि गरिएको विभेदपूर्ण दृष्टिकोण प्रस्टिएको छ । पितृसत्तात्मक सत्तासम्बन्धमा परम्परादेखि नारीका लागि तोकिएका भूमिकाका कारण गाउँलेहरूले छोरीप्रति यस्तो दृष्टिकोण राखेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा चित्रित गाउँमा गरीब र अशिक्षित अभिभावक मात्र नभएर प्रधानपञ्च रवि शर्मा आफैँले पनि छोरालाई पढ्न पठाई छोरी बुहारीलाई घरको काममा सीमित राखेको छ । दुर्गाले रवि शर्माका छोराछोरी यहाँ पढ्न किन नआएको भन्ने प्रश्नमा देवीले भनेका यी कुराबाट यसको पुष्टि भएको छ-

> जसको घरमा दुईटी स्वास्नी छन् त्यस कहाँ केटाकेटी हुँदैनन् र ? पढाउने मन हुनुपर्छ । पैसा थुप्रो कमाएका छन् । छोरा नातिहरूलाई काठमाडौँमा पढ्न राखेका छन् । यहाँ गाउँमा किन पढाउँथे ? यो स्कुल त हामी जस्ताको पो त !...छोरीहरू त छन् तर उनीहरूलाई घरबाट गाउँमा समेत निस्कन दिँदैनन् । आफ्नो घरको रहस्य कसैबाट खुल्छ कि भनेर त्राहित्राहि भइरहन्छन् । बुहारीहरूलाई घाँसको भारी र गोठको गोबर उठाउनुमा नै दिन बित्छ । ...गरीबका घरका ती बुहारीले सुस्ताउनसम्म पनि फुर्सद पाएका हुँदैनन् भने तपाईँकहाँ पढ्न कसरी आउने (६८)?

आफू समाजसुधारक बनेर हिँड्नुपर्ने रवि शर्मा जस्तो जिम्मेवार व्यक्तिले नै आफ्नै घरमा गरेको विभेदको खुलासा देवीका यी अभिव्यक्तिले गरेका छन् । देवीले यहाँ छोरालाई पढ्न पठाई छोरी बुहारीलाई घरको काममा मात्र सीमित राख्ने र बाहिर निस्कनै नदिने रवि शर्माको दोहोरो र विभेदपूर्ण चरित्रको उद्घाटन गर्दै गाउँमा शैक्षिक क्षेत्रमा रहेको लैङ्गिक विभेदलाई उजागर गरेकी छ ।

*नोकरी* उपन्यास प्रजातन्त्र पुनर्स्थापना वरिपरिको सामाजिक सन्दर्भमा आधारित छ । यसमा नोकरी गर्दाका चुनौती, नारी शिक्षा, छोराछोरीका लागि समान शिक्षाको महत्त्व र आवश्यकता, परिवारप्रति नारी पुरुषका समान दायित्वको महत्त्व र व्यक्तित्व विकासका लागि नोकरीको महत्त्वलाई दर्साउन खोजिएको छ । प्रस्तुत उपन्यासमा शिव, गौरी, साधना, दया, प्रेरणा, नूर जस्ता पात्रहरूका माध्यमले पितृसत्तात्मक समाजका पारिवारिक र सामाजिक शक्तिसम्बन्धलाई देखाइएको छ । यसमा पितृसत्तात्मक समाजमा नारी पुरुषका बिचमा जिम्मेवारीको बाँडफाँडमा भएको विभेदका कारण नारीहरू अतिरिक्त कामको भारवहन गर्नुपरेको स्थिति छ ।

प्रस्तुत उपन्यासमा गौरी शिवको परिवार केन्द्रमा रहेको छ । उनीहरू सहरी परिवेशमा भएका कारण सम्पूर्ण सदस्यहरू शिक्षित छन् । उनीहरू दुवैजना प्रशासनिक क्षेत्रका नोकरीमा आबद्ध छन् । शिवको पजनीमा परी नोकरी छुटेपछि घरको सारा आर्थिक व्ययभार गौरीको काँधमा आएको छ । गौरीलाई आर्थिक स्रोत जुटाउने कार्यमा छोरी साधना र दयाले सहयोग गरेका छन् । परिवारमा धेरै कुरामा समझदारी स्थापित छ । सन्तानको शिक्षा, उनीहरूलाई दिइनुपर्ने साथ, सहयोग, प्रेरणामा गौरी शिवको दम्पतिमा समझदारी देख्न सकिन्छ तर घरको कामको बोझ भने गौरीको काँधमा छ । नोकरीमा जानुपर्ने गौरीलाई घरका पुरुष सदस्यले सहयोग गरेको देखिँदैन । त्यसैले उसले दोहोरो जिम्मेवारी निर्वाह गर्नु परेको छ । घरको र अफिसको जिम्मेवारीका साथसाथै पति, छोराछोरीको सल्लाहकार, उनीहरूका गुनासाको सुनुवाइकर्ता र उनीहरूको चिन्ताको समाधान गर्ने जिम्मेवारी पनि गौरीले पूरा गरिरहेकी छ । शिवले नोकरी छुटेर खालि समय व्यतीत गरिरहँदा पनि अफिस हिँड्न हतार गरिरहेका पत्नी र छोरीहरूलाई सघाउन सकेको छैन । उसलाई यस्तो गर्न पुरुष अहम्ले छेकिरहेको छ । उसका यी आत्मस्वीकृतिले यो कुराको पुष्टि गरेका छन् -

> छोरी स्वास्नी नै किन नहुन् अफिस जाने बेला भयो भनेर जब उनीहरू तयार हुन थाल्छन् म अनियन्त्रित भई त्यसै त्यसै कराउन मन लागिहाल्छ । कहीँ म उनीहरूले नोकरी गरिरहेकोमा ईर्ष्या गर्न लागेको त हैन ?.. मेरो समय यसै बित्छ र पनि म उनीहरूलाई सहयोग गर्न तम्सिन्नँ बरु उनीहरूलाई नै आफ्नो व्यक्तिगत काम पनि अह्राउँछु अनि आफैं ठूलो भएर भन्छु, अफिसमा काम तिमीहरूले मात्र गरेका छौँ (५०-५१)?

शिवका यी आत्मकथन उसका पुरुष अहम्का अभिव्यक्ति हुन् । ऊ आफूसँग प्रशस्त खालि समय हुँदा र परिवारका नारी सदस्य व्यस्त हुँदा पनि आफूलाई उनीहरूको सहयोगमा अगाडि सर्न सकेको छैन । उसमा नजानिँदो रूपमा नारी सदस्य नोकरीमा गई आफू घरमा बस्नु परेकोमा उनीहरूको व्यक्तित्वप्रति ईर्ष्याको भाव उत्पन्न भएको छ साथसाथै उसले पुरुष अहम्को कारण व्यस्त रहेका नारी सदस्यलाई आफ्ना व्यक्तिगत काम समेत अह्राउने गरेको छ । समाजमा घरेलु कामसम्बन्धी दायित्व नारीलाई मात्र लगाई पुरुषलाई स्वतन्त्रता दिएको कारण यहाँ गौरी कामको बोझ खेप्न बाध्य भएकी छ भने त्यहीँ विभेदको फाइदा उठाएर शिव खालि समयमा पनि पत्नी र छोरीलाई आफ्ना कामसमेत अह्राउँदै बसेको छ । यसबाट उक्त परिवारमा सबै सदस्य शिक्षित र आत्मनिर्भर भए पनि उनीहरूले पितृसत्तात्मक संरचनाका विभेदकारी भूमिकाको अनुसरण गरेको देखिन्छ । यसले नारीलाई पुरुष प्रभुत्वको अधीनस्थ बनाएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा समाजको विद्यमान विभेद र शोषणका कारण देवकीबाट जन्मिने सन्तानसमेत सामाजिक रूपमा विभेदमा पर्ने गरेको तथ्य उजागर गरिएको छ । समाजमा देवकीहरूलाई हेर्ने हेय दृष्टिकोण र उनीहरूमाथि गर्ने व्यवहारका कारण उनीहरूबाट जन्मिने सन्तानकोभविष्य समेत अन्धकार भएको छ । उनीहरूका सन्तानले देवकीका सन्तान भएकै कारण समाजबाट तिरस्कार भोग्नुपर्ने, विद्यालयहरूमा भर्ना नपाउने र अनेकौँ गाली गलौजको शिकार हुनुपर्ने अवस्था छ । उनीहरूले आफ्ना छोराछोरीलाई स्कुल पठाउँदा अरुहरूले आफ्ना सन्तान स्कुल नपठाउने धक्की दिने गरेको कुरा उपन्यासमा देवकीहरूका यी कथनले बताएका छन् -

> ए तिमीहरूले छोरी पढाउने अरु कुनै स्कुल पाएनौ र हाम्रोमा नै पठायौ ? तिम्रा कारणले गर्दा विद्यार्थीहरू दिनदिनै स्कुल छोडेर अन्तै जाँदैछन् । खबर पठाइसके, हाम्रा छोराछोरीलाई कुसङ्गतमा लगाउन तिम्रो स्कुलमा पठाउँदैनौँ । भोलिदेखि तिमीहरूका छोरीहरूलाई स्कुल पठायौ भने म के गर्छु ? तिम्रा छोरीहरूले पढेर कुन् अड्डा अदालत जानुपर्छ र स्कुल पठाउँछौ हँ(१३६)?

यहाँ देवकीका सन्तानसँग बसेर पढ्दा अरुका सन्तान बिग्रिन्छन् भन्ने मानसिकताका कारण सबैले उनीहरूलाई स्कुल पठाउन रोक लगाउने प्रयत्न गर्दैछन् । विद्यालयका शिक्षकहरूले नै देवकीका सन्तानलाई विद्यालय नपठाउन धम्की दिइरहेका छन् । सबैले पढ्न पाउने हकको बेवास्ता गर्दै देवकीहरूका सन्तानलाई पढ्ने अवसरबाट वञ्चित गराउने कार्य त्यहाँ भएको छ । यसले पितृसत्तात्मक समाजमा नारीहरू नै विभेदमा परेको तथ्य उद्घाटन गरेको छ ।

*निष्कर्ष* उपन्यासमा पितृसत्तात्मक शक्तिसंरचनामा पारिवारिक र सामाजिक स्तरमै नारीहरूमाथि रहेको शैक्षिक अवसरमाथिको विभेदको सन्दर्भ समेटिएको छ । अहिले पनि कतिपय समाजमा छोरीलाई एक बोझ मात्र सम्झने र उक्त बोझबाट जतिसक्यो छिटो मुक्त हुनुपर्छ भन्ने सोच व्याप्त छ । अहिले धेरै अभिभावकले छोरीलाई शिक्षा दिनु उसको व्यक्तित्व विकासका लागि अनिवार्य भएको महसुस गरे पनि कतिपय अभिभावकले औपचारिकताका लागि छोरीलाई पढ्न पठाउने चलन छ । छोरीलाई विवाह गरेर अर्काको घर पठाउनुपर्ने भएकाले उनीहरूलाई महङ्गो पर्ने शिक्षा दिनुभन्दा सस्तो लगानीमा पार लगाउन सकिने शिक्षा दिनतर्फ धेरै अभिभावकको चासो हुन्छ । प्रस्तुत उपन्यासको सन्दर्भमा हेर्दा त झन् त्यतिबेलाको ग्रामीण समाजमा छोरीलाई पढाउनु घाटाको व्यापार गर्नु सरह मान्ने चलन थियो । अर्काको घरमा जाने छोरीलाई पढाएर खर्च गर्नु उनीहरू बेकार नै सम्झन्थे । बरु जतिसक्यो छिटो विवाह गरेर पठाइदिन पाए बोझबाट नै मुक्त भइने सोच तत्कालीन समाजमा हाबी थियो । प्रस्तुत उपन्यासमा इलाकी आमाका विगतका यी स्मरण सोही सोचलाई प्रस्तुत गरेका छन्-

> पहाडको ठाउँ अहिले जस्तो होइन, त्यसबेला कसले छोरीलाई पढाउन पठाउने ? त्यो पनि छोरा धेरै भएको घरमा । अर्काको भित्तो टाल्ने जातलाई पढाएर व्यर्थैमा पैसा खर्च गर्ने धन हाम्रामा छैन भन्नेमा धेरै परिवारको मत थियो । मैले यसलाई पढ्न पठाइन भने कहीँ हाम फालेर भए पनि मर्छु... भन्दा सबैले एकमुख गरी भने,"खुरुक्क विवाह गरेर पठाइदिएपछि तिनै लोग्ने र सासूले ठीक पार्छन् यसलाई ।... छोरीलाई पढाउँदा व्यर्थको खर्च भनेको सुन्दा कस्तो दुःख लाग्छ । दाइजो दिएर पन्छाउन बरु तयार हुन्छन् छोरीलाई पढाएर सुयोग्य बनाउन भने दच्किन्छन् । कस्तो छ हाम्रो समाज । इलाले पढाइमा लिएको हठ त उसको उन्नतिको संकेत होइन र (४५) ?

यसमा पितृसत्तात्मक समाजमा नारीमाथि भएका विभेद र नारीप्रतिका दृष्टिकोणको अभिव्यक्ति छ । यहाँ बिहे गरेर अर्काको घरकै लागि काम गर्ने छोरीलाई पढाउनुमा व्यर्थ खर्च ठान्ने र विवाह त्यो खर्चबाट उम्किने सजिलो माध्यम मान्ने परिवारका सदस्यको मनोविज्ञान प्रकट भएको छ । छोरीलाई घाँडो मानेर उसको शिक्षा प्राप्त गर्ने अधिकारमाथि परिवारका सदस्यले नै कुठाराघात गर्ने गरेको सामाजिक यथार्थ इलाकी आमाका यी अभिव्यक्तिबाट उद्घाटन भएको छ । त्यसैले इलाकी आमालाई छोरीलाई पढाउनु उन्नति गर्नु हो भन्ने लागे पनि परिवारका सदस्यको पुरातनवादी सोच र दबाबका अगाडि झुक्नुपरेको छ । यस्तो प्रकारका विभेदका कारण नारी पुरुषका निर्णय र दबाबमा अधीनस्थ बनेको देखिएको छ ।

## @=#=@ c;dembf/L, x:tlf]k / bafad"ns zlQm;DaGw

गीता केशरीका उपन्यासमा पितृसत्तात्मक प्रभुत्वका कारण नारीपुरुषबिचमा उत्पन्न असमझदारी, नारीमाथि हुने पुरुष हस्तक्षेप र दबाब जस्ता विषयको पनि वर्णन गरिएको छ । उनका उपन्यासमा पुरुषहरू परिवारको संरक्षक मानिएका कारण पारिवारिक रूपमा नै उनीहरूले नारीमाथि हस्तक्षेप र दबाब सिर्जना गरेका देखिन्छन् ।यी उपन्यासमा नारीको व्यक्तिगत इच्छा, निर्णय प्रक्रिया, पेसा छनोट, पारिवारिक विषयमा बोल्ने र जान्ने अधिकार, स्वतन्त्र भएर हिँड्न पाउने अधिकार जस्ता विषयमा पुरुषहरूद्वारा हस्तक्षेप भएको देखिन्छ । यसले गर्दा नारी र पुरुषबिच वर्चस्वशाली अधीनस्थ शक्तिसम्बन्ध स्थापित भएको स्थिति छ । त्यसैले यहाँ उनका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* उपन्यासमा नारी पुरुषबिचको हस्तक्षेप र दबाबमूलक शक्तिसम्बन्धको अध्ययन गरिएको छ ।

*सौगात* उपन्यासमा नारीपुरुषका बिचमा हुने असमझदारी, नारीमाथि पुरुषका हस्तक्षेप दबाबका केही प्रसङ्गहरूको प्रस्तुतीकरण भएको छ । यसमा प्रमुख पात्र प्रतिभाका व्यक्तिगत इच्छा

र उसका जीवनका निर्णयमाथि बाबुआमाले नै हस्तक्षेप र दबाब सिर्जना गरेका छन् ।उपन्यासमा उसले विवाह नगरी पढेर आफ्नो खुट्टामा उभिएर बस्ने लक्ष्य लिएकी छ तर उसको इच्छा र निर्णयमा उसका बाबुआमा दुवैको हस्तक्षेप भइरहेको देखिन्छ । आमाले छोरी हारेको जात भएका कारण उसले सम्झौता गर्नुपर्छ भन्दै विवाह गर्न दबाब दिइरहेकी छ भने प्रतिभाका बाबुले पनि छोरीलाई बोझका रूपमा हेरी आफूले भनेको केटासँग विवाह गर्न दबाब दिएको छ । उसले यस्तो भनेको छ -

> हामीले योग्य ठहऱ्याएको यही केटासँग विवाह गर्नुपर्छ । गर्दिन भने मलाई त्यसको वास्ता पनि छैन । फेरी म अर्को केटा खोज्ने पनि होइन, विवाह गरी दिने पनि हैन । जे मन लाग्दछ त्यही गरोस् र तिमी पनि मलाई कचकच नगर । सुनाइदेऊ तिम्री लाडलीलाई । उमेर खस्केपछि, हाम्रो शेषपछि कसको ढोका कुरेर बस्दछ? कसले त्यसको बोझ लिन्छ र आखिर कहीँ त बास लिनुपर्ला (१५)?

यहाँ बाबुका भनाइबाट प्रतिभाको परिवारका नारी सदस्यप्रतिको पुरुष प्रभुत्व प्रस्तुत भएको छ । प्रतिभाको बाबुले छोरीले विवाह नगरी अझै धेरै पढ्छु भन्ने आग्रहलाई ठाडै अस्वीकार गरेको छ र विवाह गर्न बाध्य पार्ने किसिमको आदेश दिएको छ । उसले धनी केटासँग विवाह गरिदिएर छोरीको भविष्य सुनिश्चित गर्न खोजेजस्तो देखिन्छ । उसमा छोरी भविष्यमा छोराहरूका लागि बोझ हुने डर छ । त्यसैले उसले छोरीको विवाह नगरी पढ्ने इच्छामाथि दबाब सिर्जना गरेको छ । सरकारको उच्च पदस्थ कर्मचारी रहेको उसले छोरीलाई बोझका रूपमा लिनुपारिवारिक मात्र नभएर सामाजिक विभेदको विषय पनि हो । यस परिवारका पात्रहरूमा पितृसत्तात्मक प्रभुत्वका कारण दबाबमूलक सम्बन्ध स्थापित भएको देखिन्छ । त्यसैले उनीहरूले दबाब सिर्जना गरी प्रतिभाको इच्छाबिना नै कमलसँग उसको बिहे पनि गराइदिएका छन् । प्रतिभाकी आमाले पुरुष प्रभुत्वलाई बिनातर्क स्विकारेकी छ । पतिको आदेशअनुसार कार्य गर्ने र पुरुषलाई घरको मूल खम्बा मान्ने उसले आफूहरू दमनमा परेको पत्तो नै नपाई पुरुष प्रभुत्वलाई बल पुग्ने किसिमले छोरीलाई विभेद र पुरुष प्रभुत्व स्वीकार्न दबाब दिएकी छ । त्यसैले प्रतिभा र उसका बाबुबिच पितृसत्ताका कारण वर्चस्वशाली र अधीनस्थ शक्तिसम्बन्ध देखिन्छ । उसकी आमा र बाबुबिचपनियस्तै सम्बन्ध रहेको छ । यसबाट प्रतिभाको बाबु उनीहरूको परिवारको निर्णयकर्ता र मालिकका रूपमा उभिएको छ भने प्रतिभा र उसकी आमा उसका निर्णयका अधीनमा रहेका छन् ।यसले पितृसत्तात्मक प्रभुत्वको नारीमाथि हुने दमनको पारिवारिक स्वरूपलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत उपन्यासमा प्रतिभाको विवाहपछिको पारिवारिक सम्बन्धमा भएका हस्तक्षेप र असमझदारीको पनि वर्णन रहेको छ । प्रतिभाको कमलसँग पतिपत्नीको सम्बन्ध छ ।यिनीहरूका

बिचको सम्बन्ध असमझदारी र तनावपूर्ण रहेको छ ।यहाँ पतिपत्नी भए पनिकमलको व्यापारको विषयमा प्रतिभालाई जान्ने अधिकार प्राप्त छैन । प्रतिभाले आफू पनि काम गरेर सघाउने इच्छा व्यक्त गरे पनि कमलले उसलाई अनेक बहाना बनाएर पन्छाउने काम मात्र गरेको छ । घरका विषयमा कमल र अम्बिकाका निर्णयहरू सामूहिक र अन्तिम हुन्छन् भने घरकी पत्नी, बुहारी भए पनि उनीहरूले प्रतिभासँग परिवार र व्यापार व्यवसायका विषयमा सबै कुरा लुकाएका छन् । प्रतिभाले अनेक तरिकाले पतिको कामको विषयमा जान्न खोजेकी छ तर कमलले यसरी आफ्ना कामको गोप्यता राख्न प्रयास गरेको छ- "विवाह भएपछि स्वास्नीको भन्नु लोग्नेको हो र त्यस्तै...लोग्नेको भन्नु स्वास्नीको हो होइन ? मैले तिमीलाई के कुरामा अविश्वास गरेको छु ? स्वास्नीमानिसको स्वभबाव कस्तै पढेलेखे पनि उस्तै हुँदोरहेछ । मैले त मेरी स्वास्नी बुद्धिमती छ भन्ठानेको, ऊ पनि उस्तै खाले रहिछ (१९)।"कमलका यी अभिव्यक्तिमा पुरुष अहम् प्रस्तुत भएको छ । उसले नारीहरू पढेलेखेपनि अविश्वासी र शंकालु हुन्छन् भन्ने दृष्टिकोण राखेको छ साथै आफ्नै पत्नीप्रति नै अविश्वास गरेको छ । पतिपत्नीबिचमा आपसी समझदारी र सल्लाह हुनुपर्ने, गोपनीयताको आवश्यकता नहुने भए पनि कमलले प्रतिभालाई आफ्नो व्यापार गोप्य राख्न अनेक बहाना गर्ने गरेको छ ।कमलले आमा अम्बिकाकै सल्लाह, सहयोग र समर्थनले नै अवैध वैध सबै किसिमका व्यापार व्यवसायका कामहरू अगाडि बढाएको छ । उसले व्यापारसम्बन्धी गोपनीयता प्रतिभाका कारण भङ्ग हुने डरलेआमासँग मिलेरै प्रतिभालाई पागल साबित गरी बन्दी बनाएको छ । प्रतिभा चारैतिरबाट घेराउ गरी बसेका घरका परिवारको अगाडि केही बोल्न पाएकी छैन । उसले पति र सासूमार्फत नै शारीरिक, मानसिक हिंसा र उत्पीडन खेपेकी छ । यसबाट प्रतिभाका पतिपत्नीमा समझदारी कायम हुन नसकी पुरुष प्रभुत्व बलशाली बनेको अवस्थाको बोध भएको छ ।

प्रस्तुत उपन्यासमा घरबाट भागेपछि प्रतिभा बसेको जीवन र रागिनीको परिवारको सन्दर्भ पनि छ । त्यहाँ जीवन र रागिनी दुवै शिक्षित अनि जागिरे पतिपत्नी हुन् । उनीहरूको अन्तर्जातीय विवाह भएको छ । रागिनी आफ्नो अधिकार मागेर नमिले खोसेर लिने स्वभावकी छ । उसलाई चाहिनेभन्दा बढी हक खोज्दै हिँड्ने, घमण्डले भरपुर, जागीर खाएर लोग्नेलाई नटेर्ने र बच्चा घर गृहस्थी साझा गराई लोग्नेलाई पनि कजाउने नारीका रूपमा समाजमा व्याख्या गर्ने गरेका छन् । रागिनी नारी समानतासम्बन्धी सचेतना जगाउने संस्थासँग आबद्ध भएर काम गर्दै आएकी छ । त्यसैले उसले परिवारमा पनि समान लैङ्गिक भूमिकाको अपेक्षा गर्छे । जीवन भने पुरुषलाई बढी मानमर्यादा गर्ने समाजमा हुर्केको पुरुष हो । उसलाई आफ्नो सामाजिक परिवेशका कारण रागिनीका स्वच्छन्द व्यवहारसँग कहिलेकाहीँ अप्ठ्यारो लाग्ने गर्छ तैपनि रागिनीको स्वभावसँग ऊ

परिचित छ । यसै विषयलाई लिएर जीवन र रागिनीबिचमा समय-समयमा वैचारिक द्वन्द्व समेत हुने गरेको छ ।

प्रस्तुत उपन्यासमा रागिनी परिवार र समाजका सामुन्ने जीवनसँग जिस्किने, घर र बच्चाको रेखदेखमा सहयोगको अपेक्षा राख्ने गरेकी छ तर रागिनीका यस्ता व्यवहार र विचार समयअनुसार मेल नखाएको तर्क जीवनले गरेको छ । जीवन लैङ्गिक समानताप्रति सचेत छ तर पनि उसको अन्तस्करणमा बाहिरी समाजको, इज्जतको र आफ्नो पुरुष अहम्‌मा ठेस पुग्ने डर छ । त्यसैले जीवनले रागिनीका स्वच्छन्द व्यवहारलाई परिवर्तन गर्न दबाब दिई उसको अधिकारप्रति हस्तक्षेप गर्न खोजेको देखिन्छ । उसले आफ्नो पुरुष अहम्‌को संरक्षणको लागि रागिनीलाई यसरी दबाब सिर्जना गरेको छ-

> बाहिरको मानिसको अगाडि तिमीले मसँगको व्यवहारमा परिवर्तन ल्याउन सिक । तिमीले विचार गरेजस्तो गरी समाजमा परिवर्तन हाम्फालेर आउँदैन र ल्याउन पनि सक्दिनौ । तिम्रो भनाइ, तिमी ठीक भए पनि चलनचल्तीहरूलाई यति सजिलोसँग छोड्न सकिँदैन । अरुको त के आमाकै ख्याल राख । केही भन्नु हुन्न । बेवास्ता गर्न पनि त हुँदैन । मलाई के सोच्नु भएको होला ‘जोइटिङ्ग्रे’।... तिमी नै सोच, म कसैको छोरा, लोग्ने, दाजु, जुवाइँ हुँ । मलाई अरुले अपमान गरी स्वास्नीको पछि लोग्ने भन्ने अपवाद लाग्यो भने, तिमी स्वास्नीलाई पनि राम्रो लाग्दैन । अझ आमा बहिनी साथीहरूलाई लाग्ने त कुरै भएन । आज तिमी नारीहरूको सम्बन्ध र संगत हामीजस्ता मर्दसँगै भएको छ जो तिमीहरूको चाहना र जरुरत राम्रोसँग बुझ्न सक्दछ । खाली ऊ पुरानो आफूले पाई आएको सामाजिक कदर र तिमीहरूको चाहनाको बिच सम्झौता ल्याउन खोज्दछ किनकि ऊ यसलाई गुमाई आफूजस्तै अरु पुरुषलाई नङ्गाउन चाहँदैन, जो यसैको आधारमा युगदेखि राज गरी बसिरहेका छन् (६०)।

यहाँ जीवनमा पुरुष अहम् र पितृसत्तात्मक सोच पनि छ । नारी पुरुष शक्तिसम्बन्धमा ऊ पुरुषको परम्परागत सत्तासम्बन्धलाई त्याग्न चाहँदैन । बदलिँदो समयअनुसार पत्नीलाई सहयोग गर्न खोज्ने एउटा मानसिकता र परम्परागत वर्चस्वलाई पनि बचाइ राख्ने लालसाको द्वन्द्व उसमा देखापर्दछ । जसले पुरुष अहम्‌मा ठेस पुऱ्याई पत्नीको सहयोगी बन्न कन्जुस्याइँ गरिरहेको पुरुषको मनोदशाको चित्रण गरेको छ । त्यसैले उसले पत्नीका व्यवहारमाथि नियन्त्रण गर्ने प्रयास गरेको छ । यसले समाजमा पतिपत्नीको सम्बन्ध देखावटी रूपमा समान भए पनि पुरुषले परिवार र समाजमा आफ्नो वर्चस्व बचाइराख्न चाहेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा प्रतिभा नोकरी गर्न वीरगञ्ज गएपश्चात् उसकी साथी शोभनाको घरमा बसेकी छ । उक्त घरमा शोभना र रघुवीर पतिपत्नीको सम्बन्धमा आबद्ध छन् । रघुवीर अञ्चलाधीश कार्यालयमा नायव सुब्बाको नोकरी गर्छ भने शोभना घर र बच्चाको रेखदेखको जिम्मेवारी सम्हालेर बसेकी छ । उनीहरूबिचको सम्बन्ध दबाब, तनाव, असन्तोष र असमझदारीमा आधारित छ । तीन बच्चाको रेखदेख र घरको काममा व्यस्त रहने शोभनादेखि रघुवीर सन्तुष्ट छैन। उसले घरमा पत्नीलाई सघाउने, उसका दुःख, भावना बुझ्ने कोसिस पनि गरेको छैन । रघुवीर शोभनालाई दबाबमा राख्न चाहन्छ भने शोभना रघुवीरबाट प्रेम, सहयोग र समझदारी चाहन्छे । ऊ सानो काखको बच्चा बढेपछि जागिर खाएर पतिलाई घरको आर्थिक स्थिति सुधार्न सहयोग पुऱ्याउनेमा आशावादी रहेकी देखिन्छे । उसले पतिसँगको सम्बन्ध सुमधुर बनाउन धेरै प्रयत्न गर्ने गरेपनि रघुवीरभने झोक्किइरहने र बाहिरका सुन्दरीहरूसँग उसको थकित अनुहार दाँजेर हेर्ने गर्छ । त्यसैले उनीहरूमा आपसी समझदारी छैन । प्रतिभासँग रघुवीरले भनेका यी कुराबाट यसको पुष्टि हुन्छ -

> तपाईंमा भएको जुन किसिमको समझदारीको पना छ त्यो म केही गरे पनि कहिले पनि मैले शोभनामा पाउन सकिनँ ? मैले आफ्नो भन्ने सबै उनैका हातमा राखीदिएको छु तर पनि उनी कमी नै महसुस गर्छिन् । सधैँ शंकाको रूपमा मलाई हेरिरहन्छिन् । ...मेरो के कमाइ छ । हामी चार पाँच जनाले खानु पर्दा बाँकी के रहन्छ र म बाहिर उडाउँदिन ? शोभनाले यो कहिले बुझ्दिन (९३)।

रघुवीरका यी अभिव्यक्तिमा पतिपत्नीबिचको असमझदारी झल्किन्छ । यहाँ रघुवीरले आफ्नी पत्नीलाई अर्की पराई युवतीसँग दाँजेको छ । उसलाई विश्वास दिलाएर सम्बन्ध सुधार्नुपर्नेमा पराई नारीसँग परिवारका नितान्त व्यक्तिगत कुरा सुनाएको छ । यसबाट उसको हस्तक्षेपकारी र दबाबमूलक चरित्र स्पष्टिएको छ । त्यस्तै शोभनाले पनि रघुवीरले आफूलाई बुझ्न नसकेको कुरा प्रतिभासँग नै भनेकी छ । यसले रघुवीर र शोभनाका बिचमा अविश्वास, असमझदारी र दबाबमूलक सम्बन्ध रहेको स्पष्ट भएको छ ।

रघुवीरले शोभनालाई हेर्ने दृष्टिकोण नै हेय प्रकारको रहेको छ । उसले प्रस्तुत उपन्यासमा शोभनाको क्षमतामाथि नै प्रश्न उठाएको छ । छोराछोरी हुर्काएर नोकरी गरी परिवारको आर्थिक दायित्व बाँड्ने शोभनाको योजना रहेको कुरा प्रतिभाले बताएपछि उसले त्यसको अवमूल्यन यसरी गरेको छ-"गर्छे, त्यसले नोकरी ? के कामगर्ने ? पढे लेखेको केही छैन, त्यस्ता म्याट्रीक पास लाख गण्डकी छन्, फेरि नोकरी गर्नलाई अरु खुबी पनि चाहिन्छ । राम्रोसँग कोसँग के बोल्नुपर्छ थाहा छैन, आहा भने नोकरी गर्ने (९४)?"रघुवीरका यी अभिव्यक्तिमा पुरुष अहम् र नारीविरोधी

दृष्टिकोण रहेको छ । पराई नारीलाई आकर्षित गर्न आफ्ना पत्नीको अवमूल्यन गर्ने पुरुष प्रवृत्ति उसका यी भनाइमा झल्किएको छ । रघुवीर पत्नीलाई नबुझ्ने मात्र नभई वासनाको भोगी पात्र हो । उसका बारेमाउपन्यासमा यस्तो भनिएको छ-"स्वास्नी जति पाएपनि तृप्ति पाउँदैन (८९)।"उसलेआफ्नो घरमा बसेकी एकल नारी प्रतिभाप्रति आकर्षित भई उसको विषयमा जान्ने प्रयत्न गरेको छ । यसका लागि उसले शोभनालाई प्रतिभासमक्ष नराम्रो बनाई प्रतिभाको भावना बुझ्ने कोसिस गरिरहेको छ । उसलाई प्रतिभाजस्ती राम्री, पढेलेखेकी पत्नीलाई उसको पतिले छोड्नुमा उसको चरित्रको दोष पो हो कि भन्ने शंका लागेको छ । त्यसैले उसले अझ पनि शोभनालाई नराम्रो साबित गरी आफूलाई यसरी पत्नीपीडित देखाउन खोजिरहेको छ -

> ...म बेलुकी कति थाकेर आउँछु । आशा लाग्दछ उनी हाँसेर मलाई केही खान देओस्, मेरो नजीक आउँदा तर म आउँदा उसलाई भान्छामा जानुपर्छ । मैले चिया मागे चिनी छैन, दुध छैन इत्यादि सुन्नुपर्छ । राति थाकेर एउटा कुनामा तेर्सिन्छ ।...स्वास्नी मानिसको जात एक स्वास्नी मानिसले अर्काको प्रशंसा सहन सक्दो रहेनछ । त्यो कस्तै मिलेको आफ्नो साथी किन नहोस् ? मैले तपाईको रूपको, स्वभावको के को पनि बयान गर्नु हुँदैन । ...यस्तो दुष्ट छ तपाइँको साथी तपाइँसँग ठीक पर्दछ तर उसलाई शंका लागेको छ मसँग (९४)?

रघुवीरका यी भनाइ वासनात्मक लालसाका अभिव्यक्ति हुन् । विवाहित पति र सन्तानको बाबु भएर पनि परस्त्रीसँगको सम्बन्धको लालसाले उसले आफ्नै पत्नीको बदख्वाइँ गरिरहेको छ । त्यसैले ऊ आफ्नी पत्नीप्रतिको सम्बन्धमा इमान्दार दखिँदैन । उसले पत्नीमाथि पुरुष प्रभुत्व कायम राख्न चाहन्छ र त्यसैअनुरूपको व्यवहार पनि गरेको छ ।उसको हस्तक्षेप र दबाबका कारणशोभना पनि रघुवीरको अधीनमा रहेकी छ । त्यसैलेउनीहरूबिचवर्चस्वशाली अधीनस्थ लैङ्गिक शक्तिसम्बन्ध रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा दबाबको अर्को स्वरूपको पनि चित्रण गरिएको छ । यसमा परिवारभित्र पुरुषमाथि नारीको हैकम र दबाब हाबी हुँदा पुरुष अहम्मा ठेस लाग्ने र त्यसलाई स्वीकार्न नसक्दा पुरुषहरूकुलततर्फ धकेलिने गरेको तथ्य उद्घाटन भएको छ । प्रस्तुत उपन्यासमा प्रतिभाकी सासू अम्बिकाको माइतीको प्रसङ्गमा यस्तै किसिमको सम्बन्धको चर्चा गरिएको छ । अम्बिका आफ्नो घरमा झगडापछि पति मदन, छोराछोरी कमल र सोनियाको साथमा माइतीमा बस्न आएकी छ । त्यहाँ घरभित्र अम्बिकाको र घरबाहिर मदनको हैकम चल्ने हुनाले भाइ विकल र मदन मिली मोजमस्तीमा धन उडाउन थालेका छन् । उनीहरू दुवैजना जुवा र तासकोठीतिर लाग्न थालेका छन् । लेखन तथा सिर्जनात्मक कार्यमा रुचि राख्ने मदनको लेखनमार्फत प्राप्त

सुनको तक्मालाई अम्बिकाले गहनामा परिणत गरिदिएकी छ । यसको पुष्टि मदनका यी भनाइले गर्छन्-

> त्यसको मुन्द्रा बनाउँछु रे । मैले हत मूर्ख यसको पनि मुन्द्रा बनाउँछन् । यो इज्जत हो ।..भनी हातबाट लिएँ । त्यहाँदेखि तिम्री दिदी झण्डै एक महिना जति मसँग बोलिनन् । मैले हार खानुपऱ्यो र त्यो दिएँ । अहिले तिम्री दिदीले लगाउने गरेको त्यो चेप्टे सुनको मुन्द्रा त्यसैले बनाएको हो ।...जबसम्म उनको चाहना मुन्द्रासँग मेटिएन तबसम्म मैले प्यार पाइरहेँ (४३)।

मदनका यी भनाइमा नारी हैकम र अनावश्यक चाहनाका दबाबमा पुरुष अहम्मा पुगेको चोट व्यक्तिएको छ । पत्नीले आफूले प्राप्त गरेका पुरस्कारसमेत बेचेर आफ्ना इच्छापूर्ति गर्ने तर आफ्नो पुरुष अहम्को ख्याल नगर्ने गर्नाले ऊ मर्माहत भएको छ । पितृसत्तात्मक समाजमा पत्नीको बढ्दो हैकम र दबाबले मदनले आफ्नो पौरुषता गुमाएको अनुभव गरेको छ-

> ठीक छ, नसोध सोधेर के गर्दछौ ? आफैं, स्वास्नीमानिसको इच्छा सुनी मरी-मरी हाँस्दछौ अनि मलाई नै समर्थन गर्दै भन्दछौ -भिनाजु म भए पनि त्यसै गर्दथेँ । यो हरेक मर्दले आफू म जस्तै नामर्द बन्दा भन्दछ । यसरी मैले आफ्नो पौरुषेयता (शक्ति) लाई गुमाउनु परेपछि मैले आफ्नो कलममा बिर्को लगाएर दिमागका कोषलाई रक्सीले लठ्याउन थालेँ ( ३९)।

यहाँ मदनको लाचारीपन प्रस्तुत भएको छ । उसले आफ्नी पत्नीका हैकम र बेवास्ताका कारण पुरुष अहम्मा ठेस पुगेको अनुभव गरेको छ । उसले पत्नीको आदेश र हैकमलाई सहज रूपमा स्वीकार्न सकेको छैन र उसलाई दबाउन पनि सकेको छैन । पितृसत्तामा परिवारको निर्णायक, सर्वेसर्वा वा मालिक पुरुष हुने र त्यसको चुपचाप अनुसरण परिवारका नारी सदस्यले गरिदिँदा पुरुषले पौरुष जिउँदो भएको महसुस गर्छ तर त्यो अहम् नारीका कारण दबिन गएको खण्डमा पुरुषहरूले कुलतको सहारा लिन्छन् । शक्तिसम्बन्धको यही सामाजिक स्वरूपलाई प्रस्तुत उपन्यासका यी सन्दर्भले उद्घाटन गरेका छन् । यसबाट अम्बिका र मदनबिच समझदारी छैन; तनावपूर्ण सम्बन्ध छ भन्ने बुझिन्छ ।

यसका अतिरिक्त प्रस्तुत उपन्यासमा नारीका हस्तक्षेप र दबाबका कारण आफ्नो अहम्मा ठेस लाग्दा पुरुषहरू कुलतमा फस्छन् भन्ने तथ्यलाई विकलका यी भनाइले पनि पुष्टि गर्छन् -

> जबसम्म म यो पिउँदिन मलाई स्वास्नी बच्चा सबैसँग डर लाग्दछ । यिनीहरूले के भन्लान् भनी भागी यिनीहरूको हेला भएर बस्छु तर यही न एक हिम्मतदायक हुन्छ । जसको सेवन गर्नासाथ म फेरि घरको मालिक बन्दछु, सबै मसँग बस्दछन् र कचकच गर्न पनि आउन सक्दैनन् । म आफूलाई पुरुषको रूपमा पाउँछु । परिस्थिति पर्लक्क पल्टन्छ (४५)।

यहाँ आफ्नी दिदी अम्बिकाको अनावश्यक हस्तक्षेप र आफूहरूको मोज गर्ने बानीका कारण धनीबाट गरीब बन्न पुगेको विकलले गरीबीपछि परिवारलाई आर्थिक रूपमा सहायता गर्न नसकेपछि परिवारबाट पाएको उपेक्षा र आफ्नो निरीहतालाई प्रस्तुत गरेको छ । पुरुषलाई पितृसत्ताले परिवारको मालिक बनाएको छ । सक्षम असक्षम जस्तोसुकै पुरुष लिङ्गका आधारमा परिवारको मालिक हुन नपाउँदा उनीहरू आहत भई त्यसको प्राप्ति गर्न कुलतको सहारा लिन्छन् भन्ने भाव यसबाट उजागर भएको छ। यसबाट विकलको परिवारमा नारीको भूमिका शक्तिशाली भएका कारण पुरुषहरू अधीनस्थ भए पनि त्यो अवस्थालाईस्वीकार्न असमर्थ भएको स्थिति देखिएको छ ।

प्रस्तुत उपन्यासमा कमलको लजमा काम गर्ने मेनकाको परिवारमा पुरुषद्वारा हुने हस्तक्षेप र दबाबको प्रसङ्ग पनि चित्रित छ । यसमा मेनका सुभद्राको पहिलो सम्बन्धबाट जन्मेकीहुनाले उसको सौतेलो बाबुले हेला र घृणा गरेको छ । आर्थिक रूपमा विपन्न यस परिवारमा मेनका नोकरी गरेर आर्थिक रूपमा स्वावलम्बीभए पनि परिवारमा बाबुद्वारा हेपिएकी छ । मेनकाको बाबुले आफ्नी पत्नी र छोरीलाई घरको निर्णय र जिन्दगीको निर्णय गर्ने स्वतन्त्रता दिएको छैन । मेनकालाई उसले सन्तानका रूपमा नहेरी आफ्नो परिवारको पालनका लागि आर्थिक रूपमा सहयोग पुऱ्याउने माध्यम मात्र मान्छ । त्यसैले उसले मेनकाको विवाह गरी उसलाई उम्काउन चाहन्न । "बरु उसलाई मेनकाको चढ्दो उमेरदेखि झोक चल्छ (८३)।"उसलेपटक-पटक सुभद्राले मेनकाको विवाह गरिदिने कुरा गर्दा विभिन्न बहाना बनाएर कुरा टार्ने गरेको छ । त्यसैले मेनकाकी आमाले मेनकाको लागि आएको बिहेको प्रस्ताव राम्रो भएकोले विवाह गरिदिनु उचित हुने सल्लाह दिँदा उसले पत्नीको सल्लाहलाई बेवास्ता गर्दै पुरुष हैकम चलाएको छ। उसले यहाँ पत्नीको अपमान यसरी गरेको छ-

> नकरा जा, बुद्धिसुद्धी छैन, जान्ने भएकी छ । प्याच्च प्याच्च लोग्ने मानिसहरू कुरा गरिरहेको बेलामा बोल्दछ। मलाई तैले बताउनुपर्छ, तेरो छोरी नोकरी गर्दछ भनेर ? मैले देखेको छैन ? हाम्री छोरी कस्ती छ, त्यो मलाई तँलाइभन्दा बढी थाहा छ र यसैले यो

केटो हाम्रो छोरीलाई सुहाउँदैन भनेको । कतिसम्म छोरीलाई नोकरी गराई राख्ने तेरो विचार छ । कमसेकम विवाह गरेर त सुख पाओस् त्यसले (८५) ।

यहाँ पारिवारिक चासो र आफ्नै सन्तानका विषयमा समेत बोल्न र निर्णय गर्न पुरुषले नारीलाई हस्तक्षेप गरेको स्थिति छ । पुरुषका यी निर्णय र हस्तक्षेपको विरोध सुभद्राले गर्न सकेकी छैन । त्यसैले यहाँपितृसत्तात्मक सोचको प्रभुत्व भएका कारण पतिले पत्नीलाई बोल्न समेत नदिएको र नारीको बुद्धिसमेत नहुने भनी भाषिक प्रयोगमा समेत अपमान गरेको छ । मेनकाको बाबुले आफ्नो स्वार्थसिद्धिका लागि छोरीलाई चित्त बुझेको ठाउँमा विवाह हुन समेत दिएको छैन । यसबाट मेनकाको बाबुको पुरुष प्रभुत्वमा मेनका र उसकी आमा दबिनबाध्य भएको देखिएको छ ।

यसका साथै होटलमा काम गर्ने मेनकालाई उसका भाइहरूले समेत होटलमा काम गरेर दिदीले आफूहरूको बेइज्जत गरेको र आफूहरूलाई मुख देखाउन पनि गाह्रो बनाएको आरोप लगाएका छन् । उसको बाबुले पनि बहिनीहरूको विवाह गर्न बाँकी भएकाले छाडा भएर नहिँड्न चेतावनी दिएको छ तर उसलाई अधिकारपूर्वक कसैले पनि होटलको नोकरी नगर्न आग्रह गरेका छैनन् । मेनका पनि परिवारका पुरुषको दबाबको प्रतिरोध गर्न सकेकी छैन । उनीहरूका इच्छानुसार आर्थिक उपार्जनमा सघाउ पुऱ्याउन होटलमा नोकरी गरिरहन बाध्य भएकी छे ।यसबाट उक्त परिवारमा पुरुष वर्चस्व कायम रहेको र त्यसले नारीलाई शोषित, पीडित र अधीनस्थ बनाएको अवस्थाको बोध हुन्छ ।

*खोज* उपन्यासमा नारी पुरुष पात्रका बिचको असमझदारी, हस्तक्षेप र दबाबको सम्बन्धको प्रस्तुतीकरण भएको पाइन्छ । तीमध्ये शान्तिका बाआमा काठमाडौं निबासी हुन् । उनीहरूलाई उपन्यासमा मितबा र मितिनी आमाका नामले सम्बोधन गरिएको छ । पतिपत्नी भए पनि उनीहरूका बिचमा घरायसी व्यवहार, सन्तानलाई दिइने संस्कार आदिमा सल्लाह समझदारीभन्दा बढी एकअर्कालाई दोषारोपण गर्ने प्रवृत्ति देखिएको छ । शान्तिका बाबुले आफू कहीँ जाँदा र केही गर्दा पत्नीसँग सल्लाह गर्ने गरेको देखिँदैन । गाउँमा गई मित छोरालाई आफ्नो घरमा ल्याउँदा समेत उसले आफ्नी पत्नीसँग सल्लाह गरेको छैन जसले गर्दा आफूकहाँ बसेर शिक्षा प्राप्त गर्न आएको मित छोरालाई आमाले आफ्नो सहयोगका लागि पतिले ल्याइदिएको नोकर हो भन्ने अनुमान गरेकी छ । उपन्यासमा प्रयुक्त यी संवादले दुईबिचको असमझदारीलाई दर्साएका छन् -

के के न ल्याएँ भनेको यहीँ त होला नि ! यस्ता पिलन्धरेले के मेरो काम सघाउला भनेर ल्याउनुभएको हो कुन्नि ? आफ्नो सेवा गर्ला कभन्नुको साटो उल्टै यसैको

गर्नुपर्ला जस्तो छ । तपाईंको त बुद्धि खै कस्तो हो कस्तो ? अफिस र त्यही अफिसको काम भन्दा धेरै घर व्यवहारमा शून्य नै भइसक्नुभयो भने नि हुन्छ । यसरी जीवन कसरी चलाउँला भन्ने छ कुन्नि ?

के सोचेर प्याच्च बोलेकी हो ? यो तेरो लागि ल्याएको नोकर हो ? मान्छे नै आँखाको सामुन्ने हुँदा पनि चिन्न नसक्ने यो, आफूलाई निकै बुद्धिमती ठान्छ । के यो नोकर जस्तै छ ।

कुन्नी कुन्नी कस्तो छ, तपाईं मात्र एक बुद्धिमान यो घरमा हुनुहुन्छ । तपाईं नै जान्नोस्, फेरि मलाई किन सोध्नुहुन्छ (५)।

यहाँ पारिवारिक निर्णयमा पुरुष वर्चस्व कायम रहेको देखिन्छ । पुरुष नै परिवारको संरक्षक र नियामक भएकाले परिवारमा केही निर्णय गर्दा मितबाले आफ्नी पत्नीसँग राम्रोसँग राय बुझ्ने नगरेको बुझिन्छ । उसले परिवारको प्रमुख भएका कारण लालनपालन र शिक्षाको पूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने नयाँ सदस्य भित्र्याउँदा पनि एकल निर्णय गरेको देखिन्छ । उसले यहाँ आफ्ना निर्णय मान्न पत्नीलाई बाध्य बनाएको छ । पतिको त्यस व्यवहारप्रति पत्नी असन्तुष्ट देखिन्छे । उनीहरूका यस्तै व्यवहारले गर्दा आपसमा असमझदारी स्थापित भई तनावको स्थिति पैदा भएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा उनीहरूका बिचमा सन्तानलाई लिएर पनि बेलाबेलामा वादविवाद हुने गरेको छ । छोरा संयोगप्रति मितबाको नजर शंकालु रहेको छ । उसले पढाइमा पटक्कै मन नलगाउने तर पास हुने गरेकोमो उसमाथि चिट चोरीको शंका व्यक्त गरेको छ । यसपछि पनि उनीहरूमा छोराका विषयलाई लिएर मतान्तर सिर्जना भएको छ । मित आमाले बाबुछोराबिच बढेको असमझदारीलाई लिएर यसो भनेकी छ -

यो बाबु छोराको कस्तो ग्रह नमिलेको हो ? यसले कुनै कुरा राम्रो नै गरिहाल्यो भने पनि कहिल्यै विश्वास गर्नुहुन्न ? के अस्ति खेलमा जितेर ल्याएको इनाम पनि पत्याउनुहुन्न कि कसो ? कि त्यो पनि अरुलाई खेलाएर आफूले ल्याएको भन्ठान्नुभएको छ (८)?

यहाँ मितिनी आमाले छोराको पक्षपोषण गर्ने र बाबुले शंका गर्ने गरेको देखिन्छ । छोराले नपढेको, कुलतमा फसेको बारे आमाले ख्याल गरी सुमार्गमा ल्याउने प्रयत्न गर्नुको साटो उल्टै पतिपत्नी एकअर्कामा दोषारोपणमा ध्यान दिइरहेका छन् । आमाले सन्तानका क्रियाकलापको अनावश्यक ढाकछोप गर्ने र बाबुले सन्तानप्रतिको दायित्व निर्वाहमा भन्दा पत्नीलाई सबै कुराको दोष थोपर्न

खोज्ने प्रवृत्तिले संयोग झन् कुलतमा फस्दै गएको छ । दुवैले परिवार र सन्तानप्रतिको समान दायित्व निर्वाह नगर्नाले पतिपत्नी र बाबुछोराबिचको बिचमा असमझदारी र तनावको स्थिति पैदा भएको छ । त्यसैले मितबाले आफ्नो दिक्दारी यसरी प्रस्तुत गरेको छ -"यी आमा छोरा साथमा छन् भने मैले त केही बोल्नु हुँदैन । यो कुखुरीले चल्ला छोपेको जस्तो गरी ढाक्न आउँछे । उसका त के कुरा गर्नु न भाँडो न भुइँको भएको छ (८)।" यो सन्तानप्रतिको समान उत्तरदायित्व निर्वाह नगर्दाको स्थिति हो । यसले परिवारमा पतिपत्नीबिच दोषारोपण गर्ने, आमाले छोराको गल्ती ढाकछोप गर्ने र बाबुले गल्ती औँल्याउने, एकअर्कामाथि विश्वास गर्न नसकेको देखाउँछ । यी वादविवादलाई दृष्टिगत गर्दा दुवैजना आ-आफ्नो स्वभावमा अडिग भएको देखिन्छ । यसमा बाबुले सल्लाह नगरी निर्णय लिनु, त्यो निर्णय मान्न बाध्य पार्नु र आमाले त्यो निर्णयको विरोध गरे पनि परिवर्तन गराउन नसक्नु, सन्तानप्रतिको दायित्व समान रूपले निर्वाह गर्न नसक्नु जस्ता प्रवृत्ति देखिएका छन् । यसले गर्दा पितृसत्तात्मक प्रभुत्व कायम राख्न चाहने पुरुष र पितृसत्तात्मक सोच हाबी भएकी नारीबिच द्वन्द्व भएको स्थितिलाई दर्साएको छ ।

प्रस्तुत उपन्यासमा नारी पात्रहरूलाई पारिवारिक हस्तक्षेप र दबाब सहन बाध्य भएका प्रसङ्गको पनि वर्णन गरिएको छ । प्रस्तुत उपन्यासमा बेचिनुपूर्व शान्तिलाई उसकै दाजुले पहिली स्वास्नी बितिसकेकाले शान्ति मालिक्नी बन्न पाउने, स्वास्नी भए पनि पढाउन छोड्दिन भनेको र जेठीपट्टि एक छोरी मात्र भएकाले सौतेनी कचकच नरहने भन्दै विधुर पुरुषसँग विवाह गर्न दबाब दिएको छ । यसमा आमाले पनि समर्थन जनाएकी छ तर शान्तिले त्यसको विरोध गरेकी छ । त्यसबखत संयोगले "तँ हामीसँग समेत योसँग विवाह गर्छु गर्दिन भन्दै मर्यादा छोड्न सक्ने भइस् हैन ? लौ त कसरी गर्दिन रहिछस् हामी पनि हेरौँ (१९)।" भन्दै शान्तिको गालामा चड्कन पनि लगाएको छ । मितिनी आमा पनि संयोगको पक्ष लिएर बोलेकी छ । यसले शान्तिमाथि परिवारबाट विवाहका लागि परेको दबाबलाई प्रस्तुत गरेको छ । यसले केही समयपछि कुलतमा फसेको संयोगले पैसाको लोभमा परेर कुनै पृष्ठभूमि नै नबुझीकन शान्तिको बिहे बादलसँग गरिदिएको छ जसले गर्दा शान्ति वेश्यालयसम्म पुग्नुपरेको छ । यसरी संयोगमा पितृसत्तात्मक प्रभुत्व रहनु, आमाले त्यसको समर्थन गर्नु र शान्तिमा अस्तित्वप्रति चेतना हुँदाहुँदै पनि उनीहरूमा आपसमा समझदारी नहुनु र अनावश्यक दबाब सिर्जना गर्नुले ऊ उत्पीडित बन्नुपरेको छ ।

प्रस्तुत उपन्यासमा शान्तिलाई समाजमा नारी पुरुषबिच असमझदारी र असमानता भएकै कारण नारीहरू शोषित पीडित बन्नुपरेको हो भन्ने लागेको छ । उसलाई एकअर्काप्रति असमझदारी भएकै कारण एक मानवले अर्को मानवलाई पैसाका लागि बेच्ने गरेकोप्रति दुःख लागेको छ । असमानता र असमझदारीको परिणामस्वरूप नारीले अनिच्छामै यौनधन्दामा लागी

नचाहेको स्थितिको सामना गर्नुपरेको हो । समानता कायम भएको स्थिति हुन्थ्यो भने नारीले पशु, पन्छी वा वस्तुसरह बेचिनुपर्ने थिएन होला भन्ने कल्पना उपन्यासमा शान्तिले गरेकी छ । वेश्यालयबाट भाग्न सफल भए पनि त्यसपछि उसले आफू जाने कुनै ठाउँ नदेखेकाले उसको मनमा आफू मानव भएर पनि किन यस्तो व्यवहार भोग्नुपरेको हो भन्ने प्रश्नहरू उठेका छन् -

> ...यहाँ नर नारीमाथि समझदारी भएको भए र मिलेर समानता राख्न सकेको भए आज म यसरी व्यापारीको झिटीसरह अर्को मानवको उपभोगको लागि बजारमा बिक्री हुने थिइनँ होला । त्यत्रो प्रेमको नाटक रचेर मलाई जालमा पारेर विवाहजस्तो पवित्र बन्धनको उपहास उडाउँदै म कोठीमा पुऱ्याइने थिइनँ होला । कहाँ गयो ती मानवता ? कि नारी मानव हैन ? नारी न त पशु हो, न त पन्छी न त जड, न त कीट, न त घिश्रण प्राणी, तब उनी के हुन् त (६२)?

शान्तिको मनमा आफू मानव भएर पनि नारी भएकै कारण समाजमा मानव जस्तो जीवन बाँच्न नपाएकोमा अनेक प्रश्न मडारिएका छन् । नारी मानवलाई उत्पीडनमा पारेर असमानता ल्याउनेमा समाजमा पुरुष मात्र नभएर नारी पनि दोषी रहेको उसलाई लाग्दछ किनभने वेश्यालयमा नारीको शरीरको अस्मिता लुट्ने पुरुष भए पनि उनीहरूलाई खरिद बिक्री गर्ने कार्यमा नारीको नै भूमिका रहेको उसले देखेकी छ । यी सबै घटना घट्नुमा नारी पुरुषबिच सिर्जित असमझदारी र असमानता प्रमुख कारक रहेको उसलाई लागेको छ । यसले पितृसत्तात्मक संरचनामा नारीले भोग्नुपर्ने उत्पीडनका स्वरूपलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत उपन्यासमा समाजमा नारी पुरुषबिच भएका असमझदारीका कारण सिर्जित असमानताको विषयलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजमा नारी पुरुषका सम्बन्धलाई वासनाका आधारमा मात्र मूल्याङ्कन गर्ने परिपाटी छ । यस्तो परिपाटीले नारी पुरुषबिच मित्रताको सम्बन्ध स्थापनामा हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छ । प्रस्तुत उपन्यासमा वेश्यालयबाट भाग्न सफल भएकी शान्तिलाई चितवनस्थित आफ्नो घरमा सुरक्षा दिने उद्देश्यले ल्याएको प्रेम र शान्तिको सम्बन्धलाई लिएर अनेक टिकाटिप्पणीहरू भएका छन् । प्रेमकी आमा ठूलीबज्यैले शान्ति र प्रेमलाई एकसाथ देख्नासाथ उनीहरूलाई पति पत्नीको सम्बन्धमा बाँधिएको अनुमान लगाएर आफ्नो असन्तुष्टि यसरी जनाएकी छ-

> किन हाम्रो पछि लाग्दै भित्र पस्न आउँछस् ? हामी तेरो को रहेछौँ र ? एउटा लालन पालन गर्ने धाई ? त्यति स्याहार सुसार त एक जनावरले पनि आफ्नो सन्तानलाई गर्छ

भने हामीलाई जन्माएपछि हाम्रो हेरचाह गर्नुभयो भन्दैमा कुन ठूलो काम गर्नुभएको सम्झी जीवनभर तपाईहरूकै कति पछि लागूँ भन्ने सोचिस्, हैन (७४)?

ठूलीबज्यैले यहाँ शान्तिसँग प्रेमले विवाह गरेर ल्याएको भन्ने ठानी कुरै नबुझी आक्रोश पोखेकी छ । उसका यी आक्रोशमार्फत शान्ति र प्रेमबिचको सम्बन्धमाथि नै हस्तक्षेप हुनुका साथै सम्बन्ध तोड्ने दबाब पनि अभिव्यक्त भएको छ । यसका अतिरिक्त उपन्यासमा ठूली बज्यैले शान्तिलाई जात नमिल्ने, कुनै खानदानको पत्तो नभएकी भनेर घरभित्र प्रवेश गराउन आनाकानी गरेकी छ । यसले उनीहरूबिचको असमझदारीपूर्ण सम्बन्धको उद्घाटन गरेको छ ।

*विश्वास* उपन्यासमा २०४६ सालभन्दा अगाडिको पञ्चायती शासन व्यवस्थाअन्तर्गत गाउँले र सहरिया सामाजिक परिवेशमा घटित घटनाहरूलाई विषय बनाइएको छ ।तत्कालीन समाजमा अनमेल विवाह, सट्टा विवाह, बालविवाहलाई समाजले स्वीकृत गरेको अवस्था छ । यिनैमार्फत पितृसत्तात्मक सत्तासम्बन्धका पारिवारिक र सामाजिक स्वरूपको प्रस्तुतीकरण भएको छ । त्यसैले यसमा परिवार र सामाजिक स्तरमा पात्रका विचार तथा समस्याहरूलाई केन्द्रमा राखिएको छ । प्रस्तुत उपन्यासमा केही परिवारभित्रका गतिविधि, नारी पुरुषका विचारहरू र पारिवारिक भूमिकाहरूको चित्रण गरिएको छ । उपन्यासको सुरुवात विष्णु शर्माको परिवारभित्र पति पत्नीबिच छोरीको विवाहका विषयमा भएका वैचारिक तर्कवितर्कद्वारा भएको छ । यस परिवारमा नारीमाथि पुरुष प्रभुत्व कायम छ । त्यसैले विष्णु शर्मा परिवारको संरक्षक, निर्णयकर्ता, र मालिकको रूपमा चित्रित छ । उसले परिवारका नारी सदस्यलाई पुरुष प्रभुत्व कायम राख्न हस्तक्षेप र दबाब दिएको छ । उसले आफ्नी दस वर्ष मात्र पुगेकी छोरी गङ्गाको विवाह सोही गाउँको प्रधानपञ्च रवि शर्माको एक्काइस वर्षे तन्नेरी छोरा सुरेशसँग गराउने निर्णय गरेको छ । यस विषयमा आफ्नी पत्नी माइलीसँग कुनै सल्लाह नै नगरी आफ्नै विवेकको प्रयोग गरेको छ । छोरी सानी भएको र सुरेश कुलतमा परेको कारणले त्यो विवाह गरिदिनुहुन्न भन्ने माइलीको सुझावलाई विष्णु शर्माले बेवास्ता गरेको छ । यस विषयमा उनीहरूबिच तर्कवितर्क चलेको छ । बिहानैदेखि केही नभनी हराएको विष्णु शर्मालाई दिन ढल्केपछि मात्र घर फर्किएपछि माइलीले यसरी प्रश्न उठाएकी छ-"फेरि हस्याङ् र फस्याङ गर्दै बिहानैदेखि कहाँ जानुभएको ? केही नभनेर बिरामी मान्छे, यतिबेलासम्म बेपत्ता हुँदा घरकालाई कति पीर पर्‍यो होला भन्ने सोच्नु पर्दैन ? हामीलाई त भुसुनासरह गर्नुहुन्छ (४)।"यहाँ विष्णु शर्मा परिवारका नारी सदस्यको अस्तित्वप्रति सचेत नभएको स्थिति छ । त्यसैले माइलीले घरका सदस्यलाई केही नभनी, आफूहरूको अस्तित्व र उपस्थितिको ख्यालै नगरी आफ्नै सुरले हिँड्ने विष्णु शर्माको व्यवहार उचित नभएको तर्क

गरेकी छ । यसले विष्णु शर्माको परिवारका नारी सदस्यप्रतिको वर्चस्वशाली स्वभावको परिचय दिएको छ ।

प्रस्तुत उपन्यासमा विष्णु शर्माको नारीमाथिको पुरुष प्रभुत्व हस्तक्षेपका रूपमा उद्घाटित भएको छ । उसको पुरुष प्रभुत्व यसरी झल्किएको छ-“फेरि उही कुरा उठाउँछे ? छोरा मान्छे कहाँ जान्छ के गर्छ त्यसमा चासो लिने होइन भनेको पट्टै मान्दिन, प्याच्च भनिहाल्छे (४) ।” विष्णु शर्माले यहाँ आफू पुरुष भएका कारण सर्वोच्च प्राणी हुँ, घरको मालिक हुँ भन्ने सोचेको छ । पुरुष भएकै कारण आफू जे गर्न पनि स्वतन्त्र भएको र त्यसमा प्रश्न गर्ने अधिकार परिवारका नारी सदस्यमा नभएको उसको तर्क छ । नारीलाई परिवारका विषयमा चासो लिनसमेत अधिकार नभएको उसको यो भनाइको तात्पर्य रहेको छ । उसले आफ्नी पत्नीलाई सानी छोरी गङ्गाको विवाह सुरेशसँग छिनिदिएकाले त्यससम्बन्धी कुनै प्रश्न नगर्न निर्देशन दिएको छ साथै माइलीलाई छोरीको विवाहको तयारीमा जुट्नको लागि यसरी आदेश दिएको छ -

> अँ तेरी छोरी अझै सानी छ । तेरो र मेरो विवाह हुँदा तेरो उमेर कत्रो थियो ? राम्रो केटो आइलागेको बेलामा झटपट  छोप्नु पो पर्छ । ऋण, धन जे जस्तो गर्नुपरे पनि बेहार्न म जीवितै छु तँलाई फेरि केको पिरलो ? तँ आफ्नो काम मात्र गर अरु सारा हेर्ने म छु । समय धेरै बाँकी छैन । जेठी छोरीको विवाह हो । को कसलाई खबर पठाउनुपर्छ काम सुरु गरिहाले हुन्छ (६)।

यहाँ माइलीले छोरी सानी, केटा कुलतमा फसेको र परिवार शोषक प्रवृत्तिको भएकाले विवाह टारिदिन भन्दा विष्णु शर्माले आफ्नो विवाहको उमेरसँग छोरीको उमेर दाँजेर छोरी विवाहका लागि योग्य भएको वकालत गरेको छ । उसले छोरीको विवाहका लागि केटो कस्तो छ हेर्नुभन्दा परिवारको धन दौलतलाई आधार मानेको छ । साथै छोरीको विषयमा निर्णय लिँदा पत्नीको कुनै आग्रहलाई नसुनी विवाहको तयारीमा जुट्न ठाडो आदेश र दबाब दिएको छ । उसका आदेशमा झल्किएको पुरुष प्रभुत्वले नारीलाई अधीनस्थ बनाएको छ ।

विष्णु शर्माले उपन्यासमा माइलीमाथि आफ्नो पुरुष प्रभुत्व लादेको छ तैपनि माइलीले पतिको एकलौटी निर्णयको विरोध गर्न छोडेकी छैन । उसले कानुनअनुसार पनि आफ्नी छोरी विवाहयोग्य नभएकाले त्यो विवाह टार्नको लागि सल्लाह दिएकी छ -

> भो भो त्यसको धेरै बयान नगर्नुस् । आँखामा हाले पनि नबिझाउने केटा पाउनुभएको छ, होइन के ?  भोलि छोरीले घर गर्न नसकेर रुँदै माइत फर्की भने त्यसबेला चुइँक्क बोल्न पाउनुहुन्न ? आमा बाबु त्यस्ता छन्, ज्वाइँ हुनेको त्यो लत छ । बरु भोलि नै गएर

> उनीहरूलाई भनिदिनोस् घरसल्लाह गर्दा आषाढमा नै बिहे नगर्ने निधो गऱ्यौं पछिको कुरा त्यतिखेर नै गरौंला (६)।

यहाँ माइलीले जसरी भए पनि छोरीको विवाह टारेर उसलाई सम्भावित शोषणबाट बचाउन चाहेकी छ । उसलाई छोरीको भविष्यको अत्यधिक चिन्ता छ । नारी भएका कारण सानी छोरीले जवान लोग्नेबाट पाउनसक्ने शारीरिक कष्ट र परिवारका तर्फबाट पाउने दुःखको अनुमान उसले गरेकी छ । उसका यी अभिव्यक्तिमा लोग्नेका निर्णयप्रति व्यङ्ग्य र लाचारी पनि प्रस्तुत भएको छ तर त्यस आग्रहलाई पनि विष्णु शर्माले ठाडै लत्याएको छ । उसले "बोल्दाबोल्दै अब ऐन कानुन जान्ने, सिकाउने पनि तँ नै भइस्(६)।" भन्दै पत्नीको खिल्ली उडाएको छ । उसका यी खिल्लीमा पुरुष अहम् र प्रभुत्व प्रदर्शित भएको छ । यसमा माइलीको सन्तानका विषयमा बोल्न र निर्णय लिन पाउने अधिकारमाथि हस्तक्षेपसमेत भएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा विष्णु शर्माको प्रभुत्वका कारण माइलीले छोरीको विवाह टार्न नसकेपछि ऊ गङ्गाको बारेमा धेरै चिन्तित भएकी छ । आफ्नी नाबालिका छोरीले कसरी घर व्यवहार धानेर बस्ली त्यसतर्फ पनि सोच्न आग्रह गर्दै उसले यसरी चिन्ता व्यक्त गरेकी छ -

> त्यसो भनेर कहाँ हुन्छ र ? कुरा गरेर हात लिनु र व्यवहार गरेर रत्याउनुमा कति फरक छ कति । त्यस्ताहरूसँग भिडेर जिन्दगी गुजार्न योसँग के छ ? न त बाबुआमाले माइतबाट धनको ओइरो लगाउन सक्छन् न त जे जस्तो गरे पनि सहन सक्ने उमेरै छ । मैले छारी सानी छ भन्दा हामी विवाह गर्दा कत्रा थियौं भनेर भनि हाल्नुहुन्छ । तपाईं सोच्नु हुन्न त्यसबेला तपाईं र म दुवै साना थियौं । यसको त त्यस्तो पनि छैन । एउटी बालिका छ भने अर्को लक्का जवान ! के गरी लोग्ने रिझाउँछ, कुरो बुझेको हो कि होइन ? कि यस्तो  यस्तो भनेर अर्थ्याउनुपर्छ (९)?

माइलीका यी अभिव्यक्तिमा छोरीप्रतिको चिन्ता र आफ्नो लाचारी प्रकट भएको छ । आफ्ना निर्णय र चिन्ताको सुनुवाइ नभए पनि छोरीलाई अनमेल विवाहबाट हुने यौन कष्टबाट बचाउने हर प्रयत्नमा माइली लागेकी छ । आफूहरूको पनि सानै उमेरमा विवाह भएको तर्क दिँदै छोरीको विवाह एक जवान पुरुषसँग छिनिदिएर आएको बाबु विष्णु शर्मासँग आफूहरू साना भए पनि एउटै उमेरका भएका कारण आफूहरूमा समझदारीको विकास पनि एकै पटक भएको र त्यसले वैवाहिक जीवनमा असर नपारेको कुरा माइलीले बुझाउन खोजेकी छ । गङ्गाको उमेर यौन जीवनका बारेमा बुझ्न सक्ने, यौन चाहना जागृत हुने जस्तो भएको छैन तर सुरेश किशोरावस्था पार गरिसकेर युवा भइसकेको छ । उसमा यौन चाहनाको जागृति भइसकेको छ । तसर्थ

उनीहरूको विवाहमा चाहनाको मेल नै छैन । पत्नी भएका नाताले पतिले यौन आकांक्षा राख्नु स्वाभाविक भए पनि सुरेशका चाहनाको परिपूर्ति गर्ने उमेर नभएकाले गङ्गाले त्यो सम्बन्धलाई निभाउन नसक्ने सम्भावना रहेको छ । गङ्गा शारीरिक र मानसिक रूपमा शोषणमा पर्न सक्नेतर्फ माइलीले यहाँ आफ्ना पतिलाई सम्झाउने प्रयत्न गरेकी हो तर विष्णु शर्मा उसको कुनै चिन्ता र सल्लाहतर्फ ध्यानै दिएको छैन । उसकै अडान, हस्तक्षेप र दबाबका कारण सुरेश र गङ्गाको अनमेल विवाह भएको छ भने पितृसत्तात्मक प्रभुत्वसित माइली र गङ्गाले हार खानु परेको छ । यसले उनीहरूबिचको प्रभुत्वशाली अधीनस्थ शक्तिसम्बन्धको उद्घाटन गरेको छ ।

प्रस्तुत उपन्यासमा माइली पुरुष प्रभुत्वका कारण सन्तानप्रतिको आफ्नो उत्तरदायित्व र अधिकारको सुनुवाइ नहुँदा निरास भएकी छ । उसले आफ्नो निरासा यसरी व्यक्त गरेकी छ-“यति सानी यसरी कसरी जीविका चलाउली ? दुच्छर सासू, बदमास केटा र घमण्डी ससुरा छन् । हामी स्वास्नी मान्छेले भनेको कुरा पत्याउनै हुन्न जस्तो यसको बाबुले गर्छन् । हामी आमाहरूलाई त के छोरी जन्माउनु मात्र रहेछ (१२)।” यसमा माइलीद्वारा नारीको विवशता र लाचारी प्रस्तुत भएको छ । आफैँले जन्माएको सन्तानको भविष्य सम्बन्धमा निर्णय लिने अधिकारसमेत पुरुष नदिने पितृसत्तात्मक सामाजिक शक्तिसम्बन्धलाई यसले उद्घाटित गरेको छ । त्यसैले माइलीलाई छोरीको चिन्ताले धेरै नै सताएको छ । घरमा लोग्ने भए पनि सासूससुराको आड भरोसा मिल्ला भन्ने पनि ठाउँ नहुँदा ऊ मनमनै चिन्ताले पिरोलिइरहेकी छ । विष्णु शर्माले पत्नीको सल्लाहलाई बेवास्ता गरेकाले नै गङ्गाले त्यो घरमा विवाहपछि धेरै पीडाहरू खेपेकी छ । ऊ रात नपरोस् भन्ने चाहना लिएर हिँड्ने गरेकी छ । अन्ततः आफ्नी आमाको डरलाई सत्य साबित गर्दै उसको रहस्यमय मृत्यु भएको छ । विष्णु शर्माका कारण माइली र गङ्गाका आवाजहरू दबिएका छन् । यसर्थ विष्णु शर्मा र माइलीका यी तर्कवितर्क, विचार र गतिविधिबाट यस परिवारमा पितृसत्तात्मक प्रभुत्व कायम रही नारीहरू अधीनस्थ बनेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा नारी पुरुषका स्वतन्त्र सम्बन्धमाथि पनिपितृसत्तात्मक प्रभुत्वद्वारा हस्तक्षेपका विषयको वर्णन गरिएको छ । समाजमा नारीको कुनै पुरुषसँगको बोलचाल र हिमचिमलाई सधैँ गलत नजरले हेर्ने प्रवृत्ति छ । त्यसमाथि विधवा नारीले कुनै पुरुषसँग बोल्नु, मित्रता गर्नु त उसको चरित्रहीनताको प्रमाण बन्न जान्छ । प्रस्तुत उपन्यासमा हकी स्वभावकी देवीलाई निचो देखाउने उद्देश्यले रवि शर्माले लगाएको आरोपले विधवा नारीप्रतिको समाजको कुदृष्टिको सङ्केत गर्दछ । रवि शर्मा देवीको मित दाइसँगको सम्बन्धलाई गलत व्याख्या गरी देवीमाथि यसरी खनिएको छ-“लौ यहाँ सबैको सामुन्ने भन्, तेरो त्यो भृगुसँग कस्तो सम्बन्ध थियो ? तेरो त्योसँग प्रेम थियो रे भन्ने सुनिन्छ । विधवा भएर पनि यसरी पात्तिएर गाउँ नै भाँड्दै

हिँड्न पाइँदैन । त्योसँग सल्किएकी भए भन् (७३)?" यहाँ रवि शर्माले बुहारी गङ्गाको मृत्युसम्बन्धी तथ्य पुलिसलाई बताइदिने डरले देवीलाई चरित्रहीनको आरोप लगाएर पन्छाउन खोजेको छ । उसको मित दाइ भृगुसँगको सम्बन्धलाई उसले पात्तिएर हिँडेको भन्ने अपशब्दको प्रयोग गरी देवीको व्यक्तिगत स्वतन्त्रतामाथि हस्तक्षेप गर्न खोजेको छ । विधवा भएका नारीमा नैसर्गिक रूपमा विकास हुने माया, प्रेम, रुचि चाहनाको पनि यस अभिव्यक्तिले विरोध गरेको छ । यसबाट विधवा नारीलाई कुनै कुराको रहर गर्ने अधिकार छैन भन्ने पितृसत्तात्मक समाजका मान्यताले नारीका अधिकार र स्वतन्त्रतालाई अधीनस्थ बनाएको स्थिति मुखरित भएको छ ।

समाजमा नारीलाई पुरुषसँगको स्वतन्त्र संवाद र हिमचिममा प्रतिबन्ध लगाउने गरिन्छ । नारीले विवाहअघि र विवाहपछि कुनै पुरुषसँग संगत गर्नु ऊ चरित्रहीन र छाडा भएको मानिन्छ । प्रस्तुत उपन्यासमा देवीलाई पनि यस्तै आरोप लागिरहने गरेपछि ऊ यो सामाजिक परिपाटीसँग नै आजित भइसकेकी छ । यस्तो सामाजिक प्रवृत्तिका विरुद्ध उसले आफ्ना असन्तुष्टि दुर्गासमक्ष यसरी पोखेकी छ -

> ...केटा मान्छेसँग बोल्नै हुन्न रे साथी बनाउनै हुन्न रे भन्ने उनीहरूको धारणा छ । विधवाले केटासँग कुरा गर्नु इज्जत फ्याँक्नु हो, अविवाहिताले गरेमा विवाह नै उसँग कसैले गर्दैन र फेरि विवाह भएकाले अर्को केटासँग कुरा गरे भन्छन् कस्ती उत्ताउली आफ्नै लोग्ने साथमा हुँदा पनि त्यस्तो गर्दै हिँड्ने ? आखिर स्वास्नीमान्छेले कुन उमेरमा पुगेपछि मात्र केटाहरूसँग बोलीचाली गर्नुहुन्छ ? घरमा बा, दाजुभाइ, ससुरा, देवर सबै त लोग्नेमान्छे हुन् । उनीहरूबाहेक अरुसँग कुरा गर्नै नहुने, साथमा हिँड्नै नहुने हाँस्न पनि नहुनेमा के अर्थ छ, त्यो कसैले बताउँदैनन्, केवल गाली मात्र गर्छन् । म त वाक्क भइसकेँ, सत्ते दिदी (७३-७४)।

यहाँ समाजको असमझदारी र लाञ्छनाबाट वाक्क भएकी देवीले दुर्गामार्फत समाजलाई प्रश्न गरेकी छ । उसले समाजमा नारीलाई कुनै उमेरमा र कुनै समयमा पनि पुरुषसँगको संवादलाई स्वीकृति नदिइएको र यस्ता संवाद हिमचिम बढेमा नारीहरूले उत्ताउली, चरित्रहीन हुनुपर्ने, उनीहरूको जीवनलाई नै असर पुग्ने गरी समाजमा लाञ्छनाको भारी बोकाइने प्रवृत्तिप्रति प्रश्न उठाएकी छ । समाजमा अन्य नारीलाई भन्दा विधवालाई परपुरुषसँगको सम्बन्धमा बढी लाञ्छना लगाउने प्रवृत्ति छ । यो नारीको वैयक्तिक स्वतन्त्रतामाथि पितृसत्ताले लगाएको हस्तक्षेप हो । पितृसत्ताका कारण हुने यस्ता हस्तक्षेपले नारीहरूको स्वतन्त्रता कुण्ठित हुनुका साथै उनीहरूलाई पुरुष प्रभुत्वको अधीनस्थ बनाउने सामाजिक यथार्थको उद्घाटन प्रस्तुत उपन्यासमा भएको छ ।

*नोकरी* उपन्यासमा नारीहरू आफ्नो र पारिवारिक निर्णय लिन सक्षम भए पनि उनीहरूका निर्णयमा परिवारका पुरुष सदस्यले पटक-पटक हस्तक्षेप गर्ने गरेका छन् । विशेष गरेर गौरी परिवार अफिस दुवैतिरका जिम्मेवारी राम्रोसँग निर्वाह गरिरहेकी भए पनि उसले हरेक निर्णय गर्दा पुरुष सदस्यसँग आदेश माग्नुपरेको छ । उपन्यासमा प्रस्तुत भएका गौरी शिवका यी संवादले यसै कुरालाई पुष्टि गरेका छन् -"घरमा तपाइँको र अफिसमा हाकिमको आदेश मान्नुपर्ने मलाई तपाइँ के भन्नुहुन्छ ?" "तिमी कसरी नोकर हुन्छ्यौ ? तिमी त नोकर्नी पो त (६०)।" यसबाट गौरीका निर्णयमाथि शिवले हस्तक्षेप गर्ने गरेको बुझिन्छ । गौरी आफूले नै निर्णय लिन सक्षम भए पनि उसले हरेक क्षेत्रमा परिवारका पुरुषको आदेश र स्वीकृति पर्खनुपर्ने गरेको देखिन्छ । यसले नारी पुरुषबिचको प्रभुत्वशाली अधीनस्थ शक्तिसम्बन्धलाई प्रस्तुत गरेको छ । उनीहरूका यी संवादबाट उक्त परिवारमा घरको मालिक पुरुष अर्थात् शिव रहेको र उसका आदेशले परिवारमा निर्णायक भूमिका खेल्ने गरेको तथ्य उजागर भएको छ।

प्रस्तुत उपन्यासमा साधनाले आफ्नो पेसा छनोट गर्ने समयमा पनि परिवारका पुरुष सदस्यद्वारा हस्तक्षेपको प्रयास भएको छ । साधना पढेर सक्षम भएपछि आमासँगको सल्लाहमा हवाइपरिचारिकाका लागि अन्तर्वार्ता दिन जाँदा उसको दाजु विनोदले उनीहरूको निर्णयमाथि नै प्रश्न उठाएको छ । आफ्नो व्यक्तित्व विकासका लागि गर्नुपर्ने निर्णय पनि घरका पुरुष सदस्यलाई नसोधी लिएकोमा उसलाई आपत्ति छ । त्यसमाथि एयरहोस्टेज पेसालाई नै उसले नराम्रो पेसाका रूपमा परिभाषित गरेको छ । परिवारको आर्थिक दायित्व बाँड्न खोज्दा छोरीको कमाइ परिवारका लागि खर्च गर्नुहुन्न भन्ने पुरुषवादी मानसिकतालाई विनोदका यी हस्तक्षेपले प्रस्ट्याएका छन् -

> ए आमा, तपाइँले छोराका पढाइका लागि छोरीलाई एअरहोस्टेजमा जागिर खान स्वीकृति दिनुभयो ? के म बहिनीका कमाईले विदेशमा बसेर पढ्छु भन्ठान्नु भएको छ ? नोकरी पनि कस्तो रे ? एअरहोस्टेजको ? थाहा छ ? त्यो कस्तो नोकरी हो ? हेर्नोस् आमा केही गरी त्यो छानिइछ भने पनि एअरहोस्टेज हुन पठाउने होइन ? ...एअरहोस्टेजका पेसालाई सम्मानजनक मानिँदैन र कुलघरानाका छोरीहरूले त्यस्ता नोकरी गर्न जाँदैनन्, यसमा तपाइँले जिद्दी नगर्नु नै बेस हुन्छ (५८)।

यहाँ पितृसत्तात्मक सत्तासम्बन्धमा नारीका इच्छा र स्वतन्त्रतामाथि पुरुषको हस्तक्षेपको स्वरूपको प्रस्तुति छ । विनोदका यी कथनमा समाजमा नारीका लागि तोकिने पेसागत मर्यादाभन्दा बाहिर गएर जागिर गर्नुहुँदैन र त्यस्ता नोकरी अलि धनी परिवारका नारीहरूले त झन् गर्नै हुँदैन । यदि गरिहाले पनि परिवारका पुरुषहरूको अनुमति अनिवार्य रहन्छ भन्ने भाव निस्केको छ । आफू देशभन्दा बाहिर गएर इन्जिनियरिङ्ग पढिरहेको विनोदले नै आफ्नी बहिनीलाई पेसागत दायरा

तोकिदिनु उसका मनमा यथावत् रहेको पुरुष प्रभुत्वले नारीका इच्छामाथि गरेको दमनको उदाहरण हो । यसले सहरी क्षेत्रमा पनि नारीहरू सक्षम भएर पनि आफ्नो स्वविवेकको प्रयोग गर्न नपाएका र पुरुषहरूका निर्णय र हस्तक्षेपका बन्दी बन्न बाध्य भएका छन् भन्ने यथार्थ उजागर गरेको छ । उपन्यासमा गौरीको परिवारमा पुरुषहरूका यस्ता हस्तक्षेपको प्रतिरोध गरी नारीहरू आफ्नो इच्छाइएको पेसा अवलम्बन गर्न सक्षम भएका छन् । गौरीले आफ्नो छोराको हस्तक्षेपका विरुद्धमा छोरी साधनालाई समर्थन गरेकाले ऊ हवाइपरिचारिका बन्न सफल भएकी छ । यसले पितृसत्तात्मक सोच परिवारका सदस्यमा जीवित भए पनि शिक्षा र आत्मनिर्भरताका कारण नारीहरू दबिनबाट बचेका छन् । त्यसैले यसमा पुरुष प्रभुत्व कमजोर साबित भएको छ ।

प्रस्तुत उपन्यासमा चित्रित तत्कालीन समयमा नारीलाई पेसागत छनोटमा वैयक्तिक इच्छा र निर्णयको उपयोग गर्ने स्वतन्त्रता छैन । पेसागत संलग्नताको आधारमा नारीको चरित्र मापन गर्ने प्रचलन छ । त्यसैले यहाँ साधनाले हवाइपरिचारिकाको नोकरी गर्ने इच्छा राख्दा परिवारका पुरुष सदस्य र आफ्नो प्रेमीलगायतबाट हस्तक्षेप र दबाबको सामना गर्नुपरेको छ । साधना दाजुभाइको इन्जिनियरिङको पढाइ खर्चको लागि आफ्नी आमालाई सघाउन हवाइपरिचारिका हुन खोज्दैछे भन्ने थाहा पाएर उसको दाजु विनोदले कुनै हालतमा हवाइपरिचारिका हुन नदिने भनिरहेको छ । उसले हवाइपरिचारिकाको नोकरीलाई समाजले सम्मानका साथ नहेर्ने भएका कारण साधनालाई त्यो नोकरी गर्न आफूले कदापि अनुमति नदिने बताएको छ । यसका साथै साधनाको प्रेमी मेघले पनि साधनाले हवाइपरिचारिकामा नोकरी गर्छे भने उसँग विवाह गर्न नसक्ने चेतावनी दिएको छ । उसले साधनालाई यसरी त्यो नोकरी नगर्नका लागि दबाब सिर्जना गरिरहेको छ -

> ...एकफेर यस नोकरीमा पसेपछि यिनीहरूले आफूलाई कुनै अन्तरिक्षबाट अवतरित भएकी सोचेका हुन्छन् । प्रशस्त पैसा उमेरमै खेलाउन पाउँदा घमण्डले चूर भएर कसैलाई टेर्दैनन् । समाजले हाम्रो पुरुषत्वलाई नै आघात पार्ने गरी हामी तिनका सम्बन्धी भएमा परजीवीका रूपमा लिएर भन्छन् । तिम्रा परिवारलाई त्यस्तो केही नलागेको भए पनि म सहन सक्दिनँ । म समाजसुधारक हुन हवाइ परिचारिकासँग विवाह गरेर इज्जत नष्ट गरी बस्न सक्तिनँ (१०७)।

यहाँ मेघको पुरुष अहम् प्रस्तुत भएको छ । उसले साधनाको हवाइपरिचारिका हुने अठोटलाई तोड्न नसकेपछि आफ्नो इज्जत जाने भन्दै उसँग विवाह नगर्ने आफ्नो निर्णय सुनाएको छ । उसका यी अभिव्यक्तिबाट हवाइपरिचारिकामा नोकरी गर्दा धेरै किसिमका मानिससँगको सँगत हुने, स्थान र समय अनिश्चित हुने भएकाले यस पेसामा संलग्नहरू चरित्रका हिसाबले खराब हुने भन्ने

मानसिकता समाजको रहेको बुझिन्छ । यसले कुनै पेसालाई नारीको चरित्र निर्माणको आधार मान्ने समाजमा पेसा अबलम्बन गरेकै कारण नारीलाई पारिवारिक जीवनमा अपनाउन अस्वीकार गर्ने गरिएको सामाजिक प्रवृत्तिलाई यस घटनाले उजागर गरेको छ । यसबाट पुरुष अहम् बचाइराख्न नारीका स्वतन्त्र अधिकारमाथि हस्तक्षेप र दबाब सिर्जना गर्ने पितृसत्तात्मक शक्तिसम्बन्ध प्रस्तुत भएको छ ।

*निष्कर्ष* उपन्यासमा नारी पुरुषबिचका असमझदारीपूर्ण सम्बन्धको वर्णन गरिएको छ । यस उपन्यासमा विशेष गरेर रुद्र र वृन्दाका बिच यस्तो सम्बन्ध रहेको छ । उपन्यासमा रुद्रले कहिले पनि घरमा पत्नीलाई सघाउ त गर्दैन नै,घरका काममा उसँग सल्लाह गर्ने, उसको राय माग्ने काम पनि गर्दैन । बरु आफू रातमा घर फर्किने र साथमा साथीहरू लिएर आउने गर्छ । उपन्यासमा रुद्रका गतिविधि र वृन्दाको एक्लोपनको चित्रण यसरी गरिएको छ-

> लोग्ने रातमा घर आइपुग्छन् । त्यसबेला आउँदा पनि एक दुई जनालाई पछि लगाएर आउँछन् त कहिले जङ्गिएर एक्लै कसलाई गाली गरेको हो बुझ्न नसक्ने गरी कराइरहन्छन्, घन्टौँसम्म । बोल्न हुँदैन त्यसबेला सबै रिस उनैमा खन्याउँछन् । साथमा बसेर मीठामीठा कुरा गरौँ, घरसल्लाह गरेर परिवार समालौँ भन्ने उनको धोको कहिल्यै पुऱ्याउन पाइनन्, लोग्नेका तर्फबाट । कान्छो छोराको त के कुरा गर्नु घर आयो भने पनि कोठामा गएर कि ढल्छ, कि नाचगान गरिरहन्छ, विदेशी धुनमा, विदेशी नाच, नेपालीहरूको साथमा... (३१)।

यसले पतिपत्नीबिचको असमझदारीपूर्ण सम्बन्धलाई प्रस्तुत गरेको छ । यहाँ वृन्दाले लोग्नेबाट कुनै प्रकारको सहयोग पाएकी छैन । पत्नी भएका नाताले पतिबाट उसले बेलाबखत सँगै बस्ने, आफ्ना मनका कुरा बाँड्ने, घर व्यवहारका विषयमा छलफल गरी अगाडि बढ्ने इच्छा राखेकी छ । उसका यी इच्छा स्वाभाविक पनि हुन् तर रुद्रले पत्नीको मनको भाव बुझ्न कोसिस नै गरेको देखिँदैन । ऊ आफ्नै काम र बाहिरी दुनियाँमा रमाइरहेको देखिन्छ । सन्तान पनि ठूला भएपछि आफ्नै रहर मात्र पूरा गर्ने धूनमा हुनाले वृन्दा घरमा एक्लै हुने र ऊ बोल्ने समेत साथी नपाउने अवस्था सिर्जना भएको छ । यसले रुद्रको परिवारमा घरेलु काम र गृहिणीहरूलाई कुनै महत्त्व नदिएको देखिन्छ । यो उक्त परिवारको मात्र नभएर धेरैजसो परिवारमा महिलामाथि हुने बेवास्ता हो । विशेष गरेर धनी वर्गका परिवारमा नारीहरू आफ्नो योग्यताहरूलाई खुम्च्याएर घरको कुनामा सजिने साधन बन्न बाध्य हुने यथार्थ वृन्दाका भोगाइले उजागर गरेका छन् । त्यसले उक्त परिवारमा नारी पुरुष सदस्यका बिच असमझदारीपूर्ण सम्बन्ध रहेको छ ।

प्रस्तुत उपन्यासमा नारी हिंसा र उत्पीडनका घटनामा नारीलाई सम्झौता गरी झुक्न बाध्य बनाउन पीडक पक्ष झन् बढी जिम्मेवार हुने पितृसत्तात्मक सत्तासम्बन्धको पनि प्रस्तुति छ । समाजमा आफ्नो इज्जत जोगाउन पीडित पक्षको आवाजलाई दबाउन विभिन्न किसिमका धम्की, प्रलोभन देखाउने, बेइज्जती गरिदिने, राजनीतिक पहुँच र आर्थिक शक्तिको आडमा सत्य बदल्न दबाब दिने जस्ता गतिविधि पीडकहरूले गरेका भेटिन्छन् । जसले गर्दा पीडितहरू चुप लाग्ने र परिस्थितिसँग सम्झौता गरेर अन्यायमै परिरहने गरेका हुन्छन् । प्रस्तुत उपन्यासमा पनि इलाको बलात्कार र हत्या प्रयासको अभियोगमा प्रहरीको खोजीमा रहेको समिरलाई बचाउन रुद्रले त्यस्तै जालझेलको बाटो अपनाएको छ । रुद्रको प्रलोभनमा परी बलात्कारीको आमा बनेर गएकी अमिरकी आमा मीराले इलालाई धनको प्रलोभनमा पारेर चुप रहन भनेकी छ । मीराले इलालाई यसरी लोभ्याइरहेकी छ-“मलाई त अहिले त्यसको भन्दा बढी चिन्ता तपाईको पो लागेको छ । के गरी दुनियाँसँग जुधेर बाँकी जीवन गुजार्नुहुन्छ ? कुनै सहयोग चाहनुहुन्छ भने पनि भन्नोस् आफ्नो थैलीको मुख भ्याएसम्म खोलिदिनेछु । विदेशै जाने हो कि, केही समयको लागि (६३)?”यहाँ अपराधीको नाम बयानका क्रममा नलिइदिनको लागि इलालाई मीराले दबाब दिइरहेकी छ । उसलाई पैसाको प्रलोभन दिएर दोषी उम्काउने प्रयास यहाँ रुद्रले मीरामार्फत गराउँदै छ । यस्तो अवस्थाको सिर्जना समाजमा पुरुष सोच हाबी भई नारी त्यसबाट शोषित भएको अवस्थाबाट हुन्छ । यसले समाजमा पितृसत्ताको प्रधानता हुँदा नारी अधीनस्थ, शोषित, पीडित बनी नारीहरू अन्यायमा परेको अवस्थाको उद्घाटन गरेको छ ।

## @=#=# lx+;f / cwLg:ytfdf cfwfl/t zlQm;DaGw

गीता केशरीका उपन्यासका पितृसत्तात्मक संरचनामा पुरुष प्रभुत्वमा नारीको अधीनस्थता रनारीमाथि हुने हिंसाका पारिवारिक तथा सामाजिक स्वरूपको वर्णन गरिएको छ । यी उपन्यासका नारीहरू पुरुषद्वारा विभिन्न किसिमका शारीरिक र मानसिक हिंसामा पेरका छन् । यी उपन्यासका नारीहरूबलात्कार, बेचबिखन, सौता समस्या, बालविवाह, दाइजो प्रथा, बोक्सीसम्बन्धी समस्याका कारण अनेक प्रकारका हिंसा खप्न बाध्य बनाइएका छन् । यसका साथै यी उपन्यासमा पितृसत्तात्मक संरचनामा विद्यमान अनेक प्रकारका प्रथा परम्परा र सोचका कारण पुरुष प्रभुत्वमा नारीहरू अधीनस्थ बनाइएका छन् । यसर्थ यहाँ केशरीका चयनित उपन्यासमा वर्णन गरिएको हिंसा तथा अधीनस्थताको अध्ययन गरिएको छ ।

*सौगात* उपन्यासमा नारीहरू पितृसत्ताका कारण हिंसाका कारण पुरुषका अधीनस्थ हुन बाध्य पारिएका छन् । प्रस्तुत उपन्यासमा प्रतिभा आफ्नी सासू र पतिद्वारा बन्दी बनाइएकी छ ।

उसलाई घरमा बन्दी बनाएर पागल साबित गराएपश्चात्उसको पति कमलले दोस्रो विवाह गरेको छ । घरमा पत्नी र एक छोरी भए पनि आमा अम्बिकाको समर्थन र सहयोगमा उसले दोस्रो विवाह गर्ने आँट देखाएको छ । आमाले यस कार्यमा समाजका मानिससँग सहानुभूति र समर्थन पनि लिई कमलको दोस्रो विवाहलाई स्वाभाविक बनाउने प्रयत्न गरिरहेकी छ । उसले यसो भनेकी छ-"कमलले त विवाह गर्न कहाँ मानेको थियो र मेरै जोडले मात्र केही भन्न नसकेको । आफ्नो त वंश थाम्न पर्ने एउटै छोरा (२७) ।" यहाँ आमाले घरमा बुहारी हुँदाहुँदै उसलाई हिंसामा पारी छोराको दोस्रो विवाह गराएर पुरुष प्रभुत्वलाई समर्थन र मलजल गर्ने काम गरेकी छ । यसले एकातिर प्रतिभामाथि परिवारबाटै बन्दी बनाएर हिंसा भएको छ भने अर्कोतिर उसमाथि सौता हालेर उत्पीडनमापारिएको छ जसले गर्दा ऊ आफ्नो अस्तित्वनिर्माणका लागि परिवारबाट भागेर धेरै दुःखको सामना गर्नुपरेको छ । यसले पितृसत्तात्मक प्रभुत्वका कारण कमलबाट प्रतिभा हिंसा र उत्पीडनको शिकार बनेको देखाउँछ । यसमा कमलमा मात्र नभएर आमा अम्बिकामा पनि पितृसत्तात्मक प्रभुत्व हाबी रहेको देख्न सकिन्छ । अम्बिकाले बुहारी प्रतिभामाथि भएका हिंसामा कमललाई सघाउने सहायक मात्र नभएर कतिपय ठाउँमा उत्प्रेरकको भूमिका खेलेकी छ ।उसले आमाछोराको सम्बन्ध राम्रो भए पनि त्यसले नारी हिंसालाई बढावा र समर्थन दिने काम गरेको देखाउँछ । यसबाट उनीहरूबिच प्रभुत्वशाली अधीनस्थ शक्तिसम्बन्ध रहेको र त्यसबाट नारी हिंसासहन बाध्य भएको अवस्थाको बोध भएको छ ।

प्रस्तुत उपन्यासमा हिंसा र अधीनस्थताको पारिवारिक मात्र नभएर सामाजिक रूप पनि छ । समाजमा नारी र पुरुषको सम्बन्धलाई सहज रूपले स्वीकारिएको अवस्था छैन । नारीहरू पुरुषबाट परिवारका साथै अन्य स्थानमा पनि विभिन्न किसिमले असुरक्षित रहेका छन् । नारीलाई घरबाहिर निस्केर काम गरी स्वावलम्बी बन्न धेरै अप्ठ्यारो छ । विशेष गरेर होटल, रेष्टुराँहरू कामका दृष्टिकोणले नारीमैत्री छैनन् । होटलमा काम गर्ने नारीलाई हेर्ने समाजको नजर नै घृणित र निम्नस्तरको रहेको छ । उनीहरू समाजको गलत सोचाइकै कारण पुरुषहरूको नराम्रो व्यवहारको शिकार हुन पुगेका हुन्छन् । समाजमा नारीमाथि हुने हिंसात्मक घटनाका कारण नारीहरू यस्ता स्थानमा कार्य गर्न डराउनु पर्ने अवस्था छ । प्रस्तुत उपन्यासमा कमलको लजमा काम गर्ने मेनकाले समाजको यस्तै सोचाइको सामना गरेकी छ । प्रतिभा पनि रघुवीरको आफूप्रतिको दुर्व्यवहारका कारण प्रतिभा लजमा काम गर्न जाने निर्णय गरेपश्चात् समाजका यस्तै सोचाइ र गिद्दे नजर भएका पुरुषहरूबाट आफ्नो सुरक्षाको विषयलाई लिएर चिन्तित भएकी छ । उसलाई परिवारभित्र बस्दा पाएको असुरक्षाले गर्दा त्यहाँ झन् हिंसामा पर्ने डर लागिरहेको छ । उसको डर यसरी प्रस्तुत भएको छ -

परिवार बसेको घरमा त हामी बस्न मुस्किल परी भाग्न लागिरहेछौ भने त्यो त झन् लज, जसलाई हामी ठेट नेपालीमा पाटी भन्छौँ । त्यहाँ कस्तो होला ? कस्ता किसिमका यात्रुहरू आउलान् उनीहरूलाई केही भन्न सकिँदैन । सुन्नेले केही घट्न गएपनि सोझै हामीलाई नै दोषी ठहऱ्याउँछन् (१०२)।

यहाँ एउटी सचेत नारी प्रतिभा समाजको दृष्टि र शारीरिक असुरक्षाका कारण आफूले काम गर्न चाहेको ठाउँमा काम गर्न डराइरहेकी छ किनभने नेपाली समाजमा होटल, लजमा काम गर्ने नारीलाई राम्रो दृष्टिले हेर्दैन । नैतिकता पालन गरेर काम गरे पनि काम गर्ने स्थानकै कारण समाजले उनीहरूलाई हेय दृष्टिले हेर्छ । त्यहाँ काम गर्ने नारीमाथि अधिकांश हिंसाका घटना घटेका देखिन्छन् । यदि कुनै सम्बन्ध स्थापित र विघटित हुने घटना घटे भने पनि एकतर्फी रूपमा नारीलाई नै दोषी ठहऱ्याउने सामाजिक मनोविज्ञान छ । यसर्थ नारीहरू शारीरिक रूपमा पनि पुरुषद्वारा जोखिममा छन् भने समाजको दृष्टिकोणका कारण मानसिक रूपमा पनि उत्पीडित बनाइएका छन् । यही तथ्यलाई उपन्यासमा प्रतिभाका उपर्युक्त अभिव्यक्तिले प्रस्ट पारेका छन् । यसले पुरुषप्रधान समाजमा सामाजिक मनोविज्ञानका कारण नारी पुरुषबिच शोषक-शासित, पीडक-पीडित र शक्तिशाली-अधीनस्थको सम्बन्ध रहेको यथार्थ उजागर गरेको छ ।

*खोज* उपन्यासमा पितृसत्तात्मक संरचनामा नारीमाथि पुरुष र नारीका माध्यमले हुने हिंसा र अधीनस्थताका विषयको आख्यानीकरण गरिएको छ । यसमा समाजले पवित्र बन्धन मानेको विवाहलाई माध्यम बनाएर नारीलाई बेचबिखन गर्ने प्रवृत्ति मुख्य रूपमा वर्णित भएको छ । यसमा बादलले शान्तिसँग प्रेमको नाटक गरी मन्दिरमा विवाह गरेर बनारसको वेश्यालयमा लगी बेचिदिएको छ । यसमा बादललाई उसका आमाबाबु बनेर सोमनाथ पण्डितका दम्पतिले साथ दिएका छन् । उनीहरूले धर्मको आड लिएर मानव बेचबिखनको कार्य गर्ने गरेका छन् । बादलले शान्तिभन्दा अगाडि पनि शची र अन्य एक नारीलाई झुठो विवाह गरी फसाएको छ । बादल र सोमनाथपछि शची, शान्तिका प्रयासले कानुनको सजाय भोग्न बाध्य बनेका छन् तर समाजमा विद्यमान पुरुषसत्तालाई हतियार बनाई नारीलाई बेच्ने कार्य भइरहेको छ । यो पितृसत्तामा नारीमाथि गरिने हिंसाको एक कुरूपरूप हो । जसले गर्दा पम्फा, उर्वशीजस्ता नारीहरू जीवनभर शरीर बेचेर बस्नु परिरहेको छ । उनीहरूलाई आफ्नो जवानीदेखि नै वितृष्णा उत्पन्न भएको छ । उपन्यासमा वेश्यालयमा बेचिएकी शान्तिलाई भाग्न मदत गर्ने उर्वशीका यी भनाइमा बेचिएका नारीको विवश स्थिति झल्किएको छ-

खै देखाइहाल तिम्रा लोग्ने सासूससुरा को हुन्, कहाँ छन् ती र कसलाई गएर मेरो बोरेको कुरा सुनाइ गाली गराउँछौ ? खुब गऱ्यौ विवाह ? लोग्नेसँग तिम्रो सम्बन्ध हुन दिए यी

> पापीहरूले ? अब तिम्रो जीवनको प्रथम मोल तिम्रो कौमारित्व लुट्ने होडबाजी भरे लाग्छ । त्यसपछि हामी जस्तै हुँदै जान्छ्यौ खुदडी बजारमा फ्यालिएकी सस्तो मोलमा बेचिने सामान सरह । हजारौँ लोग्ने हुनेछन् र नगरबधू कहलाइने छौ । नगरभरि छोराको जन्म दिने आमाको बधू ! अनि पाउने छौ जतातनै सासूससुरा घुमिरहेका सबै आफ्नाहरू(३१)।

यहाँ पितृसत्तात्मक सत्तासम्बन्धमा नारीहरूमाथिको प्रभुत्वको स्वरूप प्रस्तुत भएको छ । पितृसत्तात्मक प्रभुत्व रहेको समाजमा नारीलाई विवाहको नाममा पुरुषको मनोरञ्जनका लागि वस्तुसरह वेश्यालयमा बेच्ने अनि ती नारीको अस्तित्वमाथि पुरुषहरूको लुछाचुडी हुने यथार्थको उद्घाटन यहाँ उर्वशीले गरेकी छ । आफू आफ्ना सासूससुरा र लोग्नेका साथमा भगवतीको दर्शन गर्न आएको बताउने शान्तिलाई ऊ वेश्यालयमा बेचिइसकेको यथास्थिति सम्झाउने क्रममा उर्वशीले यी अभिव्यक्ति दिएकी हो । शान्तिको पनि अन्य नारीको सरह मोलमोलाइ हुने र पुरानो हुँदै गएपछि मोल घट्ने व्यर्थको जीवन उसको अगाडि भएको यथार्थ उर्वशीले बताइरहेकी छ । यहाँ सामाजिक रूपमा नारीहरू पुरुषका मनोरञ्जनका लागि कठपुतली बनाइएका र त्यसमा पुरुष सोच हाबी भएका नारीको पनि संलग्नता रहेको देखिन्छ । यसले पितृसत्तात्मक प्रभुत्वमा अधीनस्थ बनाइएका नारीले भोग्नुपरेका हिंसाका स्वरूपलाई देखाएको छ ।

प्रस्तुत उपन्यासमा बाध्यतावश देहव्यापारमा संलग्न बनेका नारीमाथि हुने हिंसा र त्यसबाट उनीहरूमा हुने पीडाको पनि चर्चा गरिएको छ । पुरुषप्रधान समाजमा वेश्या भनेर चिनिने नारीलाई चरम घृणा गरिन्छ तर तिनै नारीलाई वेश्या बनाउन पुरुषहरूको लाम लागेको हुन्छ । पुरुषकै इच्छापूर्तिका लागि वेश्या बनेका ती नारीहरू सबैको भएर पनि कसैको हुँदैनन् । उपन्यासमा बनारसको वेश्यालयकी उर्वशीले वेश्या पेसामा लागेको नारीको पीडा यसरी पोखेकी छ -

> हामी वेश्यालाई सबैले घृणा गर्छन् तर पनि खोजी गर्दै आउन पनि छोड्दैनन् । कास सबैले बरु घृणा गर्दै यसलाई यही टुङ्गिन दिँदा हुन त हाम्रो यस्तो नौवत आउने थिएन । हामी वेश्या हैन नारी नै भएर बाँच्न पाउने थियौँ । अब हामी सबैको निमित्त हुनुपरेकोले कुनै एकको हुन पाएका छैनौँ । यहाँ जम्मा भएका हामी पनि कसैको कि छोरी हौँ कि बहिनी, कि स्वास्नी या बुहारी हौँ । तर पनि तिनै मान्यजनबाट यहाँ हामीलाई छक्याएर पुऱ्याइएका छन् । किन भन त ? यिनलाई केही हैन पैसा चाहिएको छ कागजको खेस्रो या धातुका टुक्रा...(६३)।

उर्वशीले शान्तिसँग भनेका यी कथनमा समाजले गरेको अपहेलनाका कारण पैसाको खातिर पुरुषका खेलौना बनाइएका वेश्या नारीका पीडाको अभिव्यक्ति छ । यसबाट आफ्नै आफन्तद्वारा वेश्यालयमा बेचिई वेश्या बनेका नारीहरूलाई समाजले गर्ने तिरस्कार र अवहेलनाका कारण उनीहरूले नचाहेर पनि नर्कजस्तो जीवन बाँच्न बाध्य हुनुपरेको यथार्थको अभिव्यक्ति भएको छ । यी सबै पीडा र शोषणको कारण पितृसत्तात्मक सत्तासम्बन्ध हो जसमा पुरुष वर्चस्वमा नारी अधीनस्थ भएर उत्पीडन र हिंसा खेपिरहेका छन् ।

*विश्वास*उपन्यासमा पितृसत्तात्मक संरचनामा नारी हिंसा र अधीनस्थताका प्रसङ्गको वर्णन गरिएको छ । यस उपन्यासमा नारीहरू समाजमा विद्यमान बालविवाह, अनमेल विवाह जस्ता विविध परम्पराका कारण हिंसामा परेका छन् । यसकी पात्र गङ्गा पितृसत्तात्मक प्रभुत्वकै कारण चरम मानसिक हिंसामा परेकी छे । उसको बालविवाह र अनमेल विवाह भएका कारण पतिबाटै ऊ बलात्कृतबनेकी छ । बालिका भएका कारण यौनका कुराप्रति अनभिज्ञ रहेकी उसमाथि पतिद्वारा स्थापित हुने सम्बन्ध नै हिंसाका स्वरूपमा परिणत भएको छ । उसको पति सुरेश जँड्याहा छ । त्यसैले उसले जँड्याहा पतिबाट धेरै शारीरिक, मानसिक हिंसा र उत्पीडन भोगेकी छ । उपन्यासका यी अभिव्यक्तिले उसका पीडा र सास्तीको खुलासा गर्छन्-

> तिमीले सोचेकी ठीक हो । मलाई रातसँग अति डर लाग्छ । रात परेपछि म कालले छोपेजस्तो गरी निसास्सिन थाल्छु । त्यो लोग्ने लरखराउँदै आउँछ । ऊ कहिले वान्ता गर्छ, कहिले त्यति ठूलो भएर पनि पिसाबै छोडी दिन्छ । ती सबै घिनलाग्दा कुरा मैले नै सफा गर्नुपर्छ । नाकै फुट्ला जस्तो गन्ध ह्वास्स आएर आफैँलाई वान्ता गराउला जस्तो गरी वाक्क वाक्क आउँछ (४४)।

यहाँ सानो उमेरकी गङ्गा जवान पतिको कुलतका कारण उसका दुष्कर्महरू सहन बाध्य भएको देखिन्छ । त्यसैले ऊ पतिबाट हुने शारीरिक शोषण, उत्पीडन र सास्तीका डरका कारण ऊदेखि भाग्न पाए हुन्थ्यो भन्ने चाहन्छे । उसले देवीसँग यस्तो भनेकी छ-"यसरी डुब्न लागेको सूर्यलाई देख्दा गएर त्यसलाई अंकुशले तानेर फेरि बिच आकाशमा नै राखिदिऊँ जस्तो लाग्छ । मलाई दिनमात्र भइरहोस् रात पर्दै नपरोस् जस्तो लाग्छ (४३)।" यहाँ बालिका गङ्गामा पतिद्वारा प्राप्त पीडाबाट बच्ने चाहना छ । त्यसैले उसले रातिमा झ्यालबाट हाम फालेर आफ्नो जीवन त्याग गरेकी छ । यो कुरा देवीका तर्कहरूद्वारा खुल्न गएको छ । उसले जीवित रहँदा शारीरिक र मानसिक रूपमा धेरै हिंसा र उत्पीडन सहेकी छ । यसले पुरुषप्रधान समाजका छोरीहरू जबर्जस्ती सानै उमेरमा वैवाहिक जीवनमा धकेलिनुपर्ने, घरमा बुहारीलाई नोकर र मेसिन जस्तो अमानवीय व्यवहार गर्ने, विवाह गरेर पठाएपश्चात् छोरीलाई माइतीमा राख्नु बोझ सम्झने प्रवृत्तिको

उद्घाटन गरेको छ । कानुन र समाजले नै पुरुषलाई बहुविवाह र अनमेल विवाहका लागि स्वीकृति दिएका कारण त्यसको प्रत्यक्ष मारमा नारीहरू परेका छन् । यसबाट पुरुषसत्ताका अधीनमा नारीले वैवाहिक सम्बन्ध र परिवारबाट शारीरिक र मानसिक पीडा भोग्नुपरेको सामाजिक शक्तिसम्बन्धको उद्घाटन भएको छ ।

प्रस्तुत उपन्यासमा शिव र गौरीको परिवारका अतिरिक्त राधा र दिलबहादुरको परिवारभित्रका गतिविधि पनि उल्लेख्य छन् । उनीहरूका गतिविधिले पारिवारिक स्तरमा नारी पुरुषबिचको वर्चस्वशाली अधीनस्थ शक्तिसम्बन्धलाई दर्साएका छन् । उनीहरूको परिवारमा दिलबहादुरको बाबुले पत्नीको सल्लाह नै नमानी चुनावका लागि भन्दै सबै घरजग्गा बन्धकी बनाएको छ । उसले धन यसरी उडाएमा छोरानातिले दुःख पाउलान्, धनको इज्जत गर्नुपर्छ भन्ने पत्नीका सल्लाहको ठाडो जवाफ यसरी दिएको छ-“आफैँले कमाउँछन्, अनि जे मन लाग्छ गर्छन् (३२)।” यसले नारीमाथि पुरुषको प्रभुत्व रहेको र त्यसले उनीहरूलाई परिवारका विषयमा बोल्ने स्वतन्त्रतामा बन्देज लागेको अवस्थाको बोध गराएको छ । दिलबहादुर परिवारको एक्लो छोरो हो । उसको बाबुको मृत्यु भइसकेपछि परिवारको संरक्षक, निर्णयकर्ता र मालिक ऊ नै रहेको छ । बाबुको मृत्युपश्चात् उसले कसैलाई नटेरेर हिँड्ने, नपढ्ने जस्ता व्यवहार देखाएको छ । उसकै संरक्षकत्व र सहारामा गाउँमा उसकी आमा बसेकी छन् । आमाका भनाइ यस्ता छन्-“ऋणमा परेका खेत गराहरू धेरैजसो निखनी सके पनि त्यसमा काम गरेर अन्न उब्जाउने कसले ? मेरा यी हाड मक्किसकेका छन् । छोरीको अवस्था राम्रो छैन । अब तैँमाथि मात्र हाम्रो आशा छ, बाबु (३५)।” यहाँ पितृसत्तामा पुरुष नै घरको मालिक र संरक्षक हुने हुनाले नारीहरू उनीहरूमा आश्रित हुने गरेको सामाजिक सम्बन्धलाई प्रस्तुत गरिएको छ । यसले नारीहरू पुरुषलाई परिवारको संरक्षकको रूपमा स्वीकार गरी पुरुष प्रभुत्वका अधीनस्थ बनेको अवस्था उजागर गरेको छ ।

प्रस्तुत उपन्यासमा नारी पुरुष सम्बन्धको सामाजिक स्वरूप पनि चित्रित छ । यसमा समाजमा विद्यमान देवकी प्रथा, शिक्षा आर्जनमा विभेद, पेसागत छनोटमा नारीका लागि दायराको निर्माण जस्ता सामाजिक विषयका कारण नारी पुरुषबिच विभेदको सिर्जना भएको र नारीहरू पुरुषका अधीनस्थ बन्नुपरेको देखिन्छ । यसमा प्रस्तुत घटना र पात्रका माध्यमले विगत र वर्तमान, गाउँ र सहरमा लैङ्गिक सवालहरू तुलनीय देखिन्छन् । समाजमा पहिले-पहिले छोराछोरीको विवाह गर्दा छोरीको इच्छालाई प्राथमिकतामा राखिँदैनथ्यो । सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा विवाहमा छोरीको इच्छा, रोजाइलाई भन्दा परिवारका पुरुष सदस्यको रोजाइ र निर्णयलाई नै पहिलो प्राथमिकता दिइन्थ्यो । नेपालका ग्रामीण क्षेत्रमा पहिला मात्र नभएर अहिले पनि छोरीलाई विवाहका सम्बन्धमा स्वतन्त्र निर्णय गर्न दिइँदैन । यही सामाजिक यथार्थलाई उपन्यासमा पनि

टिपिएको छ । उपन्यासमा केही नारी पात्रहरू आफ्नो विवाह परिवारको रोजाइका आधारमा गर्न सहमत बनेका छन् । प्रस्तुत उपन्यासकी पात्र दया र उनीहरूको घरमा बसिरहेका राधा र दिलबहादुरको विवाहमा पनि यही सामाजिक परिपाटीको निरन्तरता भएको छ । राधाको विवाह गर्दा उसको विवाह र केटाको सम्बन्धमा कसैले सोधेको देखिँदैन । उसका बाबु र दाजुहरूले आफ्नै जातको र कमाइ गर्ने केटो भनी मन पराएपछि उनीहरूकै निर्णयमा राधा र दिलबहादुरको विवाह भएको छ । यसले पितृसत्तात्मक समाजमा छोरी बहिनीको विवाहको निर्णय पुरुषहरूले गर्ने तत्कालीन परिपाटीमा नारीहरूले पुरुषको प्रभुत्वमा आफ्नोअधीनस्थता स्वीकार गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा आधुनिक समाजमा नारीलाई विवाहको बारेमा जानकारी दिइने भए पनि विवाहमा पुरुष प्रभुत्व कायम नै रहेको सङ्केत गरिएको छ । यहाँ दयाको विवाहको सम्बन्धमा उसलाई जानकारी गराएको भए पनि विवाह नहुञ्जेल उनीहरू ढुक्क रहन सकेका छैनन् किनकि समाजमा केटाले केटीलाई मन पराउनुपर्ने र यदि उसले कुनै कारण देखाएर छिनिसकेको विवाह गर्दिनँ भन्यो भने केटी पक्ष लज्जित भई चुप बस्नुपर्ने स्थिति छ । त्यसैले विवाह जस्तो कुरामा केटा पक्षको प्रभुत्वका सामु केटी पक्षले हार खानु परेका धेरै उदाहरण समाजमा छन् । तसर्थ छिनिइसकेको विवाह पनि केटा पक्षका कारण टुट्नसक्ने भय उपन्यासमा दयाले यसरी व्यक्त गरेकी छ-

> के भन्छे यो ? विवाह भइसकेको त छैन । के थाहा अन्त्यमा पुगेर नहुन पनि सक्छ ? हामी छोरीको भन्दा अझ छोराको रोजाइले नै विवाहमा महत्त्व पाउँदै छ । झोक चल्यो भने अहिले पनि म विवाह गर्दिनँ भनेर खबर पठाए भने हामीले चुप लाग्नैपर्छ ...(५०)।

यहाँ पितृसत्तामा कतिपय विषयमा पुरुष प्रभुत्वले नारीलाई लज्जित र विवश बनाउने कुराको उद्घाटन गरिएको छ । यसमा दया विवाह गरेर जान लागेकीले परिवार र दाइको पढाइका लागि आफूले नोकरी गर्नुपर्ने आवश्यकता रहेको बताइरहेकी साधनालाई दयाले आफ्नो विवाह टुङ्गो लागे पनि नभइसकेकाले ढुक्क नभएको बताएकी छ । उसका यी अभिव्यक्तिमा समाजमा कहिलेकाहीँ घटेका घटना आफूमा पनि दोहोरिन सक्ने डर लुकेको छ किनकि समाजमा विवाहको छिनोफानो भइसकेपछि पुरुषले विवाहको लागि केटी अस्वीकार गरेको खण्डमा नारी पक्ष चुप लागेर बस्नुपरेका धेरै उदाहरण छन् । यस्ता घटनामा पुरुषमाथि कुनै औँला नउठ्ने तर परित्यक्ता भएकी नारीलाई समाजले अनेक प्रश्न तेर्साउने गरेको पाइन्छ । यसले गर्दा नारीले समाजबाट अनेक लाञ्छना सहनुपर्ने हुन्छ । पितृसत्ताको यही सामाजिक प्रवृत्तिप्रति दयाका उक्त शंकामिश्रित अभिव्यक्ति लक्षित छन् । यसले नारीहरू पुरुष प्रभुत्वमा अधीनस्थ भएको स्थितिलाई उजागर गरेको छ ।

प्रस्तुत उपन्यासमा नेपाली समाजमा अधिकांश बाबुआमा सन्तानको रूपमा छोराको जन्मलाई पहिलो प्राथमिकता दिने गर्दछन् । पुरुषमा सम्पत्तिको हक हुने, सम्पत्तिको स्वामित्व पनि पुरुषमा नै हस्तान्तरण हुने, वंश परम्परा पुरुषका नामबाट अगाडि बढ्ने, छोरालाई बुढेसकालको सहारा र स्वर्ग पुऱ्याउने माध्यमका रूपमा लिने अनि विवाहपछि छोरी अर्को परिवारको सम्पत्ति ठानिने कारणले गर्दा पुरुषमात्र नभएर अधिकांश नारीमा छोराको चाहना हुन्छ । समाजमा छोरीको जन्म बाबुआमाका लागि दुःखद हुने मानिन्छ । प्रस्तुत उपन्यासमा पनि पात्रहरूले यस मान्यतालाई आत्मसात् गरेका छन् । यीमध्ये राधा र दया दुवै गर्भवती भएका बेला गरेका यी संवादले त्यस मान्यतातर्फ इङ्गित गरेका छन् -

> के हेरेकी मेरा मुखमा आँखा झिम्क्याउन बिर्सियौ कि कसो ? यसरी मलाई मात्र हेरिरह्यो भने मजस्तै दुःखी छोरी पाउली है, याद गरे । तिम्रो छोरा पाउने रहर छ होला,होइन ?
>
> हजुरको पनि त यस्तै रहर होला नि ? कसले मात्र आफ्ना इच्छाले आफू  जस्तै दुःखी जीवन हुने छोरी जन्माउन खोज्छ र ? बाँचुञ्जेल आफू पनि दुःखी हुने, आमा बाबुलाई पनि पीरै पार्ने हुन्छ छोरीको जन्म (९९)।

यहाँ दया र राधा दुवै गर्भवती हुँदा राधामा छोरा जन्माउने चाहना उत्कट देखिन्छ । राधा छोरी जन्मैले दुःख पाउने जात हो र उसले आफ्नो मात्र नभई बाबुआमाको जीवन समेत दुःखले भरिदिन्छे भन्ने मान्यता राख्छे । आफू छोरी भएर पनि आफूले भोग्नुपरेका दुःख पीडाका कारण छोरो नै जन्माउन नचाहने नेपाली नारीको चाहना दया र राधाका यी भनाइमा प्रतिबिम्बित भएका छन् । यसका साथै राधाकी सासूले पनि आफ्नो नाति हेर्ने र खेलाउने चाहना व्यक्त गरेकी छ । यसले समाजमा नारीहरूले अधीनस्थता स्वीकारेको अवस्थालाई उद्घाटित गरेको छ ।

नेपाली समाजमा नारीको जीवन वा भाग्यको निर्माण पुरुषको भाग्यमा आधारित हुन्छ भन्ने मान्यता छ । पति राजा हुँदा रानी र नोकर हुँदा पत्नी नोकर्नी हुन्छे भन्ने सोच जीवित रहँदा नारी आफ्नो अस्तित्वनिर्माणमा लाग्नुभन्दा पतिको भाग्य र परिश्रमद्वारा परिचय खोज्नेतर्फ लागेको पाइन्छ । यस्तो मान्यता राख्ने पात्र पनि उपन्यासमा छन् । राधाले पनि विवाहले गर्दा नै नारीको भाग्यको टुङ्गो लाग्छ भन्ने सोच राख्छे । उसले “हामी छोरीको त विवाहले पनि भाग्य राम्रो नराम्रो बनाइदिन्छ (१९)।” भन्दै दयालाई विवाहका बारेमा राम्रोसँग सोचविचार गर्न सल्लाह दिएकी छ । पितृसत्तात्मक सामाजिक संरचनामा विवाहपछिको नारीको जीवन पूर्णतया पुरुषमा आश्रित रहने कारणले गर्दा यसका पात्रले यस्तो धारणा राखेका हुन् । यसले नारीको वैवाहिक जीवनको

सफलता वा असफलता पुरुषका इच्छामा निर्भर रहेको र नारीले प्रत्यक्ष अप्रत्यक्ष रूपमा पुरुष प्रभुत्वको अधीनस्थता स्वीकारेको अवस्थाको बोध गराएको छ ।

*निष्कर्ष* उपन्यास पितृसत्तात्मक शक्तिसंरचनामा नारीमाथि हुने बलात्कारजन्य हिंसाका घटनासँग सम्बन्धित छ । काठमाडौँको सहरी परिवेशलाई कार्यपीठिका बनाएको प्रस्तुत उपन्यासमा पुरुष प्रभुत्वका कारण नारीले भोग्नुपरेको शारीरिक हिंसा र उत्पीडनका स्वरूपको प्रस्तुतीकरण पाइन्छ । यसमा हिंसामा परेर आफ्नो अस्तित्व जोगाउन संघर्षमा उत्रेकी एक युवतीको जीवनयात्रालाई मुख्य विषय बनाइएको छ । यसको कथानक मुख्य पात्र इलाको केन्द्रीयतामा विकसित भएको छ । इलालाई बलात्कारपछि फोहोरको थुप्रोमा फ्याँकिएको घटनाबाट अपराधीको छिनोफानो नहुँदासम्म यस उपन्यासको कथानक तन्किएको छ । प्रस्तुत उपन्यासमा इला, स्नेहा, भोला, रुद्र र मीराको परिवारका सदस्यका गतिविधिहरू चित्रित छन् । यिनै पात्रका माध्यमबाट पितृसत्तात्मक शक्तिसम्बन्धका पारिवारिक र सामाजिक स्वरूपको उद्‌घाटन प्रस्तुत उपन्यासमा गरिएको छ ।

प्रस्तुत उपन्यासमा इलाको परिवारमा उसका बाबुआमा, ऊ र भदैनी रेखा छन् । वृद्ध बाबु युद्धमा दुवै हातखुट्टा गुमाएर बिरामी अवस्थामा छ । ऊ परिवारका सदस्यको सहारामा जीवन गुजारिरहेको छ । इलाकी आमा पनि वृद्ध नै छ । इला नोकरी गर्छे भने बहिनी (भदैनी) पढ्दै छे । इला कराँते सिकेकी, निडर, साहसी छोरी भएर परिवारको बाह्य जिम्मेवारी सम्हालेकी छ । बाबुले परिवारका लागि केही गर्न सक्दैन तथापि उनीहरू अशक्त बाबुलाई परिवारको संरक्षक नै मान्छन् । रेखाका यी भनाइले त्यो कुराको पुष्टि गर्छन् -“पानी पिउनुहोस् बाबा ! हामीलाई तपाईंको स्वास्थ्य ठीक हुनु जरुरी छ । कसको माया र संरक्षणमा हामी बाँच्ने ? को छ हाम्रो (५४)।” यसमा पितृसत्तात्मक शक्तिसम्बन्धमा पुरुष जस्तोसुकै भए पनि परिवारको आधार, मालिक र संरक्षक नै स्वीकार्य हुने स्थिति अभिव्यक्त छ । समाजमा नारी मात्र भएको र पुरुष अशक्त भएको परिवारलाई गर्ने व्यवहार राम्रो नहुने कारणले गर्दा पुरुष सक्रिय वा निस्क्रिय जस्तो भए पनि परिवारको संरक्षक मानिने गर्छ । प्रस्तुत उपन्यासमा पनि इला अफिसबाट साँझसम्म घर नफर्किएपछि उसकोसंरक्षकत्व र अभिभावकीय चिन्ता देख्न सकिन्छ-“छोराछोरी दुवै आफ्नै सन्तान हुन् र पनि किन छोरै जन्मियोस् भन्ठान्छन् भनेको त यी यसैले रहेछ ? आज केही पर्‍यो होला, भोलि त छोरी फर्किहाल्छे भनेर निर्धक्क भई बस्न सक्दैनौँ हामी । यसैले, कि त्यो केटी मान्छे हो (१५)।” इलाका बाबुको यो चिन्तामा पितृसत्तात्मक शक्तिसम्बन्धको स्वरूप अभिव्यक्त भएको छ । छोरालाई कैयौँ दिनरात स्वतन्त्र छोड्न डराउनु नपर्ने समाजमा नारी एकदुई घण्टा ढिलोसम्म घर नफर्किँदा अभिभावकहरू चिन्ताले ग्रस्त हुनुपर्ने अवस्था छ । समाजमा पुरुषबाट हुने हिंसाका कारण नारीहरू

असुरक्षित भएकाले अभिभावकले छोरीको तुलनामा छोराको चाहना गर्ने गरेको उसलाई लागेको छ । यसले पितृसत्तात्मक संरचनामा नारीहरू पुरुषका अधीनस्थ हुने गरेको तथ्यलाई उद्‌घाटन गरेको छ ।

प्रस्तुत उपन्यासमा नारी पुरुषको शक्तिसम्बन्धको हिंसात्मक रूपको पनि चर्चा छ । उपन्यासमा पितृसत्तात्मक प्रभुत्वका कारण नारीमाथि बलात्कार र हत्याप्रयास जस्ता घटना घटेका छन् । समाजमा पारिवारिक तहदेखि नै नारी पुरुषका लागि अलग-अलग मापदण्ड र दायरा खिचिएको छ । यहाँ नारी र पुरुषलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार विभेदपूर्ण छन् । पुरुष सर्वेसर्वा हो । नारी पुरुषले तोकेको दायराभित्र रहनुपर्छ । समाजमा नारीको पहिरन, हिँडाइ, बोलाइ, शिक्षा र व्यवहार सामाजिक रूपमा स्वीकार्य हुनुपर्छ भन्ने मान्यता छ । पुरुषहरूद्वारा बलात्कृत हुँदा, अपमानित हुँदा, सम्बन्धविच्छद हुँदा तथा कुटाइ खाँदा समेत समाजले एकतर्फी रूपमा नारीलाई मात्र दोषी करार गरेको हुन्छ र सजाय पनि बिनाकसुर नारीले नै भोग्नु परिरहेको हुन्छ । पुरुषका अतृप्त प्यास र विकृत मानसिकताका कारण बलात्कृत हुँदा पनि नारीको पहिरन, उसको व्यवहार र दृष्टिकोणलाई नै घटनाको कारक मानेर मुख्य दोषी पुरुषलाई निर्धक्क घुम्ने स्वतन्त्रता दिइन्छ जसका कारण समाजमा पुरुषले स्वतन्त्रताको गलत प्रयोग गरिरहने र नारीहरू बलात्कारजन्य पीडाबाट गुज्रिरहने स्थिति विद्यमान छ । प्रस्तुत उपन्यासमा बलात्कारका घटनामा थुप्रै ठाउँमा थुप्रै पात्रहरूद्वारा नारीलाई नै दोषी ठहऱ्याउने कार्य भएको छ । तीमध्ये एक प्रहरी जवानको दृष्टिकोण यस्तो रहेको छ-

> यस्तो रूप, लवाइ देखेपछि कुन जवान केटाहरूले मन थाम्न सक्छ ? अनि नतिजा यी यस्तो हुन्छ । खूबै पुरुषसरह स्वतन्त्र छौँ हामी पनि भन्दै कुर्लीकुर्ली हिँड्छन्, अनि लौ हेर ! को कस्तो छ भनेर देखाइदिन्छन् ।... यस्तो पीडा सहनुपर्ने पनि यिनैले हो । सानो भूलले गर्दा जीवनभर भनेजस्तो लोग्ने पाउन सकिन्न भन्ने तथ्य थाहा पाउँदापाउँदै पनि म त कस्ती न छु भनेर हिँड्न थाल्नुमा के यिनीहरू दोषी छैनन् ?...कम्ताकी त यो पनि देखिन्न । जवान केटीले नखरा देखाएपछि के गरून् तिनले ? उन्मत्त त केटाहरू जातैले हुन्छन् (३-५)।

यसमा पितृसत्तात्मक शक्तिसम्बन्धको सामाजिक स्वरूप प्रस्तुत भएको छ । त्यही सामाजिक सम्बन्धको अभिव्यक्ति इलाको कुरुवा बसेको प्रहरी जवानमार्फत भएको छ । बलात्कृत इलाको पहिरन र व्यक्तित्व नियालेको उक्त प्रहरीले त्यो घटनाको जिम्मेवार स्वयम् इला नै भएको तर्क गरेको छ । उसका अनुसार नारीको पहिरन, उनीहरूको शरीरमा प्राकृतिक रूपमा विकसित सुन्दरता र शिक्षित नारीहरूको स्वतन्त्र रूपमा बोल्ने निडर शैलीका कारण पुरुषहरू बलात्कारका

लागि उत्साहित हुन्छन् । पुरुष स्वभावैले उन्मत्त जात भएका कारण उनीहरू नारीमाथि जस्तो व्यवहार गर्न पनि स्वतन्त्र हुन्छन् । त्यसैले पुरुषका गतिविधिबाट बच्नका लागि नारीले नै आफ्नो पहिरन, व्यवहार, हिँडाइ र बोलाइलाई सच्याउनुपर्छ भन्ने विचार उक्त प्रहरी जवानको रहेको छ । यो उक्त प्रहरी जवानको मात्र नभएर सम्पूर्ण समाजको पुरुषवादी मान्यता हो । यस्तै पुरुष मानसिकताका कारण नारीहरू बलात्कारजन्य हिंसामा परिरहेका छन् । यसले नारीलाई पुरुष प्रभुत्वका अधीनस्थ बनाएको सामाजिक शक्तिसम्बन्धलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत उपन्यासमा पुरुष अहम्को विकृत रूप पनि देख्न सकिन्छ । समाजमा पुरुषहरूको अहम्लाई धेरै महत्त्व दिइनाले आफ्नो अहम्मा ठेस पुग्यो भने उनीहरू बदलाको भावना बोकेर हिँड्ने गर्छन् । उनीहरूका कुनै पनि प्रस्ताव, इशारा र आदेश नारीद्वारा अस्वीकार भएको खण्डमा पुरुषले आफ्ना अहम्मा ठेस पुगेको भ्रम पाल्छन् । ती भ्रमित पुरुषहरूद्वारा नारीहरूको अस्तित्व समाप्त पार्ने र समाजमा ठाडो शिर गराएर हिँड्न नदिने खालका सामूहिक बलात्कार, एसिड आक्रमण जस्ता अपराध हुने गरेका छन् । प्रस्तुत उपन्यासमा पनि पटक-पटक इलाले समिरको गाडीमा बस्ने आग्रहलाई अस्वीकार गर्दा उसले इलामाथि सामूहिक बलात्कार गरी हत्याप्रयास गरेको छ । उसका यी अभिव्यक्तिले सो कुराको पुष्टि गर्छन्-“तेरो घमण्ड यही रूपसँग होइन, यहीँ जवानीसँग होइन ? तेरो त्यो ओठमा कहिल्यै मुस्कान आउन दिन्नँ (५८)।” यसमा समिरमा रहेको पुरुष अहम्को विकृत रूप देखिएको छ । यो पितृसत्तात्मक शक्तिसंरचनामा नारीमाथि हुने हिंसाको कुरूप नमुना हो जहाँ पुरुषले नारीलाई यसैगरी पाशविक आक्रमण गरी आफ्ना अहम्को पूर्ति गरेका हुन्छन् । यसले नारीलाई पितृसत्तात्मक मान्यताका कारण हिंसामा पर्नुपरेको यथार्थलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धमा पुरुषका उद्दण्डतालाई पनि प्रस्तुत गरिएको छ । पुरुषहरूलाई समाजले नारीमाथि हुने हिंसामा निर्दोष देख्ने परिपाटीका कारण उनीहरू नारीमाथिको हिंसा र यौन शोषणलाई पौरुषताको प्रमाणपत्र मान्ने गरेका छन् । प्रस्तुत उपन्यासमा सामूहिक बलात्कारपछि हत्यासम्मको प्रयास गरेको समिरले अपराधबोध गर्नुको सट्टा आफ्नो पौरुषमाथि घमण्ड देखाएको छ । उसले घमण्ड यस्तो छ-

> तिमीहरू जे जसो भन त्योसँग लड्नै परे पनि मैले त पूरा सन्तुष्टि लिएको छु । कत्रो शान देखाएर हिँड्थी टिमिक्क टिमिक्क परेर । त्यसले मलाई चिनी या चिन्न सकिन अँध्यारो परिसकेको थियो । अब त्यो बाँचिछ भने पनि टाउको उठाएर होइन निहुरेर हिँड्छ, केटाहरूलाई देखी भने (९)।

यसले पितृसत्तात्मक शक्तिसम्बन्धलाई दर्साएको छ । समिरको कुण्ठाले भरिएका यी लवजहरूले समाजमा ठाडो शिर बनाएर हिँड्न प्रयत्न गर्ने नारीहरूको अपमान गरेको छ । नारीहरू आफ्नो स्वाभिमानलाई बचाएर हिँड्ने कार्यमा धनको रवाफले मात्तिएका समिर जस्ता विकृत पुरुषको अहम् बाधक बनेको अवस्था छ । बलात्कारजस्तो अपराधमा पनि नारीलाई इज्जतको तराजुमा जोखेर उनीहरूको बाँकी जीवन अपराधीसरह बाँच्न बाध्य पार्ने पितृसत्तात्मक शक्तिसंरचना यस्ता घटनामा दोषी रहेको देखिन्छ । छोरीलाई मात्र समय, स्थान, बोली, पहिरन र नम्रता सिकाउने हाम्रो पुरुषप्रधान समाजले छोरालाई कुनै प्रश्न नसोधी खुल्ला छोडिदिनुको नतिजा इलाको बलात्कारको घटना हो । समिरले समाजको यही विभेदकारी परिपाटीका कारण नै आफ्नो अहम् पूर्ति गर्ने माध्यम इलाको इज्जतलाई बनाएको हो । होइन भने स्वावलम्बी भएर आफ्नो आत्मसम्मानको रक्षा गर्दै आफ्नो परिवारको भार बहन गरेकी इलाको केही पनि दोष यहाँ देखिँदैन । यसर्थ यस्ता घटना घट्नुमा पुरुषलाई एकतर्फी रूपमा प्रभु मान्ने सामाजिक मान्यता दोषी देखिन्छ । यसले नारी पुरुषबिचको प्रभुत्वशाली र अधीनस्थ शक्तिसम्बन्धलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धको सामाजिक स्वरूपका कारण बाबुआमाहरू छोरीप्रति रातदिन चिन्तित हुनुपर्ने अवस्थाको पनि वर्णन छ । यहाँ समाजमा व्याप्त नारी पुरुषप्रतिका असमान दृष्टिकोण र व्यवहारका कारण कामकाजी नारीका बाबुआमा र परिवारका अन्य सदस्य तर्सिनु परेको अवस्था देखाइएको छ । अभिभावकहरूले समाजमा बढ्दै गएका हत्या, हिंसा, बलात्कार र एसिड आक्रमण जस्ता घटनाका कारण छोरीको जन्मलाई नै निरर्थक मान्ने गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा इलाको बलात्कारको घटनाबारे थाहा पाएपछि इलाका बाबुको छोरीप्रतिको चिन्ता यसरी व्यक्त भएको छ -"कस्तो बेला आएको यो, न त छोरीलाई घरमा सीमित राख्न सकिन्छ न त बाहिरी जगत्मा यिनले आफ्नो सुरक्षा गर्न पाउँछन् ? परिश्रम गरी कमाएर जिउनुपर्ने हामीले भोग्नुपर्ने स्थितिको अन्त छैन (५७)।"यहाँ पितृसत्तात्मक शक्तिसम्बन्धअन्तर्गत नारीहरूको असुरक्षाको विषय प्रस्तुत भएको छ । यसमा बदलिँदो समयअनुसार छोरीहरूलाई व्यक्तित्वविकासका लागि बाहिरका गतिविधिमा संलग्न हुन दिँदा पुरुषको हिंसात्मक स्वरूप बाधक बनेको छ । विशेष गरेर गरीब परिवारका छोरीका लागि बाहिरका काम रहर र व्यक्तित्व विकासभन्दा पनि आवश्यकता हुन् । उनीहरूमाथि नै पुरुष र समाजको दृष्टिकोण र व्यवहार हेय हुने गर्दछ । गरीब घरका बाबुआमाहरू छोरीहरूलाई काम नगरी घर राखेर उनीहरूका आवश्यकता परिपूर्ति गर्न सक्षम हुँदैनन् । यसर्थ धनी परिवारका तुलनामा गरीब परिवारका छोरीहरू विभिन्न किसिमका काममा संलग्न हुन्छन् । जीविकाको लागि रात्रि समयको रेष्टुराहरूमा काम गर्नु, डान्सबारमा नर्तकीको रूपमा काम गर्नु, विभिन्न निर्माणस्थलमा श्रमिकका रूपमा काम गर्नु, होटलहरूमा भाँडा धुने तथा वेटर बन्ने जस्ता विभिन्न

काममा प्रायःजसो निम्नवर्गका नारीहरू संलग्न हुन्छन् । यस्तै नारीहरूलाई नै समाजमा पुरुषहरूले वासना तृप्त गराउने साधन ठानी शोषणमा पारिरहेका हुन्छन् । त्यसैले कामकाजी नारीहरू बढी नै पुरुषहिंसाका जोखिममा रहने गरेका छन् । यसबाट पितृसत्तात्मक समाजको वर्चस्वशाली अधीनस्थ शक्तिसम्बन्ध प्रस्तुत भएको छ ।

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक शक्तिसंरचनामा नारीमाथि समाजबाट लगाइने लाञ्छनाबाट परिवार र अन्य नारी सदस्य पनि प्रभावित हुने गरेकोतर्फ सङ्केत गरिएको छ । नेपाली समाजमा अपराधका शिकार भएका नारीहरूलाई नै कलङ्कका रूपमा लिने गरिन्छ । बलात्कारजन्य अपराधका शिकार बनेका नारी मात्र नभएर उसका परिवारले समेत समाजमा बेइज्जती र बहिष्कारको सामना गर्नुपर्ने हुन्छ जसले गर्दा पीडित पक्षले नै नचाहेको विभिन्न परिस्थितिसँग सामना गर्नुपर्छ । उपन्यासकी पात्र इलाले पनि आफू बलात्कृत भइसकेपछि समाजमा आफूलाई लगाउने लाञ्छनाको डर, आफ्नी भदैलाई लाग्ने चरित्रहीनताको दाग र बाबुआमाको बेइज्जतीको डरले बलात्कारीसँग नै विवाह गरी सबैबाट मुक्त हुने उपाय खोजेकी छ । उसमा सामाजिक तिरस्कारको डर यसरी व्यक्त गरेकी छ -

> मेरो त के नै बाँकी रह्यो र ? समाज हाम्रो यही हो । म एक बलात्कृत नारी, मैले इज्जत पाउने अब कुरै छैन । हुन सक्छ मलाई कति घोचपेच सुनाउनेहरू पनि निस्केलान् । मेरी भदै छ हाम्रो घरमा । त्यसको विवाह हुनुपर्छ । त्यसमा यो बलात्कृत भएकी फुपूको पारेर दुनियाले हेर्न सक्छन् । यदि म उसैसँग घरैमा साथै रहे भने बुझ्यौ तिमीहरूले ? मेरो बाआमाले कति बेइज्जत सहनुपर्ने हुन्छ त्यस बुढेसकालमा पनि ( ९८-९९)।

यहाँ पितृसत्तात्मक शक्तिसम्बन्धमा नारीहरू पीडित हुँदा पनि आफू नै समाजबाट बहिष्कृत डर व्यक्त भएको छ । यहाँ आफैँ पीडित भएको र त्यसका आफ्नो कुनै गल्ती नभए पनि समाजको लाञ्छना र परिवारका सदस्यको इज्जतका लागि स्वयम् इला नै डराएकी छ किनकि समाजमा बलात्कृत नारीलाई चरित्रहीनको संज्ञा दिई सामाजिक रूपमा बहिष्कार गर्ने गरेको समेत पाइन्छ । यस्तो स्थितिबाट बच्न झन् अप्रिय निर्णय लिई आफ्नो जीवन दाउमा लाउन नारीहरू बाध्य हुन्छन् । यहाँ इला पनि आफ्नो परिवारलाई लाञ्छनाबाट बचाउन बलात्कारको आरोपीसँग बिहे गरेकी छ । यसले पितृसत्तात्मक प्रभुत्वमा नारीहरू अधीनस्थ भएको अवस्थाको उद्घाटन गरेको छ ।

प्रस्तुत उपन्यासमा नारी हिंसा र पुरुषको प्रभुत्वमा नारीको अधीनस्थता देखाउने अन्य थुप्रै प्रसङ्गहरू चित्रित छन् । यसमा चित्रित रुद्रको परिवारका सदस्यका गतिविधिबाट नारीमाथि

पुरुष प्रभुत्व हाबी भएको देख्न सकिन्छ । यस परिवारमा रुद्र, वृन्दा, छोरा समिर र दुई छोरीहरू छन् । उपन्यासकी मुख्य पात्र इलाको बलात्कारमा संलग्न मुख्य अभियुक्त समिरको परिवार भएका कारण यो परिवारको बारेमा धेरै नै जानकारी उपन्यासमा छ । यहाँ रुद्रले समाजसेवालाई माध्यम बनाएर कुनै पार्टीमा संलग्न नभई स्वतन्त्र उम्मेदवारका रूपमा राजनीति गरेको छ । रुद्रकी पत्नी वृन्दा गृहिणी हो । छोरो समिर बाबुले कमाएको धनको रवाफ देखाउँदै हिँड्ने उद्दण्ड युवकको रूपमा देखिएको छ । दुई छोरीहरूको विवाह भइसकेको छ । यस परिवारभित्रका गतिविधि, व्यवहार, उनीहरूको नारी पुरुषप्रतिका दृष्टिकोण र उनीहरूका संवाद आदिबाट यस परिवारका पुरुष सदस्यहरू नारीका तुलनामा अत्यन्त शक्तिशाली भूमिकामा रहेको देख्न सकिन्छ । यस परिवारका हरेक सदस्यमा पितृसत्तात्मक सोच हाबी छ । समिरले साथीहरूसँग मिलेर इलाको बलात्कार र हत्याको प्रयास गरेपछि परिवारको कथित इज्जत बचाउन परिवारको मुख्य सदस्य रुद्र नै लागिपरेको छ । उसले आफ्ना सोच, लक्ष्य र योजना परिवारका सदस्यसँग छलफल गर्ने गरेको छैन । बरु उल्टै छोरालाई बिगार्नुमा आफ्नी पत्नीलाई दोषी देखिरहेको छ । उसले पत्नी वृन्दालाई छोरा बिगारेको आरोप यसरी लगाइरहेको छ -"छोरा बिगार्ने यही हो, त्यसैको अधिक लाडप्यार हो । जे भन्यो त्यही पुऱ्याइदिएपछि जवान केटाले अरु के नै खोज्छ ? भन्न हुन्न त्यसलाई छोरा बिगार्ने तँ होस् भनेर (३८)।" यसमा रुद्रको पुरुष अहम् प्रदर्शित छ । सन्तान सप्रिए आफ्नो देन हुने र बिग्रिए पत्नीको दोष र कमजोरी हुने भन्ने समाजका पुरुषहरूको मानसिकता रुद्रद्वारा प्रस्तुत भएको छ । यसले नारीमाथिको पुरुष प्रभुत्वको स्वरूपलाई दर्साएको छ ।

प्रस्तुत उपन्यासमा आफ्ना लाचारी र कमजोरी घरमा रहेका पत्नीमाथि पोखेर आफू शान्त हुने रुद्रका यी आरोपसँग वृन्दा भने सहमत छैन । समिर आफ्नो अधिक मायाले नभई बाबुबाट प्राप्त गर्नुपर्ने मार्गदर्शनको अभावमा बिग्रिएको हो भन्ने उसलाई लागेको छ । रुद्रका आरोपको खण्डन उसले यसरी गरेकी छ-

> छोराको ख्याल कहिल्यै नगर्ने तपाइँ, अनि दोष भने मलाई नै दिन मिल्छ ? सन्तान हुर्काउने, बढाउने, माया गर्ने हाम्रो काम, उसलाई ठीक बाटोमा लगाउने, संसार चिनाउने तपाइँले हो । यो पनि हामी नै गर्थ्यौँ होला, तपाइँहरूले नै बाहिरी क्षेत्रमा उत्रिन नदिएर यी यसरी राख्नुभयो, अनि के गर्ने हामीले (३८)?

यसमा पितृसत्तात्मक शक्तिसम्बन्धमा पुरुषद्वारा नारीमाथि लादिने प्रभुत्वको स्वरूप प्रस्तुत भएको छ । रुद्रजस्तै पुरुषहरूले नारीलाई घरभित्रका काममा सीमित राखी बाहिरी दुनियाँमा संलग्न हुन दिएका छैनन् । यसबाट नारीहरूको श्रमको शोषण र स्वतन्त्रता कुण्ठित भएको छ । परिणामतः नारीहरूले सन्तान घरबाहिरका कस्ता गतिविधिमा संलग्न छन् भन्ने थाहा पाउन सकेका छैनन् ।

पुरुष बाहिरी दुनियाँमा संलग्न हुने हुनाले उसले सन्तानलाई सही गलत सिकाउनुपर्छ । हरेक कुरामा नारीलाई दोषी बनाउनुहुन्न भन्ने अभिप्राय वृन्दाका उक्त कथनबाट बुझ्न सकिन्छ । यसबाट रुद्रको परिवारमा पुरुष प्रभुत्व कायम रही नारी त्यसका अधीनस्थ छन् भन्ने बुझाउँछ ।

प्रस्तुत उपन्यासमा रुद्रको छोरा समिरले इलालाई पहिलेदेखि नै पछ्याइरहेको र ऊ सहज रूपमा आफ्नो जालमा नफसेपछि पुरुष अहम्का कारण बलात्कार गरी हत्याको प्रयास गरेको देखिन्छ । यस घटनाबाट रुद्रको परिवारमा छोरा समिरलाई अनावश्यक स्वतन्त्रता र सुविधा दिएको बुझिन्छ । परिवारका सदस्यले पनि बलात्कारजस्तो जघन्य अपराध गरेको थाहा पाउँदा पनि आफ्नो छोरा र दाजुको पक्षपोषण गर्दै उसको दुष्चरित्रलाई छोप्ने प्रयास गरिरहेका छन् । समिरकी आमा वृन्दाले यसरी आफ्नो छोरालाई निर्दोष मानिरहेकी छ- "छोरो मेरो अति नै सोझो छ । अरुको लैलैमा लाग्नाले यसरी भाग्नुपर्‍यो । यस्ताहरूको सङ्गत छोड् भन्यो माने पो । हेर ! तिनीहरूले यहाँसम्म पुर्‍याइदिए (७९)।" यसमा आफ्ना छोरा (सन्तान)को गल्ती र अपराधसमेतलाई स्वीकार्न नसक्ने मानसिकता व्यक्त भएको छ । आफ्नो परिवारको झुठो इज्जत बचाइराख्न आफ्ना सन्तानले गरेका गल्ती तथा अपराधसमेतलाई अरुको थाप्लोमा पारिदिने प्रवृत्ति वृन्दामा देखिन्छ । उपन्यासमा सन्तानका गल्ती कुनै कोणबाट स्वीकार्न नसक्ने यस प्रवृत्तिले गर्दा नारीमाथिका हिंसा झन् बढ्ने र निर्दोष फस्ने स्थिति पनि देखिएको छ । त्यस्तै समिरकी बहिनी सुप्रभा पनि समिरको अपराधको कारक उसका साथीहरूलाई नै मानेर समिरको पक्षपोषण गरेकी छ । उसले भनेकी छ- "हाम्रो दाइ त्यस्तो हुनै सक्नुहुन्न । तिनै लफङ्गा साथीहरूले फसाएका हुन् । त्यसै के के न दाइबाट झर्ला भनेर पछि लागिरहन्थे अहिले आएर यस दशामा जाकिदिए (७९)।" यहाँ समिरकी बहिनी सुप्रभाले आमा वृन्दाले जस्तै साथीहरूलाई मात्र दोषी देखेकी छ । उसमा पनि पुरुष सोच हाबी रहेको छ । आफ्नै घरको सदस्य भएर पनि उनीहरूमा उसका गतिविधि र बढ्दो अराजकताको बारेमा कुनै जानकारी छैन । कुनै जानकारीबिना नै आफ्नो मान्छेको दोष अरुमा थोपरेर चोखो बनाउन खोज्ने प्रवृत्ति उनीहरूमा भएको यी अभिव्यक्तिबाट प्रस्टिएको छ । यसबाट बलात्कारजन्य अपराधमा समेत गल्तीलाई स्वीकार नगरी पुरुषकै पक्षपोषण गर्ने उनीहरूमा पनि पितृसत्तात्मक सोच हाबी रहेको र उनीहरू पुरुष प्रभुत्वमा अधीनस्थ रहेको स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा बलात्कृत इलाले मुख्य अभियुक्तसँग विवाह गरी जीवनभर उसलाई पश्चात्ताप अनुभव गराउने निर्णय गरेको कुरा रुद्रले परिवारका सदस्यसमक्ष सुनाएको छ । इलाको यो निर्णयबाट समिरकी आमा र बहिनी डराएका छन् । बलात्कृत युवती आफ्नो घरमा आएपछि घरको इज्जत जाने भ्रममा परेर उनीहरूले सकेसम्म इलालाई पन्छाउने उपायको खोजीमा छन् । नारी भएर पनि उनीहरूमा पुरुषवादी सोच हाबी छ । इलाको निर्णय रुद्रले सुनाएपछि सुप्रभा

इलालाई घरमा भित्र्याउनै नहुने र बलात्कृत हुनुमा ऊ स्वयम् दोषी रहेको बताइरहेकी छ । उसले भनेकी छ-

> लोग्नेमान्छे हो ! जिस्कायो होला पन्छनु त त्यसैले पर्ने हो नि ? के हामीलाई मात्र केटाहरूले जिस्काएनन् होला त ? खै ! तिनले हामीलाई केही गर्न सके ? धनी, राम्रो, पढेलेखेको र उमेरको केटो हाम्रो दाइ देखेर टाँसिन खोजेकी हो त्यसले । जेहोस्, मैले त भनिदिएकी छु- त्यसलाई हाम्रो घरमा भने ल्याउनुहुन्न । सबैलाई खर्लप्पै पारिदेली जस्ती बाठी रहिछ, त्यो त (७८)।

यसमा नारीले पितृसत्तात्मक प्रभुत्व स्वीकारेको अवस्था छ । यसबाट नारीलाई जिस्काउनु पुरुषको जन्मसिद्ध अधिकार हो भन्ने विचार झल्किन्छ । पुरुषले जे गरे पनि पुरुषका कुदृष्टि र दुर्व्यवहारबाट बच्नु नारीको मात्र कर्तव्य हो र बच्न नसके कमजोरी हो भन्ने सुप्रभाको विचार छ । त्यसैले उसले समिरबाट बलात्कृत इलालाई आफ्नो घरमा भित्र्याउनु हुँदैन भनेर इलालाई सम्पत्ति र जवान केटाका पछाडि लागेकी नारीको संज्ञा दिएकी छ । उसका यी विचार पूर्णतया पितृसत्तात्मक प्रभुत्वबाट ग्रसित छन् । उसको लालनपालन र शिक्षा नै यस प्रकारको सोच भएको परिवारमा भएको छ । नारीप्रति नारीको यस्तोदृष्टिकोण र व्यवहारबाट रुद्रको परिवार पूर्णतया पितृसत्तात्मक सोचबाट ग्रसित भएको र नारीहरू अधीनस्थ भएको स्पष्ट हुन्छ ।

## @=#=$ zf]if0f, bdg tyf pTkL8gd"ns zlQm;DaGw

गीता केशरीका उपन्यासमा पितृसत्तात्मक संरचनामा नारीमाथि हुने विभिन्न प्रकारका शोषण, उत्पीडन र दमनका विषयको वर्णन गरिएको छ । यी उपन्यासमा समाजमा नारी पुरुषका लागि निर्धारण गरिएका भूमिका, पुरुष प्रभुत्व, व्यवहार र दृष्टिकोणका कारण नारीहरू शोषित र उत्पीडित भएका छन् । तसर्थ यहाँ केशरीका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* उपन्यासमा प्रस्तुत भएका शोषण, दमन तथा उत्पीडनको अध्ययन गरिएको छ ।

*सौगात* उपन्यासमा नारीहरू पारिवारिक रूपमा गरिएका विभेद, हिंसा र सामाजिक रूपमा पुरुषका कुदृष्टिका कारण शोषण, दमन र उत्पीडनमा परेका छन् । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक समाजमा पुरुष प्रभुत्व र नारी अधीनस्थताकोवर्णन भएकाले यसका नारी पात्रहरू कुनै न कुनै रूपमा उत्पीडनमा परेका छन् । ती पात्रहरूमध्येरघुवीर उपन्यासमा धेरै स्वार्थी र उत्पीडक पात्रका रूपमा चित्रित छ । ऊ योग्यता, वासनाले मातिएको र पत्नीसँग आफ्नो कमजोरी पोखी रवाफ जमाई आफ्नो पुरुषार्थ राख्न खोज्ने पात्र हो । त्यसैले उसले नोकरी गरी

आयआर्जन गर्ने र सुन्दर नारी प्रतिभालाई आफ्नो वासनापूर्तिका लागि अनेक बहाना बनाएर फसाउन खोजेको छ । उसले कहिले प्रतिभा भान्सामा काम गरिरहेको बेला उसको शरीरमाथि वासनात्मक नजर लगाइरहेको छ भने कहिले बत्ती गएको बेला सलाई र मैनबत्ती खोज्ने बहानामा प्रतिभालाई च्याप्प समाई डोऱ्याउन खोजेको छ । उसले शोभनाको बारेमा बदख्वाइँ गरेपश्चात् नारी अधिकारको हवाला दिँदै प्रतिभालाई यसरी फकाउन खोज्दैछ-

> तिमीले मेरो घरलाई पराई सम्झनु पर्दैन । हामी सुख दुःख आपसमा बाँडुला । दुवै साथी मिलेर बस । लोग्ने मानिसको जात यस्तै हो । उनीहरूको हृदय निठुर हुन्छ, आफ्नो मतलबको लागि मन लागे स्वास्नी राख्यो नत्र निकालिदियो, दोस्रो विवाह गर्दै गयो । कसैले केही भन्न सक्दैनन् । तपाइँ स्वास्नीमानिसहरू त्यस्तै लोग्नेलाई सम्झी आफ्नो जिन्दगी बिगार्नुहुन्छ । खै हिम्मत ? उसले अर्की स्वास्नी ल्याउन सक्दछ भने के तपाइँहरूले सक्नुहुन्न ? समाज समाज भन्यो भैहाल्यो? जवानी कसलाई आउँदैन । यसको तृष्णा कसलाई लाग्दैन । रघुवीर आफ्नो खुट्टा प्रतिभाको चप्पल लगाएको खुट्टामाथि र हातमाथि हात राख्छ । मैले तपाइँलाई धेरै विचार गरेर हेरेँ । तपाइँ जस्ती स्वास्नीमानिस मैले देखेको छैन । मेरो तपाइँमाथि तपाइँको परिस्थितिमाथि धेरै दया लागेको छ । मलाई आफ्नै सम्झनोस् । तपाइँको प्रत्येक इच्छा म पूरा गरिदिने छु । म तपाइँलाई कुनै हालतमा पनि अब छोड्न नसक्ने भै सकेको छु (९६)।

यहाँ रघुवीरमा पुरुष अहम् तीव्र बनेको अवस्था छ । यसबाट उसको नारीमाथि दमन गर्ने प्रवृत्तिको उजागर भएको छ । त्यसैले उसले घरमा पत्नी र छोराछोरी हुँदाहुँदै पनि एक परस्त्रीलाई सजिलैसँग आफ्नो बनाउँछु भन्ने आँट गरिरहेको छ । उसले आफ्नो स्वार्थसिद्ध गर्न सामाजिक मान्यता, पुरुषको कृत्य र नारी अधिकारको पाठ पढाउँदै छ । एक्ली र स्वावलम्बी नारीलाई आफ्नो चाहना परिपूर्तिका लागि फसाउन दयाको पात्र बनाइरहेको छ । प्रतिभाका खुट्टामा खुट्टा र हातमा हात राखेर पुरुष प्रभुत्वका साथै कामुक प्रवृत्तिको प्रदर्शन गरिरहेको छ । समाजमा नारीहरूप्रतिको पुरुषहरूको वासनात्मक दृष्टिकोण र व्यवहारको उजागर रघुवीरका यी व्यवहारले गरेका छन् । नारीमाथि आफ्नो अधिकार सम्झने पितृसत्तात्मक सोच शक्तिमा रहेको अवस्था रघुवीरका यी अभिव्यक्ति र व्यवहारद्वारा मुखरित भएको छ । उसका यस्तै गतिविधिले गर्दा प्रतिभा शोभनाको घर छोडेर लजमा नोकरी गरी उतै बस्न जानुपरेको छ । यहाँ प्रतिभामा स्वाभिमान र अस्तित्वको बोध छ भने रघुवीरमा पुरुष अहम् र वासनाको प्रबलता ज्यादा छ । रघुवीरको पुरुष अहम्का कारण सिर्जित प्रतिभाप्रतिको वासनात्मक लगाव भने प्रतिभाको सचेतना र प्रतिरोधका कारण पूर्ति हुन भने सकेको छैन ।

प्रस्तुत उपन्यासमा निम्नवर्गका नारीमाथि हुने शारीरिक शोषण र दमनको विषय पनि प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा कमलको लजमा कार्यरत कर्मचारी मेनकाको परिवारको प्रसङ्गबाट शोषण र दमनका स्वरूपको उद्घाटन भएको छ । यसमा मेनकाकी आमा सुभद्राको कथा छ । सुभद्रा घरेलु कामदार हुँदा ऊमाथि पुरुषहरूद्वारा भएको शारीरिक शोषण र त्यसपछाडि ऊबाट पन्छिन उक्त धनाढ्य परिवारले गरेका व्यवहारको वर्णन यहाँ यसरी गरिएको छ-

> सुभद्रालाई युवाअवस्थामा काम गर्न बसेको घरका युवा मालिकहरूका चञ्चल आँखाबाट बच्न निकै कोसिस गर्नुपर्थ्यो । उनीहरूको प्यास मिटाउन सक्ने शक्ति लिएकी सुभद्राले आफ्नो जीविकोपार्जनको बाटो थाम्न मुस्किल हुँदै गयो । संघर्षै संघर्षमा शक्तिको जीत भयो । उनको कोखमा अर्को नारीले(मेनकाले) बास लिन पुगिन् (८१)।

यो पितृसत्तात्मक प्रभुत्व भएको समाजमा निम्न वर्गका नारीमाथि पुरुषद्वारा हुने शारीरिक शोषण र दमनको उदाहरण हो । यहाँ सुभद्रा मालिकका यौन शोषणबाट गर्भवती भएपछि त्यो परिवारले आफ्ना सन्तानको कुकर्मलाई ढाकी आफ्नो अहम् बचाउन उसको विवाह एक वृद्धसँग विवाह गरिदिएका छन् । त्यसैले मेनकाको बाबुले सुभद्रालाई बारम्बार घोचपेच गरी दमनमा राख्न खोजेको छ । उसका सम्बन्धमा उपन्यासमा यस्तो भनिएको छ-"उसले सधैँ आफ्नो र सुभद्राको उमेर दाँजी सशंकित भइरहन्थ्यो र यस्तो गर्भ स्याहार्नु परेकोले बिचबिचमा आफ्नो पुरुष जोश देखाइ सुभद्रालाई घोचिरहन्थ्यो । उनीहरूको वैवाहिक जीवन प्रेममा भन्दा बढी शंका उपशंका र घृणामा व्यतीत भएको थियो (८१-८२)।" यहाँ मेनकाको बाबुमा पितृसत्तात्मक सत्ता सम्बन्धका कारण निर्मित पुरुष अहम्का कारण उसले अर्को पुरुषको सन्तानलाई सहजै स्वीकार्न नसकेको अवस्था छ । आफ्नो अहम् र प्रभुत्व जीवित राख्न उसले सुभद्राको बोल्न पाउने अधिकारमाथिहस्तक्षेप गरी दमनकारी प्रवृत्तिको प्रदर्शन गरेको छ ।

*खोज* उपन्यासमा पनि पितृसत्तात्मक संरचनामा नारीमाथि हुने शोषण र दमनको विषयको प्रस्तुति गरिएको छ । यसमा नेपाली समाजका कतिपय क्षेत्रमा छोरीलाई भगवानका नाममा चढाएर देवकी बनाउने चलन रहेको विषय प्रस्तुत गरिएको छ । समाजमा एकतिर भगवानका प्रसाद भन्ने गलत व्याख्या गरेर देवकीहरूमाथि पुरुषले आफ्नो पूर्ण अधिकार सम्झन्छन् जसले गर्दा उनीहरू देशभित्रै पनि वेश्यालयको जस्तो जीवन व्यतीत गर्न बाध्य हुन्छन् । अर्कोतिर आफैँले भोग गर्ने ती देवकीलाई शोषक पुरुष, नारी र समग्र समाजले हेर्ने दृष्टिकोण निम्नस्तरको छ । समाजमा उनीहरूलाई कसैले पनि सम्मानका साथ स्वीकारेर इज्जतका साथ जीवन निर्वाह गर्ने अधिकारको उपयोग गर्न दिँदैनन् । त्यसैले उनीहरू पनि देहव्यापारका लागि वेश्यालयसम्म

बेचिन पुग्छन् । प्रस्तुत उपन्यासमा वेश्यालयमा भएका देवकी झुमाहरूका अनुभव पम्फाले कृपालाई सुनाएबाट उनीहरूको जीवनको कहालीलाग्दो यथार्थ प्रस्टिन्छ-

> उनीहरू त भन्छन् रे हामी देवकी हौँ, झुमा हौँ, वदिनी हौँ । बोका र साँढे धर्मको नाममा गाउँमा छाडा छाडेको जस्तै गरी त्यागिएका थियौँ । उम्केर राम्रो जीवन गुजारूँ भनेर प्रयास गर्दा यस्तोमा फस्न गएर यो अवस्थामा परेका छौँ । भन्न पनि सक्तैनौँ आफ्नै देशमा बस्दा पनि हाम्रो हालत योभन्दा कति नै राम्रो थियो र ? भगवानको नाममा परिवारद्वारा नै अर्पण गरिएका हामी सबैले सम्भोग गर्दै हाम्रो शोषण गरिरहेका हुन्थे (५६)।

पम्फाद्वारा सुनाइएका झुमा, देवकीहरूका यी कथनले समाजमा पितृसत्ताद्वारा चरम शोषणमा परेका नारीहरूको कारुणिक व्यथा उद्घाटित गरेको छ । आफ्नै छोरीलाई परिवारले नै भगवानका नाममा अर्पण गरेर छोरीमाथि पहिलो अन्याय गरेको छ । पुरुषहरूलाई यौन मामलामा स्वतन्त्र छोडेर समाजले नारीमाथि नै अन्याय गरेको छ भने बिना गल्ती लुटिएका नारीलाई समाजबाट तिरस्कृत गरी उही नर्कस्वरूप यौनधन्दामा धकेल्ने काम पनि समाजबाटै भएको छ । यो सबै पितृसत्ता हाबी हुँदाको परिणाम हो । पितृसत्तात्मक सोचको प्रधानताका कारण नारी नै नारीलाई पशु र वस्तुसरह मानी पुरुषको सोख पूरा गर्ने साधनका रूपमा प्रयोग गर्ने माध्यम र कर्ता नै बनेका छन् । यसबाट नारीहरू दर्दनाक उत्पीडनको शिकार बनेका छन् । यस्ता घटनामा नारीहरू पुरुषका सेवक भई उनीहरूबाट चरम शारीरिक शोषणमा परेका छन् भने पुरुषहरू नारीको शरीरका हकवाला झैँ शोषण कार्यमा संलग्न भएका छन् । यसबाट नारी पुरुषबिचको प्रभुत्वशाली अधीनस्थ शक्तिसम्बन्ध उद्घाटन भएको छ ।

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धमा नारीका विवशताको चित्रण गरिएका अन्य उदाहरण पनि छन् । यसमा उल्लेख भएअनुसार भारतको एक वेश्यालयमा वेश्याको जीवन बिताउन बाध्य उर्वशी नेपालमा देवकी रहेकी थिई । आफ्नै आफन्तद्वारा बेचिएपछि ऊ त्यहाँ एक छोरीको आमासमेत बनेकी छ । शान्ति बेचिएपश्चात् उर्वशीले छोरीको चिन्ता र वेश्याहरूका पीडा यसरी सुनाएकी छ-

> के सोधेकी त्यस्तो ? कुनै आमाले छोरीप्रति यस्तो चाहना राख्नसक्छे ? तिमी त हामीलाई देखेर नै तर्सिएकी छौ भने हामी भोग्नेलाई कस्तो भएको होला ? हामी बेसहारा भएका छौँ । बन्धनमा परेका हामी कुनै उपाय नसुझेर सबै संकट र दुःखलाई दबाएर किच्च हाँस्तै अरुको दिल बहलाउँदै छौँ ।...बाँच्नलाई यी सबै सहनुपरेको छ (३१)।

यसमा पितृसत्तात्मक संरचनामा नारी पुरुषका लागि खेलौना बन्नुपरेको यथार्थको प्रस्तुति छ । यहाँ वेश्यालयमा बेचिएपछि त्यहाँबाट भाग्न असहज हुने र भागेपनि समाजका लाञ्छनाले बाँच्न कठिन हुने हुनाले वेश्या भएका नारीहरू अनिच्छामै यौनकार्यमा संलग्न हुनुपर्ने विवशता उद्घाटन भएको छ । त्यति मात्र नभई वेश्यालयका नारीको यौन सम्बन्धबाट अनिच्छामै जन्मिएका छोरीको भविष्य पनि सङ्कटमा पर्ने गरेको देखिन्छ । यसले पितृसत्तात्मक प्रभुत्वका कारण नारीहरू उत्पीडित बनेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा समाजमा विकृतिका रूपमा जीवित रहेको दाइजो प्रथाद्वारा नारी पीडित भएको कुरालाई पनि उठाइएको छ । छोरीलाई विवाह गरेर पठाउँदा ऋण गरी-गरी दाइजो दिनुपर्ने र दिन नसकेमा उसको घरबाट सधैँभरिका लागि गालीगलौज सुन्नुपर्ने, कुटाई खानुपर्ने र जलाएर मार्नेसम्मका घटना नेपाली समाजमा अहिले पनि विद्यमान छन् । उपन्यासमा पतिको हत्या आरोपमा सजाय भोगिरहेकी एक पागल नारीले यस्तै किसिमको समस्या भोग्नुपरेको छ । दाइजो नल्याएको निहुँमा परिवारबाट दबाब पाइरहेकी युवतीका दम्पतिबिच बारम्बार झगडा हुन थालेको पाइन्छ । छोरा बुहारीबिचमा दाइजोलाई लिएर भएको झगडापछि उसका सासूससुराले पनि दाइजोप्रतिको आकांक्षा व्यक्त गर्दै बुहारीलाई यसरी उत्पीडित बनाएका छन् -"तेरो बाबुको धन हामीलाई चाहिएको छैन, आफैँसँग कुहियाएर राखोस् त्यो । ठूला सम्पन्न घरकी परिवारकी केटीसँग विवाह गराइदिए छोराले सुख पाउँछ भन्ठानेको कहाँ यस्तो कलहको बिउ भित्र्याइएछ । चोथालो हजामले चलाएको छुराभन्दा बढी चल्छ (९८)।" यहाँ त्यो युवतीका सासूससुराले दाइजोको लोभ नछोडेको देखिन्छ । दाइजोको लोभमा बारम्बार घोचपेच गरिरहने, माइती पक्षको बेइज्जत गरिरहने र उसको पतिले रक्सी नसामा परस्त्रीलाई घरमै ल्याउने सम्मका गतिविधि उपन्यासमा भएका छन् । यसले उक्त युवतीमाथि मानसिक रूपमा पीडित बनेको देखिन्छ । यसबाट पितृसत्तात्मक समाजमा छोराको सुख र सम्पन्नताको लागि बुहारीको माइतीको सम्पत्तिमा आँखा गाड्ने, शारीरिक र मानसिक यातना दिने नेपाली विकृत मानसिकता झल्किएको छ ।

प्रस्तुत उपन्यासमा उक्त युवतीले प्रत्यक्ष अप्रत्यक्ष रूपमा घरमा दाइजोकै विषयमा बारम्बार घोचपेच सहनु परेको छ । उसले आफ्नी सासूसँग भनेका यी अभिव्यक्तिबाट उसले परिवारका तर्फबाट सधैँ घोचपेच सुन्नु परेको थाहा हुन्छ -

> ल्या यति चाहिन्छ भनेर आफू मुख फोडिहाल्न पनि नसक्ने ल्याओस् यसैले खुरूखुरू माइतबाट भनेर दुःख दिन पनि नछोड्ने ? रातो दिन म यहाँ भित्रिएपछि यही दाइजोको रटबाहेक केही सुन्न पाएकी छैन । फलानीले यति दाइजो ल्याइ ढिस्कानाले यति ल्याई भन्ने मात्र सुन्छु । केही सोध्न पाउन्न, सुन्नुपर्छ, हामीकहाँ त छैन माइतबाट ल्याएकी

छैनौ होली ? मैले के ल्याएँ के ल्याइन त्यो तपाईंहरूलाई थाहा छ फेरि यो घोचपेच केका लागि ? त्यसैको लागि हैन कि म माइतमा गई रोईकराई बाबु आमासँग मागेर ल्याऊँ ...(९९)?

यहाँ त्यो युवतीले परिवारको मनोविज्ञान बुझ्केकी छ । दाइजोको अपेक्षा गरिराख्ने, त्यसैको कारण दबाब र दुःख पनि दिइरहने परिवारका सदस्यसित उसले प्रश्न गरेकी छ । ऊ दाइजो नल्याएको निहुँमा आफूलाई पारिवारिक सरोकारका विषयमा बोल्न नदिने र बारम्बार घोचपेच गरिरहने प्रवृत्तिका कारण पीडित भएको देखिन्छ । उक्त युवतीका यी प्रश्नपछि उसकी सासूले आफ्नो दाइजोप्रतिको अभिलाषालाई थप प्रस्ट पारेकी छ । बुहारीको माइतीले दाइजो नदिएर आफ्नो परिवारको इज्जत गएको उसको तर्क छ । उसले आफ्ना तर्क यसरी प्रस्तुत गरेकी छ-

धेरै चोथालो नचला है ? तिमीहरूलाई पो समाज चाहिएन, यहाँ त हाम्रो पनि बिगारिदियौ । नाक मुख देखाउनै नहुने पारिदिएका छौ । त्यसमा पनि अझ फूर्ति आफ्नै छ । धनको पोको ब्यांकको चेक त खोजेका हैनौं चाहिने चलेको व्यवहार समेत गर्न सकेनौ अनि त्यस्तालाई के भन्छन् (९९)?

यहाँ सासूले बुहारीका आवाजलाई दमन गर्न खोजेकी छ । दाइजो ल्याउँदा समाजमा प्राप्त हुने झुठो इज्जत दाइजो नल्याउँदा बेइज्जतीमा परिणत भएको भन्ने भनाइ उसको छ । उसको दाइजोप्रतिको अभिलाषा यहाँ स्पष्ट रूपमा बाहिर आएको छ । समाजले दाइजोलाई मान्यता दिने, दाइजोका आधारमा मानिसको प्रतिष्ठा मापन गर्ने र दाइजो नल्याउनेलाई गर्ने तिरस्कृत व्यवहारप्रति समाजले बेवास्ता गर्ने प्रवृत्तिले नारीलाई विवाहमा पनि सम्पत्ति प्राप्तिको माध्यम बनाइएको छ । यसले परिवार र पति पत्नीबिच असमझदारी बढ्ने, कुटपिटका घटना घट्ने र नारीहरू परिवारबाट विभिन्न हिंसा र उत्पीडनमा पर्ने गरेका छन् । उपन्यासको यो प्रसङ्गले पितृसत्तात्मक सत्तासम्बन्धमा रहेको हिंसा र उत्पीडनको यो स्वरूपले नारीहरूलाई पुरुषका अधीनस्थ बनाएको यथार्थको उद्घाटन गरेको छ ।

प्रस्तुत उपन्यासमा कपिलकी हजुरआमाले राणा दरबारमा पुरुषको विलासिताका लीग थुप्रै नारीहरूलाई रखौटी राख्ने गरेको बताएकी छ । उसले आफू राणाको दरबारमा र अन्य ठाउँमा घरेलु कामदारको रूपमा काम गर्दा थुप्रै पुरुषहरूद्वारा तानातान हुने गरेको बताएकी छ । उसका यी अनुभवले निम्नवर्गीय नारीमाथि पुरुषद्वारा हुने शारीरिक शोषणको यथार्थ प्रस्तुत गरेका छन् । उसका अनुभव यस्ता छन्-

म पनि कमाइ गर्छु भनेर नोकरी गर्न घर घरमा बसेकी थिएँ । कुनै घरमा बाबुछोराले नै तानातान गर्न खोज्थे भने कतै त छि भन्न पनि लाज लाग्ने । बाजे र नातिसमेत मौका छोपेर बस्ने हुन्थे । काम दिएर घरमा के बस्न दिए ममाथि नै पूरा अधिकार रहेको जस्तो मान्न थाले । कुनै घरमा त ती लाचार भएका स्वास्नीहरू पनि मलाई उनीहरूको लोग्नेको इच्छा पु-याइदेओस् भन्ने ठान्थे र उल्टै मलाई फकाउँथे लोग्नेको लागि...। विचरा ती विवश नारीहरू गरून् के ? रानी महारानी भनेर पदवी दिएर राखेका हुन्थे । थपक्क एउटा कुनामा मूर्ति जस्ता भएर बसेका हुन्थे । उता लोग्ने भने गुल्छर्रा उडाएर हिँड्थे । आफ्नो इच्छा पूरा गर्न नपाएमा घरमा रडाको मच्चाउने हुनाले स्वास्नी हुनेहरूले फकाउन आइपुगेका हुन् ।...त्यसपछि म तिनका रखौटी भएँ ।... म त्यो कपिलको बाबुको आमा भएँ । त्यसपछि वर्षैपिच्छे बच्चा जन्मन थाले र म तीन छोरा छोरीको आमा भएँ । गर्भपतन त कतिपल्ट भयो त्यसको कुनै लेखाजोखा नै रहेनन् (८५)।

कपिलकी हजुरआमाका यी स्मरणबाट राणाकालीन समयमा दरबारका पुरुषहरू वासनामा भएको अन्धोपन र नारीको मनलाग्दी उपयोग हुने अवस्थाको झल्को दिएका छन् । तत्कालीन समयमा दरबार या अन्य कुनै घर परिवारमा पनि नारी कामदारलाई केवल वासनापूर्ति गर्ने पुतलीका रूपमा लिइने गरेको बुझिन्छ । गरीब नारीहरू यसैगरी पुरुषका वासनाका शिकार हुनुपर्ने र धनी वर्गका नारीहरू चुपचाप चारभित्ताभित्र बसी पुरुषका चर्तिकला र अन्याय हेरेर बस्नुपर्ने विवशता यी अभिव्यक्तिले दर्साउँछन् । दरबारिया परिवेशमा नारीलाई छानीछानी उपभोग गर्नु पुरुषको अधिकार मानिएको कुरा इतिहासका तथ्यहरूले देखाउँछन् । यो पनि पितृसत्तात्मक सोचको प्रभुत्वले समाजमा निम्त्याएको लैङ्गिक शोषण हो । यसबाट पनि पुरुषका कारण नारी नै शोषित र पीडित भएको अवस्था देखिन्छ ।

*विश्वास* उपन्यासमा पितृसत्तात्मक सत्तासम्बन्धका विविध स्वरूपका कारण नारीमाथि हुने शोषण र दमनको प्रस्तुति गरिएको छ । यसमा बालविवाह, अनमेल विवाहका माध्यमबाट बालिकामाथि भएका यौन तथा श्रमको शोषणको वर्णन गरिएको छ । प्रस्तुत उपन्यासमाबालिका गङ्गा पुरुष प्रभुत्वबाट शोषित र उत्पीडित बनेकी छ । ऊ ११ वर्षकी हुँदा उसको विवाह २१ वर्षको जवान युवकसँग भएको छ । उसको पति जाँड रक्सीको कुलतमा फसेको छ । गङ्गा त्यही कुलतमा फसेको जवान लोग्नेसँग रात बिताउनु, परिवारमा सबैका गोडामा तेल घसिदिनु रदिनभर घाँस दाउराको काममा व्यस्त हुनुपर्ने कारणले ऊ शोषण तथा दमनमा परेकी छ । उसले लोग्नेलाई देवता मान्न लगाइने र उसैको इच्छापूर्तिको साधन आफूलाई मानेको दुखेसो देवीसँग यसरी बताएकी छ-

रात परेर सबै सुत्न गएपछि पनि पालोअनुसार रोल लगाई खुट्टा मिच्न सासूकहाँ पहिले जानुपर्छ अनि त्यहीँ लोग्नेकहाँ ! म सधैँ उनीहरूको छोराको सेवामा लाग्न भन्ने उनीहरूको इच्छा हुन्छ क्यारे । भन्छन्, लोग्ने देवता हो, उसलाई खुसी राख्न सके धर्म कमाइन्छ । यसरी लोग्नेसँग भाग्दै गइस् भने हेर न तँलाई सौता नभित्राई कहाँ छोड्छु र ? कहिले भन्छन्, यस्तै चाला तेरो रह्यो भने सधैँको लागि माइत लगारिदिन्छु अनि थाहा पाउलिस् (२२) ।

यहाँ गङ्गाको लाचारीका साथै पितृसत्तात्मक परिपाटीमा नारीलाई लोग्नेको सेवा र घर धान्न दिइने दबाब र धम्कीको प्रस्तुति छ । यहाँ सानै उमेर भएकाले लोग्नेप्रतिको कर्तव्य बुझ्न नसकेकी गङ्गालाई जबर्जस्ती पतिसेवा, सासूसेवामा लगाउने र नगरे घरनिकाला गरिदिने धम्की उसको परिवारका सदस्यले दिएका छन् । उनीहरूले बारम्बार जवान पतिको वासनात्मक इच्छा परिपूर्तिका लागि गङ्गालाई नै दबाब दिइरहेका छन् । पतिले गरेको व्यवहारका बारेमा गुनासो सुनाउँदा "एउटा लोग्नेलाई पनि ठीक बाटोमा ल्याउन नसकी कराउँदै हिँड्न लाज लाग्दैन (२२)?" भनेर झन् उसैलाई दोषी देखाउँछन् । त्यसैले गङ्गाले उसको पति मन नपराउने कुरा देवीसँग बताएकी छ-"मलाई लोग्ने मनै पर्दैन । त्यो कहीँ गइदिए पनि हुन्थ्यो जस्तो लागिरहन्छ । मलाई मात्र लोग्ने त्यसरी मन नपर्ने किन भएको होला, देवी ? अरु कत्तिले लोग्नेलाई माया गरेको सुन्छु । म पनि अब माया गर्छु भन्ठान्छु तर... (२१)।" यहाँ गङ्गा बालिका भएका कारण पतिद्वारा गरिएका व्यवहारबाट पीडामा परेकी छ । ऊ लोग्नेको घरमा कामको बोझ र जँड्याहा लोग्नेको शारीरिक आवश्यकता पूरा गर्न असमर्थ भएकी छ । त्यसैले ऊ सानै उमेरमा श्रम र शारीरिक शोषणमा परेकी छ ।

प्रस्तुत उपन्यासमा बालविधवाका समस्यालाई प्राथमिकताका साथ स्थान दिइएको छ । विधवा भइसकेपछि समाजबाट उसले भोग्नुपर्ने लाञ्छना, तिरस्कार, अपहेलना र एक्लै व्यतीत गर्नुपर्ने वैधव्य जीवनको चित्रण गर्न उपन्यासमा देवीलाई बालविधवाका रूपमा उभ्याइएको छ । देवीको लोग्नेको मृत्यु सर्पको टोकाइका कारण भएको छ । लोग्नेको मृत्युबाट पीडित बनेकी देवीमाथि बोक्सी, अलच्छिनी र पोइ टोकुवीको संज्ञा परिवारले लगाएको छ । विधवा भइसकेपछि अंश दाबी गर्ने डरले विभिन्न बहानामा देवीलाई घरनिकाला गरी माइतमा आश्रय लिन बाध्य बनाइएको छ । विधवा भइसकेपछि उसको पहिरनमाथि पनि समाजले लगाएको प्रतिबन्ध लागु भएको छ । शुभकार्यमा विधवा प्रवेश र सहभागितालाई अशुभ मान्ने सामाजिक परम्परा र मान्यताका कारण देवीले पनि घोचपेच सहनु परेको छ । गङ्गालाई दुलहीका रूपमा देखेर उसको रूपको प्रशंसा गर्दा गाउँलेहरूले उसको आँखा लाग्यो भन्ने कटुवचन प्रहार गरेका छन् । समाजका

यस्तै व्यवहारका कारण देवीलाई आफूलाई कसैले पनि माया गर्दा रहेनछन् भन्ने अनुभूति भएको छ । उसले आफ्नो दुखेसो गङ्गासमक्ष यसरी पोखेकी छ-

> यो विधवाको जीवन साँच्चिकै अभिशापको प्रतीक हो । हामीलाई माया दया गरी रूचाउने ज्यादै कम हुन्छन् । कुनै त्यस्तै बेलामा मात्र हो हामी पनि आवश्यकता परेर खोज्दै आउने नत्र हामीलाई देख्नै नपरोस् झैँ गर्छन् ।... लोग्ने मरेका बेलामा स्वास्नीको चुरा फुटाउन ....। त्यसबेला हामीजस्तै विधवाको खाँचो यिनीहरूलाई पर्छ ...(४१)।

यसले समाजमा विधवा हुनु नारीले गरेको पापकर्मको परिणति मानिने गरेको र विधवालाई अमानवको रूपमा व्यवहार गरिने गरेको तथ्य उद्घाटन गरेको छ । त्यसैले यहाँ पितृसत्तात्मक शक्तिसम्बन्धलाई बल पुऱ्याउने यस्ता परम्पराका कारण नारीहरू शोषित, दमित बनेका छन् ।

*नोकरी* उपन्यासमा समाजमा धर्मका नाममा चलाइएको यस प्रथाद्वारा मन्दिरमा चढाइएका नारीहरू समाजका असङ्ख्य पुरुषहरूको शारीरिक शोषणका शिकार हुनुपरेको तथ्यलाई उपन्यासकी देउकी पात्र नूरको माध्यमबाट प्रस्तुत गरिएको छ । आफ्नो इच्छा नहुँदा पनि हातमुख जोर्ने समस्याका कारण आफ्नो शरीर बेच्नुपर्ने विवशता, अनिच्छित गर्भ रहँदा तिनीहरूका सन्तानले पाउने दुःख, विवाह गरेर पारिवारिक जीवनमा प्रवेश गर्दा परिवारबाट हुने अपमान, तिरस्कार र घृणा जस्ता उत्पीडनका कारणले देउकीहरू आत्महत्याको बाटो रोज्न विवश हुने गरेको सामाजिक यथार्थलाई पनि यस उपन्यासले उजागर गरेको छ । यसमा देवकीहरूकी प्रतिनिधि पात्र नूर विवाह गरेर पारिवारिक जीवनमा प्रवेश गरेकी छ । त्यो पनि पारिवारिक सहमति नभई अन्य केटीको सहयोगमा जबर्जस्ती भित्रिएकी छ । त्यसैले उसको पतिको परिवारले गर्भवती भएकी नूरलाई अनेक लाञ्छना लगाएर घरबाट निकालिदिएको छ । ऊ निरूपाय भएर आत्महत्याको बाटो रोज्न विवश बनेकी छ । पितृसत्तामा नारीमाथि हुने दमन, शोषण र उत्पीडनलाई सहन नसकेर नूरजस्ता नारीहरू आत्महत्या जस्ता अपराधमा संलग्न हुने गरेका छन् ।

प्रस्तुत उपन्यासमा यात्रामा निस्केको शिवले नूरलाई आत्महत्या गर्नबाट बचाई उसको घरमा पुऱ्याइदिएको छ तर उसको परिवारले शिवलाई नै उल्टो नूरसँग सम्बन्ध राखेको आरोप लगाइरहेका छन् । नूरका सासूससुरा दुवैजना नूर र शिवलाई विभिन्न किसिमका आरोप लगाएर गाउँले जम्मा पारी बेइज्जत गरेका छन् । उसको ससुराले शिवलाई यस्तो आरोप लगाएको छ - "ए पाजी, रातभर यससँग सुखभोग गरेर यस बेला कुन मुख लिएर फिर्ता ल्याउन सकिस् ? तँ को होस् ? यस्ती वेश्येलाई मेरो घरमा यसै छोडेर जान पाउँछस्  आफ्ना साथ लैजान्छस् कि

गाउँलेलाई उठाऊँ...(८५)।" यसले पितृसत्तात्मक शक्तिसम्बन्धलाई प्रस्तुत गरेको छ । यहाँ नूरको ससुराले आत्महत्या गर्न लागेकी आफ्नी बुहारीलाई बचाएर घरमा ल्याइदिने शिवलाई नै नूरसँग सम्बन्ध राखेको आरोप लगाइरहेको छ । उसको यो आरोपमा नारी र पुरुषको सम्बन्धलाई केवल वासनाको दृष्टिबाट मात्र हेर्ने सामाजिक प्रवृत्ति झल्किएको छ । प्रस्तुत उपन्यासमा परिवारका सदस्यबाट बारम्बार पाएको तिरस्कारका कारण जीवनदेखि नै दिक्क भएकी नूरका यी कथन उसको पीडाका अभिव्यक्ति हुन् -"यस पेटमा यस पापीको सन्तान हुर्कंदै छ । म कहाँ जाऊँ ? एकफेर ती दिदीहरूले मलाई यस घरम हुलेर जानाले बाँच्नुभन्दा मृत्यु रोज्नुपर्ने बनायो ...(८६)।" नूरका यी कथनले गर्भवती अवस्थामा उसले भोग्नुपरेका लाञ्छना र तिरस्कारले उसका लागि सबै बाटो बन्द भई मृत्युको बाटो रोज्नुपर्ने बाध्यता आएको बुझाएका छन् । पितृसत्तात्मक समाजमा नारीमाथि हुने दमन र उत्पीडनको स्वरूपलाई यी घटनाले उजागर गरेका छन् । यसबाट समाजमा पितृसत्ता हाबी भई नारीमाथि उत्पीडनका घटना घटाएर जीवन नारकीय बनाएको तथ्य मुखरित भएको छ ।

प्रस्तुत उपन्यासमा समाजमा पुरुषले नारीलाई हेर्ने दृष्टिकोण नै गलत भएका कारण नारीहरू शोषण, दमन र उत्पीडनमा पर्ने गरेको विषयको पनि उल्लेख छ । पितृसत्तात्मक समाजमा पुरुषहरूले नारीलाई घरधन्दा गर्ने, बच्चा जन्माउने, स्याहार्ने र पुरुषको मन बहलाउने साधनका रूपमा लिन्छन् । घरमा आफ्ना पत्नीलाई घरधन्दा र बच्चामा सीमित राख्ने अनि बाहिर पैसा खर्च गरी अरु युवतीहरूसँग यौनक्रिडा गर्ने पुरुषहरूले दुवैतर्फका नारीहरूलाई झुक्याइरहेका हुन्छन् । यस सामाजिक तथ्यलाई पनि उपन्यासमा देवकी नूरका अनुभवमार्फत प्रस्तुत गरिएको छ । उसले त्यस्ता पुरुषको विचार यसरी राखेकी छ -

> तपाईंहरूका घरमा स्वास्नी छैन र यहाँ पैसा खर्च गरेर दिल बहलाउ गर्न आउनुहुन्छ भन्दा जवाफ दिन्छन्, ती घरका मूली दालबराबर भइहाले नि । उनीहरूलाई घरधन्दा गर्दैमा, नानी जन्माउँदै, हुर्काउँदै तिनैलाई माया गर्दै स्याहार्दैमा हामीतर्फ विचार गर्ने कहाँ फुर्सत हुन्छ र ? जति सन्तान बढ्दै जान्छन् घर गृहस्थीमा झन् झन् डुब्दै जान्छन् अनि स्वास्नी कहिले काहीँ खाँचो टार्ने मात्र हुन्छ ।... तिमीहरूको जस्तो कला तिनीहरूलाई के थाहा छ ? ती त मूर्ख छन् (१३५)।

यहाँ पनि पितृसत्तात्मक शक्तिसम्बन्धमा पुरुषद्वारा नारी शोषित बनेको यथार्थलाई प्रस्तुत गरिएको छ । नूरका यी अनुभवयुक्त कथनबाट पुरुषहरूले नारीलाई केवल मनोरञ्जनका साधनका रूपमा व्यवहार गर्ने गरेको देखिन्छ । पुरुषहरू घर र घरबाहिरका नारीप्रति इमान्दार नरही दुवैलाई ठगेको देखिन्छ । पुरुषहरू धार्मिक प्रथालाई आड बनाएर देवकीहरूको मनलाग्दी शारीरिक शोषण गर्ने

गरेको तर देवकीहरूको मर्म, दुःख पीडालाई कसैले पनि बुझ्न नसकेको देखिन्छ । पितृसत्ताले पुरुषका यस्ता गतिविधिलाई स्थापित बनाएको देखिन्छ ।

समाजमा देवकीहरूलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार राम्रो छैन । उनीहरूलगायत उनीहरूका सन्तानलाई समेत समाजमा हेय दृष्टिकोणले हेर्ने गरिएको पाइन्छ । देवकीका छोरीहरूलाई समेत पुरुषहरूद्वारा कुदृष्टि लगाउने गरेका हुन्छन् । यस्ता प्रवृत्तिका कारण उनीहरू झन् पीडामा पर्ने गरेका छन् । उपन्यासमा देवकीहरूका पीडालाई यसरी प्रस्तुत गरी पितृसत्ताद्वारा निर्मित यस्ता प्रथा प्रचलनमाथि प्रश्न उठाइएको छ -

> हामी आफैँ बाँच्ने उपाय नपाएर मरिरहेको बेला गाउँका यी बरालिएकाहरू आएर हाम्रा यी साना छोरीहरूमा पनि आँखा गाड्दै जब नमीठो बोलीओकल्न थाल्छन्, त्यसबखत तिनलाई मुन्ट्याएर त्यहीँ जमिनमा गाडिदिऊँ कि जस्तो लाग्छ । ती बरालिएकाहरू यति साँढे भइसकेका छन् लाजै नमानेर झन् छिल्लिन थाल्छन् । लौ भन्नोस् त, हामीलाई कस्तो बनाएका छन् यिनले ? यस्तो चलन कसले ल्याएको हो देवकी बनाउने ? धर्मको नाममा  पुरुषले आफ्नो स्वार्थपूर्तिको लागि रचेको चलन हो यो । यसमा हाम्रो के गल्ती छ ... हाम्रो आमादेखि ल्याएर हाम्रा छोरीहरूसम्मलाई देवकी बनाई मजा लुट्न यिनै मै हूँ भन्ने त हुन् नि (१३७)।

यहाँ पुरुषहरूले देवकी बनाइएका नारीहरूमाथि शारीरिक सम्पर्क गर्ने आफ्नो अधिकार सम्झेजस्तै देवकीका छोरीहरूमाथि पनि आफ्नो अधिकार सम्झेका छन् । आफ्ना छोरीलाई आफूहरूले भोगेको नियति भोग्नु नपरोस् भन्ने उनीहरूको चाहना छ तर पितृसत्तात्मक समाजले उनीहरूका सन्तानलाई समेत सम्मानपूर्वक जीवन बाँच्न नदिने किसिमका व्यवहार उनीहरूसमक्ष गरेको छ । यसले गर्दा देवकीहरूका मनमा विद्रोही भावनाको विकास भएको छ । आफ्ना सन्तानहरूलाई समेत कुदृष्टिबाट बचाउन नसक्दा समाजले बनाएको देवकी प्रथामाथि नै उनीहरूलाई विद्रोह गर्न मन छ । यसबाट बिना गल्ती आफ्ना आमाहरूदेखि छोरीसम्मलाई लुटाउने यस्ता स्वार्थी सामाजिक धार्मिक प्रथाले पुरुष प्रभुत्वलाई बढावा दिने अनि नारीलाई शोषण र उत्पीडनमा पार्ने गरेको तथ्य  अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक सत्तासम्बन्धका कारण नारीमाथि भएका उत्पीडनका अन्य घटनाको पनि वर्णन गरिएको छ । यस उपन्यासमा दिलबहादुरकी दिदीलाई गर्भवती अवस्थामा चरित्रहीनको बात लगाएर घरबाट निकाला गरिदिएका छन् । दिलबहादुरकी आमाले यसरी सो कुरा बताएकी छ-

तिरो तिर्ने म्याद नाघिसकेकाले रातोदिन कचकच सुन्न थालेकी छु । यस्तै दुःखमा तेरी कान्छी दिदीलाई दुई जिया भएको बेला बात लगाएर घरबाट माइत लगारिदिएकाले अर्को चिन्ता थपिएको छ । के गर्छस् बाबु तँ एक्लो छोरा भइस् । दुःखका कुरा नभनूँ भने पनि अरु कुनै उपाय पाइनँ र सुनाउनै पऱ्यो । ...सानु रातोदिन रोइरहन्छे । घरबाट निकालिदिएपछि म तपाईँकहाँ नआएर कहाँ जाऊँ ? ...यो कोखको नानी जन्मने बेलासम्म मलाई राख्नोस् । त्यसपछि मा पनि केही गरेर नै खान्छु । भाइको बोझ म हुन्नँ आमा भन्छे (३१)।

यहाँ पितृसत्तात्मक समाजमा विद्यमान पुरुष प्रभुत्वका कारण नारी उत्पीडन र शोषणमा परेको अवस्था छ । नारीलाई सम्पत्तिमाथि कुनै हक नदिने सामाजिक परिपाटीका कारण समाजमा नारीमाथि अनेक दोष थोपर्ने र उनीहरूलाई बेसहारा बनाएर छोडिदिने गरिएको छ । नारीलाई विवाहपछि माइतमा पराई मानिने र घरमा पनि विभिन्न किसिमका लाञ्छना लगाएर निकाला गरिदिनाले नारीहरू परनिर्भर र दयाका पात्र बन्नुपरेको पितृसत्तात्मक समाजको यथार्थलाई यसले उद्घाटन गरेको छ । यसले पितृसत्तात्मक संरचनामा नारीहरू उत्पीडित र पुरुषका अधीनस्थ रहेको देखाएको छ ।

*निष्कर्ष* उपन्यासमा पितृसत्तात्मक संरचनामा निर्धारण गरिएका भूमिकाका कारण नारी मात्र नभएर केही पुरुष पनि उत्पीडित रहेका छन् । यसमा इलाको बाबु पनि पितृसत्तात्मक शक्तिसम्बन्धकै कारण पीडित पात्र हो । ऊ समाजले पुरुषका लागि दिएको गरेका साहसी, निडर र कठोर जस्ता पहिचानअनुरूपको पेसा रोज्न बाध्य भएको छ । सीपाहीमा भर्ना भई युद्धमा परेर दुवै हातखुट्टा गुमाएको उसले आफ्ना दाजुभाइको बेइमानीका कारण भएभरको सम्पत्तिबाट पनि वञ्चित हुनुपरेको छ । आफ्ना छोराहरू कोही विदेसिनु र कोही रोगका कारण मर्नु अनि नातिनीको जन्मपछि बुहारीको वियोगमा पर्नु जस्ता घटनाले ऊ शारीरिक र मानसिक रूपमा अति नै पीडित भएको छ । परिवारकै आफ्नो अशक्तताको कारण परिवारमा आइपर्ने दुःखमा सहारा बन्न नसकेकोमा ऊ चिन्तित देखिन्छ । यसबाट पितृसत्तात्मक शक्तिसंरचनाका कारण पुरुषहरू पनि पीडित बनेको यथार्थ उद्घाटित भएको छ ।

प्रस्तुत उपन्यासमा रुद्रको परिवारका नारी सदस्य धनको रवाफले घरभित्र थुनिएर सोचाइ बुझाइमा निकम्मा बनाइएका छन् । प्रस्तुत उपन्यासकी पात्र वृन्दा सम्पत्ति र सुविधाको कारण इच्छा भएर पनि व्यक्तित्व विकास गर्ने अवसर नपाउने र इच्छाहरूलाई दबाउनुपर्ने बाध्यतामा रहेकी छ । उसलाई घरबाहिर गएर ज्ञान बिस्तार गर्ने किसिमका क्रियाकलापमा लाग्ने र संसार बुझ्ने अवसर नै प्राप्त छैन । रुद्रको पत्नी वृन्दाका यी सोचाइले यही तथ्यतर्फ इङ्गित गर्छन् -

अफसोस लाग्छ उनलाई त्यस खानदानी रवाफ र परम्परासँग । जसले गर्दा उनी घरमा सीमित रहेर आफ्ने हातखुट्टा मात्र होइन, सोचाइ, सम्झाइ र ज्ञान सबैलाई निकम्मा बनाइरहनुपरेको छ, वर्षौंदेखि बाहिरी दुनियाँमा के भइरहेछ, कस्तो विचारधाराको प्रवाह भइरहेको छ, त्यो बुझ्न मात्र दुई बाटाहरू छन्- टी.भी. र अखबार । त्यो पनि सबैले पालो पुऱ्याएपछि पढ्न पाउँछु । टी.भी. मा त सबैको आ-आफ्नै रुचिको च्यानलहरू छन्, आफ्नो पालो आउँदा, सुत्ने बेला भइसक्छ । फुर्सत भएकी तिमीले दिउँसो हेरे हुन्न भन्छन्, तर मेरो त्यही समय हो घरमा के छ कसो छ भनेर हेर्ने र बेलुकी बिहानलाई सबै बन्दोबस्त मिलाउने, कहाँ हेरेर बस्न पाइन्छ र ? सोच्छु, मेरो कर्तव्य सबैको कुरा सुन्ने र बिर्सिदिने हो । किनकी मैले सुनेकी छु मलाई मूर्ख भनेको । भन्छन्, पढेर के गर्नु, कोसँग कसरी बोल्नुपर्छ, कुन बेला के गर्नुपर्छ त्यो केही थाहा छैन रे । मेरो रुचि जति सबै बेकम्माका छन् रे(८४)।

वृन्दाका यी आत्मकथनले पितृसत्तात्मक शक्तिसम्बन्धमा परिवारभित्र नारीको स्थान र शक्तिहीनतालाई दर्साउँछन् । यहाँ दिनरात परिवारका सारा कामको व्यवस्थापन गर्ने उसको कार्यलाई परिवारका सबै सदस्यले कुनै महत्त्व दिएका छैनन् । परिवारका सदस्यले पढेर पनि योग्यता र इच्छानुसार काम नगरी घर व्यवहारमा सीमित पारिएकी वृन्दालाई केही नजानेकी मूर्ख नारीका रूपमा लिएका छन् । परिवारका कसैले पनि घरको काममा नसघाउने, उसको मनका भाव बुझ्न नखोज्ने, उसका इच्छा र रहरलाई प्राथिमिकता नदिने कार्यले ऊ एक्लो महसुस गर्न बाध्य भएकी छ । यसले पितृसत्तात्मक प्रभुत्वमा नारीमाथि भएको दमनको उद्घाटन गरेको छ ।

वृन्दा पढेलेखेकी नारी हो । उसमा केही गर्न सक्ने योग्यता छ । विवाहपश्चात् घरको काम र सन्तानको रेखदेखमा दिन व्यतीत गरिरहेकी वृन्दालाई कहिलेकाहीँ बाहिर जाने, घुमफिर गर्ने, विभिन्न क्षेत्रका ज्ञान हासिल गर्ने रहर लाग्ने गर्छ । उसको यी चाहना र रहर परिवारका सदस्यले बुझेका छैनन् । उसले रातदिन घरको काममा व्यस्त रहँदा पनि उसका परिवारका सदस्यले उसका कामको कुनै कदर गरेका छैनन् । आर्थिक रूपमा कुनै अभाव नभए पनि आफ्नो अस्तित्वनिर्माणका सवालमा शून्यमा रहेकी वृन्दा घरको काम र परिवारको बेवास्ताका कारण आफूमा रहेको योग्यता क्षमता पनि हराएर जान थालेको अनुभव गर्न थालेकी छ । उसका अनुभव यस्ता छन्-

म आफ्नै घरमा केही पनि गर्न पाउन्नथेँ । कहिले झुक्केर गरेछु भने त्यसलाई हाँसोमा उडाइदिन्थे । खिजाएर कि चेतावनी दिन्थे फेरि यस्तो नगर भनेर । जीवनको लामो समय

> यसरी नै बितेकाले अब त मैले आत्मविश्वास नै हराइसकेकी छु । केही गरेर देखाइदिन्छु भन्छु-ह्याउ नै आउँदैन र 'भैगो' भन्न मन लागिहाल्छ (८६-८७)।

यी अभिव्यक्ति वृन्दाका आत्मकथन हुन् । यसले पितृसत्तामा नारीका व्यक्तिगत इच्छाप्रतिको बेवास्ता र स्वतन्त्रतामाथिको बन्धन बुझाएको छ । उसलाई परिवारका सदस्यले काम गर्न प्रोत्साहन दिई आत्मविश्वासको बढोत्तरी गराउनुपर्नेमा उल्टो खिसिटिउरी गरी दुरुत्साहन गर्ने गरेको बुझिएको छ । उसले अरुले दुरुत्साहन गर्दा आफूमा भएको योग्यता, क्षमता र आत्मविश्वास नै हराएर गएको अनुभव गरेकी छ । यसले पितृसत्तात्मक संरचनामा नारीलाई आफूमा भएको योग्यता, क्षमतालाई आफ्नो व्यक्तित्व विकास र अस्तित्वनिर्माणमा प्रयोग गर्नसक्ने वातावरण नरहेको तथ्य उद्घाटित भएको छ । यसले पितृसत्ताको नारीमाथिको शोषण, दमनलाई प्रस्तुत गरेको छ ।

## @=#=% n}lËsd}qL zlQm;DaGw

गीता केशरीका उपन्यासमा पितृसत्तात्मक प्रभुत्वमा नारीहरूका अधीनस्थता, उत्पीडन, शोषण, दमन र विभेदको चित्रण गरिएको भए पनि नारी पुरुषबिचमा वैचारिक र व्यवहारिक समानता स्थापित भएका केही प्रसङ्ग चित्रित छन् । यी उपन्यासमा सहरी क्षेत्रका केही नारीहरू र पुरुषका बिचमा आपसी समझदारी, जिम्मेवारीको बाँडफाँड र एकअर्काका इच्छाको सम्मान गर्नेप्रवृत्ति पनि देखिएको छ । यसले नारी पुरुषबिचमा लैङ्गिकमैत्री सम्बन्ध विकसित गराएको छ । यहाँ केशरीका केही उपन्यासमा उल्लेख भएका यस्ता प्रसङ्गको अध्ययन गरिएको छ ।

*खोज* उपन्यासमा प्रारम्भमा नारी पुरुष पात्रका बिचमा विभेद, असमझदारी, शोषण, उत्पीडन र हिंसाका घटनाको वर्णन गरिएपनि अन्त्यतिर भने लैङ्गिकमैत्री सम्बन्धको स्थापना गरिएको छ । यसका पात्रहरूले उपन्यासको प्रारम्भमा अनेक किसिमका व्यक्तिगत समस्या भोगेका छन् । उनीहरू उपन्यासको अन्त्यतिर आइपुग्दा आफ्ना सम्पूर्ण व्यक्तिगत समस्याको समाधान गरी सामूहिक रूपमा सामाजिक कार्यमा लागेका छन् । यसमा वेश्यालयमा बेचिएकी शान्ति पुलिस इन्स्पेक्टर भएर समाजले आफूप्रति लगाएका लाञ्छना र तिरस्कारको जवाफ दिएकी छ । बहिनी बेचेको आरोपमा जेल सजाय भोगेको संयोग, हत्या आरोपमा जेल परेकी शान्ता, अपराधका कारणको खोजी र अपराधीको मानसिकताको अध्ययन गर्ने अभियानमा लागेको कृपा, बादलद्वारा बेचिएकी शची रछोराछोरीबिच विभेद गर्ने मितिनी आमा सबै मिलेर शान्ति गुँड नामक आश्रम खोलेका छन् । यसमा आश्रममा विभिन्न अपराध गरेर जेल जीवन बिताएकाहरूका सन्तानलाई शिक्षा र बसोबासको प्रबन्ध मिलाइएको छ । यस कार्यमा आर्थिक स्रोतको व्यवस्थापन र

व्यवस्थापकीय जिम्मेवारी निर्वाह गर्ने कार्यमा नारी पुरुष दुवै पात्रको संलग्नता बराबर रहेको छ । उपन्यासमा यस विषयमा यस्तो भनिएको छ-

> बूढी आमाले स-साना छोराछोरीलाई खेलाउने काम पाएकी छिन् । बुढौतीमा समय काट्ने बाटो पनि त यही हो ।...यसरी बालकहरूसँग भुल्न थालेकी ती आमाको रेखदेख गर्ने, घरको व्यवहार मिलाई बिहान बेलुकीको घरको व्यवस्था थाम्ने र बालकहरूको हेरविचार पुऱ्याउने काम शची र संयोग भएर गर्दैछन् । कमाई गरेर खर्चको लागि धन भित्र्याउने काम शान्ति र कृपाले समालेका छन् (१४५)।

यहाँ पात्रहरूले आफ्ना पेसागत कार्यलाई सम्हाल्दै सामूहिक रूपमा सामाजिक जिम्मेवारी सम्हालेका देखिन्छन् । यसले उनीहरूका बिचमा लैङ्गिकमैत्री सम्बन्धको निर्माण गरेको छ ।

प्रस्तुत उपन्यासमा वेश्यालयमा बेचिएर देहव्यापारमा संलग्न नारीहरूलाई केही पुरुषले आफ्नो पत्नीका रूपमा स्वीकार गरेर पारिवारिक जीवनमा सम्मानका साथ स्थान दिएका प्रसङ्ग पनि छन् । यसमा शान्ति बेचिएको भारतको एक वेश्यालयमा बेचिएकी नारी पम्फालाई सिन्हा भन्ने पुरुषले पत्नीका रूपमा अपनाएको छ । उपन्यासमा प्रस्तुत यी संवादले यस कुराको पुष्टि गर्छन्-

> कृपा : श्रीमती सिन्हा,...यहाँ तपाईंको जीवनको परिवर्तन देखेर हामी सन्तुष्ट भयौँ । सिन्हा साहेब ! हाम्री नेपाली बहिनीले सुरक्षा र प्रेम तपाईंबाट यसैगरी पाइरहोस् र हाम्रो निम्तामा तपाईंहरू दुवै बच्चा बच्चीको साथ नेपाल आउनुहोला ।
>
> पम्फा : ...मलाई पनि यी सिन्हा साहबले मदत नगरेको भए के हुनुपर्थ्यो के ? आखिर उमेर ढल्कँदै गएपछि सबैबाट त्याज्य हुँदै जानुपर्ने रहेछ ।
>
> सिन्हा : मेरो प्रशंसा गरेर किन मलाई नै सर्मिन्दा पार्न खोज्छौ ? आखिर किन्न जाने ग्राहक पनि त बेच्ने सरहको नै हुन्छ । यो समाजले तिमीलाई बिगारेको थियो भने यही मानव समाजको एक सदस्यले तिमीलाई त्यस दलदलबाट झिकेर टाँडमा राखिदिएको छ । अब यसमा कसको प्रशंसा र कसको निन्दा गर्ने । दुवै मिल्दैछौँ (१५४)।

यहाँ प्रयुक्त संवादले पुरुषले आफ्नो अहम् र समाजको मनोविज्ञानभन्दा माथि उठेर वेश्यालयकी नारीलाई आफ्नी पत्नीका रूपमा स्वीकार गरेको छ । उसका विचार र पम्फाको अभिव्यक्तिले उसमा नारी अस्तित्वप्रति सचेतना पनि छ भन्ने स्पष्ट हुन्छ । यसबाट उनीहरूबिच लैङ्गिकमैत्री सम्बन्ध स्थापित भएको देखिएको छ ।

*नोकरी* उपन्यासमा पात्रहरूका बिचमा पितृसत्तात्मक प्रभुत्वका कारण नारी पात्रहरूमूल रूपमा परिवार र समाजमा पुरुषद्वारा विभेद, हस्तक्षेप, दबाब, शोषण र उत्पीडनमा परेका भए पनि केही पात्रका बिचमा लैङ्गिकमैत्री सम्बन्धको समेत विकास भएको छ । प्रस्तुत उपन्यासमा दिलबहादुर राधाका साथमा काठमाडौँमा बसेको छ । नोकरी गरी बाबुले लगाएको ऋण तिरेर खेतबारीहरू आफ्नो नाममा गराउने प्रयत्न गरिरहेको छ । उसकी आमा र उसकी घरनिकाला गरिएकी दिदी उसकै आर्थिक दायित्वअन्तर्गत जीवन निर्वाह गरेका छन् । सहरमा रहँदा ऊ र उसकी पत्नी राधा दुवैले काम गरेर आर्थिक उपार्जनमा संलग्न छन् । उनीहरू आ-आफ्नो कामका अलावा घरको काम मिलेर गरेका देखिन्छन् । राधा रेडियोमा गीत गाउने काम गर्छे । उसको काम गर्ने इच्छा र निर्णयलाई दिलबहादुरले स्विकारेर साथ पनि दिँदै आएको छ । परिवारको संरक्षकको भूमिका पनि दिलबहादुरले नै सम्हालेको छ यद्यपि परिवारका समस्या, एकअर्काका इच्छा र घरका काम आदिमा उनीहरूले गर्ने सल्लाह,स्थापित समझदारी र एकअर्काका निर्णयप्रतिको सम्मान तथा समर्थनलाई हेर्दा उनीहरूबिच लैङ्गिकमैत्री शक्तिसम्बन्धकायम भएको स्थिति देखिएको छ ।

*निष्कर्ष* उपन्यासका नारी पात्र पितृसत्तात्मक प्रभुत्वका कारण विभिन्न किसिमका हिंसामा परेका छन् । उनीहरूमध्ये धेरैनारीहरूपुरुष प्रभुत्वका अधीनस्थ भई उत्पीडन, शोषण सहन बाध्य भएका छन् । यीमध्ये केही परिवारका नारी पुरुषबिचमा स्थापित समझदारी, वैचारिकता र जिम्मेवारीको बाँडफाँडका कारण उनीहरूमा लैङ्गिकमैत्री शक्तिसम्बन्धको विकास भएको छ । प्रस्तुत उपन्यासकी पात्र स्नेहाको परिवारमा पतिपत्नी र छोराछोरी गरी ४ जना सदस्य छन् । उनीहरू काठमाडौँ निवासी हुन् । यस परिवारका सदस्यबिचमा राम्रो समझदारी छ । पति भोला र पत्नी स्नेहा आपसी समझदारीमा नै जिम्मेवारीको बाँडफाँड गरेका छन् । स्नेहा घर र बच्चाको जिम्मेवारी लिएर बसेकी छ भने भोलाले बाहिरको काम सम्हालेको छ । यिनीहरूले आपसी समझदारीमा नै इलाको परिवारलाई सहयोग गरेका छन् । आपसमा रमाइलो पनि गर्छन् । उपन्यासमा प्रयुक्त यस अभिव्यक्तिबाट उनीहरूको सम्बन्धको जानकारी हुन्छ-

> यसरी नै ठट्टा गर्दै रमाइलोसँग जीवन बिताइरहेका छन् दुई बच्चाका आमाबाबु भएर पनि राम्रो समझदारी छ तिनीहरूबिच र कसैले उनीहरूलाई बिथोल्न आयो भने भोला जङ्गी हाल्छ तर उसको हृदय भने कमलो छ । सहयोग गर्न कहिल्यै पछि हट्दैन जब उसले बुझ्छ, साँच्चीकै तिनीहरूलाई उसको सहयोगको आवश्यकता छ भन्ने तथ्य (१८)।

यहाँ भोला र स्नेहाको सम्बन्ध समझदारीले अगाडि बढेकाले उनीहरू खुसी भएको बताइएको छ । दोस्रो व्यक्तिलाई परेको सहयोगको आवश्यकताको बोध गरेर सहयोग गर्ने र परेका बखत अफिसका साथै घरका काम र बच्चाको जिम्मेवारी पनि सम्हाल्ने भोलाको बानीले पति पत्नीबिच

सुमधुर सम्बन्ध रहन गएको तथ्य यसमा उजागर गरिएको छ । यसबाट परिवारमा कुनै एक शासक नभएर लैङ्गिकमैत्री शक्तिसम्बन्धको विकास भएको देखिएको छ ।

## @=$ uLtf s]z/Lsf pkGof;df gf/L gf/Llarsf] ;DaGw

गीता केशरीका उपन्यासमा नारी पात्रहरूको बाहुल्य छ । यी उपन्यासमा नारी पात्र नै पारिवारिक र सामाजिक तहमा पितृसत्ताका कारण हिंसा, शोषण, पीडा र विभेदमा परेका छन् । पितृसत्तात्मक शक्तिसम्बन्धको ढाँचामा नारीहरूमा पनि पितृसत्तात्मक सोचको प्रधानता भएको पाइन्छ । कतिपय नारीहरूमा पुरुषमा भन्दा पनि बढी पुरुष सोच हाबी भएको पाइन्छ भने कतिपय नारीहरूबिचमा समभ्रुदारी र सहयोगको भावना पाइन्छ । यी उपन्यासमा नारीहरूबिचमा आमाछोरी, सासूबुहारी, दिदीबहिनी, नन्दभाउजू जस्ता पारिवारिक नातासम्बन्ध छन् भने सामाजिक रूपमा साथी रपेसाकर्मी जस्ता सामाजिक सम्बन्धहरू छन् । यहाँ गीता केशरीका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* उपन्यासमा नारी नारीबिचको सम्बन्धको अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

*सौगात*उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धअन्तर्गत नारीहरूका दृष्टिकोण र व्यवहारहरूको प्रस्तुति छ । यसमा प्रतिभा, प्रतिभाकी आमा, अम्बिका, रागिनी, पूर्णिमा, सरिता, यशोदा र शोभना जस्ता नारी पात्रहरू छन्। यीमध्ये प्रतिभा सानैदेखि नारी अधिकारका सम्बन्धमा चेतनशील छे । उसमा प्रतिरोधात्मक क्षमता पनि छ । परिवारबाट स-साना विषयमा हुने विभेदप्रति ऊ असन्तुष्ट छे । उसले ती विभेदप्रति खुलेर विरोध पनि गरेकी छ । दसैँमा टीका लगाउँदा ज्येष्ठताको क्रम मिचेर सधैँ भाइ उदयलाई टीका लगाइदिने गरेकोप्रति उसले आमासँग आपत्ति जनाएकी छ तर यहाँ प्रतिभाकी आमा पितृत्तात्मक सोचबाट पूर्णतया ग्रस्त छे । उसले प्रतिभाको यस्तो आपत्तिलाई स्वाभाविक मानेकी छैन । नारी भाग्यले ठगिएको जात भएकाले ऊ पुरुषभन्दा सधैँ पछाडि पर्नुपर्छ भन्ने उसको सोच छ । उसका विचारमा पुरुष वंशको खम्बा हो भने नारी अर्काको घरको भित्ता टाल्ने जात हो । उसका नारीप्रतिका यी विचार उपन्यासमा यसरी आएका छन्-

> टीका लगाउँदा भने पहिले छोराकै रोल आउँछ, उदयले नै पहिले बाबुको आशीर्वाद लिन्छ । ऊ भनेको यस घरको पुर्ख्यौली थाम्ने खम्बा हो । तिमीहरू अर्काको घरको भित्ता टाल्ने जात हौ । जसरी म यहाँ आएँ, तेरी दिदी गई, त्यसरी नै तँ पनि जान्छेस्, छोरा भनेको यहीँ रहिरहन्छ । पछिसम्म हामीसँग बसी हामीलाई पाल्दछ (१२)।

यसमा प्रतिभाकी आमाको पितृसत्तात्मक सोचको प्रस्तुति भएको छ । यहाँ उसले छोरी अर्काको घरमा जानुपर्ने जात भएका कारण आफ्नो घरमा कुनै पनि कुरामा पहिलो हकदार हुन नसक्ने बताएकी छ । परिवारको मुख्य व्यक्तित्व छोरा हो । ऊ नै आमाबाबुको पालनकर्ता हो । त्यसैले परिवारमा छोरीको छोराभन्दा पछि मात्र हक अधिकार प्राप्ति हुन्छ । त्यसैले जन्मेको घरमा आमाबाबुसमक्ष छोरीले हकदाबी गर्नु हुँदैन भन्ने स्पष्ट मत प्रतिभाकी आमाका यी अभिव्यक्तिबाट उजागर भएका छन् । यसबाट नारीले पुरुष प्रभुत्वमा अधीनस्थता सहजै स्विकारेको अवस्था मुखरित भएको छ ।

प्रस्तुत उपन्यासमा प्रतिभाकी आमाका थप अभिव्यक्तिले पितृसत्तात्मक शक्तिसंरचनामा छोरीलाई परिवारको लागि बोझ मात्र हुने तथ्यको उद्घाटन गरेको छ । यसमा छोरीलाई बोझका रूपमा लिने सोच पुरुषमा मात्र नभएर नारीमा झन् तीव्र रहेको देखिन्छ । प्रस्तुत उपन्यासमा प्रतिभाकी आमाले यस्तै सोचको अभिव्यक्ति भएको छ-

> अनि लोग्नेको नामको पछाडि मेरो थर राख्नुपर्छ भनेर कसलाई भन्छेस् नि ? उदयकी स्वास्नीले त हाम्रो थर राख्छे । जस्तै जे भए पनि छोरीको जूनी हारेकै हो । हारेकोले सौदा गर्नु नै पर्छ । यति ठूली भइसकिस् तेरो उमेरमा हाम्रो बिहे भइसकेको थियो । अझ पनि सानी भएर यस्तो कुरा गर्दै हिँड्छे (१३)।

यसमा प्रतिभाकी आमामा पितृसत्तात्मक सोचको प्रधानता प्रस्तुत भएको छ । पितृसत्तात्मक प्रभुत्वलाई स्वीकार गरेकीप्रतिभाकी आमाका यी भनाइबाट नारीको नारीप्रतिको दृष्टिकोण र सम्बन्ध झल्किएको छ । यहाँ एक आमा नारी भएर पनि आफ्नी छोरीको भावना बुझ्न सकेको देखिँदैन । उसले यहाँ नारीको जीवनलाई हारेको जीवन मानेकी छ । उसको जीवनभरको भोगाइ, उसले निर्वाह गरेको भूमिका र पितृसत्ताले लादेको वैचारिकताका कारण उसमा नारीका अधिकार र पितृसत्ताको दमनकारी सम्बन्धका सम्बन्धमा चेतना आउन सकेको छैन । उसले छोरी भनेको बिहे गरी अर्काको घर सम्हाल्नुपर्ने निरीह हरूवा प्राणी हो भन्ने मान्यता राख्दै छोरीलाई पनि स्वतन्त्रताको अपेक्षा नराख्न दबाब दिइरहेकी छ । उक्त दबाबमा उसको लाचारीपन समेत झल्किन्छ । यसबाट प्रतिभा र उसकी आमाबिच सम्बन्धमा टकराव देखिन्छ । आमा पितृसत्ताको पहरेदार भएर परम्परागत सोचलाई हुर्काउन मदत गरिरहेकी छ भने छोरी लैङ्गिक समानताको नयाँ सोच लिएर अगाडि बढेकी छ । यी दुवैबिचपुरुष प्रभुत्वका विषयमा द्वन्द्वको स्थिति देखा परेको छ ।

प्रस्तुत उपन्यासमा प्रतिभा र अम्बिकाबिच सासूबुहारीको पारिवारिक सम्बन्ध छ । यहाँ अम्बिका पूर्णतया पितृसत्तात्मक सोचद्वारा ग्रसित छ भने प्रतिभा त्यसको विरुद्धमा नारी अस्तित्वको पक्षमा छ । अम्बिकाको लागि नारीले धन सम्पत्तिको उपभोग गर्न पाउनु नै ठूलो कुरा हो । ऊ नारी पितृसत्तात्मक समाजमा पुरुषपक्षीय संस्कृतिको पालना गर्ने कडी भएकाले पुरुषको सेवा गर्नु उसको कर्तव्य हो भन्ने सोच राख्ने पात्र हो । त्यसैले उसले कमलको व्यापारको रहस्य जान्न इच्छुक हुँदा छोरा कमलसँग मिलेर प्रतिभालाई बन्दी बनाएकी छ साथैउसलाई डाक्टरबाट गलत औषधी सेवन गराउँदै पागल साबित गराउन भूमिका खेलेकी छ । कमलको दोस्रो विवाह गरी बुहारीमाथि सौता हालिदिने काममा ऊ नै मुख्य दोषी छ तर उसले यसको दोष प्रतिभालाई लगाउँदै आफ्नो कार्यलाई यसरी सही साबित गराउन खोल्दैछे-“जे भए पनि जेठी बुहारी त तैं होस् । यस्तै स्वभावले गर्दा सौता भित्र्याउने भइस् । अब सौताको खटनमा परेपछि थाहा पाउँछेस् । बुझिस् आज तेरो लोग्नेको विवाहको दिन हो (२६)।”यसमा पितृसत्ताको प्रभुत्वलाई स्वीकार गरी त्यसलाई मलजल पुऱ्याउने काममा नारीहरूले ठूलो भूमिका खेल्ने गरेको तथ्य उजागर भएको छ । पितृसत्तामा पुरुषले पत्नी थप्नु आफ्नो अधिकार सम्झन्छ । उसको त्यो बुझाइलाई यथार्थमा परिणत गराउन आमालगायतका भूमिकामा रहेका नारी पात्रको समर्थनले ठूलो बल पुऱ्याएको हुन्छ । यहाँ पनि गलत बाटोमा लागेको छोरोलाई सम्झाउनुको सट्टा झन् आमाले नै बुहारीमाथि सौता भित्र्याइदिने चाँजोपाँजो मिलाइरहेकी छ । उसले भनेकी छ-“कमलले त विवाह गर्न कहाँ मानेको थियो र मैरै जोडले मात्र केही भन्न नसकेको । आफ्नो त वंश थाम्न पर्ने एउटै छोरो (२७)।”यसमा नारीको शोषणकार्यमा पुरुषलाई नारीले नै सघाउ पुऱ्याउने गरेको यथार्थ प्रस्तुत भएको छ ।यसबाट परिवर्तनकारी सोच राख्ने र परिवर्तनका लागि बोल्ने नारीहरूलाई नारीबाटै समर्थन नहुने पारिवारिक यथार्थ स्पष्ट भएको छ । यहाँ सासू पितृसत्ताको पहरेदारका रूपमा उभिँदा बुहारी शोषण र उत्पीडनमा पर्नुपरेको छ । सासूको समर्थनमा लोग्नेबाट हिंसा र उत्पीडन सहनु परेपछि प्रतिभा आफ्नो अस्तित्वरक्षाका लागि घरबाट भाग्नुपरेको स्थिति छ । त्यसैले प्रस्तुत उपन्यासमा नारीले नारीको मर्म बुझ्न नसक्दा परिवारमा पुरुषको प्रभुत्व बढिरहेको र बाँचिरहेको अनि त्यसबाट नारी पीडित बन्नुपरेको अवस्था छ ।

प्रस्तुत उपन्यासमा प्रतिभा घरबाट भागेर आश्रय लिएको जीवनको परिवारमा यशोदा र रागिनीबिच सासूबुहारीको सम्बन्ध रहेको छ । रागिनीको अन्तर्जातीय विवाह भएका कारण सासूले प्रारम्भमा उसलाई कुनै महत्त्व नदिएको देखिन्छ तर पछि उसले रागिनीलाई छोरीको जस्तो व्यवहार गर्न खोजेको देखिन्छ । उसको रागिनीप्रतिको व्यवहारलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ-

रागिनीलाई छोरीको रूपमा पाउन निकै प्रयास गर्दथिइन् । बेजातकी रागिनी भए पनि जातिभेद आउन दिएकी थिइनन् । उनको कमजोरीलाई नादानीपन मानेकी थिइन् । उनको पुरानो रीतिरिवाजप्रतिको क्रान्तिको आवाजसँग उनी भयभीत भए पनि उनी रोक्दिन थिइन् । रागिनीलाई उनकै रागमा अलाप्न दिन्थिन् । आफ्नो भित्रको दर्दलाई उनी अल्सर मानी वास्ता गर्दिनथिइन् । बाथले डल्लिएर बिछ्यौनामा कैद हुँदा पनि उनी रागिनीलाई सेवाको माग गरी रोक्दिन थिइन्, न त दयाको पात्र नै बन्न खोज्दथिइन् (६४-६५)।

उपन्यासमा वर्णित यी अभिव्यक्तिबाट यशोदाको रागिनीप्रतिको व्यवहारमा स्नेहको भाव मिश्रित देखिन्छ । बुहारीले घरकै काम र सासूहरूको सेवा गरेर बस्नुपर्छ भन्ने परम्परागत मान्यतालाई उसले छोडेकी छ र बुहारीलाई उसको व्यक्तित्व विकास गर्ने अवसरबाट वञ्चित गराउने किसिमका व्यवहार गरेकी छैन । त्यसैले यशोदा परिवर्तनलाई स्वीकार गरी अघि बढ्ने खालकी नारी देखिन्छे । उसको प्रतिभासँगको सम्बन्ध पनि आमाछोरीको जस्तो छ । उसले प्रतिभालाई आफ्नो घरमा छोरीजस्तै व्यवहार गरेर राखेकी छ । प्रतिभासँग मनका कुरा बाँड्ने, आफ्नो सेवा गर्न अनुमति दिने र प्रतिभा घर छोडेर जान लाग्दा नजानको लागि आग्रह गर्ने गर्नुमा उसको प्रतिभाप्रतिको स्नेह झल्किन्छ ।

प्रस्तुत उपन्यासमा प्रतिभा र रागिनीबिचको सम्बन्ध सामाजिक स्वरूपको छ । प्रतिभालाई हेर्ने रागिनीको नजर भने शंकालु र ईर्ष्याको भावमिश्रित छ । प्रतिभा रागिनीलाई भाउजू मानेर सम्मानको व्यवहार गरिरहेकी छ भने उसले जीवनसँग प्रतिभाको हिमचिम र सामिप्यमा प्रतिभाजस्ती भगुवा नारीले आफ्नो वैवाहिक जीवन भाँड्न गरेको षड्यन्त्र देखिरहेकी छ । उसले प्रतिभाको आफ्नो परिवारसँगको बसाइ मन पराएकी छैन । त्यसैले उसले बेलाबेलामा प्रतिभालाई कटाक्ष हान्ने र अपमानित महसुस गराउने व्यवहार गरेकी छ । उसले प्रतिभालाई जीवनले पढ्न दिएको पुस्तक लुकाइदिने, साथीहरूका अगाडि जादुगर र एकादेशकी परी भनेर उपहास गर्ने गरेकी छ ।प्रतिभाले भने जीवन र रागिनीको बहसमा रागिनीको पक्ष लिएर जिम्मेवारी निर्वाहमा जीवनले रागिनीलाई सघाउनुपर्ने बताएकी छ । यसमा पनि रागिनीले प्रतिभालाई कटाक्ष हान्न छोडेकी छैन ।उसले भनेकी छ-“जान्ने हुन सबै सक्दछन् भोग्नु परेमा थाहा हुन्छ । यस्तो ज्यादा जान्ने हुनाले त यस्तो भोग्नु परेको छ (५६)।” यहाँ रागिनीको प्रतिभाप्रति ईर्ष्याको भाव रहेको पाइन्छ । यही ईर्ष्या र जीवनसँगको सामिप्यलाई गलत नजरले हेर्ने उसको स्वभाव उपन्यासमा अन्य ठाउँमा पनि प्रस्तुत भएको छ ।प्रतिभाले जीवनले पढ्न दिएको पुस्तकको बारेमा सोधेपछि रागिनीले व्यक्त गरेका यी अभिव्यक्तिमा रागिनीको ईर्ष्या र वितृष्णालाई नै प्रस्तुत गरेको छ-“अहो ! त्यति पनि भन्न नहुने के के न गरे जस्तो ? धेरै लाडे पल्टाएर छोरी बहिनी बनाएर राखेको छन्

। नन्द भै टोपलेकी होली (६७)?" यसमा एक पराई नारी आई आफ्ना सासू र पतिसँगको सामिप्य प्राप्त गरेपछि रागिनीमा उत्पन्न असुरक्षाको भाव व्यक्त भएको छ । यसले एक नारीले अर्को नारीलाई विश्वास गर्न नसकी ईर्ष्यालु भाव राखेकोपुष्टि गरेको छ ।

प्रस्तुत उपन्यासमा शिक्षित नारीहरूमा पनि नारीप्रतिको शंकालु दृष्टिकोण यथावत् रहेको पुष्टि गर्ने अन्य प्रसङ्ग पनि छन् । रागिनी र जीवनका सन्तान र घरायसी काम पूर्णतया सम्हाली रागिनीलाई नोकरीमा जान निश्चिन्त वातावरणको सिर्जना गरिदिएकी प्रतिभाप्रति रागिनीले शंका गर्न छोडेकी छैन। जीवनलाई लिएर प्रतिभामाथि रागिनीको शंका यसरी प्रस्तुत भएको छ-

> प्रतिभा जो अबला नारी छन्, एकबाजी यति सजिलोले पाएको सहारा कहाँ छोड्लिन् र उनको योग्यताको शक्ति मेरो बसिबसाएको संसार उजाडेर यसैमा एक भागमा अधिकार गरी मलाई लुटाउनुभन्दा बढी अरु के हुन सक्छ र ? नारीले प्रत्येक नारीले गर्न सक्ने र गरिआएको यही प्रतियोगिता त हो नि (७१)?

यहाँ रागिनीले प्रतिभाको जीवनसँगको हिमचिमको गलत अर्थ लगाएकी छ । उसले प्रतिभाले जीवनलाई आफ्नो बनाएर उसको वैवाहिक जीवनमा बाधा सिर्जना गर्न खोजेको आरोप लगाएकी छ । उसका विचारमा नारी नै नारीको परिवार तोड्ने कारक हो । पुरुषका लागि एकअर्कोसँग लड्नुबाहेक नारीमा अर्को योग्यता नै हुँदैन भन्ने किसिमको रागिनीको सोच यस अभिव्यक्तिमा देखिन्छ । यसले नारीमा निहित शंकाभाव र संकुचित सोचाइलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत उपन्यासमा प्रतिभाले सहजै पाएको सहारा र घर छोडेर जान लाग्दा रागिनीले प्रतिभाप्रति भएको आफ्नो शंका गलत रहेछ भन्ने बुझेकी छ । प्रतिभा बेसहारा भएका अवस्थामा पनि पाएको आश्रयलाई छोडेर जान लागेको देखेपछि उसको प्रतिभाप्रतिको दृष्टिकोण नै परिवर्तन भएको छ । उसले प्रतिभा बेसहारा नारीबाट योग्य नारीमा बदलिएको आभास गरेकी छ साथै उसले प्रतिभालाई अबलापन त्यागी आफ्ना लागि संघर्ष गर्नसक्ने र वास्तविक मान्छेको जीवन बाँच्न हिम्मत गर्ने नारीका रूपमा लिएकी छ । त्यसैलेउसले प्रतिभासँग आफूले गरेका व्यवहार गलत भएकोमा माफीसमेत मागेकी छ ।उसले नारीहरू यस्तै शंका, डाह र त्रासले गर्दा नै आपसमा मिल्न नसकी आफूलाई हँसाइरहेको यथार्थको बोध गरेकी छ । त्यसैले उसले प्रतिभालाई नारी जातिको परिचयमा यीबाहेकका अरु संज्ञा पनि जोडिदिन आग्रह गरेकी छ । यसबाट प्रारम्भमा प्रतिभा र रागिनीबिच सम्बन्धमाटकराव र असमझदारी देखिएको र त्यसमा नारीको ईर्ष्या र शंकाका भावले भूमिका खेलेको देखिन्छ । अन्तिममा भने उनीहरूको सम्बन्ध समझदारीमा पुगेको छ ।

*खोज* उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धमा नारी पात्रका उत्पीडन र हिंसाका स्वरूपको वर्णन गरिएको छ ।यस उपन्यासका नारी पात्रका बिचमा पारिवारिक र सामाजिक दुवै स्तरको सम्बन्ध रहेको छ । पारिवारिक रूपमा शान्ति र उसकी आमाका बिचको सम्बन्धमा प्रारम्भमा असमझदारी देखिन्छ । शान्तिकी आमाले छोरालाई बढी र छोरीलाई कम महत्त्व दिने गर्नाले छोरीलाई केही दिनको आश्रित पाहुनाको रूपमा लिएकी छ। त्यसैले शान्तिले आफ्ना मनका कुरा आमासँग भन्न हिच्किचाएकी छ । आमा छोरीप्रति अलि बढी हुकुमी भए पनि कर्तव्यप्रति चिन्तित पनि देखिएकी छ । शान्तिले आई.ए. सम्मको अध्ययन गरिसकेकाले उसको विवाहको दायित्व पूरा गरिदिनुपर्ने विचारले संयोगलाई केटा खोज्न अह्राएकी छ । संयोगले बूढी मरिसकेको, छोरी भएको र उमेरमा पनि धेरै जेठो केटो शान्तिका लागि प्रस्ताव गर्दा त्यसमा सहमत पनि भएकी छ तर पछि शान्ति असहमत भएपछि छोरीका इच्छाको कदर पनि गरेकी छ । उसले बिहे गरेर जीवन बिताउनुपर्ने छोरीनै असहमत भएका कारण उसका कुरा मान्नुपर्ने तर्क यसरी गरेकी छ-

> यो कुरामा मैले शान्तिकै पक्ष लिनुपर्छ । यो त्यसको जीवनभरको कुरा हो । सुरुमै मन नपरेपछि त्यत्तिकैमा पछिसम्म जीवन बित्दैजान्छ । तेरै दिदी एउटी अगाडि छँदैछे । भिनाजुले गर्दिन भन्दा भन्दै उनका आमाबाबुले कर लगाएर विवाह गराइदिए । अहिले आफूहरू मरेर गए मेरो छोरीलाई लोग्नेछ भन्ने सम्झाउन तीन ओटा बच्चा र थोत्रो घर समातेर बस्नुपरेको छ(२१)।

शान्तिकी आमाका यी भनाइबाट उसमा नारीका अधिकारप्रतिको सचेतना भएको देखिन्छ जसले गर्दा शान्तिको त्यो मान्छेसँग विवाह नगर्ने निर्णयमा समर्थन जनाएकी छ । यसबाट ऊ छोरीको भविष्यका सम्बन्धमा चिन्तित भएको देख्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा शान्तिले आमाको जातिसम्बन्धी धारणा पुरातन किसिमको भएकाले बादलसँगको प्रेमका बारेमा आफ्नी आमालाई केही नभनी विवाह गरेकी छ । उसले आमाका चेतावनीलाई यसरी सम्झेकी छ- "हेर, तैँले पनि त्यस्तै कुबाटो समातिस् भने प्रेम स्रेम केही भन्दिन नत विवाह गरिदिन्छु न त त्योसँग भागिस् भने तेरो मुख हेर्छु ? यो कुरा सोचिराखेस्, म अरु जस्ती हैन (२९)?"विवाहपहिले नै शान्तिकी साथीले अन्तर्जातीय विवाह गरेको थाहा पाएर उसकी आमाले शान्तिलाई पनि यसरी सचेत गराएकी थिई । त्यसैले उसले आमाको डरले केही नभनी बिहे गरेकी छ र पछि पछुताएकी पनि छ । उसलाई यस्तो लागेको छ-

> मैले आमाकहाँ गएर मलाई योसँग विवाह गरेर बिदा दिनोस् भन्ने आँट किन गर्न सकिनछु ? बा हुनुहुन्नथ्यो, एउटी आमालाई ढाँटेर के आनन्द पाउँला भन्ने ठानेकी हुँ ? धिक्कारै छ तेरा बुद्धिलाई । यी दुःख सुख भनेको हामीले आफ्नै कर्मबाट यसरी उब्जाएका हुँदारहेछौँ (२९)।

यहाँशान्तिलाई आमालाई नबताई विवाहगरेकोमा पछुतो लागेको छ । ऊ बेचिएपछि पनि लामो समयसम्म आमा र समाजको डरले आफ्नो घर आउन सकेकी छैन । आमाले भने शान्ति बेच्ने अपराधीलाई कानुनी सजाय दिलाएकी छ । पछि उनीहरू समाजसेवाको एउटै उद्देश्य लिएर एकसाथ काम गरिरहेका छन् । त्यसैले सुरुमा असमझदारीपूर्ण भए पनि अन्त्यमाभने उनीहरूका बिचमा स्नेह र समझदारीको सम्बन्ध स्थापित भएको छ ।

प्रस्तुत उपन्यासमा नारी सम्बन्धको सामाजिक स्वरूप पनि छ । यसमा समाजमा नारीलाई उत्पीडन, शोषण र हिंसामा पार्न नारीको धेरै ठूलो भूमिका रहेको देखाइएको छ । उपन्यासमा नारी बेचबिखन र देहव्यापारका काममा लाग्न नारीले नै नारीलाई बाध्य बनाएका छन् । यस उपन्यासमा शान्ति बेचिनुमा सोमनाथ र बादललाई साथ दिने सोमनाथकीपत्नीको ठूलो दोष छ । देखावटी रूपमा धार्मिक कार्यक्रम गर्ने र सोझासाझा नारीलाई सासूससुरा बनी वेश्यालयसम्म पुऱ्याउने काममा सोमनाथकी पत्नी संलग्न रहेकी छसाथै वेश्यालयमा यौनधन्दा चलाएर बस्ने नाइके पनि नारी नै छन् । यस उपन्यासमा पनि वेश्यालयकी वाइले थुप्रै नारीलाई खरिद गरेर यौनधन्दा चलाएकी छ । शान्ति पनि यस्तै उत्पीडन भोग्न बाध्य भएकी छ । नारी भएर पनि नारीका पीडा बुझ्न नसक्ने यस्तै नारीका कारण समाजमा नारीप्रति हिंसा, शोषण र उत्पीडनका घटनाहरू भएका छन् ।

प्रस्तुत उपन्यासमा समाजमा यथावत् रहेको दाइजो प्रथाका कारण नारीहरू उत्पीडनमा परेको कुराको पनि वर्णन गरिएको छ । दाइजो प्रथा पुरुषपक्षीय भए पनि यसको कार्यान्वयनमा नारीको भूमिका प्रमुख रहने गरेको छ । दाइजोको अपेक्षा गर्ने र दाइजो नल्याउने बुहारीलाई मानसिक रूपमा तनाव दिने कार्य प्रस्तुत उपन्यासमा पतिहत्याको आरोपमा कैद सजाय भोगिरहेकी युवतीकी सासूले गरेकी छ । उसले बुहारीका माइतीले अलिकति पनि दाइजो नदिएर समाजका अगाडि आफूहरूको बेइज्जत गरेको भन्दै बुहारीमाथि यसरी सासूको प्रभुत्व जमाउन खोज्दै छे-

तेरा माइतका धनका तुजुक जे जति छ त्यो त्यहीँसम्म राख यहाँ एकवचन बोल्न पाउन्नस् र त्यो मेरो छोरोलाई जथाभावी भन्ने होइन ? जस्तै तँ र तेरो बाबु भए पनि आखिर मेरो छोराको जोइ तैँ होस् । तँ हाम्रो बुहारी नै होस् (९९)।

उसका यी भनाइ पितृसत्ताका पक्षमा छन् । नारीले बुहारी र पत्नी भएका कारण आफूविरुद्ध भएका शोषण र उत्पीडनमा पनि चुप लाग्नुपर्ने उसको विचार छ । यसले नारी नारीबिचमा पितृसत्तालाई लिएर द्वन्द्व भइरहने कुराको सङ्केत गरेको छ ।

प्रस्तुत उपन्यासमा कपिलकी हजुरआमा र शान्तिको सम्बन्ध पनि उल्लेख्य छ । वेश्यालयबाट भागेर चितवन पुगेकी शान्ति उसको साथी कपिलमार्फत हजुरआमासँगको सम्पर्कमा पुगेकी छ । उनीहरू दुवै समाजमापितृसत्ताका कारण उत्पीडित पात्र हुन् । यी दुवैमा आपसमा सहानुभूति र समर्थन छ । दुवै नारी पौराणिक कालदेखि आजको युगमा समाजमा भएका लैङ्गिक विभेद, नारी पुरुष सहकार्य र नारीको अस्तित्वप्रति सचेत छन् । दुवैले समाजमा विद्यमान लैङ्गिक सम्बन्धका विषयमा लामो बहस गरेका छन् । उनीहरूले आफूले जीवनमा भोगेका उत्पीडन र शोषणका अनुभव बाँडर एकअर्काप्रति सहानुभूति राखेका छन् । यसर्थ उनीहरूको बिचको सम्बन्ध सौहार्दपूर्ण रहेको पाउन सकिन्छ ।

*विश्वास* उपन्यास पितृसत्तात्मक सत्तासम्बन्धका माध्यमले नारीमाथि हुने दमनका स्वरूपको चित्रणमा केन्द्रित रहेको छ । यसमा ग्रामीण र सहरी परिवेशका नारी पात्रहरूको बाहुल्य रहेको छ । ती नारीहरू अशिक्षित, शिक्षित दुवै किसिमका छन् । यसमा नारीहरूको सम्बन्ध पारिवारिकभन्दा बढी सामाजिक स्वरूपको रहेको छ । पारिवारिक रूपमा नारीहरू आमाछोरी, सासूबुहारी र सौता जस्ता नातासम्बन्धमा आबद्ध छन् । तीमध्ये उपन्यासको सुरुवातमै माइली र गंगाको सम्बन्ध देख्न सकिन्छ । यहाँ यी आमाछोरी विष्णु शर्माको पुरुष प्रभुत्वको अगाडि लाचार छन् । आमाले छोरीको बालविवाह हुन लाग्दा उसलाई त्यसबाट बचाउन धेरै प्रयत्न गरेकीछ तर छोरीको दुःख, पीडार अनुभूति बुझेर पनि पतिको हस्तक्षेपका कारण आमाले छोरीलाई सहयोग गर्न सकेकी छैन । ऊ छोरीको सानै उमेरमा विवाह हुन लागेको प्रति निकै चिन्तित छ । उसले आफ्नो चिन्ता यसरी व्यक्त गरेकी छ-“यति सानी यसरी कसरी जीविका चलाउली ? दुच्छर सासू, बदमास केटा र घमण्डी ससुरा छन् । हामी स्वास्नी मान्छेले भनेको कुरा पत्याउनै हुन्न जस्तो यसको बाबुले गर्छन् । हामी आमाहरूलाई त के छोरी जन्माउनु मात्र रहेछ (१२)।” यहाँ माइली छोरीको सानै उमेरमा विवाह हुन लागेकोप्रति चिन्तित भए पनि आफ्ना इच्छाको सुनुवाइ नभएपछि जबर्जस्ती छोरीको विवाहका लागि तयार भएकी छ ।यहाँ माइलीले पुरुष प्रभुत्वको अधीनमा बस्नुपरेकाले छोरीप्रति माया भएर पनि दर्साउन पाएकी छैन ।

प्रस्तुत उपन्यासमा छोरी गङ्गाले विवाह गर्दिनँ भनेर आमासँग सहयोगको अपेक्षा गरेकी छ। माइलीले भनेविवाह छिनिइसकेकाले उसको भविष्यका सुरक्षा गर्न विवाहको लागि छोरीलाई मानसिक रूपमा तयार पार्न खोजेकी छ ।उसले बाबुले भनेका कुरा मान्नुपर्छ भनेर गङ्गालाई सम्झाउने कोसिस गरेकी छ । उसले विवाहपश्चात् सुरेशको ऊप्रतिको व्यवहार र पीडा सुनाउँदा घर धानिदिनकै लागि गङ्गालाई यसरी फकाएकी छ-

> विवाह भर्खर भएको छ अहिलेदेखिन् घर छोडेर माइत आई बस्ने कुरा गर्नु हुँदैन । तैँले जीवन गुजारा त्यही लोग्नेसँग बसेर गर्नुपर्छ । तेरो घर त्यही हो यो त माइती भइसकेको छ । फर्केर यहाँ आई बसिस् भने तेरो आफ्नो भन्ने केही हुँदैन । यसैले मनलाई बाँधी राख । यो जति भड्किन्छ त्यति दुःख भोग्नुपर्ने हुन्छ (१४)।

यहाँ समाजमा छोरीलाई विवाह गरेर पठाएपश्चात् जिम्मेवारी र दायित्वमुक्त हुने परिपाटी भएका कारण छोरीको शारीरिक, मानसिक पीडा बुझेर पनि माइलीले गङ्गालाई सान्त्वना र सहारा दिन सकेकी छैन । ऊ आफू नै पुरुषका अधीनमा रहेका कारण उसले छोरीलाई माइतमै बस् भन्ने आँटसम्म देखाउन सकेकी छैन । उसले आमा भएका नाताले गङ्गाको चिन्ता गर्ने, सम्झाउने र सल्लाह दिने अभिभावकको भूमिका निर्वाह गरेकी छ । उसले पति विष्णु शर्माको प्रभुत्वको अगाडि लाचार भएका कारण जानीजानी छोरीको अनमेल विवाह हुन दिएकी छ ।

प्रस्तुत उपन्यासमा नारीहरूको सम्बन्धको सामाजिक रूप पनि छ । यसकानारी पात्रहरू विभिन्न कुप्रथा र परम्पराका कारण उत्पीडनमा परेका छन् । नारी उत्पीडनमा पर्नुमा समाजमा पुरुष प्रभुत्व जिम्मेवार हुँदाहुँदै पनि त्यसमा नारी पात्रको पनि भूमिका रहेको छ । नारीले नै नारीलाई शोषण गराउने खालका कुप्रथाको वकालत गर्दै नारीलाई पीडित गराउन मदत गरेका छन् । प्रस्तुत उपन्यासकी देवी बालविधवा भएका कारण वैधव्य जीवन बिताउन बाध्य भएकी छ। पतिको मृत्यु भएपछि उसलाई घरकी सासूले नै पोइटोकुवा र बोक्सीको संज्ञा दिएकी छ। विधवा भएका कारण उसले विवाहलगायतका संस्कारमा सहभागी हुँदा तिरस्कार सहनु परेको छ । दुर्गाको शिक्षाको अभियानमा लागेर छोरीलाई पढ्न पठाउन आग्रह गर्दा पनि उसले नारीबाट तिरस्कार र अपहेलना सहनुपरेको छ । उसको शिक्षिका दुर्गासँगको सम्बन्ध भने समझदारी र सहयोगमा अडेको छ । दुर्गाले देवीलाई उसका हरेक कार्यमा साथ दिएकी छ । दुर्गाले देवीले समाजबाट पाउने लाञ्छनाका विरुद्ध प्रतिकारमा उत्रेर देवीको समर्थन गरेकी छ । विधवा धर्म पालना गरेर नै मातृत्वको चाहना पूर्ति गर्ने देवीको चाहना दुर्गाकै पहलमा पूर्ण भएको छ । दुर्गाले देवी र उसको बच्चालाई सामाजिक न्याय दिलाउनका लागि समाज अनि कानुनसँग पनि लडेकी छ । देवीले पनि

दुर्गाको शिक्षा बिस्तारको अभियानमा सुरुदेखि अन्त्यसम्म साथ र सहयोग दिएकी छ । त्यसैले देवी र दुर्गाको सम्बन्ध सहयोग र सद्भावमा टिकेको छ ।

प्रस्तुत उपन्यासमा नारीहरूको नारीप्रतिको दृष्टिकोण नै हेय प्रकारको छ । नारीको काम घरव्यवहार बच्चा सम्हाल्नुमात्र हो । त्यसैले नारीले पढ्न जरुरी छैन भन्ने मान्यता राख्ने समाजका नारी अभिभावकका कारण धेरै छोरीहरू पढ्ने अवसरबाट वञ्चित भएका छन् । उपन्यासमा दुर्गासँग गाउँले नारीले भनेका यी भनाइले नारीप्रतिको दृष्टिकोण प्रस्टिन्छ -

> पढ वा लेख पहिले समस्या यही पेट पाल्नु हो । त्यसलाई जसरी आज पालेका छौँ भोलि पनि त्यसरी नै पाल्ने छौँ । पढलेख गरेपछि कमाइ गर्न त्यही शहरमा जानुपर्ने हो । त्यहाँ छोरामान्छेलाई त पाखे भनेर पन्छाउँछन् रे भने यी छोरीहरूत्यहाँ पुगेर त्यतिका जान्नेसुन्ने लोग्नेमान्छेसँग भिडेर के काम गरे खान्छ? यिनले गर्नुपर्ने र जान्नुपर्ने यिनै घरधन्दा हुन् त्यो गर्न सानैदेखि लगाएका नै छौँ । यति भए पुग्छ (५१)।

उपन्यासमा प्रस्तुत यी भनाइ छोरीलाई पढ्न पठाउन आग्रह गर्दाका जवाफ हुन्, जसमा नारीले पढ्नुभन्दा घरधन्दा सिक्नु राम्रो मानिएको छ । नारीका नारीप्रतिका यस्तै विचारले गर्दा नारीहरू पछाडि परेका छन् ।

प्रस्तुत उपन्यासमा अगाडि बढ्न खोज्ने र सामाजिक हितका काम गर्ने दुर्गा र देवीलाई नारीबाट नै समर्थन प्राप्त भएको छैन । समाजका नारीहरूले दुर्गालाई समाजमा भाँड मच्चाएको आरोप लगाइरहेका छन् । गाउँका पण्डितका घरमा भेला भएका नारीहरूका यी अभिव्यक्ति नारीका विरुद्ध नै देखिएका छन्-"यो दुर्गा भन्ने कहाँबाट हाम्रो गाउँमा आई, सारा केटाकेटीहरूलाई भाँडेर आफूजस्तै गतिछाडा र लबस्तरा बनाउन लागिसकी । जानेबेलासम्ममा केटीहरूको ठाउँमा केटा र केटाहरूको ठाउँमा केटीलाई राखेर जान्छे(१६०)।" यहाँ गाउँलेहरूले नै दुर्गाको अन्धविश्वास र अशिक्षाका विरुद्धको कार्यलाई मन पराएका छैनन् । नारीलाई घर र मेलापातका काममा मात्र सीमित राख्ने बानी परेका नारीहरू आफूहरूका हितमा कार्य गर्ने नारीलाई पनि समाज भँडुवाको संज्ञा दिइरहेका छन् । त्यही समूहमा रहेकी अर्की नारीले पनि दुर्गाप्रतिको वितृष्णा यसरी पोखेकी छ-

> त्यसले गरेकी कुरा सुन्दा त बुझ्यौ दिदी, नानी जन्माउने कष्ट हामीले सहनु परेपछि त्यसको हेरचाह गर्ने, स्याहारसुसार गरी हुर्काउने काम तिमीहरूको हुन्छ भनेर लोग्नेमान्छेलाई जिम्मा देलीजस्ती छ । यी हाम्रा गाउँका मूर्ख केटाहरू तरुनी सहरिया

केटीसँग झुम्न पाएका छन् । त्यसैत्यसै लट्ठ परेर पछि लागेका छन्, छि : मलाई त त्यस्ता मर्द कति मन पर्दैनन् (१६१)।

दुर्गाप्रतिका गाउँले नारीका यी अभिव्यक्ति पूर्णतया नारीविरोधी छन् । यस्तै चेतना र व्यवहारका कारण समाजमा चेतना फैलाउने उद्देश्यमा लागेका दुर्गा र देवीलाई गाउँनिकाला गरिएको छ । समाजमा नारीहरूबिचको यस्तो सम्बन्धले पनि नारीहरू नै विभेदका शिकार भएका छन् ।

प्रस्तुत उपन्यासमा देवी र दुर्गाका अभियानप्रति नै नारीहरूको गलत दृष्टिकोण रहेको छ । देवीले छोरीलाई पढ्न पठाउन आग्रह गर्दा एक गाउँले नारीले उसलाई यसरी झपारेकी छ-

तैँले हामीलाई सिकाउने ? हेर यी कपाल, के त्यतिकै सेता भएका हुन् त ? दिन दिनै गाउँ भाँडिदै छ । झन् त्यो तेरो स्कूलको त के कुरा गर्नु, सबैको जड नै त्यही हो । राती रातीसम्म पनि केटाहरू राखेर के कस्तो भाँडभैलोको कुरा हुन्छ भन्ने हामीले थाहा पाएका छैनौ भन्ठानेकी छस्? कसले आफ नी छोरीलाई त्यस्ता स्कूलमा पढाउन पठाओस् ? इज्जतको ख्याल भएका कसले त्यहाँ पढ्न पठाएका छन् ? तेरा त कुरा सुन्दैमा झनक्क रिस उठ्ने हुन्छ, तँ र तेरी मास्टर्नीले जे गरे पनि राम्रो हुने, हामीले गर्न आँटेका सबै फाल्तु (१६३)?

यहाँ शिक्षिका दुर्गा र देवीमाथि स्कुलका आडमा गलत कार्य गरेको आरोप ती नारीबाट आएको छ । यसका साथै अशिक्षा र अन्धविश्वासका विरुद्ध नारी पुरुषलाई एक बनाएर चेतना फैलाउने अभियानमा लागेकी दुर्गालाई गाउँका युवतीहरूले अनैतिक धन्दा चलाएको आरोप यसरी लगाएका छन्-"गाउँका ठेटनाहरू यसै यसै के के न पाउँछौँ कि जस्तोगरी पछि लागेका छन् । केही गरी यो हिँडीहाली भने यिनका मज्जा लुट्ने ठाउँ नै रहँदैन । अहिले पो सुन्नमा स्कुल छ गर्नमा के हो के (१६५)?" यहाँ नारीले नै नारीमाथि यौनधन्दा चलाएको यति ठूलो आरोप लगाएका छन् । गाउँमा अन्धविश्वासका विरुद्ध बोलेर युवाहरूलाई एकजुट बनाउन सफल दुर्गालाई गाउँका युवाहरूसँग यौनधन्दा चलाएको आरोप यो नारीको छ । गाउँका नारीहरूको यस्तै असहयोग र लाञ्छनाका कारण दुर्गा र देवीले गाउँ छोड्नु परेको छ । यसले नारीहरू नै नारीका दुष्मन भई पितृसत्तात्मक प्रभुत्वलाई बल पुऱ्याइरहेको देखिन्छ ।

*नोकरी*उपन्यासमापितृसत्तात्मक शक्तिसम्बन्धमा नारी सशक्तीकरण गर्ने उद्देश्यअनुसारका विषय समावेश छन् ।यसमा नारी पात्रको बाहुल्य छ । यसमा नारीहरूको सम्बन्धको पारिवारिक स्वरूप अगाडि आएको छ । यसमा गौरी, साधना, दया, राधा, प्रेरणा, मीरा र नूर जस्ता नारी पात्रका भूमिका उल्लेख्य छन् । गौरी, साधना र दया आमाछोरीको पारिवारिक नातामा आबद्ध छन्

। गौरी शिक्षित र जागिरे नारी भएकाले उसको छोरीहरूप्रतिको दृष्टिकोण र व्यवहार अत्यन्त उदार र सहयोगी छ । गौरीले छोरीहरूका लागि परिवारका पुरुषका हस्तक्षेपसँग जुध्ने काम गरेकी छ । छोरीले पनि आमाको परिवार र सन्तानप्रतिको आर्थिक उत्तरदायित्वलाई बाँडेका छन् । आमाकै समर्थन र सहयोगमा साधना हवाइपरिचारिका बन्न सफल भएकी छ । बिहे नगरी बस्ने उसको निर्णयमा पनि गौरीले हस्तक्षेप गरेकी छैन । यसर्थ गौरी र उसका छोरीबिचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण र सहयोगी देखिन्छ ।

प्रस्तुत उपन्यासमा नारीको सम्बन्धको सामाजिक स्वरूप पनि अभिव्यक्त भएको छ । विशेष गरेर नेपालको पश्चिमी भेगमा विद्यमान देवकी प्रथाका कारण समाजबाट लाञ्छित हुनुपरेका देवकीको प्रतिनिधि पात्र नूरका जीवनका माध्यमबाट नारीहरूको सामाजिक सम्बन्ध उजागर भएको छ । नूरदेवकी भएका कारण विवाह गरेर गएपश्चात् उसले धेरै यातना र लाञ्छनाहरू भोग्नुपरेको छ । उसलाई उसको सम्पूर्ण परिवारले नै तिरस्कार गरेको छ । त्यसमा पनि उसकी सासूले उसलाई लगाएको लाञ्छना यस्तो छ -

> के भनेर राख्छन् यो बाइफालेलाई यहाँ ? कुन सड्को कुन सड्को हामीलाई छलेर मोज गर्न गई, अहिले त्यसैका लुठाको कुरा सुनेर म आइज बुहारी भनेर घरभित्र हुल्छु के ? नानीदेखिको बानी कहाँ छुटेछ भनेर त्यसै बेला यो लतमा परि सकेकीलाई राख्न हुन्न भनेकी थिएँ, आखिर त्यहीँ भयो कि भएन (८५)?

यहाँ नूरलाई घरका सदस्यले दिएको मानसिक यातना र पीडा सहन नसकेर आत्महत्या गर्न लागेको अवस्थाबाट शिवले बचाएर उसको घरमा लगेको छ । एक परपुरुषसँग उसलाई देखेपछि नूरकी सासूले उसको ठूलो अपमान गरेकी छ । सामाजिक र धार्मिक प्रथाका कारण देवकी बनी देहव्यापार गर्न बाध्य पारिएकी नूरलाई पारिवारिक जीवनमा प्रवेश गरेपश्चात् पनि विगतका कार्यका आधारमा बारम्बार तिरस्कृत गर्ने सामाजिक परिपाटी यस घटनाले उजागर गरेको छ । नारीले नै नारीका पीडा, विवशता नबुझ्रेर गरेको दुर्व्यवहार र तिरस्कारले नारीहरू आत्महत्याको बाटो रोज्न विवश हुनुपरेको यथार्थ यसमा झल्किएको छ ।

*निष्कर्ष* उपन्यासमा इला, इलाकी आमा, भदैनी रेखा, स्नेहा, मीरा र वृन्दा जस्ता नारी पात्रहरू संलग्न छन् । बलात्कारका घटनालाई मुख्य विषय बनाइएकाले यसमा नारीहरूका बिचका सम्बन्धलाई त्यति धेरै महत्त्व दिइएको छैन । तैपनि प्रस्तुत उपन्यासमा नारीहरूबिच पारिवारिक र सामाजिक स्तरको सम्बन्ध निर्क्योल गर्न सकिन्छ । उपन्यासमा इलाको परिवारमा नारी पात्रको बाहुल्य छ । त्यसैले उसको घरमा नारी सदस्यबिच समझदारी नै देखिन्छ । उसकी आमाले

गाउँमा छँदा इलाको पढ्ने चाहना परिपूर्ति गर्न परिवारका पुरुष सदस्यसँग धेरै संघर्ष गरेकी छजसको परिणामस्वरूप ऊ काडमाडौं आई पढेर सक्षम बनेकी छ । इलाले पनि परिवारको सम्पूर्ण जिम्मेवारी लिएकी छ । उपन्यासमा इला र स्नेहा साथी हुन् । स्नेहाले इलालाई उसका निर्णयमा साथ दिएकी छ । इलालाई बलात्कार गर्ने मुख्य अपराधी समिर स्नेहाकै पहलमा पक्रन सफल भएको छ । त्यसैले उनीहरूबिचको सम्बन्ध सहयोगमा आधारित छ ।

प्रस्तुत उपन्यासमा इला बलात्कृत भएपछि समिरकी आमा र बहिनीहरूका ऊप्रतिका विचार नारीविरोधी छन् । इलाले बलात्कारको मुख्य अभियुक्तसँग विवाह गर्ने निर्णय गरेको थाहा पाएपछि उनीहरूले इलालाई हेर्ने दृष्टिकोण अत्यन्त निकृष्ट प्रकारको भएको छ ।रुद्रकी छोरी सुप्रभाले केटाले जिस्क्याएपनि पन्छनु केटीको दायित्व भएको तर्क गरेकी छ । आफ्ना दाजु मात्र नभएर अरु तीन जनाबाट इज्जत लुटिएकी केटीलाई आफ्नो घरको बुहारी बनाएर भित्र्याउन नहुने उसको विचार छ । उसले इला नै समिरको धन, उमेर र पढेलेखेको व्यक्तित्व हेरेर टाँसिन खोजेको आरोप लगाएकी छ । उसले थप यस्तो अभिव्यक्ति दिएकी छ-“त्यसले यहाँ आएपछि केके न पाउला, केके न हुँला भन्ठानेकी होली । आएपछि थाहा पाउँछे, त्यसलाई रखौटीको दर्जामा राख्नुपर्छ । योभन्दा माथि उक्लने साहसै गर्न दिनुहुन्न बुभ्नुभो, दिदी (८३)?” यसबाट नारी नै नारीको विरोधी भएको तथ्य उद्घाटन भएको छ । उपन्यासमावृन्दाले पनि कुनै हालतमा बलात्कृत इलालाई आफ्नो घरमा भित्रिन दिन नहुने अडान लिएकी छ । उनीहरूका यी विचार र अडानले आफ्नो छोरा वा दाइको गल्तीलाई नजरअन्दाज गरी नारीका पीडा बुभ्न नसक्ने मानसिकतालाई उजागर गरेका छन् । यसबाट नारीहरूमा पितृसत्तात्मक सोचको प्रधानता भएको र उनीहरू नै नारीलाई शोषण, उत्पीडन र विभेदमा पार्ने कार्यमा पुरुषका सहयोगी रहेको देखिएको छ ।

## @=% Igisif{

गीता केशरीका उपन्यासमा पितृसत्तात्मक समाजमा विद्यमान नारीमाथिका लैङ्गिकविभेद, शोषण, उत्पीडन, हस्तक्षेप, दबाब तथाप्रभुत्वको चित्रण गरिएको छ । यी उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धमा स्थापित बालविवाह, बहुविवाह, सट्टा विवाह, अनमेल विवाह, विधवा परम्परा, बोक्सीको आरोप, देवकी प्रथा, सौताका समस्या र दाइजो प्रथा जस्ता पुरुष पक्षीय परम्परा, प्रथा, संस्कार, नियम वाकानुनका कारण नारीमाथि हुने दमन र हिंसाका स्वरूपको वर्णन छ । उनका उपन्यासमा पितृसत्ताका यिनै प्रथा परम्पराअन्तर्गत परिवार, समाज,संस्कृति, कार्यक्षेत्र रधर्म आदिका क्षेत्रमा रहेका नारी पुरुषका भूमिका, व्यवहार र एकअर्काप्रतिका दृष्टिकोणको व्याख्या गरिएको छ ।

केशरीका केही उपन्यासका नारी पुरुष पात्रबिच पारिवारिक तहमा समझदारीपूर्ण सम्बन्ध स्थापित भएको देखिन्छ । यी उपन्यासमा एकअर्काका निर्णय र इच्छाको सम्मान र आपसी सहयोगले उनीहरूबिचको सम्बन्ध सुमधुर बनेका उदाहरण पनि छन् तर उनका उपन्यासमा प्रायःजसो नारीहरू आमाबाबुबाटै पारिवारिक तहदेखि नै विभेदमा परेका छन् । उनीहरू छोरा वंश धान्ने जात र छोरी अर्काको घरको भित्ता टाल्ने जात हो भन्ने मानसिकताका कारण परिवारका संस्कारगत कार्य र शिक्षा आर्जनमा विभेदमा परेका छन् । उनीहरूले आफ्नो व्यक्तिगत जीवनको निर्णय गर्न पनि पाएका छैनन् । छोरी आमाबाबुका लागि बोझ हुन्छे भन्ने मान्यताका कारण उनीहरू अनिच्छामै बाबुआमाको इच्छा र दबाबमा विवाह गर्न बाध्य भएका छन् । विवाहपछि माइती पक्ष बोझमुक्त भई छोरीलाई पराईसरहको व्यवहार गर्नाले उनीहरू पतिको घरमा भोगेका शोषणसमेत माइतीमा आएर भन्न सकेका छैनन् र भनेका खण्डमा उनीहरूलाई सहन बाध्य पारिएको छ । परिणामस्वरूप केही नारीले मृत्युवरण गरेका छन् भने केही घरमा बन्दी भएर शोषित पीडित बनेका छन् । परिवारमा आमा तथा सासू नै पितृसत्तात्मक प्रभुत्वका पक्षपोषक हुँदा छोरीबुहारी विभिन्न किसिमका शारीरिक र मानसिक उत्पीडनमा परेका छन् । पुरुषहरूले पारिवारिक विषयमा आफूखुसी निर्णय लिने तर नारीलाई बोल्ने र निर्णय गर्ने अधिकार नदिएको अवस्था छ । नारीहरूले आफूले चाहेको पेसा व्यवसाय अपनाउन तथा सन्तानका विषयमा निर्णय लिन परिवारका पुरुष सदस्यको हस्तक्षेपको सामना गर्नुपरेको स्थिति छ । नारीलाई घरायसी काममा सीमित राख्ने, बाहिरी गतिविधिमा संलग्न हुन नदिने र उनीहरूका कामलाई नगण्य मान्ने प्रवृत्तिले नारीहरू आफ्नो व्यक्तित्व विकास र अस्तित्वनिर्माण गर्नबाट वञ्चित पनि बनेका छन् । त्यसैले उनका उपन्यासमा पारिवारिक तहमा नारीहरू पुरुष प्रभुत्वका अधीनस्थ नै देखिन्छन् ।

केशरीका उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धका कारण सामाजिक तहमा नारीहरू शोषित र पीडित भएका देखिन्छन् । उनका उपन्यासका नारीहरू पुरुष अहम्का कारण बलात्कारमा परेका छन् । केही नारीहरू समाजमा विद्यमान देवकी प्रथाका कारण देशभित्रै देहव्यापारमा लाग्न बाध्य पारिएका छन् ।समाजले हरेक कुरामा पुरुषको स्वच्छन्दता र स्वतन्त्रता स्वीकारगरेकै कारणले नारीहरू देशभित्रै वेश्यालयको जस्तो जीवन व्यतीत गरिरहेका छन् । देवकीहरूलाई पारिवारिक रूपमा स्वीकार गर्न नसक्ने तर तिनीहरूमाथि पुरुषहरूलेआफ्नो अधिकार सम्झने गरेका छन् । पितृसत्ताले पुरुषलाई मालिक र नारीलाई सेवक मानेका कारण नारीहरू यौनकार्यका लागि वस्तुसरह बेचिएका छन् । उनीहरूमाथि वेश्यालयमाचरम शोषण भएको छ । बलात्कृत, बेचिएका र देवकी बनाइएका नारीलाई समाजले कलङ्कका रूपमा लिने र उनीहरूलाई इज्जतका साथ स्वीकार्न नसक्दा नारीहरूको जीवन नारकीय बनेको छ भने पुरुषहरू खुलेआम इज्जतका साथ हिँडेका छन् । यसका साथै यी उपन्यासमा नारीमाथि पुरुषले वासनात्मक

नजर राखी दुर्व्यवहार गर्न खोजेका छन् । केही नारी पात्रले आफूमाथि अन्याय गर्ने पुरुषलाई सजाय दिलाउन सक्षम भए पनि उनीहरूले सामाजिक लाञ्छना र तिरस्कारको प्रशस्तै सामना गर्नुपरेको छ । नारीहरू बालविधवा हुँदा जीवनभर समाजबाट तिरस्कृत वैधव्य जीवन बाँच्न विवश छन् । केही बालिका अनमेल विवाहका कारण शारीरिक र मानसिक यातना खप्न नसकी मृत्युवरण गरेका छन् । अर्कोतिर पत्नी घरमा छँदाछँदै र पत्नी मरेको केही समयमै पुरुषले सामाजिक मान्यताका साथ दोस्रो विवाह गरेका छन् । यस्ता कार्यमा पुरुषलाई परिवारका ज्येष्ठ नारीले नै सहयोग गरेको स्थिति छ ।

यी उपन्यासमा नारी घरेलु कामदारमाथि घरका पुरुष मालिकद्वारा शारीरिक शोषण भएका छन् । उनीहरूलाई वासना पूर्ति गर्ने खेलौनाका रूपमा हेरिएको छ । एक नारी आफैं पीडित भएका घटनामा अन्य नारीहरूले उसैलाई चरित्रहीन र दोषीको संज्ञा दिएर तिरस्कार गरिएको छ ।उनका उपन्यासका नारीहरू दाइजो नल्याएको निहुँमा दिनहुँ सासू, ससुरा र पतिबाट घोचपेच तथा अवहेलना सहन बाध्य देखिन्छन् । कतिपय नारीमाथि पतिको मृत्यु अन्य कारणले हुँदा पनि बोक्सीको आरोप लगाई तिरस्कार र अपमान गरिएको छ । विधवा नारीलाई विवाह जस्ता संस्कारगत कार्यमा आउनसमेत बन्देज लगाइएको छ । यस्ता कार्यमा नारी नै नारीका आलोचक र पीडक बनेको पनि देखिएको छ ।उनका उपन्यासमा पितृसत्तात्मक सोच पुरुषमा मात्र नभएर नारीमा पनि हाबी भएको देखिन्छ । कतिपय नारीहरू पितृसत्तात्मक संरचनामा भएका व्यवहार पुरुषपक्षीय भएको र तीमार्फत आफूहरूमाथि विभेद भएको थाहा नै पाएका छैनन् । उनीहरूले चुपचाप पुरुष प्रभुत्वलाई स्वीकार गर्दै नारीलाई नै दमन गराउन पितृसत्तालाई बल पुऱ्याइरहेका छन् । त्यसैले केशरीका उपन्यासका नारीहरू पितृसत्ताद्वारा दमन, शोषण, उत्पीडन र हिंसामा परेका हुनाले पुरुष र नारीबिचप्रभुत्वशाली-अधीनस्थ शक्तिसम्बन्ध रहेको निष्कर्ष निकालिएको छ ।

**t];|f] kl/R5]b**

# uLtf s]z/Lsf pkGof;df n}lËs e"ldsf

## #=! ljifokl/ro

गीता केशरीका उपन्यासमा समाज र परिवारले नारी पुरुषका लागि निर्धारण गरेका भूमिका र ती भूमिकाका आधारमा सिर्जित विभेद र समभ्रूदारीको चित्रण गरिएको छ । उनका उपन्यासमा पितृसत्तात्मक मान्यताअनुसार नारी र पुरुषका लागि अलग-अलग भूमिकाहरूको निर्धारण गरिएको छ । उपन्यासमा ग्रामीण क्षेत्रका नारीलाई घरभित्रका काममा सीमित पार्ने, सामाजिक गतिविधिमा संलग्न हुन नदिने र नारीका कामलाई आर्थिक उपार्जनसँग नजोड्ने गरेका कारण उनीहरू निर्बल र कमजोर बनाइएका छन् । सहरी क्षेत्रका नारीहरू आर्थिक उपार्जन गर्ने गतिविधिमा संलग्न हुँदाहुँदै पनि घरका काम र सन्तानसम्बन्धी दायित्वको निर्वहन गरिरहेका छन् । पुरुषहरू घरको संरक्षक भई सामाजिक गतिविधिमा सहभागी हुँदै आर्थिक गतिविधिमा पनि संलग्न छन् । पितृसत्ताद्वारा वितरित भूमिकाको निर्वहनले लैङ्गिक सम्बन्ध, समभ्रूदारी, समानता, हिंसा, उत्पीडन, प्रभुत्व र अधीनस्थता जस्ता विषयलाई जन्म र विकास गराउन मदत पुऱ्याएको छ । यसर्थ यहाँ लैङ्गिकतासम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाई गीता केशरीका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* गरी पाँचवटा उपन्यासमा नारी पुरुषका लैङ्गिक भूमिकाको अध्ययन गरिएको छ ।

## #=@ ;}4flGts kof{wf/

लैङ्गिकताअन्तर्गत लैङ्गिक भूमिकाको अध्ययन गरिन्छ ।यसका सम्बन्धमा पाश्चात्य जगत्मा धेरै चिन्तन मनन भएका छन् । लैङ्गिकतालाई जुलिया क्लिम्स मोसीले*हाफ द वर्ल्ड हाफ अ चान्स*( १९९३) मा भूमिकाहरूको सेटकारूपमा परिभाषित गरेकी छन् । उनका मान्यतालाई ज्ञानु पाण्डेले यसरी प्रस्तुत गरेकी छन्-"यस सेटभित्र अपेक्षित व्यवहारका विशेषताहरू छुट्याइएका हुन्छन्, जुनभित्र हाम्रो मुखाकृति, वस्त्र पहिरन, प्रकृति, व्यक्तित्व, घरभित्र र बाहिरका कर्महरू, यौनिकता, परिवार, तिनीहरूको बिचको सञ्चार जस्ता कुरा हुन्छन्, जसले हाम्रा लैङ्गिक भूमिकाको निर्माण गर्दछन् (२)।"लैङ्गिकतालाई लैङ्गिक अध्ययन पनि भनेको पाइन्छ ।पाश्चात्य क्षेत्रमा नारी अधिकारका पक्षमा आवाज उठाउने क्रममा लैङ्गिक अध्ययनको सुरुवात भएको हो । त्यसैले लैङ्गिक अध्ययनको पृष्ठभूमि नारीवादसँग जोडिएको छ तर यसले नारीको मात्र नभएर पुरुष र समलिङ्गी अधिकारको पनि अध्ययन गर्दछ । यसको उत्पत्ति नै लिङ्गको भूमिकासम्बन्धी अवधारणाबाट भएकाले यसअन्तर्गत जाति र जनजातीय समूह, सामाजिक वर्ग, धर्म, राष्ट्रियता, शिक्षा, पेसा, प्रवृत्ति, उमेर,

भौतिक दक्षता जस्ता सामाजिक जीवनमा प्रभाव पार्ने सबै पक्षबाट यसको विश्लेषण गर्नुपर्ने धारणा जुडिथ लर्बरले प्रस्तुत गरेकी छन् (भट्टराई १२०)। उनका अनुसार लैङ्गिक सम्बन्ध सत्ता, पहुँच, प्राप्ति र अप्राप्तिको जटिलतम सोपानक्रममा आधारित भएकाले लिङ्ग, यौनिकता र लैङ्गिक अध्ययनका सामाजिक सांस्कृतिक मूल्यहरू निर्माण भएका हुन् । यसै दृष्टिकोणका आधारमा लैङ्गिक सुधार र प्रतिरोधका नारीवादी सिद्धान्तहरू तयार भएका हुन् । लैङ्गिक प्रतिरोधको नारीवादी सिद्धान्तले सामाजिक रूपमा पुरुषको अहम् र आक्रामकता तथा पितृसत्तात्मक दृष्टिले नै पुरुषले महिलाको शरीर, लैङ्गिकता र संवेगमा नियन्त्रण गरेको हो भन्ने धारणा लर्बरको रहेको छ (भट्टराई १२०)। यसले लैङ्गिक अध्ययनमा पितृसत्ताका कारण नारीमाथि भएका दमन, नारीलाई प्रदान गरिएका भूमिका र तिनै भूमिका आधारमा भएका शोषणको खोजी गरेको कुरा थाहा पाउन सकिन्छ ।

समाज र परिवारमा लैङ्गिक भूमिका निर्धारणमा विद्यमान पितृसत्ता या मातृसत्ताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पितृसत्तात्मक समाजका हरेक एकाइमा लैङ्गिक भूमिकाहरू नारीलाई दमन गर्न सघाउने गरी निर्धारण गरिएका हुन्छन् । यस्तो समाजमा विवाह, परिवार, नाता सम्बन्ध, वर्ग, धर्म, जाति,पेसा, भूगोल आदिले नारी पुरुषका लागि तय गरिने भूमिकाहरूमा भिन्नता ल्याउँछन् । समाजमा रहेका मूल्य, मान्यता, परम्परा र बुझाईलाई आधारित गरेर महिलाले के गर्ने र पुरुषले के के गर्ने भन्ने बारेको भूमिका तय गरिएको हुन्छ (आचार्य ४५)। त्यसैले फरक सामाजिक परिवेश, जाति, धर्म, वर्ग, भूगोल जस्ता एकाइमा लैङ्गिक भूमिकाहरूमा फरक पाउन सकिन्छ । लैङ्गिक अध्ययनमा यस कुरालाई मनन गर्नु आवश्यक देखिन्छ । समाजका यी फरक एकाइमा निहित मूल्य मान्यताको भिन्नताले भूमिका र सम्बन्धमा फरकपन आउँछ । त्यसैले समाजमा विद्यमान लैङ्गिक द्विचरता, सोपानक्रम, सांस्कृतिक अभ्यास र भूमिकालाई अन्त्य गर्नुपर्ने धारणा सांस्कृतिक अध्येता र समालोचकहरूको रहेको विचार एरिका कार्टरले व्यक्त गरेकी छन् । (भट्टराई१२१)प्रस्तुत शोधकार्यमा भूमिकाको सिर्जना गर्ने विभेद, शोषण र सशक्तता जस्ता विषयको बोधका लागि लैङ्गिकतासम्बन्धी यिनै मान्यतालाई आधार बनाएर गीता केशरीका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* उपन्यासमा नारी पुरुषले निर्वाह गरेका पारिवारिक, सामाजिक र पेसागत भूमिकाको अध्ययन गरिएको छ ।

## #=# uLtf s]z/Lsf pkGof;df kfl/jfl/s e"ldsf

केशरीका उपन्यासमा पात्रहरूले निर्वाह गरेका परिवारभित्रका विभिन्न विषयमा निर्णय गर्ने, भान्सा व्यवस्थापन, सरसफाइ, बच्चाको स्याहारसुसार, मेलापात, पाहुना सत्कार, आर्थिक

स्रोतको व्यवस्थापन र परिवारको संरक्षण जस्ता कामलाई पारिवारिक भूमिकाअन्तर्गत राखिएको छ । उपन्यासमा यीमध्ये परिवारभित्रका अधिकांश कामहरूलाई आर्थिक पक्षसँग जोडिएको छैन । पितृसत्तामा यी कामहरूले नै नारी पुरुषबिच लैङ्गिक सशक्तता या अधीनस्थताको निर्धारण गर्दछन् । गीता केशरीका निर्धारित उपन्यासमा यी भूमिकाहरूको निर्वाह कुन लिङ्गले गरेको छ र त्यसले के प्रभाव वा असर पुऱ्याएको छ भन्ने कुराको अध्ययनका लागि निम्नानुसारका उपशीर्षकको आयोजना गरिएको छ ।

## #=#=! 3/fo;L sfdsf] Joj:yfkg

घरायसी कामअन्तर्गत खाना पकाउनु, भाँडा माभ्नु, कपडा धुनु, घर सफा गर्नु, मेलापात, घाँसपात जानु, बच्चाको स्याहाससुसार गर्नु, बच्चालाई विद्यालय पुऱ्याउनु, घरका लागि आवश्यक सामानको लेखाजोखा राख्नु, पाहुनाको सत्कार गर्नु र पूजाआजा जस्ता धार्मिक क्रियाकलापमा संलग्न हुनु जस्ता कामहरू पर्दछन् । गीता केशरीका उपन्यासमा परिवारभित्रका यस्ता कामलाई समाजमा आर्थिक उपार्जनसँग जोडिएको छैन । त्यसैले सबैभन्दा बढी समय व्यतीत हुने यस्ता किसिमका आधारभूत कामलाई त्यति धेरै महत्त्व दिइएको पनि छैन यद्यपि यस्तै घरायसी कामलाई सहरी क्षेत्रमा भने व्यवसायका रूपमा अँगालेर जीविकोपार्जनको माध्यमबनाएको पाइन्छ ।

*सौगात* पितृसत्तात्मक शक्तिसम्बन्धका कारण नारीमाथि हुने विभेद, शोषण, उत्पीडन र लाञ्छनाहरूको प्रस्तुतिका साथै नारी अस्तित्वप्रतिको चेतना र नारी पुरुष सहअस्तित्वको आकांक्षा राखिएको उपन्यास हो । यसमा पितृसत्तात्मक शक्तिसम्बन्धकै आधारमा नारी पुरुषका भूमिकाहरू विभाजित छन् । उपन्यासले काठमाडौँको सहरी परिवेशलाई मुख्य कार्यपीठिका बनाएको हुनाले यहाँनारी पनि विभिन्न पेसागत काममा आबद्ध भएका छन् तर पनि उपन्यासका पात्रहरूमध्ये घरका कामको जिम्मेवारी नारीले नै पूरा गरेका छन् । उपन्यासका अधिकांश पात्रहरू सम्पन्न परिवारका भएका कारण उनीहरूका घरायसी काममा नोकरहरूको भूमिका धेरै छ। नोकर पनि प्रायः नारीहरू नै छन् । तीमध्ये प्रतिभाकी आमा, सासू अम्बिका, कमलकी दोस्री पत्नी सरिता, शोभना, यशोदा र सुभद्रा जस्ता नारी पात्रहरू पूर्णतया घरायसी काममा व्यस्त छन् । प्रतिभाको घरमा सासू अम्बिकाले नै सबै बन्दोबस्त मिलाउने काम गरेकी छ । घरमा खाना बनाउने र घर सफा गर्ने कामका लागि नोकर केटीको व्यवस्था रहेको छ । उपन्यासमा प्रतिभासँगको वादविवादका क्रममा आएका यी भनाइले घरायसी कामका लागि त्यहाँ नोकर राखेको थाहा हुन्छ- “म त नोकर्नी त हुँ नी ? यस्तो काम म जहाँ पनि पाउन सक्दछु (४)।”यहाँ बाहिर गएर नोकरी गरी व्यक्तित्व विकास गर्ने चाहना भएकी प्रतिभालाई पनि घरमै सीमित बनाइएको छ । प्रतिभा र

कमलको यो छोटो संवादले यसको पुष्टि गरेको छ-"तिमी घर बसाल म बार लगाउँदछु ।""म तपाईंको लागि रित्तो घरमा गृहस्थी बसाइरहन्छु (२०)।" यसबाट प्रतिभा कमलको घरमा घरभित्र सीमित रहेको देखिएको छ ।

प्रतिभाको घरमा उसकी सौता सरिता भित्रिएपछि पनि घरको व्यवस्था मिलाउने जिम्मा सासू अम्बिकाले नै लिएकी छ । उसले छोराको दोस्रो विवाह गराउने कार्यको व्यवस्थापन पनि आफैँले गरेकी छ ।कमलको अवैध व्यापारले भित्रिएको दौलतका कारण सरिताका लागि त्यस घरमा कुनै भार लिनुपर्ने काम छैन । उनीहरूको घरमा काम गर्न नोकरहरू छन् ।सरिताको काम कमलकी पत्नी बन्नु र छोराछोरी जन्माउनु मात्र रहेको छ । त्यसैले ऊ घरभित्र नै सीमित रहेकी छ । उसको दिन छोराछोरीको हेरविचार गर्नु, दिनमा मन परेको सिनेमा छानेर घरमै हेर्नु, धेरैजसो रात्री पार्टीमा कमलको साथमा जानु, बजार, माइत, साथीहरूकहाँ मन लागेको बेला आफ्नै मोटरमा जान पाउनु, चलनचल्तीको फेशन, केश शृङ्गार गर्न पाउनु र सारी गहना फेरी फेरी लगाउने इच्छा पूरा गर्नुमा बित्ने गरेका छन् । घरभित्रका काम गर्नु नपरेपनि ऊ पितृसत्तात्मक समाजमा नारीलाई कमजोर र असक्षम साबित गराउने काममा सीमित हुन पुगेकी छ । ऊ पितृसत्ताको यो प्रभुत्वलाई सुविधा ठानेर त्यसैको अनुसरण गरिरहेकी छ । उसका यी भूमिकाले उसको व्यक्तिगत पहिचान नै निर्मित हुन सकेको छैन । यस परिवारमा विवाह लगायतका संस्कारमा पाहुनाको स्वागत सत्कार र बिदाइमा पनि नारी संलग्न छन् । कमलको दोस्रो विवाहको बेला प्रतिभाकी नन्द सोनिया पाहुनाको सत्कार र बिदाइमा तल्लीन भएको देखिन्छ । यस परिवारका नारीहरू धनदौलतको कारण घरका काम आफैँले नगरे पनि उनीहरू घरभित्र थुनिएर बसेका छन् । धनसम्पत्ति र सुविधाले उनीहरूमा नारी अस्तित्वप्रतिको चेतना नै विकास हुन सकेको छैन ।

प्रस्तुत उपन्यासमा प्रतिभाको जीवन अनेक परिवेशका अनेक भोगाइ र अनुभवको सङ्कलन गरेर बितेको छ । उसले कमलको घरबाट भागेपछि लामो समय जीवन र रागिनीको घरमा शरण लिएकी छ । त्यहाँ रहँदा उसले घरायसी काममा नै आफ्ना दिनहरूव्यतीत गरेकी छ । उसले त्यहाँ जीवन र रागिनीको साना बच्चालाई रेखदेख गरी यशोदाको हात बटाउने जिम्मा पाएकी छ । उसले त्यस घरको सरसफाइ गर्ने, यशोदालाई तातो पानीको व्याग दिनुदेखि लिएर सानो बच्चालाई टाइम टाइममा बट्टाको दूध पिलाउनसमेत भ्याएकी छ । उसले त्यस घरमा रागिनी जीवनका लागि अफिसबाट फर्कनासाथ चियाको व्यवस्था गरिदिने, जीवन राति होटलबाट फर्कँदा ढोका खोलिदिने, बगैँचामा फूलमा गोडमेल गर्ने तथा पानी हालिदिने जस्ता सानातिना कामसमेत

सम्हालेर बसेकी छ ।यी काम गरेर उसले सहारा पाएको भए पनित्यस समयमा उसको आफ्नो इच्छा र क्षमताअनुसारको व्यक्तित्व विकास गर्ने अवसरबाट भने वञ्चित भएकी छ ।

वीरगञ्जमा बस्ने प्रतिभाकी साथी शोभनाले पनि पूर्णतया घरको कामकाजमा आफ्ना दिनहरूव्यतीत गर्नुपरेको छ । तीनजना साना छोराछोरीको स्याहारसुसारमा दिन बित्ने र उसको पति रघुवीरले काममा सहयोग नगर्नाले उसले पढेर पनि नोकरी गर्ने रहर पूरा गर्न सकेकी छैन । उसको दिनचर्यायस्तो छ-

> शोभना बिहान बेलुका घरकाजमा नै व्यस्त हुन्थिन् । लोग्ने बाहिरबाट कमाएर ल्याउने उसले घरको काममा सघाउ पुऱ्याउन जानेकै थिएन र यसो गरिदिनुपर्छ भन्ने आवश्यकताको महसुस भएको पनि थिएन । घरको काम के ठूलो हो र?अरुले दु:ख गरी जोडेकोबाट पकाइ खुवाउनु त हो हाम्रो समाजको धारणा ।...उनी यतिसम्म आफैँमा तल्लीन थिइन् कि छोराछोरीलाई स्कुल पठाउन, खाना तयार पार्न...(८९)।

उपन्यासमा प्रयुक्त यी पंक्तिहरूले शोभनाको दैनिकी घरको कामकाजको व्यवस्थापनमै बित्ने गरेको देखाउँछ तर पनियस जिम्मेवारीलाई उसको पतिले नगण्य मानेको छ । घरका काम र बच्चाको स्याहारसुसारमा भुल्नुपरेकाले शोभना नोकरी गर्न जान सकेकी छैन । उसलाई लोग्नेको कमाइलेघरका आवश्यकताको व्यवस्थापन गर्नुपरेको छ । यससम्बन्धमा उपन्यासमा यस्तो उल्लेख छ-

> लोग्नेको कमाइले घरको भाडा तिर्नु, तीन बच्चाको बढ्दो माग पुऱ्याउनु, भविष्यको लागि योग्य शिक्षा दिलाउनु, त्यसको साथसाथै आफ्ना साथी इष्टमित्र माइत सबैतर्फ आफ्नो गरीबी लुकाई मानप्राप्तिको आशाले बेला हेरी खर्च गर्नु परेको छ । उसलाई दिनरात काममा लाग्नुपर्छ । त्यसमाथि बच्चा साना छन् । अरु पैसा कमाउने स्रोत छैन(९३)।

यहाँ शोभनाले घरका सम्पूर्ण काम गर्नुका साथै खर्चको व्यवस्थापन गर्ने जिम्मेवारी पनि निर्वाह गरेकी छ । यसका साथै उसले पतिको सेवामा पनि लाग्नुपरेको छ ।सबैको सुविधाको ख्याल राख्नुपर्ने शोभनाको ख्याल भने पतिले पनि गर्न सकेको छैन । रघुवीरले उसको कामको कदर गर्न सकेको छैन । बरु उसँग झोक्किने, निचो देखाउने, उसको क्षमतामाथि प्रश्न उठाउने कार्य रघुवीरले गरेको छ । यसले शोभनालाई रघुवीरको अधीनस्थ बनाएको छ ।

प्रस्तुत उपन्यासमा मेनकाकी आमा सुभद्रा पनि घरायसी काम आबद्ध रहेकी छ । ऊ सानै छँदा उसका बाबु र आमाको मृत्यु भएको छ । त्यसैले उसकी फुपूले उसलाई बाह्र/तेह्र वर्षको

उमेरमा नै जीवनगुजाराको लागि एक प्रतिष्ठित ब्राह्मणको घरमा काम गर्नेको रूपमा ल्याएरराखिदिएकी थिई । नोकरको रूपमा घरको काम गर्दा ऊ त्यस घरका पुरुष मालिकहरूद्वारा शारीरिक शोषणमा परेकी छ । बिहेपश्चात् पनि उसले यस्तै घरायसी काम गर्ने गरेकी छ । उसले सानैदेखि मेनकालाई आफ्नो साथमा लिएर काममा जाने गरेको उपन्यासबाट थाहा हुन्छ । त्यसैले मेनका पनि सानैदेखि घरका काममा आमाको हात बटाउन थालेकी थिई । घरका कामको जिम्मा बालक अवस्थादेखि समाई आएकी उसले पछि भने कमलको होटलमा रिसेप्सनिस्टको नोकरी गरेकी छ । यहाँ सुभद्राले घरको कामलाई पेसा बनाउँदा मालिकहरूका यौनप्यास मेटाउने साधन बनेकी छ भने पछि घरका काम, पतिको सेवा र सन्तानका हेरचाहमा लाग्दा पनि पतिबाट अपहेलित बन्न पुगेकी छ । आर्थिक उपार्जनसँग नजोडिएका घरका काममा संलग्न हुँदा पूरा समय व्यस्त हुने, घरका कामले महत्त्व नपाउने, कामलाई आफ्ना लागि समय नै नहुने, बाहिरको दुनियाँ र ज्ञानको क्षेत्रसँगको दुरी बढ्ने कारणले ऊ पनि पतिका दुर्वाच्य सहँदै बस्न बाध्य भएकी छ ।

यसरी *सौगात* उपन्यासमा घरायसी काममा नारीको नै संलग्नता रहेको देखिन्छ । यसमा कुनै पनि पुरुष घरका काममा मुख्य या सहयोगीको रूपमा सहभागी भएका छैनन् । यहाँ केही नारीले घरायसी कामलाई पेसाका रूपमा अपनाएका छन् । विशेष गरेर निम्न वर्गका नारीहरू यस किसिमका कार्यमा संलग्न छन् । केही नारी घरका काममा सीमित रही आफूलाई खुम्च्याइरहेका छन् । घरायसी काममा पूर्णतया संलग्न नारीहरूले आर्थिक हैसियत प्राप्त गर्न सकेका छैनन् । उनीहरू घरको खर्चका लागि पूर्णतया पतिमा निर्भर छन् ।कामकाजी नारीहरूले पनि बाहिरको कामका साथै घरका कामको जिम्मेवारी पनि सम्हालेका छन् । त्यसैले उनीहरू आर्थिक रूपमा पुरुषमा अधीनस्थ छन् । साथै उनीहरूका कामले महत्त्व नपाउनाले पुरुषहरूबाट अपहेलित पनि भएका छन् । उनीहरूले आफ्नो व्यक्तित्व विकास गर्ने अवसर पनि प्राप्त गरेका छैनन् ।

*खोज* उपन्यास पितृसत्तात्मक समाजमा नारी हिंसाका स्वरूप, अपराधका कारणको खोजी गर्ने उद्देश्यमा केन्द्रित छ । यसमा थुप्रै पात्रको संयोजन भए पनि पारिवारिक रूपमा मितिनी आमा र मितबाको परिवार केन्द्रमा छ र यसैका सदस्यको सेरोफेरोमा उपन्यासको कथानक अगाडि बढेको छ । यसमा पनि पात्रहरूले घरायसी कामलाई पेसागत रूपमा र पारिवारिक जिम्मेवारीका रूपमा सम्हालेका छन् । धेरै पात्र र घटनालाई समावेश गर्न खोजिएकाले कुनै पात्रका घरायसी भूमिका स्पष्ट छैनन् । शान्तिको परिवारमा घरका कामकाजको व्यवस्थापन मितिनी आमाले नै गर्ने गरेकी छ । मित छोरो कृपालाई घरमा ल्याउँदा उसले आफूलाई घरका काममा सघाउ पुऱ्याउने मान्छे ल्याइदिएको अनुमान उसले गरेकी छ ।

> यस्ता पिलन्धरेले के मेरो काम सघाउला भनेर ल्याउनुभएको हो कुन्नि ? आफ्नो सेवा गर्ला भन्नुको साटो उल्टै उसैको गर्नुपर्ला जस्तो छ । तपाइँको त बुद्धि नै कस्तो हो कस्तो ? अफिस र त्यही अफिसको काम भन्दा भन्दै घर व्यवहारमा शून्य नै भइसक्नुभयो भने नि हुन्छ(५)?

मितिनी आमाका यी भनाइले ऊ आफू घरका काममा व्यस्त रहने गरेको र उसको पतिले उसलाई काममा सहयोग गर्ने नगरेको थाहा हुन्छ । उसले खाना बनाउने, सन्तानका कपडा व्यवस्था गरिदिने, बिरामी हुँदा स्याहारसुसार गर्ने कामहरूको जिम्मेवारी निर्वाह गरेकी छ । कृपाका यी भनाइले सो कुराको पुष्टि गर्छन्-"मितिनी आमा माया, दया नभएकी निष्ठुरी थिइनन् । खानलाई मैले कहिल्यै दुःख भोग्नुपरेन । बिरामी पर्दा औषधी नगर्ने पनि हैन । फाटेका टालेका लुगा लगाएर बस्नु पनि परेन ।"(७) यसबाट घरमा उपलब्ध स्रोतको व्यवस्थापन, सन्तानका आवश्यकताको रेखदेख मितिनी आमाले गर्ने गरेको कुरा बुझ्न सकिन्छ । साथै छोराको जन्मदिनमा उपहारको व्यवस्था, उनीहरूलाई खाजा खानाको व्यवस्था, उनीहरूका कोठा मिलाइने जस्ता कामपनि उसैले गरेकी छ ।

प्रस्तुत उपन्यासमा समावेश विभिन्न पृष्ठभूमिका पात्रमध्ये ठूलीबज्यै, कपिलकी हजुरआमा आदि पात्रहरूले पनि घरायसी काममा आफ्नो जीवन व्यतीत गरेका छन् । कपिलकी हजुरआमा जवानीमा राणाहरूका दरबार र अन्य व्यक्तिका घरमा घरको कामकाज गर्ने नोकर्नी भएर बसेकी छ भने वृद्ध अवस्थामा कपिलसँगै घरका कामकाज सम्हालेर बसेकी छ । "म पनि कमाइ नै गर्छु भनेर नोकरी गर्न घर घरमा बसेकी थिएँ (८५)" भन्ने कपिलकी हजुरआमाले भनेका भनाइबाट ऊ नोकरीका रूपमा घरेलु कामदार भएर बसेकी थिई भन्ने बुझिन्छ । ऊ घर घरमा कामदारका रूपमा बस्दा राणाहरूका दरबारमा पुरुषकी रख्यौटी बनेको र त्यसै सम्बन्धबाट थुप्रै सन्तानकी आमा बनेको देखिन्छ । कपिलकी आमा सानैमा मरेकाले उसले नै नाति कपिलको स्याहारसुसार गरेकीछ र कपिल प्रहरी भई चितवन आउँदा पनि उसैको सहयोगको लागि सँगै आएकी छ । उसले चितवनमा रहँदा कपिलका लागि समयमै खाना तयार पारिदिने र घरका अन्य कामगर्ने गरेकी छ । कपिलले शान्तिलाई लिएर उसको घरमा जाँदाभएका यी संवादले उसले नै घरका कामगर्ने गरेको थाहा हुन्छ । संवाद यस्ता छन्-

> मलाई हाजिर हुन अड्डा जानुपर्दैन ? भात पस्किदिनोस् ।...अहिल्यै भात खाइहाल्ने बेला कहाँ भएको छ र ? भरखरै नौ बज्यो । कि यो घडी सुत्यो?...हेर त बाबु ब्याट्री पो सिद्दियो कि भन्दै उनी भान्छा कोठातर्फ लाग्छिन् । ...केही छिनमा नै आमाले ती दुवैलाई खाना खान बोलाउँछिन् (८४)।

यहाँ कपिलकी हजुरआमा आफ्नो युवावस्थामा नोकरीका रूपमा घरेलु कामकाजमा संलग्न भएकी छ भने वृद्ध अवस्थामा आफ्नै घर र भान्साका काम गर्नमा व्यस्त छ । घरेलु कामलाई महत्त्व नदिने, पेसागत रूपमा गरिएका घरेलु काममा संलग्नलाई न्यून तलब दिइने र उनीहरूमाथिकादृष्टिकोण पनि नकारात्मक हुने हुनाले कपिलकी हजुरआमा पनि आफ्नो जवानीमा पुरुषहरूद्वारा शोषित बनेकी छ ।

प्रस्तुत उपन्यासको प्रारम्भतिर घरायसी काममा नारीको मात्र भूमिका देखिएपनि अन्त्यमा भने यसका सबै पात्र मिलेर 'शान्ति गुँड' नामक बालआश्रम खोलेर अनाथ बच्चाको सेवा गरेका छन् । "तीमध्ये बालकहरूसँग भुल्न थालेकी ती आमाको रेखेदख गर्ने, घरको व्यवहार मिलाई बिहान बेलुकीको घरको व्यवस्ता थाम्ने र बालकहरूको हेरविचार पुऱ्याउने काम शची र संयोग भएर गर्दैछन् (१४५)।" प्रस्तुत उपन्यासमा यी पात्रका अतिरिक्त ठूली बज्यै, कृपाकी आमा पनि घरायसी कामको भूमिका निर्वाह गर्ने नारी पात्रहरू हुन् । नारीका अतिरिक्त घरायसी काममा पुरुषको भूमिका देखिँदैन। तसर्थ यस उपन्यासमा पनि अनुत्पादक मानिएका र आर्थिक उपार्जनसँग नजोडिएका घरेलु कामकाजमा पितृसत्तात्मक शक्तिसम्बन्धअनुसार नारीको मात्र भूमिका रहेको देखिन्छ ।

*विश्वास* पितृसत्तात्मक सोच हाबी भएका परिवार र समाजको गतिविधिको व्याख्या गरिएको उपन्यास हो । यसको कथानक गाउँदेखि सहर हुँदै विदेशसम्म पनि तानिएको छ । नुवाकोटको एक ग्रामीण क्षेत्रमा भएका विभिन्न कुसंस्कार, अशिक्षा र पितृसत्ताको प्रभुत्व र तिनीहरूले त्यहाँका नारीहरूमा पारेका असरको चित्रण यस उपन्यासमा गरिएको छ । प्रजातन्त्र पुनर्स्थापनाभन्दा अगाडिको समयलाई आधार बनाइएको यस उपन्यासको समाज पूर्णतया पितृसत्तात्मक सोचद्वारा निर्देशित छ । त्यसैकारणले गर्दा यस उपन्यासमा पात्रहरूका काम वा भूमिकाको विभाजन पनि पितृसत्तालाई बल पुग्ने किसिमले गरिएको छ ।

प्रस्तुत उपन्यासमा पुरुष  पात्रहरू परिवार र समाजको नेतृत्वदायी भूमिकामा छन् भने अधिकांश नारीहरू समाजले आर्थिक उपार्जनसँग नजोडेका कार्यमा सीमित छन् । ग्रामीण क्षेत्रका नारीहरूपूर्णतया घरायसी काममा सीमित भएका छन् । उनीहरू घरमा खाना पकाउने, घर हेर्ने, बच्चा जन्माउने, स्याहार्ने, गाईवस्तुको स्याहारसुसार, घाँस दाउरा, मेलापात जस्ता अर्थसँग नजोडिएका काममा आफ्नो समय व्यतीत गरिरहेका छन् । नारीहरू त्यति मात्र नभई घरका पुरुष सदस्यको स्याहार, मान सम्मान अथवा गुलामी गर्ने काममा सीमित छन् । नारी पात्रहरूपुरुषलाई खुसी पार्नका लागि अर्की नारीलाई पनि बाध्य पार्ने, घरकी बुहारीलाई कामको भारी बोकाउने जस्ता गतिविधिमा संलग्न छन् । उपन्यासमा विष्णु शर्माको घरमामाइली घरका काम गर्ने गरेकी

छ ।उपन्यासमा प्रयुक्त यी अभिव्यक्तिले त्यसको पुष्टि गर्छन्-"धोतीको सप्कोले पग्लिएको नाक पुछ्दै चामल केलाइरहेकी हुन्छिन् (९)।" "आमाले घरमा ज्यादै काम अराई राखिन भनेर आमालाई नै कस्तो गाली गर्नुहुन्छ । पराईको घरमा विवाह गरेर पठाए भने त्यहाँको थुप्रो काम म कसरी गर्न सक्छु (११)?"यसबाट माइलीले घरमा खाना पकाउने सामानको व्यवस्थापन गर्नु, खाना पकाउनु, छोरीलाई घरका काम सिकाउनु जस्ता कामगर्ने गरेको जानकारी प्राप्त भएको छ साथै विष्णु शर्माले गङ्गाको बिहे तय गरिदिएपछि त्यसको तयारी गर्ने काममा पनि माइली संलग्न भएकी छे । "माहिली आफ्नो मनमा उठेका यस्ता दुःखको भेलमा बाँध बाँध्ने तरखर गर्दै विवाहको तयारी गर्न थाल्छिन् (१२)।"उपन्यासमा आएको यस पंक्तिले माइलीका घरायसी कामका बारेमा जानकारी दिन्छन् । उसले निर्वाह गरेका यी घरेलु जिम्मेवारी पितृसत्तात्मक शक्तिसम्बन्धद्वारा निर्धारित छन् । यी जिम्मेवारीका कारण उसले ज्ञानवृद्धि र व्यक्तित्व विकासको अवसर पाउन सकेकी छैन । आर्थिक रूपमा विष्णु शर्मामा निर्भर रहनु परेकाले घरका कुनै पनि निर्णय उसलाई गर्न दिइएको छैन । त्यसैले माइली घरेलु कामका कारण निरीह भएर बस्नुपरेकी पात्र हो ।

प्रस्तुत उपन्यासमा बालविवाह भएकी गङ्गा पूर्ण रूपमा घरका काममा सीमित बनाइएकी छ । विवाह हुनुअगाडि उसको काम आमालाई घरका काममा सघाउनु, भाइ हेर्नु रहेको छ । उपन्यासमा प्रयुक्त यी अभिव्यक्तिले उसका कामको जानकारी दिएका छन्-

> दौडेर गई भाइलाई उठाउँछे र उसको कपाललाई हलुका हातले सुम्सुम्याई फुल्याउँछे । भाइ चुप लागेपछि आफ्ना ती भिजेका परेलीहरू पुछ्दै आमाकहाँ किन बोलाउनुभयो भनेर सोध्न पुग्छे । ...छिटो भन्नोस् फेरि भाइ रुन्छ ।...बाबुकहाँ जा फेरि अन्त कतै लाग्छन् कि ? एक्लै छोड्नै हुन्न लुखुर लुखुर गर्दै बाटो लागिहाल्छन् (११-१२)।

यहाँ गङ्गाले विवाहअघि पढ्न जान पाएकी छैन । उसको मुख्य काम भाइको हेरचाह गर्नु रहेको छ । विवाहपछि भने उसले घरभित्रका कामका अतिरिक्त घाँसपात मेलापातका काम पनि गरेकी छ ।ऊ गाउँकी चेली देवीसँगै वनपाखामा घाँस काट्न जाने गरेकी छे । देवी र गङ्गाको भेट घाँस काट्न जाँदा खेतबारी र वनपाखामा मात्र हुने गर्छ ।सानै उमेरमा यति काम गरेर पनि गङ्गाले घरका सदस्यको चित्त बुझाउन सकेकी छैन ।

प्रस्तुत उपन्यासमा गङ्गाले खेतबारी घाँसदाउराजस्ता कामका अतिरिक्त सासू र पतिका गोडा मिचिदिने कामसमेत गर्ने गरेकी छ । सानी बालिकालाई धेरै काम गर्न लगाउने हुनाले उसलाई कसैले पनि माया गर्दैनन् भन्ने अनुभूति भएको छ । उसका अनुभूतिलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ-

> माया त ती सासूससुराले पनि हामीलाई गर्दा रहेनछन् । पेटभर खान दिन्छन् र काममा जोताइरहन्छन् । रात परेर सबै सुत्न गएपछि पनि पालोअनुसार रोल लगाई खुट्टा मिच्न सासूकहाँ पहिले जानुपर्छ अनि त्यहीँ कहाँ । म सधैँ उनीहरूको छोराको सेवामा लाग भन्ने उनीहरूको इच्छा हुन्छ क्यारे (२२)।

यसबाट गङ्गामा घर, मेलापातका कामका साथै परिवारका सदस्यको खुट्टा मोल्ने र लोग्नेका इच्छा पूरा गरिदिने जिम्मेवारी रहेको छ भन्ने बुझिन्छ । सानै उमेरमा कामको बोझ र पतिप्रतिको सेवामा समर्पित हुन आउने दबाबको कारण उसले अकालमै ज्यान गुमाएकी छ । उसका यी दुःख, उत्पीडन पितृसत्तात्मक संरचनामा नारीमाथि थोपरिने जिम्मेवारीका परिणामहुन् । उसका यी कार्य र परिवारका सदस्यको व्यवहार सेवक र मालिकका जस्ता देखिएका छन् ।

प्रस्तुत उपन्यासमा रवि शर्मा आफैँ प्रधानपञ्च भएर पनि घरका नारी सदस्यलाई दबाएर राखेको छ । उसले गाउँमा खुलेको विद्यालयमा समेत छोरी बुहारीलाई पढ्न पठाएको छैन । उसका घरका छोरी, बुहारी र पत्नी सबै घर, मेलापातका काममा व्यस्त रहेका छन् । उपन्यासमाब दुर्गासँग देवीले भनेका यी कुराले त्यसको पुष्टि गर्छन्-

> छोरीहरू त छन् तर उनीहरूलाई घरबाट गाउँमा समेत निस्कन दिँदैनन् ।...बुहारीहरूलाई घाँसको भारी र गोबर उठाउनुमा नै दिन बित्छ । खेत आँखाले हेरेर भ्याइ नसक्नुको यिनैको छ । दूध दही र खेतको लागि मल भनेर पालिएको गाईवस्तुले उनको गोठ टनाटन छ । अनि गरीबका घरबाट भित्र्याइएका ती बुहारीहरू सुस्ताउनसम्म पनि फुर्सद पाएका हुँदैनन् भनेतपाईँकहाँ पढ्न कसरी पठाउने (६८)?

यहाँ रवि शर्माको खेतबारी प्रशस्त भएको र ती खेतबारीमा खेतीपाती गर्ने, पशुहरूको लागि घाँसको व्यवस्थ ागर्ने र अन्य घरभित्रका काम नारीहरूले मात्र गर्ने गरेको पाइन्छ । छोराहरूलाई काठमाडौँमा राखेर पढाउने रवि शर्माले छोरीलाई भने गाउँको विद्यालयमा समेत पढ्न नदिई घरभित्र नै सीमित राखेको छ । उसका घरका नारीहरूपनि आफू पितृसत्तात्मक प्रभुत्वबाट थिचिएको चाल पाउन नसकी घरायसी कामको भूमिका चुपचाप निर्वाह गरिरहेका देखिन्छन् ।

प्रस्तुत उपन्यासमा माइली र रवि शर्माका अतिरिक्त अन्य नारी पनि घरायसी भूमिकासँग आबद्ध भएका छन् । तीमध्ये बालविधवा देवी पनि एक हो । उसले पनि प्रारम्भमा विधवा भएपश्चात् घरबाट निकालिएपछि माइतीमा घरका काम गरेर बसेकी छ । ऊ घाँसदाउरा गर्न गङ्गासँग खेतबारी वा वनपाखामा जाने गरेकी छ । माइतमा बस्न आएकी देवीलाई उसकी आमाले

नै सबैभन्दा धेरै काम लगाउने गरेको देखिन्छ । उपन्यासमा प्रस्तुत देवीका यी भनाइले यसलाई प्रस्ट पार्छन्-

> मैले माइतमा भोग्नुपरेको जीवन त तिमीलाई के थाहा ? यहाँ कुनै बढी कामको बोझ आइलाग्यो भने दाजुभाइ बहिनी अझ भनौँ भाउजूलाई भन्दा पहिले बाआमाले त्यो मलाई नै गर्न लगाउनु हुन्छ । म रातोदिन काम खटेकी खटयै हुन्छु मानौ म त्यस घरबाट हटाइसकेर पनि थुप्रन आएकी मेरो सक्दो प्रयोग दोहोऱ्याई दोहोऱ्याई गरी नै रहनुपर्छ ।...मलाई अर्काको भाग ओगट्न म आएकी हुँदा कसैले पनि प्याच्च नमीठो नबोलोस् भनेर मलाई निरन्तर रगडेर मैले काम गरेर नै खाएकी छु भन्ने पार्नलाई यस्तो गर्नुभएको होला । त्यसैले म पनि वहाँहरूलाई अप्ठ्यारो आइनपरोस् भनेर जे जसो गर्न अह्राउनुहुन्छ सबै सहन्छु । नसक्ने छ भने पनि गर्न बरु तम्सन्छु सक्दिन भनेर ज्यान गए पनि भन्दिन भन्ने अठोट गरेकी छु (४०-४१)।

यहाँ देवी माइतीमा रहँदा झन् धेरै कामको बोझ सम्हाल्नु परेको देखिन्छ । विधवा भइसकेकी र माइतमा आएर बसेकी केटी भएका कारण बोझ नबन पनि उसले अह्राएका जति नै गाह्रा काम पनि गर्ने गरेकी छ । घरमा बोक्सीको आरोप लगाएर निकालिदिएकाले घर जान पनि नपाउनु, माइतमा कामको बोझ धेरै हनु तर उसको स्वामित्वमा केही पनि नहुनुले देवी समाजमा पनि हेपिएकी छ । यसले घरनिकालामा परी माइतमा बसेका नारी जीविकोपार्जन र बोझ हुनबाट बच्न भए पनि आफ्नो क्षमताभन्दा अप्ठ्यारा काम गर्न बाध्य हुने गरेको तथ्य स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा गाउँले नारीहरू आफू पनि जिन्दगीभर घर र मेलापातका काम गरेर जिन्दगी बिताएका छन् भने आफ्ना छोरीलाई समेतलाई त्यस्तै काममा संलग्न गराएका छन् । उनीहरूले गाउँमा विद्यालय खुल्दा समेत घरको काम गर्नेमान्छे नहुने भन्दै पढ्न पठाएका छैनन् । दुर्गाले छोरीलाई पढ्न पठाउन अनुरोध गर्दा उनीहरूले दिएको जवाफ यस्तो छ-

> छोरीलाई पढ्न पठाउन थाल्यो भने घरमा हामीलाई कसले सहयोग गर्छ ? वस्तुभाउ छ त्यसको स्याहारसम्भार गर्नैपर्छ, स-साना बच्चाहरू छन् त्यसलाई खेलाई रेखदेख गराउन यिनै अलि बढेकालाई लगाउनैपर्छ । हामी ठूलोहरूले नै यस्ता रुगलोमा लाग्नु पऱ्यो भने खेतीपाती कसले गर्छ ? अन्नको जोहो बेलैमा गर्न सकेनौँ भने सिङ्गो वर्ष के खाएर र ख्वाएर काट्ने ? एउटा आफ्नो मात्र मुख होइन यतिका जहान एकै घरमा छौँ । सबैलाई पाल्नै पर्छ (५१)।

यसबाट गाउँका मानिसको मुख्य पेसा कृषि र पशुपालन रहेको बुझिन्छ । कृषि, पशुपालन र घरका काममा परिवारका ज्येष्ठ नारीहरू संलग्न रहेको तथ्य यसले प्रस्ट्याउँछ । साथै साना छोरीहरू स-साना भाइबहिनी हेर्ने कामको जिम्मेवारी सम्हालेर बसेका देखिन्छन् । यसका साथै "यिनले गर्नुपर्ने र जान्नुपर्ने यिनै घरधन्दा हुन् त्यो गर्न सानैदेखि लगाएका नै छौँ । यति भए पुग्छ (५०)" भन्ने ती नारीका भनाइबाट नारीका काम केवल घरधन्दा, मेलापात र घाँसदाउरा मात्र हुन् भन्ने सोच अभिव्यक्त भएको छ । त्यस्तै उपन्यासकी अर्की पात्र उमा पनि काठमाडौँ जानुभन्दा पहिला घरका अन्य कामका अतिरिक्त वस्तुभाउ चराउने काम गरेको देखिन्छ । उपन्यासमा प्रयुक्त "वस्तु चराउन जाँदासम्म पनि किताबले साथ छोडेको हुँदैन भन्ने सुनेकी छु । चरनमा लडेका चेप्टा ढुङ्गामा अँगारले कोरेर राम्रो अक्षर बनाउन लेख्ने गर्छिन् रे (१५७)।" भन्ने भनाइले उसका कामका बारे जानकारी प्राप्त हुन्छ । त्यस्तै परिवारमा सम्पन्न हुने विवाह जस्ता संस्कारगत कार्यमा पाहुनाको स्वागत सत्कार गर्ने कार्यमा पनि यस उपन्यासका नारी पात्र नै संलग्न भएका देखिन्छन् । फुपूको छोराको बिहेमा सहभागी हुन गएकी उमा र फुपूकी छोरीले त्यहाँ यस्तै कामहरू गरेका छन् ।"आमन्त्रितहरूको सत्कार गर्दै खुवाई पियाई पठाउने काममा उमा खटिएकी हुँदा ज्यादा व्यस्त हुन्छिन् (१९२)।"उपन्यासभित्रको यसभनाइले यो कुरा थाहा हुन्छ । यसबाटजीविकोको मुख्य स्रोत नै कृषि रहेकाले नारीहरूकृषि, पशुपालन, घरका नियमित काम र संस्कारगत काममा पनि संलग्न भएका छन् भन्ने बुझिन्छ । यी काममा सीमित रहँदा उमेर ढल्केका नारीहरूले शिक्षाको महत्त्व समेत बुझ्न नपाएको र छोरीहरू पनि त्यसका कारण घरेलु काममै सीमित बनाइएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा सहरी क्षेत्रका केही पात्रहरूभने घरायसी कामलाई नै पेसाको रूपमा अवलम्बन गरेका छन् । जानकी, तारा, गोरे जस्ता पात्रहरू घरका सहायकको रूपमा काठमाडौँका केही परिवारमा बसेका छन् । उनीहरूले गर्ने घरका सम्पूर्ण कामहरू अर्थसँग जोडिएका छन् । अर्थसँग जोडिएका भए पनि उनीहरूलाई त्यो कार्य गरेबापत उपलब्ध गराइने पारिश्रमिक भने न्यून हुने गरेको छ । सहायकका रूपमा गरिने उनीहरूका घरेलु कामलाई हेर्ने दृष्टिकोण पनि हेय किसिमको छ । यस्ता किसिमका काममा पनि नारीको नै बाहुल्य छ । उदयसँग गरेको गुप्त विवाहका कारण गर्भवती बनेर उसकै खोजीमा काठमाडौँसम्म आएकी उमा(तारा) उदयकै घरमा घरेलु कामदारका रूपमा बसेकी छ । ऊ त्यहाँ बस्नुभन्दा पहिला उदयकी दिदीले के के काम गर्नुपर्छ भनेर सम्झाएकी छ । उसले यस्तो भनेकी छ-

> तँ घरमा परिआउने सबै काम गर्न सक्छेस्, होइन त? यहाँ खाना पकाउनेदेखि लिएर परिआएका सबै काम गर्नुपर्छ । बाहिर भित्र गर्न र बुबाको काम गर्न गोरे छ, अरु बाँकी

> सबै बुबाको स्याहारसुसारसमेत तैँले गर्नुपर्छ । तल छिँडीमा गोरेको बाबु पनि बस्छ । त्यो बूढो भइसकेकोले केही काम गर्न सक्दैन । ऊ पनि यस घरको पुरानो मानिस भएकोले हामी उसलाई बाबुसरह मान्छौँ । उसले भनेको कुरा सकभर पुऱ्याइदिनु । उसको चित्त दुख्न नपाओस् (२२१)।

यहाँ ताराले घरको सहायकका रूपमा नोकरी गर्न थालेकी छ । उसले घरका कामलाई नै नोकरीका रूपमा अपनाएकी छ । तारालगायत गोरेले पनि त्यहाँ घरकै कामको व्यवस्थापन गर्ने नोकरी गरेको छ । उपर्युक्त अभिव्यक्तिमा उनीहरूका लागि प्रयोग गरिएको भाषामा घरेलु कामदारप्रतिको व्यवहार झल्किएको छ । घरका कामलाई पेसाको रूपमा अपनाउँदा पनि यस पेसाले सम्मान पाउन सकेको छैन । उनीहरूलाई अनादरगरिएको अवस्था छ । यसका साथै जानकी पनि प्रस्तुत उपन्यासमा घरका काममा नै व्यस्त नारी हो । उसले उदयकी दिदीको घरमा घरेलु कामदारकारूपमा कार्य गरेकी छ । ऊ आफू बसेको घरमा मात्र नभएर मालिक्नीको माइतीमा पनि मालसामान मिलाई घर सफासुग्घर गर्ने काम गरेकी छ । यसरी हेर्दा विश्वास उपन्यासमा घरायसी काममा अधिकांश नारीहरूको संलग्नता भएको देखिन्छ । उनीहरू घरको काममा सीमित गराइएकाले शिक्षाप्राप्तिमा पहुँच नहुने, चेतनाको कमी हुने, उनीहरूका आवाजमाथि प्रतिबन्ध लगाइने, उनीहरू सेवकको रूपमा रही पुरुषहरूलाई मालिक मान्नुपर्ने, पेसागत रूपमा घरका काम गर्दा निम्न आय, हेय दृष्टिकोण र भाषिक अनादर सहनुपर्ने जस्ता स्थितिको अन्त्य हुन सकेको छैन ।

*नोकरी* उपन्यासमा पनि घरेलु कामको विभाजन पितृसत्तात्मक शक्तिसम्बन्धका आधारमा गरिएका छन् ।नारीलाई पेसा छनोटमा पुरुष हस्तक्षेप, नोकरी गर्दाका चुनौतीहरूको वर्णन गरिएको प्रस्तुत उपन्यासमा पनि घरका कामको जिम्मेवारी नारीहरूले नै गरेका छन् । उपन्यासका अधिकांश नारी पात्रहरूविभिन्न क्षेत्रमा नोकरीमा संलग्न भएका छन् तर उनीहरूले नोकरीकासाथसाथै घरका कामको सम्पूर्ण जिम्मेवारीसमेत निर्वाह गर्नुपरेको छ । उनीहरूले घरका सदस्यका लागि खाना पकाउनु, भाँडा माझ्नु, कपडा धुनु, घर सफागर्नु आदि घरका आधारभूत काम गनुपरेको छ । उपन्यासका नारी पात्रहरू गौरी, राधा, दया, प्रेरणा सबैले नोकरीका साथसाथै गृहिणीको भूमिका समेत निर्वाह गरेका छन् ।

गौरीको परिवारमा घरका खाना खाजा बनाउने, भाँडा, कपडा सफागर्ने र घरका अन्य सम्पूर्ण कामको जिम्मेवारी नारीहरूमा छ । गौरी नोकरी गर्छे । नोकरीमा जाँदा पनि घर भान्साका सबै काममा मुख्य भूमिका उसैले निभाएकी छ । उसलाई उसको भान्साको काममा राधाले पनि सघाउने गरेकी छ । उपन्यासमा विभिन्न ठाउँमा गौरी राधाका कामका बारेमा जानकारी दिइएको

छ ।"गौरीलाई राधाले घरभित्र हिँड् भनेर साथमा लिएर जान्छे र उसलाई चिया ल्याउन अह्राएर आफू कोठामा पस्छे (४)।" उपन्यासमा प्रयुक्त यस अभिव्यक्तिले राधा गौरीको घरमा सहायकको रूपमा रहेको कुरा थाहा हुन्छ । त्यस्तै उपन्यासमा गौरीको परिवारमा राधाका भूमिकाका बारेमा यस्तो उल्लेख छ-

> काठमाडौँमा उनीहरूको घर नभएकैले मात्र बास दिने ती घरपेटीका भाँडा माजेर उनका घरधन्दामा ऊ सहयोगी भइदिनु परेको हो । आफ्ना जीविकाका लागि नोकर्नी भएकी चाहिँ होइन । यस्तो भावना लिएर काम गरिदिने गरेकी राधाले उसको परिचय जब नोकर्नी भनेरर दिएको सुन्छे, ऊ झनक्क रिसाउँछे (१८)।

यहाँ राधालाई गौरीले साथीको अगाडि नोकर्नी भनेर चिनाएकोमा असन्तष्ट छ । उसले सहयोगीका रूपमा गौरीको घरको का मगर्ने गरेकी तर त्यसलाई जीविकाको माध्यम नबनाएको बताएकी छ । यद्यपि उनीहरूको घरमा घरका काममा ऊ संलग्न रहेको यसबाट थाहा हुन्छ ।

प्रस्तुत उपन्यासमा गौरीको कामका सम्बन्धमा अन्य जानकारीहरू पनि छन् । "भान्छाबाट आमाले अझै ती उठेका छैनन् (४४)।" भन्ने अभिव्यक्तिले गौरी बिहानैदेखि भान्साका काममा व्यस्त रहने गरेको थाहा हुन्छ । ऊ घरका कामका कारण धेरैजसोअफिसमा पनि ढिलो गरी पुग्ने गर्छे । त्यसकारण उसलाई नोकरी जाला भन्ने समेत डर लाग्ने गरेको छ । उसले राधा आफ्ना छोरीका कोठामा गई गफ गरेर बसेको देखी आफ्नो डर यसरी व्यक्त गरेकी छ-"छोरीहरूका कोठामा गएकी त फर्कनै जान्दिन यो राधासँग पनि म वाक्क भइसकेँ । कुन बेला पकाउने, कुन बेला ख्वाईपिलाई अफिस जाने । एक दिन होइन सधैँ अफिस जाँदा ढिलो हुन्छ । कुन दिन मलाई पनि बिदा दिन्छन् (४८)।" यहाँ गौरी आफूले घरका सदस्यलाई पकाउने, खुवाउने गरी अफिस जाँदा सधैँ ढिलो हुने गरेकाले लोग्नेको जस्तै आफ्नो पनि नोकरी जाला भनेर घरका जिम्मेवारीप्रति दिक्दारी प्रकट गरेकी छ । राधाले गौरीको परिवारमा परिवारका सदस्यलाई बिस्तारामा चिया पुऱ्याइदिने, उनीहरूका जुठा भाँडा उठाउने काम पनि गरेकी छ । उपन्यासमा यसको जानकारी यसरी दिइएको छ-"यसरी दुवैबिच वार्ता चल्दाचल्दै राधाले चिया ल्याइपुऱ्याउँछे र दुवैलाई एक एक ग्लास हातमा थमाइदिन्छे (४५)।" "म आएँ भनेर रित्तो ग्लास लिएर राधा भान्सातिर लाग्छे । साधाना पनि आमालाई सघाउन जान्छे (४८)।"यसबाट राधा र लगायत साधनाले पनि भान्साका काममा गौरीलाई सहयोग गर्ने गरेको देखिन्छ तर उसको पति शिवको नोकरी छुटेर घरमै बस्दा पनिघरको काममा उसले भने गौरीलाई सघाएको छैन । फुर्सदिलो भएर पनि शिव र उनीहरूका छोराहरूले घरको काममा गौरीलाई सघाएका छैनन् । बरु आफ्ना व्यक्तिगत काम समेत गौरी र छोरीहरूलाई नै लगाएका छन् । जसले गर्दा गौरीलाई दुवैतर्फको जिम्मेवारीको निर्वाह गर्नुपरेको छ

र यसले उसलाई भार समेत भएको छ । सँगसँगै बसेर खाना खाँदा जुठा भाँडा समेत गौरीले नै उठाउनु परेको छ । "शिवले अर्को एक समात्तै थालै आफ्नो अगाडि नराख न भन्छ । गौरी थाल लिएर नै भान्सातिर जान्छे (१३३)।" भन्ने भनाइले घरका काम शिवले केही पनि नगर्ने र गौरी नै त्यसमा लाग्नुपरेको थाहा हुन्छ ।

यसका अतिरिक्त शिवले समाजसेवाका लागि भन्दै घर छोडेर जाने बेलामा गौरीलाई भनेका यी अभिव्यक्तिले गौरीमाथि परिवारको सम्पूर्ण जिम्मेवारी थपिएको स्पष्ट पार्छ-

> छ यहाँ तिम्रो धेरै जिम्मा छ । यहाँ तिमीले यी छोराहरूको अभिभावक भई यो घर र यी सन्तानलाई मार्गदर्शन गराउनु छ । यिनीहरूलाई प्रगतिशील बनाउने जिम्मा हाम्रो हो । तिमी सक्षम छौ र मेरी अर्धाङ्गिनी पनि हौ । मेरो तिमीमाथि विश्वास रहेकाले नै यसरी कर्मक्षेत्रलाई बाँडेर त्यसतर्फ लाग्ने साहस गरेको हुँ । मेरो यो गृहत्याग सदाका लागि होइन । म फर्केर नआउञ्जेलसम्म तिमीले हाम्रो गृहस्थीलाई एक्लो भएर चलाइराखे(१६७)।

यसबाट गौरीमा घरको र अफिसको दोहोरो जिम्मेवारी झनै थपिएको जानकारी प्राप्त हुन्छ । यस परिवारमा नारीले मात्रै घरका काम गर्छन् भन्ने कुरा गौरी र विनोदका यी संवादले पनि पुष्टि गरेका छन्-

> भात पस्कँदै भन्छे, 'ती जोडी गइहाले कुन बेला फर्कने हुन् । यो धन्दा आफैँले गर्नुपर्छ । तेरो विवाह भएर बुहारी घरमा नआउन्जेलसम्म यो यतिकैले बित्ने भयो ।'विनोद पनि हाँस्तै भन्छ, 'ए त्यसो भए तपाइँलाई ट्रिपल नोकर चाहियो ?''हेर, अहिले नै उसकी स्वास्नीलाई दुःख दिने भ एभनेर भनेको ? लौ त्यसलाई केही पनि भन्दिनँ भयो अब ?'काम नलगाउनु होस् भनेको हो त ? डब्बल नोकरको नोकर भएपछि ट्रिपल नोकर भएन र ? त्यस अर्थले पो हाँसेको (६२)।

यहाँ गौरी र विनोदको संवादले वर्तमानमा पनि घरका काममा नारी संलग्न रहेका, पुरुषहरूले सहयोग गर्ने नगरेको र भविष्यमा पनि घरका काम बुहारीले नै सम्हाल्नुपर्ने स्थिति देखिन्छ । यसबाट गौरी जस्ती शिक्षित, चेतनशील नारीले पनि घरका काममा पुरुषको सहयोगको माग र अपेक्षा गर्नुको साटोघरका काम नारीले मात्र गर्नुपर्छ भन्ने मानसिकतालाई अनुशरण गरेकी छ । जसले गर्दा ठट्टामा भए पनि छोराले घरका नारीलाई नोकरको संज्ञा दिएको छ । त्यसमा आमा गौरी पनि सहमत भएकी छ ।

प्रस्तुत उपन्यासमा राधा गौरीको घरको भान्सामा सहयोग मात्र नगरेर आफ्नो भान्सामा पनि कामगर्ने मुख्य भूमिका निर्वाह गरेकी छ । उसलाई दिलबहादुरले पनि घरका काममा सघाउने

गरेको छ । उनीहरू घरधन्धा दुवै मिलेर सिध्याई बाहिर घुम्न निस्कने गर्छन् ।दिलबहादुरले राधा गर्भवती भएका बेला उसको राम्रो स्याहारसुसार गरेको छ भने छोरी जन्मिएपश्चात् छोरीको हेरचाह पनि गर्ने गरेको छ । उपन्यासको अन्त्यमा प्रस्तुत भएको राधाको यो अभिव्यक्तिले उनीहरू घरका कामको जिम्मेवारी बाँड्ने गरेको थाहा हुन्छ-"उठ्नोस् न कति अल्छी गरेर सुतिरहनु भएको ? ऊ हेर्नोस् त छोरी रुँदै तपाईँलाई बोलाउँदैछे । उसलाई फुल्याउनु पर्दैन (१६९)?" यसले राधा र दिलबहादुरले घर र बच्चाका कामप्रतिको जिम्मेवारी मिलेर निर्वाह गर्ने गरेको तथ्य उद्घाटन भएको छ । उनीहरूका यी क्रियाकलाप उपन्यासका अन्य पात्रका भन्दा लैङ्गिकमैत्री छन् जसले लैङ्गिक समन्याय स्थापनाको सन्देश दिन्छन् ।

यी पात्रका अतिरिक्त दया पनि विवाहपश्चात् पूर्णतया घरका काममा सीमित बनेकी छ । उसको घरमा ससुराले जीवनभर नोकरी नै नगरेर बिताएका छन् भने सासू घरव्यवहारमा मात्र सीमित छ । विवाहभन्दा अघि नोकरी गर्ने दया विवाहपछि भने घरप्रतिको जिम्मेवारीले नोकरी गर्न जाने अवसर पाएकी छैन । जङ्गलमा बस्ने बाबाकी छोरी मैना सानी भए पनि खाना पकाउने, कुर्ने, पाहुना सत्कार गर्ने कार्य गरेकी छ । उपन्यासमा प्रयुक्त बाबाका यी भनाइले त्यसै कुराको पुष्टि गर्छन्-"खाना नखाई नसुत्नु होला, ऊ त्यसलाई हेर्नोस् त खाना लिएर पर्खँदापर्खँदै त्यहीँ निदाएकी (८७)?" यहाँ उमेरमा सानी मैना पनि खाना तयार पारी पाहुनालाई कुरेर बसेकी छ । खाना परिवारका नारी सदस्यले नै तयार पार्ने र घरका पुरुषलगायत पाहुनालाई खुवाएपछि मात्र खाने पितृसत्तात्मक संरचनाको प्रचलन यसमा पनि लागू भएको छ । त्यस्तै प्रेरणा, शैली, मीरा जस्ता जागिरे नारीहरूले पनि घरका कामका साथै अफिसका कामको दोहोरो जिम्मेवारी निर्वाह गरिरहेका छन् । यसरी उपन्यासमा संलग्न पात्रमध्ये नारी पात्र नै घरायसी काममा जोडिएका छन् । धेरैजसो पुरुषहरू आफू फुर्सदिलो हुँदा पनि घरका काममा नारीलाई सहयोग गरेका छैनन् ।त्यसो गर्न उनीहरूमा निहित पुरुष अहम् बाधा बनेको स्थिति छ । केही पुरुषले नारीलाई घरका काममा सहयोग गरेका छन् । जसले गर्दा उनीहरूमा समझदारीपूर्ण सम्बन्ध स्थापित भएको छ । घरको कामकै कारण शोषण र उत्पीडनमा परेको नदेखिएपनि यसका नारी पात्रले घर र नोकरीको दोहोरो जिम्मेवारी निर्वाह गर्दा कामको बोझ भने खेप्नुपरेको छ जसले गर्दा उनीहरूले नोकरीप्रतिको दायित्व राम्रोसँग निभाउन नसकेको अवस्था छ ।

*निष्कर्ष*उपन्यासमा पितृसत्तात्मक संरचनाका नारी हिंसाको स्वरूपको वर्णन गरिएको छ । यसमा काठमाडौँको सहरी परिवेशलाई मुख्य कार्यपीठिका बनाएर समाजमा पुरुष अहमका कारण नारीमाथि हुने बलात्कारजन्य हिंसा, पीडितलाई दिइने धम्की, पीडितप्रतिका सामाजिक दृष्टिकोणका साथै नारीको व्यक्तित्व विकासमासिर्जित अवरोधको चित्रण गरिएको छ । यसमा पनि

नारी पुरुषबिचका जिम्मेवारी पितृसत्तात्मक शक्तिसम्बन्धद्वारा प्रभावित छन् । त्यसैले प्रस्तुत उपन्यासका पात्रमध्ये घरायसी काममा नारी पात्रको नै मुख्य भूमिका रहेको छ । यसमा इला, इलाकी आमा, स्नेहा, वृन्दा, मीरा जस्ता नारी पात्रहरूले घरायसी कामको व्यवस्थापन गरेका छन् ।

प्रस्तुत उपन्यासमा घरायसी काममा पूर्णतया सीमित पारिएकी पात्र वृन्दा हो । ऊ समिरकी आमा र रुद्रकी पत्नी हो । उसको पूरा समय घरकै काममा बित्ने गरेको छ । ऊ आफ्नो पतिको आज्ञाअनुसार चल्ने घरानियाँ नारी हो । उसले नै घरमा के कसो छ भनेर हेर्ने, बिहान बेलुकालाई चाहिने बन्दोबस्त मिलाउने काम गर्छे ।परिवारमा रुद्रउनीहरूका छोराछोरीहरूभए पनि कसैले पनि उसलाई काममा सघाएको देखिँदैन । घर व्यवहारसम्बन्धी केही सल्लाह गर्ने गरेको पनि पाइँदैन । बरु उनीहरू घर पनि राति अबेर भएपछि फर्कने, साथमा आउँदा साथीहरू लिएर आउने र उसैलाई काम बढाइदिने गरेको पाइन्छ । वृन्दाको समय परिवारको सदस्यको चित्त बुझाउनुमानै बित्ने गरेको छ । घरमा मात्र सीमित हुनाले उसले आफूमा भएको योग्यता, क्षमता पनि हराएर गएको अनुभव गरेकी छ । परिवारका सदस्यले पनि दिनभर हात खालि नहुने घरको कामलाई नगण्य मानेका छन् । उसलाई घरमा टी.भी. र अखबारहरू हेर्नलाई पनि सबैको इच्छा पूर्ति भएपछिको समय कुर्नुपरेको छ । उपन्यासमा उसका कामका सम्बन्धमा यस्तो जानकारी दिइएको छ-“नभन्दै छिनैमा वृन्दा दुई कप चिया लिएर आउँछिन् र एक कप रुद्रपट्टि बढाउँदै भन्छिन्, कस्तो जाडो हो यो । लिनोस् यो तातोतातो चिया । यसले तपाईंको तनावलाई पनि ठीक गर्छ (३०)।”उपन्यासमा प्रयुक्त वृन्दाको अभिव्यक्तिले उसका कामको बारेमा जानकारी मिल्छ । यसबाट घरमा वृन्दा पूर्णतया एक्लै नै हुने गरेकी छ । उसले घरका कामको व्यवस्थापनमा आफ्नो समय व्यतीत गरेको थाहा हुन्छ । यहाँपति र छोराछोरीबाट उसका भूमिकाको सम्मान नहुँदा उसले हेपिनु पनि परेको छ ।

इलाको परिवारमा घरमा बाबु अशक्त भएका र बाँकी सदस्य नारी नै भएका कारण घरको काममा नारी सदस्यको नै भूमिका उल्लेख्य छ । इलाकी आमाले बताएअनुसार उनीहरू गाउँमा छँदा घाँसदाउरा मेलापातकोकामगर्ने गरेका छन् । इलाले सानैमा घरको काम भन्दा बढी खेत जङ्गलका काम गर्ने, कोदालोले खेत खन्ने जस्ता काम गरेकी छ ।पछि सहरमा आएपश्चात् उनीहरूले घरका सम्पूर्ण काम आफैँ गर्ने गरेका छन् । इलाको बाबु बिरामी भएका कारण इलाकी आमा, बहिनी रेखाहरूले उसको औषधी, खाना आदिको बन्दोबस्त रेखदेख गर्ने काम गरेका छन् । इलाकी आमाले भान्सा तयार गर्ने काम गरेकी छ । उपन्यासका यी अंशले उसको यी कामका बारेको जानकारी दिन्छन्-“रेखा त्यहाँ आइसकेकी हुन्छे र ऊ आमाले साथैमा खाना तलै खाने

भनेको सन्देश दिन्छे । ठीक त्यसैबेला तलको भान्सामा तरकारी ओइरेको भ्वाइँ य य आवाज सुनिन्छ र खुर्सानी र मेथी फुराएको बास्ना पनि हर र र आउँछ (७०)।"यसबाट अस्पतालबाट इलालाई भेटेर फर्केपछि इलाकी आमाले आफ्नो परिवार र स्नेहाको लागि खाना बनाइरहेको बुझिन्छ । यसरी घरका सम्पूर्ण कामहरू नारीले गरे पनियस परिवारमा नारीको बाहुल्य भएका कारण कामका कारण परिवारभित्र विभेदको स्थिति सिर्जना भएको भने देखिएको छैन ।

प्रस्तुत उपन्यासमा इलाको घरधनी स्नेहाको परिवारमा घरको काममा मुख्यतया नारीहरूको नै भूमिका रहेको छ । उनीहरूले घरको कामका लागि सहयोगीका रूपमा विमलीलाई राखेका छन् । त्यसैले भाँडा धुने, सरसफाइ गर्ने जस्ता काम विमलीले गर्ने गरेकी छ । उपन्यासमा प्रयुक्त"त्यहाँ विमली गाना गाउँदै मस्तसँग भाँडा माझिरहेकी थिई (६७)।"भन्ने वाक्यले विमलीका कामका बारेमा जानकारी दिन्छ । स्नेहाले पनि घरको कामको रेखदेख, व्यवस्थापनमा सहभागिता जनाउँछे । उसले खाना पकाउने, घरका सामान मिलाउने, बच्चाको रेखदेख र स्याहारसुसारमा आफ्ना दिन व्यतीत गर्ने गरेकी छ । उसका कामका बारेमा उपन्यासमा यस्तो भनिएको छ-"स्नेहा कोठामा छरिएका सामानहरू मिलाउन थाल्छिन् र मनमनै कुरा गरिरहन्छिन्, म आफू पनि काम गर्न गएँ भने यो घर कसले सम्हाल्ला भनेर घरमै गृहिणी भई बसेँ (६९)।"यसले स्नेहाले आफू सक्षम हुँदाहुँदै पनि नोकरी नगरी बसेको रघरेलु जिम्मेवारी निर्वाहमा नै समय व्यतीत गरेको स्पष्ट गराउँछ ।

प्रस्तुत उपन्यासमा स्नेहाको पति भोला पनि समझदार र सहयोगी छ । गृहिणीका रूपमा घरमा बसेर कामको व्यवस्थापन गरेर बसेकी स्नेहालाई उसले सबै कुरामा साथदिँदै आएको छ ।स्नेहा बलात्कारबाट घाइते भई अस्पतालमा बसेकी साथी इलालाई भेट्न र इलाकी आमालाई सम्हाल्न सँगै अस्पताल गएका बेला भोलाले विमलीको सहयोगमा भान्साका काम गरेको छ । अस्पतालबाट घरका कामका बारेमा चिन्ता लिँदै हतार गरेर फर्केकी स्नेहा घरमा सबै काम भएको देख्दा अचम्मै परेकी छे । उसले त्यसअघि आफ्नो जिम्मेवारी यस्तो हुने बताएकी छे-"भोलालाई खाना बनाउन आउँदैन र विमलीलाई उसले सिकाएकी नै छैन । फेरि छोराछोरी सानै थिए । फेरि तिनलाई स्कूल जानसमेत आफैँले ठीक पारिदिनुपर्ने हुन्थ्यो तर आज सबै कुरा भइसकेको छ( ६७)।"यहाँ यसअघि कहिल्यै नगरेको काम आवश्यकता र पत्नीको व्यस्तता आफैँ बुझेर गरेको देखेर ऊ अचम्मित भएकी छ ।उपन्यासमा भोलाले गरेका कामका सम्बन्धमा यस्तो भनिएको छ-

> साहेब र म भएर पकायौँ । अनि मैले भाइबहिनीलाई लुगा फेरिदिएँ । स्कूलको बस छुटेकाले साहेबले नै मोटरमा लिएर स्कूल जानुभयो ।...कस्तो मीठो पकाउनु हँदो रहेछ

साहेबले त ? रानु, भानुले यति स्वाद लिएर खाएनन् । म त हेरेको हेऱ्यै भएँ । तपाईं हुँदा मात्र रहेछ साहेब भान्सामा आउनुपऱ्यो कि रिसाउने (६८)?

विमलीका यी भनाइले भोला खाना बनाउने र बच्चाको जिम्मेवारी पनि सम्हालेर पत्नीलाई परेको बेला सहयोग गर्छ भन्ने तथ्यका उद्घाटन गरेको छ । यहाँ भोलाले अस्पताल गएकी पत्नी र इलाकी आमासमेतलाई खानाको बन्दोबस्त गरेर अफिस गएको छ ।आफूलाई मात्र खाना नराखिदिएको भनेर खिन्न भएकी स्नेहाबाट नै यसको तथ्य यसरी खुलेको छ-"फ्रिजभित्र टनाटन सामान रहेको देखेर स्नेहा स्तम्भित हुन्छे । भाँडाहरू खोल्दै हेर्छे । सबै खानैखानाले भरिएको थियो । लाग्थ्यो, भोलाले उसलाई मात्र होइन आमाको लागि समेत खाना राखेका रहेछन् (७०)।"यसले स्नेहा गृहिणीका रूपमा घरेलु काममा व्यस्त भए पनि भोलाले उसलाई आवश्यक परेको बखत अन्य काममा जस्तै घरका कामको जिम्मेवारीमा पनि सहयोग गर्ने गरेको प्रस्ट हुन्छ । यसले उनीहरूका बिच समझदारी स्थापित भई सुमधुर सम्बन्धको विकास भएको छ । कसैले विभेदको महसुस गर्नुपरेको छैन । भूमिकाको बाँडफाँड र सहयोगले उनीहरूको सम्बन्ध लैङ्गिक समन्यायका दिशामा अगाडि बढेको छ ।

प्रस्तुत उपन्यासमा अमिरकी आमा मीरा पनि पूर्णतया घरका काममा सीमित रहेकी छ । उसले गाउँबाट काठमाडौँ आएपश्चात् चार पाँच घरको धन्दा गर्ने काम गरेकी छ । पछि अमिर ठूलो भएपश्चात् ऊ आफ्नै घरका भान्साका खाना बनाउने, सरसफाइ गर्ने काम गरेकी छ । अमिरको यस अभिव्यक्तिले उसका कामको बारेमा बताएको छ-"…चुप लागेर भान्सामा जानोस् र एकएक कप चिया लिएर आउनुहोस्, हामी आमा छोरा साथै बसेर पिउँला, हुँदैन (९३)?" यसबाट मीराको काम भान्सा व्यवस्थापन गर्ने भएको बुझिन्छ । यसका साथै अमिर पनि आफ्नी आमालाई घरको काममा सघाउँछ । उसले भान्सामा गई चिया पकाउने कोठामा छरिएका सामान सबै मिलाएर राख्ने जस्ता घरका काम गर्ने गरेको छ ।पछि अमिर आफ्नी आमाको गल्तीका कारण झुठो आरोपमा जेल परेपश्चात् इला पनि अमिरसँग कागजी विवाह गरी परिवारको सदस्य बनेकी छ । त्यसपश्चात् उक्त परिवारमा घरको काम इलाले गर्न थालेकी छ । उसले घरधन्दा गर्नु र अफिस धाउनु दुवैतर्फको कामको बोझउठाएकी छ । अमिर जेलमा परेकालेयस परिवारमा पनि नारी सदस्य मात्र रहेका कारण भित्र बाहिर दुवैतिरका काममा पनि नारी सदस्य नै संलग्न छन् ।

यसरी प्रस्तुत उपन्यासमा घरका कामको व्यवस्थापनमा अधिकांश नारी सदस्यहरू नै संलग्न छन् । कुनै कुनै परिवारमा मात्र पुरुषले नारीका सहयोगीका रूपमा कार्य गरेका छन् । नारीहरू आर्थिक रूपमा अनुत्पादक मानिएको काममा संलग्न हुँदा उनीहरू बढी मात्रामा हेपिने, दबिने, स्थिति पनि आएको छ । उनीहरूको कामको मूल्याङ्कन पनि नहुने र फुर्सद पनि नपाउने,

घरको कामले गर्दा नै आफ्नो व्यक्तित्व विकासमा ध्यान दिन समेत नपाउने अवस्था छ भने घरको काममा नारीलाई पुरुषले सघाउ गरेको परिवारमा आपसी समझदारी, शान्तिको वातावरण कायम रहेको देखिन्छ ।

## #=#=@ cyf]{kfh{g / Joj:yfkg

गीता केशरीका उपन्यासमा परिवारका लागि आयआर्जन गर्ने, आर्जित आयको व्यवस्थापन गर्ने जस्ता जिम्मेवारी पनि पितृसत्तात्मक शक्तिसम्बन्धबाट प्रभावित छन् । त्यसैले आर्थिक उपार्जनका काममा उनका उपन्यासमा धेरैजसो पुरुष पात्रहरू र केही नारी पात्रहरू पनिसंलग्न भएका छन् ।त्यसका लागि पात्रहरू अनेक पेसा व्यवसायमा संलग्नभएका छन् ।

*सौगात* उपन्यासमा आर्थिक उपार्जनमा अधिकांश पुरुष र केही नारी पात्रले भूमिका निर्वाह गरेका छन् । तीमध्ये कमलले आर्थिक उपार्जनका लागि विभिन्न किसिमको व्यापार गरेको छ । प्रतिभाका अनुसार उसले व्यापारबाट प्रशस्त धन कमाएको छ । परिवारका सदस्यलाई धन दौलतको कुनै कमी हुन दिएको छैन । उपन्यासमा प्रयुक्तयस भनाइले कमलले आयआर्जन गरेर परिवारलाई आर्थिक रूपमा सम्पन्नतामा राखेको बुझिन्छ-“पढेको छैन भनेर के गर्नु ? कमाउनु पर्ने धन हो; त्यो कसैको भन्दा केही कम छैन । अब के चाहियो यिनलाई (१५)।”यसका साथै कमलका विषयमा उपन्यासमा प्रयुक्त यी भनाइले उसको आर्थिक भूमिकाबारे थप पुष्टि मिल्छ- “कमल लगनशीलताको साथ व्यापार बिस्तारमा लागेको थियो । उसको सम्पर्क ठूला ठूला व्यापारीसँग भइसकेको थियो । अब उसले नै व्यापार सुरुगर्न सक्ने स्थितिमा पुगिसकेको थियो । पैसाको कमी थिएन (४५)।” यहाँ कमलले व्यापार गरेर परिवारलाई प्रशस्त धनपैसाको सुविधामा राखेको देखिन्छ ।उसले सुरुवातका दिनमा नेशनल ट्रेडिङबाट सामान ल्याई बाहिर बढी मूल्यमा बेची प्रशस्त नाफा कमाएको छ । पछि होटल तथा लजको व्यवसाय काठमाडौँदेखिवीरगञ्जसम्म फैलाएको छ ।यसबाट उसले वैध अवैध तरिकाले प्रशस्त धन कमाएको छ । उपन्यासमा उसका व्यापारका सम्बन्धमा यस्तो भनिएको छ-“सबै सदस्य सन्तुष्ट थिए । उनीहरूको व्यापारमा उत्तरोत्तर वृद्धि हुन थाल्यो । धनले धन तान्दै थियो । प्रतिभाकाण्ड घटेपटि कमलले गुप्त व्यापारप्रति पर्दा लगाई छोपी दिएको थियो (७३)।” यसबाट कमल एक्लै आयआर्जन गरी परिवारलाई सुखसुविधामा राखेको देखिइकृ छ । कमलले आर्जेको धनलाई घरायसी आवश्यकताअनुसार व्यवस्था मिलाउने जिम्मा भने अम्बिकालेलिएकी छ । यसले कमलले आयआर्जन गर्ने र त्यसको व्यवस्थापन आमा अम्बिकाले गर्ने गरेको देखाउँछ ।

प्रस्तुत उपन्यासकी मुख्य पात्र प्रतिभा कमलको घरमा रहुञ्जेल आर्थिक उपार्जनका कार्यमा लागेकी छैन । उसलाई यो स्वतन्त्रता नै दिइएको छैन तर कमलको घरबाट भागेपछि उसले वीरगञ्ज गई स्टिल कारखानामा ओभरटाइमसमेतको काम गरी आयआर्जन गर्न थालेकी छ । उसले गरेको आय आफू बसेको घरको खर्चका लागि साथी शोभनाको हातमा दिने गरेकी छ । उसले गरेको आयले शोभनाको घरमा धेरै राहत मिलेको छ । त्यसपश्चात् उसले प्रतिभा लजमा खजान्चीलाई बिहान बेलुकी मदत गर्ने काम गर्न थालेकी छ । आफूले आयआर्जन गर्ने हुनाले ऊ सबल छ। उसमा चेतनाको विकास भएको छ भने उसलाई आफ्नो इच्छाअनुसार जीवननिर्वाह गर्न मदत मिलेको छ । उपन्यासमा जीवन नामक अर्को पात्र होटल क्षेत्रमा जागिरे छ ।उसको परिवारमा जीवन र रागिनी दुवै जनाले नोकरी गरी परिवारको लागि आर्थिक स्रोत जुटाउने कार्य गरेका छन् । जसले गर्दा उनीहरूका परिवारमा अन्य परिवारमा भन्दा बढी समझदारीको सम्बन्ध स्थापित छ । त्यस्तै शोभनाको परिवार रघुवीरको नोकरीबाट प्राप्त आयले चलेको छ । रघुवीर अञ्चलाधीश कार्यालयमा नायब सुब्बा छ । यो नै उनीहरूको आम्दानीको स्रोत हो । रघुवीरको तलबले पन्ध्र दिन बिताउन पनि मुस्किल परेको देखिन्छ । यही कारणले गर्दा उनीहरूबिच खर्चलाई लिएर बेलाबेलामा तनाव सिर्जना हुने गरेको छ । त्यसैले रघुवीरले शोभनालाई दबाबमा राख्ने गरेको छ ।

प्रस्तुत उपन्यासमा मेनका नामक पात्रले कमलको होटलमा काम गरेर सम्पूर्ण परिवारको खर्चको जोहो गरेकी छ । उसले जेठी सन्तान भएको र बाबु अवकाश प्राप्त, उमेरमा बुढा भइसकेकाले घरखर्च चलाउनुपर्ने भारा सम्हाल्नुपरेको छ । उसले परिवारको खर्च एक्लै धान्नुपरेकोले जति कमाए पनि बिहान बेलुकाको छाक टार्नेमा ठीक्क भएको र आफूले भनेजस्तो लगाउन र खान पनि पाएको स्थिति छैन ।उसकी आमा सुभद्राले पनि मेनका सानो भएका बेला आयआर्जनका लागि घर-घरमा घरका काम गर्न जाने गरेकी छ । त्यस्तै प्रतिभाको माइतीमा पनि आर्थिक उपार्जनको दायित्व पुरुषले निर्वाह गरेका छन् । त्यहाँ प्रतिभाको बाबु नेपाल सरकारको सचिव भई परिवारलाई सुख सम्पन्नतामा राखेको छ । प्रतिभाको मावलीमा रहेको पुर्ख्यौली सम्पत्ति रक्सी, जुवा र मोजमस्तीमा सकिएपछि घरलाई भाडामा लगाएर आम्दानी जुटाउने कार्य गरेका छन् । त्यस्तै प्रतिभाकी माइजू सुनिताले घरमा नै धागो कात्ने र स्वीटर बुन्ने जस्ता कार्य गरेर आयआर्जन गरेकी छ ।

यसरी केशरीको सौगात उपन्यासमा परिवारको आर्थिक भार बहनमा पुरुषको भूमिका धेरै छ तथापि सहरी क्षेत्रको परिवार र परिवेश भएका कारण केही नारी पात्र पनि आर्थिक उपार्जनका कार्यमा लागेका छन् । पुरुषले आयआर्जन गरे पनि त्यसलाई घरका आवश्यकताअनुसार

व्यवस्थापन गर्ने कार्यमा भने नारीको भूमिका महत्त्वपूर्ण रहेको छ । आर्थिक उपार्जनमा पुरुषको मात्र भूमिका हुने परिवारमा बढी मात्रामा पुरुषले नारी(पत्नी, छोरी) लाई दबाबमा राख्न सकेका छन् भने शिक्षित भई उपार्जनमा समेत लागेका नारीहरू भएको परिवारमा लैङ्गिकमैत्री वातावरणको सिर्जना भएको छ ।

*खोज* उपन्यासमा आर्थिक उपार्जनको पारिवारिक भूमिकामा प्रायः पुरुषहरू संलग्न भएका छन् । शान्तिको परिवारमा प्रारम्भमा उनीहरूको बाबुले आयआर्जनका काम गरेको छ । यसबारेमा उपन्यासमा यस्तो भनिएको छ-

> त्यसैताका पजनीमा परेर मितबाको नोकरी पनि हटेको थियो । साने २० वर्षको उमेरदेखि परिवारको जीविका धान्न नोकरी गर्नुपरेको वहाँलाई ३० वर्षेले पनि छिटै छोडिदिएको थियो । उमेर छँदा नै खुस्किएको नोकरीले गर्दा मनको सन्तुलन राम्ररी बसिसकेको थिएन । दिनरात जस्तो कचकच गरी रहनुहुन्थ्यो ।आफ्ना बितेका दिनको रवाफ र आफूले गरेको उत्तम कार्यको वर्णन आफैँले गर्दै आफैँ प्रशंसाको पात्र बन्न खोज्दै हिँड्नुहुन्थ्यो(१२)।

कृपाको यस भनाइबाटशान्तिको परिवारमा बाबुको कमाइले परिवारको खर्च चल्ने गरेको बुझिन्छ । मितबाको मृत्युपछि भने उक्त घरमा गरीबी र अभाव भएको देखिन्छ । उनीहरूले त्यसपछि घरका कोठा भाडामा लगाएर आएको आयले घरको खर्च चलाउने गरेको देखिन्छ । उपन्यासमा मितिनी आमाका यी भनाइ यसको तथ्यका रूपमा प्रस्तुत भएका छन्-“त्यो जस्तोसुकै होस्, मैले त्यसलाई असल खराब जेसुकै सम्झुँ त्यसमा तपाईंलाई के चासो ? हो, दुई महिनाको त के तीन महिनाको पनि बहाल दिएर गएको छ । सामान सबै यसै छोडेर गएको छ (२२)।” यसले शान्तिको परिवारमा घरको कोठा भाडामा लगाएको देखिन्छ । आयआर्जनका लागि संयोगले पनि नोकरी गर्ने गरेको छ । उसको नोकरीका सम्बन्धमा उपन्यासमा यस्तो उल्लेख छ-“संयोगको नोकरी पनि छ छैन जस्तो थियो । उसको तलबले धारा बत्तीको रकम तिरेपछि १५ दिन काट्न पनि धौ धौ पर्ने ? त्यसैले आर्थिक अभाव भएकै कारण संयोगले भाडामा बस्ने बादलसँग अग्रिम रूपमा पैसा लिएको छ । संयोगले खुरु खुरु त्योसँग पैसा सापट भन्दै निकै लिइसकेको छ (२०)।” यसबाट त्यो परिवारमा आयआर्जनको जोहो गर्ने काममा पुरुषहरूको भूमिका रहेको देखिन्छ भने त्यसको व्यवस्थापनमा नारीको भूमिका रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा कपिलको घरमा आर्थिक खर्चको व्यवस्थापन गर्ने काम कपिलले गरेको छ । कपिलकी हजुरआमा जवान हुँदा राणा दरबारमा घरका काम गरेर आर्थिक उपार्जन गरेकी छ भने पछि ऊ वृद्ध भएपछि कपिल प्रहरीमा जागिर खाएर आयआर्जन गरेको छ । उपन्यासमा नारी

पुरुष पात्रहरू विभिन्न पेसामा संलग्न भएर आर्थिक उपार्जन गर्ने कार्य गरेका छन् । तीमध्ये शान्ति पुलिस इन्स्पेक्टरमा भर्ना भएर काम गरेकी छ भने कृपा वकिल भएको छ । उनीहरू सबै मिलेर शान्ति गुँड नामक बालआश्रम खोलेका हुनाले त्यसको खर्च व्यवस्थापन गर्ने काम शान्ति र कृपाले नै गरेका छन् । उपन्यासका कतिपय नारी पात्रहरू जीविकोपार्जनका लागि वेश्यालयमा देह व्यापारमा संलग्न छन् । जीविकोपार्जनका लागि देह व्यापारमा संलग्न नारीहरूशोषित, पीडित छन् । आर्थिक उपार्जनसँग जोडिएका विभिन्न पेसामा संलग्न हुँदा नारीहरू आत्मनिर्भर भएको अवस्था छ । उपन्यासको अन्त्यमा नारी पुरुषका भूमिकालाई आदर्शीकरण गरिएको छ । त्यसले परिवारमा पनि समझदारीको विकास भएको छ भने पछिल्लो समयमा भएका आर्थिक दायित्व बाँडफाँडलैङ्गिक समन्यायका दिशामा अगाडि बढेका छन् ।

*विश्वास* उपन्यासमा मुख्य रूपमा ग्रामीण परिवेशको चित्रण भएका कारण यहाँका मानिसहरू कृषिलाई जीविकोपार्जनको माध्यम बनाएका छन् ।त्यसैले उनीहरूका कार्यहरूलाई आर्थिक पक्षसँग नजोडिएको भए पनि परिवारको लागि खर्चको व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी पुरुषहरूमा छ । पुरुषहरू परिवारका संरक्षक र मालिक मानिएका कारण कृषिकार्यमा नारीहरूको पनि संलग्नता रहेको छ । ग्रामीण क्षेत्रका धेरैजसोज्येष्ठ नारीहरू घरायसी काममा मात्र आबद्ध छन् । तिनीहरूका कार्य आर्थिक उपार्जनसँग जोडिएका छैनन् । पछिल्लो समयका छोरी बुहारीहरू केही मात्रामा आर्थिक उपार्जन गर्ने कार्यमा संलग्न भएका छन् । तीमध्ये दुर्गा, विद्या, जानकी, देवी, आरती जस्ता नारी पात्रहरू विभिन्न पेसामा संलग्न भएर आफ्नो लागि आर्थिक स्रोत जुटाउने कार्य गरेका छन् । तीमध्ये दुर्गा शिक्षिका हो । ऊ काठमाडौँबाट गाउँमा शिक्षिकाको रूपमा नियुक्त भएर आएकी छ । उसले गाउँमा आएर नारी शिक्षासम्बन्धी चेतना फैलाउने र विभिन्न कुसंस्कारका विरुद्धप्रतिरोध गर्दै नयाँ कदम चाल्न नारीहरूलाई सचेत बनाएकी छ । उसकै पहलमा देवी, विद्या जस्ता नारीहरू पनि विद्यालयमा शिक्षकको रूपमा केही समय शिक्षणको काम गर्न सफल भएका छन् । गाउँबाट निकाला भएपछि देवी एक स्कुलमा टाइपिस्टको काम गरेकी छ । त्यस्तै विद्या नर्स बनेर बिरामीको सेवा गरिरहेकी छ । ऊ नर्स बनेपश्चात् आर्थिक रूपमा आत्मनिर्भर बन्न सक्षम बनेकी छ । त्यस्तै उमा (तारा) र जानकीहरू काठमाडौँका घरमा सहायकको भूमिकामा रहेर काम गरेका छन् । उनीहरू घरायसी कामलाई पेसाका रूपमा अपनाएका छन् । त्यसैले उनीहरू पनि आर्थिक उपार्जन आफैँ गर्ने गर्छन् । आरती पनि मनोविज्ञान पढेर विदेशमा गएपछि त्यही नोकरी गर्ने गरेकी छ ।

प्रस्तुत उपन्यासमा ग्रामीण क्षेत्रमा रहेका नारी पुरुषमध्ये पुरुषहरू नै आर्थिक उपार्जन र व्यवस्थापन गर्ने कार्यमा संलग्न छन् । तीमध्ये रवि शर्मा प्रधानपञ्च हो । उसले यही पदीय

दायित्व र घरका पशुपालन र कृषिमार्फत अर्थ उपार्जन गर्ने गरेको छ । ऊ प्रत्यक्ष रूपमा आफैँ कृषि तथा पशुपालनमा संलग्न नभए पनि उसको परिवारको सम्पूर्ण स्वामित्व उसमै रहेको छ । त्यस्तै विष्णु शर्मा पनि कुनै पेसा व्यवसायमा संलग्न भएको नदेखिएपनि उसको परिवारको सम्पूर्ण स्वामित्व उसमै रहेको छ । यसरी प्रस्तुत उपन्यासमा आर्थिक उपार्जनमा नारी तथा पुरुष दुवै संलग्न भएका छन् । आर्थिक उपार्जनले उनीहरूका सक्षमता र आत्मविश्वासमा अभिवृद्धि गरेको छ । नारी पात्रमध्ये आर्थिक उपार्जनसँग जोडिएका नारीहरू बढी सक्षम र स्वावलम्बी रहेका छन् । उनीहरूमा अधिकार र कर्तव्यप्रतिको सचेतनामा वृद्धि भएको छ । उनीहरूमा विकसित प्रतिरोधी चेतनाका कारण आफूविरुद्धभएका अन्यायका विरुद्धमा आवाज उठाउन सक्षम भएका छन् ।

*नोकरी* उपन्यासमा आर्थिक उपार्जन र व्यवस्थापनको जिम्मेवारी मुख्यतया नारी पात्रहरूले उठाएका छन् । उपन्यासको सुरुमा शिवले नोकरी गरे पनि नोकरीबाट निष्काशित भएपछि परिवारको आर्थिक स्रोतको व्यवस्थापनमा पूर्णतया गौरी र उसका दुईजना छोरीको काँधमा आएको छ । सामान्यतया पुरुषमा नै आर्थिक उपार्जनको जिम्मेवारी रहने परिवेशमा उपन्यासका पात्र गौरी, दया र साधनाले उक्त जिम्मेवारी निर्वाह गरेका छन् । यस सम्बन्धमा उपन्यासमा यस्तो जानकारी छ-

> गौरी अझै नोकरी गर्दैछ । शिव खड्काको नोकरी छुटेपछि घर खर्च धान्नु परेको छ उसको र जेठी छोरीको कमाइले ...शिव खड्काले अवकाश पाउँदा आएको रकम मुद्दामा खर्च भइरहेछ । ऊ भन्छ यस रकममा भर पढेर व्यवहार चलाउँछु भन्ने नठान । सक्छ्यौ भने दैनिक खर्च के कति घटाउन सकिन्छ त्यसतर्फ विचार गर र मलाई यो मुद्दा लड्नमा सहयोग गर (२३)।

शिव खड्काका यी भनाइबाट घर खर्चको व्यवस्थापनको जिम्मेवारी पूर्णतया गौरीहरूमा छ । गौरीका दुईजना छोराहरूमध्ये जेठो छोरा हिन्दुस्तान (भारत)मा बसेर पढ्दैछ भने कान्छोले नेपालमै बसेर पढ्दै छ । उनीहरूको अध्ययनमा लाग्ने खर्च पनि अब गौरी र उनका छोरीहरूले गर्नुपर्ने अवस्था छ । त्यही खर्च व्यवस्थापनका लागि जेठी छोरी दयाको विवाहपश्चात् कान्छी छोरी साधना हवाइपरिचारिकाको नोकरी गर्ने सोचमा रहेकी छ । उसले घरको खर्चको लागि आफूले कामगर्ने सोचबारे यसरी दिदी दयासँग बताएकी छ -

> दिदी, त्यसैले म भन्दैछु मैले अब नोकरी गर्न शुरू गर्नुपर्छ र दाजुका पढाइमा सहयोग पुऱ्याउनुपर्छ । तपाईं त केही दिनपछि विवाह गरेर गइहाल्नुहुन्छ । एउटी आमाका

> कमाइले के गर्न सकिन्छ ? दाजुलाई कुनै हालतमा पनि यता न उताको बनाउनु हुँदैन । दुई वर्षको मात्र कुरा हो, त्यसपछि इन्जिनियर बनिहाल्नु हुन्छ (४९)।

यहाँ साधनाले दयासँग भनेका यी अभिव्यक्तिले उसले घरपरिवारको जिम्मेवारी बहन गर्नुपर्ने आफ्नो दायित्वबोध राम्रोसँग गरेकी छ भन्ने बुझिन्छ । उसको यो निर्णयको उसको दाजु विनोदद्वारा अवरोध सिर्जना गर्ने कोसिस भएको छ तर उसले आफ्नी आमालाई घरखर्च जुटाउन सघाउन हवाइपरिचारिका पेसालाई नै रोजेकी छ ।

प्रस्तुत उपन्यासमा दयाकी साथी प्रेरणा र अन्य नारी पात्रले पनि प्रशासनिक क्षेत्रमा नोकरी गरेर आर्थिक उपार्जन गरिरहेका छन् । त्यस्तै दिलबहादुर परिवारको एक्लो छोरो भएकाले उसमाथि गाउँमा रहेकी आमाको दैनिक खर्च, बन्धकीमा रहेको खेतबारी निखन्ने खर्च र पत्नी राधाका व्यक्तिगत खर्चको जोहो गर्ने जिम्मा छ । उसले द्वारपालको रूपमा काम गरेर आयआर्जन गर्ने गरेको छ । त्यसलाई उनीहरूले मोजमस्तीमा खर्च गर्न थालेकाले दिलबहादुर रातिको पालो पनि काम गरेर कमाउन चाहेको छ । उसलाई पछि पत्नी राधाले पनि आयआर्जनमा सघाएकी छ । उसले पतिलाई आर्थिक सङ्कट परेकाले उसलाई सहयोग गर्न खोजेको बताएकी छ । उसको भनाइ यस्तो छ-

> तपाईँका कान्छा दाइलाई निकै ठूलो सङ्कट आइपरेको छ । मैले पनि बुहारी भएर उनलाई परेका आपतमा तिनका छोरालाई साथ दिँदै सहयोग गर्नैपर्छ ।...बूढी आमालाई भोकभोकै राख्नु पनि त भएन । लोग्नेको अँध्यारो मुख हेर्दै ती गहना मैले झुण्ड्याएर के हुन्छ ? ...कमाउन सके त्यसभन्दा राम्रो लगाउँला नसके बुच्चै बसुँला (४८)।

यी भनाइबाट राधाले पति दिलबहादुरलाई आर्थिक उपार्जनमा सहयोग गर्न खोजेको देखिन्छ । त्यसैअनुरूप नै उसले गौरीको घरमा काम गरेर अनिरेडियोमा गीत गाउने नोकरी गरेर आयआर्जन गरेकी छ । दयाको घरमा दीपेशले अमेरिकामा इन्जिनियर छ । उसले त्यहीँ नोकरी गरेर घरको लागि आर्थिक उपार्जन गर्ने गरेको छ । यसरी हेर्दा यस उपन्यासमा आर्थिक उपार्जन र व्यवस्थापनको भूमिका अधिकांश नारी पात्रहरूले निर्वाह गरेका छन् । जसले गर्दा परिवारमा आर्थिक सङ्कट निम्तिन पाएको छैन । नारी पात्रहरू आर्थिक गतिविधिमा संलग्न भएका कारण उनीहरूमा आत्मविश्वासको विकास भएको छ । उनीहरू आफ्नो र परिवारको लागि निर्णय गर्ने क्षमताको निर्माण गरेका छन् । समाजमा परिवार र अन्य व्यक्तिहरूद्वारा लगाइएका प्रतिबन्धको विरोध र प्रतिरोध पनि उनीहरूले गर्न सकेका छन् । उपन्यासमा गौरी र साधनाले हवाइपरिचारिकामा नोकरी गर्नका लागि परिवारका पुरुष सदस्य र आफ्नै प्रेमीका सोचसँग जुधेका

छन् । यो चेतना र क्षमता उनीहरूमा शिक्षाको प्राप्ति र आर्थिक रूपमा आफैँ मजबुत हुँदाका परिणाम हो ।

*निष्कर्ष*उपन्यासमा परिवारको लागि आर्थिक उपार्जन र व्यवस्थापन गर्ने कार्यमा बढीजसो पुरुषहरू संलग्न छन् भने केही नारीहरूले पनि परिवारको लागि आर्थिक उपार्जन गर्ने गरेका छन् । नारी पुरुषको प्रभुत्व रहेको परिवारमा नारीहरू घरकै काममा सीमित रही पुरुषहरू विभिन्न किसिमका पेसा व्यवसायमा संलग्न छन् भने पुरुष कमजोर रहेको परिवारमा परिवारको गुजाराको लागि नारी नै विभिन्न काममा संलग्न भएका छन् । तीमध्ये इलाको परिवारमा बाबु युद्धमा परेर अशक्त भएको र आमा वृद्ध अवस्थाकी छ । काकाहरूले बाबुलाई जालझेल गरेर उनीहरूको सारा सम्पत्ति हत्याएपछि उनीहरूको आम्दानीको स्रोत र सम्पत्ति नै छैन । त्यसैले उनीहरू काठमाडौँमा स्नेहाको घरमा भाडामा बसिरहेका छन् । तसर्थ परिवारमा आफू नै सक्षम र सहारा भएका कारण इलाले नोकरी गरी सारा परिवारको खर्च व्यवस्थापनको जिम्मा लिएकी छ ।"इला पढेलेखेकी थिई त्यसैले रेखालाई पढाइ । उनी पढेलेखेकी तपाईंहरूको सहारा बन्न सकी (४७)।"उपन्यासमा प्रयुक्त स्नेहाको यो भनाइले उसले निर्वाह गरेको जिम्मेवारीको बोध गराएको छ ।यसका साथै उपन्यासमा उसका कामको जानकारी यसरी दिइएको छ-"इलाको त्यस बेलादेखिको हिम्मतले गर्दा नै उसले आज त्यस स्थानको जागिर पाएकी छे (४६)।""अफिसबाट फर्कँदा आज अबेर हुन सक्छ त भन्नुभएको छैन, मसँग पनि । अपर्झट मिटिङ्ग आइपऱ्यो कि ? अफिसमा नै हुनुहुन्छ भन मोटरले पुऱ्याइदिई हाल्छ नि अबेर भएको बेलामा । तपाईं किन सुर्ताउनुहुन्छ (१३)?" यसबाट इला कुनै अफिसमा काम गरेर परिवारका लागि आयआर्जन गर्ने काम गरेको देखिन्छ ।उसले बलात्कृत हुनुभन्दा अघि बाबुआमाको घरको लागि र अमिरसँग कागजी बिहे गरेपश्चात् उसको परिवारको लागि आर्जन गरेको पैसा खर्च गर्ने गरेकी छ । बलात्कारजन्य अपराधबाट पीडित हुनु परे पनि आर्थिक उपार्जनमा सहभागी भएकै कारण ऊ आत्मनिर्भर छ । ऊ आफ्ना बारेमा निर्णय लिन सक्षम भएकी छ । अमिरलाई अपराधी ठानेर उसँग विवाह गर्नु, ऊ निर्दोष भएको थाहा पाएपछि उसलाई छुटाउन पहल गर्नु, उसको मानसिक स्वास्थ्यको लागि हेरचाह गर्नु, उसलाई जेलबाट छुटाएपछि आफ्नो दायित्व पूर्ण गरी समाजसेवातर्फ लाग्नु उसका आफ्नै निर्णय हुन् ।

स्नेहाको परिवारमा अर्थ उपार्जनको कार्यमा भोला सहभागी छ । उसले नोकरी गरेर घरको लागि आर्थिक स्रोत जुटाउने कार्य गरेको छ ।उपन्यासमा प्रयुक्त भनाइले भोलाले कुनै अफिसमा काम गरेर आयआर्जन गर्ने गरेको बुझिन्छ- "अस्पतालबाट घर फर्कँदा स्नेहाको आँखा झट्ट ग्यारेजमा पर्छ । त्यहाँ मोटर नदेख्दा लाग्छ भोला अफिस गइसकेको हुनुपर्छ (६७)।"आयको व्यवस्थापन पति पत्नी दुवै मिलेर गर्ने गरेका भए पनि विशेष गरेर आयको व्यवस्थापन घरका

आवश्यकता हेरेर गर्ने काम स्नेहाले नै गरेकी छ । त्यसैका लागि ऊ बाहिर नोकरी गर्न नगई गृहिणी भएर बसेकी छजसले गर्दा उनीहरूमा राम्रो समझदारीको विकास भएको छ । स्नेहाको घरमा इलाको परिवार भाडामा बस्ने हुनाले उनीहरूको आयआर्जन घरभाडाबाट पनि हुने गरेको देखिन्छ । यसरी स्नेहाको परिवारमा पति पत्नीबिचसमझदारीले जिम्मेवारीको बाँडफाँड भएकाले लैङ्गिकमैत्री वातावरण स्थापित भएको छ ।

रुद्रको परिवारमा घरको सम्पूर्ण आर्थिक भार रुद्रमा छ । ऊ राजनीति र समाजसेवामा संलग्न छ । उसको आम्दानीको अन्य स्रोतको बारेमा उपन्यासमा केही जानकारी नगराइएकाले राजनीति नै अर्थोपार्जनको स्रोतका रूपमा देखिएको छ । उपन्यासमा उसको शक्ति र सम्पन्नताको विषयमा ठाउँ-ठाउँमा उल्लेख गरिएको छ । "त्यस घरमा नपुग्दो केही छैन । छोराछोरी धनसम्पत्ति सबै मनग्य छ । सहयोगीहरू पनि त्यतिकै छन् (३१)।"उपन्यासमा प्रयुक्त यस अंशले उनीहरूको सम्पन्नतालाई दर्साएको छ । उसको यही सम्पन्नताका कारण समिर गाडी लिएर हिँड्ने, धनको रवाफ देखाउने गरेको पाइन्छ । आर्थिक पक्ष आफूसँग जोडिएको कारण उसले आफ्नै पत्नीलाई दबाबमा राखेको छ । अपराधमा संलग्न छोरालाई बचाउन धन र शक्तिको गलत प्रयोग गरी गरीबका विवशताको फाइदा उठाई निर्दोषलाई फसाउने कार्य गरेको छ । धन आर्जन गरे पनि त्यसको घरायसी व्यवस्थापनमा भने उसको भूमिका नगण्य देखिन्छ । घरायसी कामको लेखाजोखा र व्यवस्थापन पत्नी वृन्दाले गर्ने गरेकी छ । उसले घरमा केकसो छ भनेर हेर्ने, बेलुकी बिहानलाई सबै बन्दोबस्त मिलाउने कार्य गरेकी छ । पत्नी वृन्दालाई घरमा सीमित राखेर आफू घरबाहिरका काममा व्यस्त रहने भएकाले उनीहरूमा समझदारी छैन । आफूले गरेका निर्णयमा सहभागी र जानकार बनाउने, सल्लाह गर्ने गरेको छैन । आर्थिक पक्ष सबल भए पनि त्यसको गलत प्रयोगका कारणले उनीहरूको परिवार नै अशान्त भएको देखिन्छ ।

उपन्यासमा वर्णित मीराको परिवारमा इला प्रवेश गर्नुपूर्व अमिर आर्थिक उपार्जनमा संलग्न भएको देखिन्छ । उनीहरूको आर्थिक स्थिति अलि नाजुक छ । उनीहरू गाउँमा छँदा आफ्नो जग्गा जमिन नभएका कारण रुद्रका खेतबारीमा काम गरेर जीविका चलाएका छन् । जीविका र अमिरको पढाइखर्च जुटाउनका लागि मीराले काठमाडौँका चार पाँच घरको धन्दा गरेर बसेकी छ ।अमिरचित्र कोर्न मन पराउने भएकाले केही चित्र कोरेर विदेशीलाई पनि बेचेको छ । परिवारको जीविकोपार्जनका लागि ऊ ऋण लिएर ट्याक्सी लिई चलाउने काम गरेको छ । त्यसको पुष्टि मीरा र अमिरका यी अभिव्यक्तिले गरेका छन्-

> बल्लबल्ल लिएको ट्याक्सी पनि बैङ्कलाई पैसा तिर्न नसकेर लिलाम हुन लाग्यो भनेर तँ छटपटिएको मैले सहन सकिनँ । देख्छु, तैँले दिनरात यत्रो मेहनत गरेर पैसा कमाउँदा पनि

घरखर्च गरेर ऋण तिर्न बचत गर्न सकिरहेको छैनस् । ...जसरी भए पनि मिलाइहाल्थें । बैङ्कको ऋण न हो, अलिकति अहिलेलाई तिरेर भाखा राख्न पाइहाल्थ्यौं (९४)।

पछि त्यही ऋणका डरले रुद्रको जालमा परेकी आमा मीराका कारण अमिर बलात्कारको मुद्दामा जेल परेको छ । इलाको कागजी प्रक्रियाबाट अमिरसँग विवाह भएपछि भने उसले नै त्यो परिवारका लागि खर्चको जोहो गर्ने काम गरेकी छ । उपन्यासमा यसबारेको जानकारी यसरी दिइएको छ-"ऊ आफ्नो तलब ल्याएर मीरालाई घरखर्चको लागि भनेर दिन्छे । पहिलोपल्टको तलब समाउँदा केही मात्रामा इलासँग पग्लेकी मीरालाई अनुभव भएको थियो (११६)।" यसले रुद्रको षडयन्त्रमा फसेकी मीराको कारण त्यस परिवारमा बुहारी बनेर भित्रिएकी इलाले परिवारको आर्थिक दायित्व सम्हालेको स्थितिको बोध गराउँछ । यसरी प्रस्तुत उपन्यासमा आर्थिक उपार्जनमा नारीको पुरुष दुवैको सहभागिता रहेको छ । आर्थिक उपार्जनमा संलग्न नारीहरू सक्षम, निर्णय प्रक्रियामा स्वतन्त्र भएका र पुरुषहरू नारीलाई दमन गर्ने स्वभावका भएको देखिन्छ ।

## #=#=# ;Gtfg;DaGwL pQ/bfloTj

नारी पुरुषका पारिवारिक भूमिकाअन्तर्गत सन्तानप्रतिको उत्तरदायित्वमा छोराछोरीको स्याहारसुसार, रेखदेख गर्नु,विद्यालय पुऱ्याउनु, उनीहरूका सामान व्यवस्थापन गरिदिनु, खाना तयार पार्नु, खुवाउनुका साथै ठूला भएका सन्तानलाई सहयोग र समर्थन गर्नु, उनीहरूका इच्छा चाहना सुन्नु, उनीहरूलाई उत्प्रेरित गर्नु जस्ता कार्य राखिएको छ ।गीता केशरीका उपन्यासमा सन्तानप्रतिको उत्तरदायित्व पनि पितृसत्तात्मक शक्तिसम्बन्धका आधारमा विभाजित छन् । साना छोराछोरीको स्याहारसुसारको जिम्मेवारी प्रायजसो नारीले गर्नुपरेको स्थिति छ भने ठूला भइसकेका छोराछोरीलाई सहयोग र समर्थन गर्ने काममा केही पुरुष पनि संलग्न भएको अवस्था छ ।

केशरीको *सौगात* उपन्यासमा सन्तान जन्मिइसकेपछि लालनपालनका क्रममा गर्नुपर्ने सम्पूर्ण कामको जिम्मेवारी नारी पात्रले नै निर्वाह गरेका छन् । पुरुष पात्रहरू व्यापार, नोकरीका सिलसिलामा बाहिर गएर जाने हुनाले साना छोराछोरीलाई खुवाउने, विद्यालय पठाउने, स्याहारसुसार गर्ने जस्ता पारिवारिक भूमिका नारीले निर्वाह गरेका छन् । पुरुषहरूले यस्ता किसिमका कार्यहरू गरेका नै छैनन् । उपन्यासकी प्रमुख पात्र प्रतिभाकी छोरी छ । उसले छोरीको जन्म दिएपनि उसलाई सासू र लोग्नेले घरमै बन्दी बनाएर पागल साबित गरेकाले छोरीको स्याहारसुसार गर्ने मौका कमै मात्र पाएकी छ ।प्रतिभा मौका पाएको बखत बन्द कोठाभित्रछोरीसँग यसरी भुल्ने गरेकी छ-"छोरीलाई प्रतिभा जुरुक्क उठाई म्वाई खान्छिन् । मायाले आफ्नो गाला जोड्दछिन् । छोरी आमाको प्यारको तातो स्पर्शले खुसी भई हातखुट्टा फ्याँकी थोते मुख बाइदिन्छे (

२)।" यहाँ प्रतिभाले आफ्नी सानी छोरीमाथि वात्सल्य भाव खनाइरहेकी छ तर उसलाई पागल भनेर उसकी सासूले छोरी साथमा राख्ने मौका दिएको देखिँदैन । एकछिन उसँग छोरी रहँदा सासूले यसरी घरकी सहायकलाई बच्ची लिन अह्राउँछे- "त्यस बौलाहीकहाँ बच्चा किन छोडेकी ? के गरी कुन्नि ! लिएर आ ...जा के हेरी रहेकी भन्या (३)?" त्यो सहायक नारीले पनि आँखा तर्दै बच्चीलाई झम्टेर खोस्दछे । यस्तो झट्काले बच्ची रुन्छे ।यहाँ उसले प्रतिभालाई सानी बच्चीलाई माया र स्याहारसुसार गर्ने अवसर नदिएर आफूले त्यो जिम्मेवारी निर्वाह गरेकी छ ।

कमलले दोस्रो विवाह गरेपछि प्रतिभाकी छोरीको रेखदेखको जिम्मा उसकी दोस्री पत्नी सरिताले निर्वाह गरेकी छ । उपन्यासमा उसका बारे यस्तो भनिएको छ-

> उनी बरु बच्चाको साथी बनी बाल्यसंसारमा उत्री उनीहरूसँग नै खेलेर तिनीहरूको भोलापनसँग आफूलाई मिलाई रद्द हुन्थिन् ।...धेरै हण्डर खाएर बढेकी हुनाले वात्सल्य प्रेम र ममतादेखि ज्यादै लोभिएकी थिइन्, जो उनी सबै बच्चाहरूलाई दिलो ज्यानले दिलाउन र दिन प्रयास गर्दथिइन् । साँच्चै भनुँ भने ज्योतिले आमा भन्ने चिन्न सक्ने हुँदा नै सरीतालाई पाएकी थिई । यसैले उनले दोस्रो आमा यिनी हुन् भन्ने हिले मनमा लिइनन् पनि । अरु भाइबहिनी सरह उनी सरीताको मान माया गर्दथिन् र सरिताबाट पनि उस्तै भेदरहित ममता पाउँथिन् (७४-७५)।

यसबाट सरिता छोराछोरीको खुसी ख्याल गर्ने र स्याहारसुसार गर्ने काममा सीमित हुने गरेको स्पष्ट हुन्छ ।कमल भने छोराछोरीको रेखदेखमा लागेको देखिँदैन ।

प्रस्तुत उपन्यासमा जीवन र रागिनी दुवै नोकरीमा जान्छन् । प्रतिभाको प्रवेश नहुँदासम्मघरका केही काम र सन्तानको रेखदेखको दायित्व रागिनीमा रहेको छ । प्रतिभा त्यहाँ बस्न थालेपछि भने उनीहरूको छोरा उसकै संरक्षणमा रहेको छ ।त्यसैले उसले सानो बच्चालाई टाइम टाइममा बट्टाको दूध पिलाउने र रेखदेख गर्ने कामगरेकी छ । त्यस्तै शोभनाको घरमा शोभना एक्लैले तीनजना छोराछोरीको लालनपालन गरिरहेकी छ । बच्चाहरूको लागि पकाउने, खुवाउने, तिनीहरूलाई विद्यालय पठाउने जस्ता सबै काम शोभनाले गर्नुपर्छ । यी काममा रघुवीरले सहयोग गर्दैन किनकि घरको काम ठूलो होइन भन्ने उसको मान्यता छ । यस्तै मान्यताका कारण सन्तान रेखदेखमा पुरुषले नारीलाई सहयोग गरेको देखिँदैन ।त्यसैले सन्तानका रेखदेखसम्बन्धी दायित्व निर्वाह गर्ने नारीहरू प्रायजसो घरमा सीमित भएका देखिन्छन् । उनीहरू व्यक्तित्व विकासका अवसरबाट वञ्चित हुनुपरेको अवस्था छ ।

प्रस्तुत उपन्यासमा साना बच्चालाई हुर्काउने मात्र नभएर ठूला भइसकेका सन्तानलाई आमाबाबुले गर्नुपर्ने व्यवहार, सहयोगप्रतिका जिम्मेवारी पनि छन् । जसमध्ये प्रतिभाका बाबुआमाले छोराछोरी दुवैलाई पढ्ने अवसर प्रदान गरेका छन् तर उनीहरूले सामाजिक परम्पराको अनुशरण गर्दै सानैबाट छोराछोरीमा विभेदको सिर्जना गरेका छन् । प्रतिभाकी आमाले छोरो पुर्ख्यौली थाम्ने खम्बा र छोरी अर्काको घरको भित्ता टाल्ने जातभन्दै छोराछोरीमा विभेदको भावना बीजारोपण गरेकी छ । उसको बाबुले पनि प्रतिभाको विवाह गर्ने इच्छा नहुँदानहुँदै पनि दबाब सिर्जना गरेर विवाह गर्न बाध्य बनाएको छ । बाबुआमाको सन्तानका इच्छाप्रति र अवस्थाप्रति बेवास्ता गर्दा प्रतिभा घरमा बन्दी हुँदासमेत घरका सदस्यलाई बाबुआमाले केही प्रश्न गरेको देखिँदैन । उनीहरूले विवाहपछि छोरीप्रतिको उत्तरदायित्व समाप्त हुने धारणा राख्नाले प्रतिभा घरेलु हिंसा र उत्पीडनमा परेकी छ ।

*खोज* उपन्यासमा शान्तिको परिवार केन्द्रमा छ । यस परिवारमा शान्तिका बाआमामध्ये आमाले सन्तानलाई हुर्काउने, स्याहारसुसार गर्ने, खानाको व्यवस्था गरिदिने जस्ता काम गरेकी छ भने बाबुले ती जिम्मेवारी निर्वाह गरेको छैन । उनीहरूबिच छोराछोरीका विषयलाई लिएर वादविवाद चलिरहेको देखिन्छ । आमाले छोरा र छोरीबिच विभेद गर्ने गरेकी छ । उसले छोराका गल्ती ढाकछोप गर्ने गरेकी छ । बाबुले भने छोराका क्रियाकलापकोवास्ता गर्ने गरेको छैन । त्यसैले उनीहरूको छोरा संयोग कुलतमा फसेको छ । उपन्यासमा उनीहरूका सन्तानप्रतिका भूमिकाका बारेमा यस्तो भनिएको छ-

> अत्यधिक माया आमाको नै किन नहोस् त्यो कुबाटोतर्फ लाग्न सक्दो रहेछ र त्यस्तै गरी बाबुले वास्ता नगरिदिनाले पनि सन्तान उधोगतितर्फ लाग्नसक्ने सम्ने सम्भावना हुँदोरहेछ ...बाबुले कहिल्यै प्यार देखाउनुहुन्न र सधैँ उसलाई इखाएर नै अरु मेहनति बनाउनु पर्दछ भन्ने सिद्धान्त लिएको हुनाले पनि संयोग दाइको यो हालत हुन गएको हो ।...संयोग दाइ त्यस वर्ष फेल हुनुभई अर्को एक वर्ष पूरै बरालिन पाउनुभयो । मितबाले झन् वहाँलाई वास्ता गर्न छोड्नुभयो । कुनैबेला कहीँ देखिहाल्यो भने पनि निकम्मा लोफर यसले एस.एल.सी मात्र पास कहिले गरेछ भने म यो कानमा कोडी झुण्ड्याएर सहर घुम्छु लौ । ...यसलाई बिगार्ने तँ नै होस् बुझिस् भनेर मितिनी आमालाई कचकच पनि त्यत्तिकै गर्नुहुन्थ्यो (१२)।

यी अभिव्यक्तिले मितिनी आमा र मितबाले आफ्ना सन्तानसम्बन्धी उत्तरदायित्व राम्रोसँग निर्वाह गर्न नसकेको देखिन्छ ।

*विश्वास* उपन्यासमा सन्तानलाई हुर्काउने, बढाउने काममा नारीको भूमिका महत्त्वपूर्ण रहेको छ । यसमा विष्णु शर्माकी पत्नी माइली, छोरी गङ्गा, देवी, तारा जस्ता नारी पात्रहरूले अन्य भूमिकाका साथै यस किसिमका भूमिका निर्वाह गरेका छन् । यसका साथै उपन्यासमा वर्णित गाउँमा नारीहरू घर र मेलापातका काममा व्यस्त रहने हुँदा उनीहरूका स-साना छोरीहरूले आफूभन्दा साना भाइबहिनी हेर्ने काम गरेका छन् । तीमध्ये गङ्गालाई विवाहअघि भाइ हेर्ने जिम्मा दिइएको छ । उपन्यासमा उसका कामको बारेमा यस्तो भनिएको छ-

> गङ्गाले भाइ रोइरहेको र आमाले उसलाई बोलाइरहेको सुन्छे । दौडेर गई भाइलाई उठाउँछे र उसको कपाललाई हलुका हातले सुम्सुम्याई फुल्याउँछे । भाइ चुप लागेपछि आफ्ना ती भिजेका परेलीहरू पुछ्दै आमाकहाँ किन बोलाउनु भयो भनेर सोध्न पुग्छे ।...छिटो भन्नोस् फेरि भाइ रुन्छ (११)।

त्यस्तै माइलीले छोराछोरीको हेरचाह, लालनपालनका साथै उनीहरूको भविष्यका लागि पतिलाई सल्लाह दिने काम गरेकी छ । उसलेविष्णु शर्माले दस वर्षकी छोरी गङ्गाको विवाह छिनेर आएपछि छोरीको भविष्यका लागि बोल्ने काम गरेकी छ । उसले भनेकी छ-

> मैले त त्यस घरको श्रीसम्पत्तिको समेत वास्ता नगरेर, लोग्ने हुनेको नै मानसिक असन्तुलन छ भने छोरीलाई जीवनभर दुःख भोगाउन किन दिने पो भनेकी हुँ । विवाह भएपछि के छोरी जीवनभर लोग्ने हुनेसँग बसोस् भन्ने हुँदैन ? कसरी त्यस्तासँग निर्वाह गरोस् यो गङ्गाले, लौ तपाइँ नै भन्नोस् (८)?

यहाँ विष्णु शर्माले छोरीको विवाह गरिदिनुपर्ने जिम्मेवारी सम्हालेको छ भने माइलीले सानो उमेरकी छोरीलाई बालविवाहबाट बचाउने जिम्मेवारी सम्हालेकी छ । छोराछोरीको विवाहको बाहिरी चाँजोपाँजो मिलाउने दायित्व पुरुषलाई हुने कारणले गर्दा विष्णु शर्माले छोरीको मानसिकता बुझ्न सकेको छैन ।

प्रस्तुत उपन्यासमा गाउँका धेरैजसो छोरीहरूघरका अन्य कामका साथै आफ्ना भाइबहिनी हेर्ने काममा संलग्न छन् ।उपन्यासा प्रयुक्त यस अभिव्यक्तिले यसको पुष्टि गर्छ-“छोरीलाई पढ्न पठाउन थाल्यो भने घरमा हामीलाई कसले सहयोग गर्छ ? ...स-साना बच्चाहरू छन् त्यसलाई खेलाई रेखदेख गराउन यिनै अलि बढेकालाई लगाउनैपर्छ (५१)?” यसका साथै देवीपनि भाउजूको सन्तानको स्याहारसुसारमा लागेको देखिन्छ ।उसले भाउजूको बच्चालाई स्याहारसुसार गर्ने, काखमा च्यापेर स्कुलसम्म पुऱ्याउने गरेकी छ । उसले पछि कृत्रिम गर्भाधानबाट बच्चा जन्माई त्यसको लालनपालन दुर्गासँग मिलेर गरेकी छ । त्यस्तै ताराले पनि पति उदय अर्को विवाह गरेर

विदेसिएकाले छोरा अभयलाई स्याहारसुसार गर्ने जिम्मेवारी सम्हालेर बसेकी छ । यसरी प्रस्तुत उपन्यासमा अविकसित गाउँले परिवेशमा चित्रण भएका कारण सन्तानको लालनपालनको दायित्व परम्परागत रूपमा नारीले नै सम्हाल्दै आएका छन् ।उनीहरूले घरका काम र बच्चा हेर्ने काममा आफ्ना छोरीलाई संलग्न गराएका छन् । त्यसैले छोरी पढ्ने अवसरबाट वञ्चित हुनुका साथै विभिन्न प्रथा परम्पराका शिकार भएका छन् ।

*नोकरी* उपन्यासमा गौरी र शिव अनि तिनीहरूका चारजना सन्तान मुख्य रूपमा चित्रित छन् । यसका अतिरिक्त दिलबहादुर, राधा, नूर, प्रेरणाका जीवनको संक्षिप्त चित्रण पनि यस उपन्यासमा छ । यी पात्रहरूमा साना बच्चा पात्रहरू छैनन्। गौरी शिवका चारजना सन्तान ठूला भइसकेका हुनाले उनीहरूको शिक्षा र विवाहको प्रबन्ध मिलाइदिने दायित्व बाबुआमाको काँधमा रहेको छ । सन्तानलाई स-साना मर्यादाका कुराहरू सिकाउने, उनीहरूको इच्छाको सुनुवाई गर्ने काममा गौरी र शिव दुवैले भूमिका निर्वाह गरेका छन् तर पनि गौरीले छोराछोरीको इच्छाको सुनुवाइ, समर्थन र तिनीहरूको इच्छापूर्तिमा निस्केका/देखिएका बाधासँग लड्ने काम तुलनात्मक रूपमा बढी गरेकी छ ।

प्रस्तुत उपन्यासमा साधनाले हवाइपरिचारिका पेसा रोजेका बेलामा विनोदले हस्तक्षेप गर्न खोज दा गौरीले नै साधनाको इच्छा बुझेर उसका पक्षमा उभिएकी छ । उसकै समर्थनले साधना हवाइपरिचारिका बन्न सफल बनेकी छ । साधनालाई हवाइपरिचारिका बन्न पठाउनु हुँदैन । यो पेसा सम्मानजनक हुँदैन भन्ने विनोदको विचारसँग असहमत हुँदै छोरीको व्यक्तित्व विकासका लागि उसले पितृसत्तात्मक सोचसँग नै लडेकी छ । उसले छोराका विचारसँग यसरी असहमति जनाएकी छ -"किन नपठाउने ? हवाइ परिचारिकाको नोकरी गरेर के हुन्छ ? राम्रो आम्दानी हुनसक्छ, देशविदेश घुम्न पाउँछ । मान्छेहरू त्यहीँ नपाएर कल्पिरहेका छन् । तँ भने नपठा भन्छस् । छानिइछ भने नोकरी गर्छ । काम गरेर खान केही लाज हुँदैन (५८)।" गौरीले यदि यहाँ समाजका साथै आफ्नो छोराको सल्लाह र हस्तक्षेपलाई मानेर साधनालाई उसको इच्छानुसारको पेसा रोज्न नदिएको भए छोरी परनिर्भर बन्ने सम्भावना थियो तर उसकै समर्थनले साधनाले आफूले चाहेको पेसा रोज्न सकेकी छ । गौरीको काम सानो ठूलो हुँदैन । काम गर्न स्वतन्त्रता दिइनुपर्छ भन्ने उदार विचारका कारण साधना नोकरी गरेर आत्मनिर्भर बन्न सफल भएकी छ । उसले तत्कालीन समाज र अवस्थामा नारीका लागि नराम्रो मानिएको हवाइपरिचारिकाको पेसाअँगाल्नका लागि आमाबट विशेष सहयोग र समर्थन प्राप्त गरेकी छ । उसका यी अभिव्यक्तिले यस कुराको पुष्टि गरेका छन्-"थाहा छ, आमा तपाईँले मेरा प्रगतिमा साथ दिनुहुन्छ भनेर । त्यही विश्वास लिएर त म दह्री भएकी छु (१)।"साधनाका यी अभिव्यक्तिले सन्तानका इच्छापूर्तिमा आमाको ठूलो साथ

रहेको कुराको पुष्टि गरेको छ । त्यसैले यहाँ गौरीले सन्तानका इच्छा बुझ्नुपर्ने आमाबाबुको दायित्व राम्रोसँग निर्वाह गरेकी छ ।

यसका साथै साधनाले आफूले विवाह नगरी समाजसेवा गरेर बस्ने इच्छा व्यक्त गरेपछि उसको त्यो चाहनालाई पनि दुवै आमाबाबुले समर्थन गरेका छन् । एक देवकीको हत्या/आत्महत्याको समाचार पढेर समाजसेवा र नारी उत्थानमा आफ्नो जीवन अर्पित गर्छु भन्ने साधनालाई उसको बाबु शिवले पनि यसरी प्रोत्साहन गरेको छ -"यस्ता संस्कृतिको भने रक्षा गर्नुहुन्न ? उठ् उठ् साधना उठ् छोरीलाई छोरी भएर बाँच्न सक्ने वातावरणको सिर्जना गरिदे । तँ अब सक्षम भइसकिस्, विद्या र धनको दुवै शक्तिलाई लिएर दुर्गा भई जागिदे (१५२)।" यसले साधनालाई समाजसेवामा लाग्नका लागि बल मिलेको छ । प्रस्तुत उपन्यासमा गौरीले छोरा विनोदले आर्थिक अभावका कारण इन्जिनियरिङ पढ्न छोडेर नोकरी गर्छु भन्दा उसलाई पढाइ नछोड्न भनेकी छ । उसले विनोदलाई खर्चका सम्बन्धमा यसरी आश्वस्त बनाउन खोजेकी छ-

> दुई वर्ष मात्र इन्जिनियर हुन बाँकी छ । यस अवस्थामा पुगेर कसरी छोड्ने ? यसलाई यतिकैमा अधुरो छाडिस् भने तेरा बाउलाई जागिर खुस्केर लागेका आलो चोटमा नुन छरेका जस्तो हुन्छ ।...परिवारमा एकले अर्कालाई जरुरत परेका बेला सहयोग गर्न सकेमा मात्र सुखी शान्त परिवार हुन्छ । अहिले कसरी खर्च टारौँ भन्ने तैँले सोच्ने होइन, त्यस कुरामा सोच हामी पुऱ्याउँछौँ, बरु पछि भाइलाई पढाउने जिम्मा तैँले लिनू (५७)।

गौरीले यहाँसन्तानलाई अघि बढ्ने प्रेरणा दिनका लागि ठूलो भूमिका निर्वाह गरेको देखिन्छ ।उनीहरूको परिवारमा बाबुआमाको तर्फबाट सन्तानलाई अघि बढ्न र समाजका अगाडि उदाहरणीय बन्न प्रोत्साहन मिलेको छ । यसबाट प्रस्तुत उपन्यासमा सन्तानप्रतिको दायित्व नारी पुरुष दुवैले निर्वाह गरेको र त्यसमा पनि नारीको भूमिका उल्लेख्य रहेको देखिन्छ । यसले लैङ्गिक समन्यायको वातावरणको सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

*निष्कर्ष* उपन्यासमा सन्तानको रेखदेख गर्ने, विद्यालय पठाउने, उनीहरूको इच्छाहरू सुन्ने लगायतका कामहरू नारीले गरेका छन् । तीमध्ये इलाकी आमाले गाउँमा छँदा इलाको पढ्ने रहरलाई परिवारसामु राखिरहेकी छ ।छोरीलाई पढाउनु व्यर्थैको खर्च ठान्ने परिवारमा उसले इलाको पढ्ने रहर पूरा गर्ने कोसिस गरिरहेकी छ । उसको पढ्ने रहर पूरा गर्नका लागि नै उसले इलालाई आफ्नो कान्छोबुबासँग जिम्मा लगाएर सहर पठाएकी छ ।पछि सहरमा आएपश्चात् पनि उसले गर्न खोजेका कार्यमा साथ दिइरहेकी छ । इलाले बलात्कारीको मुख्य अभियुक्तसँग विवाह गरेर सजाय दिलाउने निर्णय गरेपश्चात् आमाले उसलाई धेरै नै रोक्ने प्रयत्न गरेकी छ तर बाबुले भने उसका

निर्णयमा साथ दिँदै यस्तो भनेको छ-"छोरी हाम्री ठूली भइसकी, बुद्धिमती पनि छे, उसको आफ्नो जीवनको निर्णय त्यसैलाई लिन दे । हामी किन सुर्ताउने, धनेकी आमा (१००)?" यसले इलालाई बाबुले उसको निर्णय लिन स्वतन्त्रता दिएको थाहा हुन्छ । लालनपालनमा आमाको भूमिका मुख्य भए पनि सन्तानका लागि सहयोग र साथ भने दुवैजनाले दिएको पाइन्छ ।

स्नेहाको परिवारमा घरका अन्य कामको व्यवस्थापनका साथै बच्चालाई खाना खुवाउनु, सरसफाइ गर्नु र विद्यालय पढाउनु जस्ता कामको मुख्य भूमिका स्नेहाले निर्वाह गर्ने गरेकी छ । त्यसैका लागि ऊ नोकरी नगरेर घरमा गृहिणी भई बसेकी छ । इलालाई भेटेर अस्पतालबाट फर्केपछिको घरको अवस्था देखेर स्नेहाको प्रतिक्रियाबाट उसको जिम्मेवारीका बारेमा जानकारी मिल्छ-

> त्यहाँ मोटर नदेख्दा लाग्छ भोला अफिस गइसकेको हुनुपर्छ । के खाएर गए । केटाकेटी स्कुल गएकी गएनन् ।...भोलालाई खाना बनाउन आउँदैन ...फेरि छोराछोरी सानै थिए । तिनलाई स्कुल जानसमेत आफैँले ठीक पारिदिनुपर्ने हुन्थ्यो तर आज सबै कुरा भइसकेको छ ।छोराछोरी पनि स्कुल गए त होलान् नि (६७)?

यसले छोराछोरीको सम्पूर्ण जिम्मेवारी स्नेहामा रहेको बुझिन्छ । मुख्य भूमिका उसको भए पनि परेको बखत भोलाले पनि ती कार्यमा सहयोग पुऱ्याएको देखिन्छ । भोलाले स्नेहा इलालाई कुर्न अस्पताल गएको बेला भान्साका अन्य कामका अतिरिक्त छोराछोरीलाई स्कुल पुऱ्याउने काम गरेको छ ।त्यसैले स्नेहाले आफ्नो व्यक्तित्व विकासतर्फ लाग्नुपर्ने आवश्यकता महसुस गरेकी छ । उसलाई लागेको छ-"हामी दुवै मिलेर बाहिरभित्र दुवै सम्हाल्न सकिहाल्दा रहेछौँ । मैले अब आफ्नो व्यक्तित्व विकास गर्नेतर्फ लाग्नैपर्छ (६९)।" यसरी भोला र स्नेहाले निर्वाह गरेका जिम्मेवारीले त्यहाँ लैङ्गिकमैत्री वातावरण भएको र कसैले विभेदको अनुभव गर्नु नपरेको अवस्था दर्साएको छ ।

प्रस्तुत उपन्यासमा रुद्रको परिवारमा सन्तानसम्बन्धी उत्तरदायित्व पत्नी वृन्दामा रहेको देखिन्छ । उपन्यासमा उसका भूमिकाका सम्बन्धमा यस्तो अभिव्यक्ति प्रस्तुत छ-"छोराको ख्याल कहिल्यै नगर्ने तपाईं, अनि दोष भने मलाई नै दिन मिल्छ ? सन्तान हुर्काउने, बढाउने, माया गर्ने हाम्रो काम, उसलाई ठीक बाटोमा लगाउने, संसार चिनाउने तपाईंले हो (३८)।" यसले सन्तानको रेखदेख, स्याहारसुसार गर्ने काम वृन्दामा रहेको र रुद्रले छोराछोरीलाई हुर्काउने, बढाउनेसम्बन्धी कुनै भूमिका निर्वाह नगरेको देखिन्छ । त्यतिमात्र नभई छोराछोरीलाई मार्गनिर्देशन गर्ने काम पनि नगरेको देखिन्छ । रुद्र र वृन्दाले समिरले बलात्कारजस्तो अपराध गर्दा पनि उसलाई त्यसको सजाय दिन सहयोग नगरी उसलाई झन् गलत बाटोमा लैजाने गतिविधि गरिरहेका छन् ।त्यसैले

सन्तानसम्बन्धी दायित्व निर्वाहमा रुद्रको भूमिका नकारात्मक देखिएको छ । सन्तानलाई सही शिक्षा दिनु, उनीहरूका रुचि जान्नु, उनीहरूको उमेरअनुसारको पथप्रदर्शन गर्नु जस्ता काममा रुद्रको परिवार चुकेको छ । बाबुआमाको यस्तै बेवास्ताका कारण नै समिरले धनको रवाफ देखाएर बलात्कार जस्तो जघन्य अपराध गरेको छ ।

## #=$ ;fdflhs tyf ;+:sf/ut e"ldsf

सामाजिक तथा सांस्कृतिक भूमिका अन्तर्गत समाजमा हुने सामाजिक कार्य, प्रथा परम्परामा नारी पुरुषहरूको संलग्नता जस्ता कुरालाई हेरिएको छ । गीता केशरीका उपन्यासका पात्रहरू विभिन्न किसिमका सामाजिक तथा संस्कारगत भूमिकामा पनि देखिएका छन् । उनका उपन्यासमा भएका सम्पन्न भएका विवाह, सभा सम्मेलन, समाजसेवा, प्रवचन, राजनीतिक सहभागिता जस्ता कार्यमा नारी पुरुषको भूमिका अलग-अलग प्रकृतिको रहेको छ ।

*खोज* उपन्यासमा समाजका अपराधका कारण, अपराधीका मनोवृति, नारी बेचबिखनसम्बन्धी विषयको खोज गरिएको छ । यस क्रममा प्रस्तुत उपन्यासका नारी पुरुष दुवै किसिमका पात्रहरू विभिन्न सामाजिक गतिविधिमा संलग्न छन् । पात्रहरूको सामाजिक कार्यमा सहभागिताउनीहरूले अपनाएका पेसामार्फत उद्घाटन भएको देखिन्छ । यी पात्रमध्ये कृपाले जेलजीवन बिताएका कैदीहरूको अध्ययन गरी अपराधका कारणको खोजीमा लागेको छ । शान्ति प्रहरीमा भर्ना भई समाजमा हुने अपराध घटाउन मदत गर्ने अभियानमा लागेकी छ । संयोग, शची, शान्त, शान्ता र कृपा मिलेर जेल जीवन बिताएका कैदीका बालबालिकाको संरक्षण र पठनपाठनका लागि शान्ति गुँडनामक बालआश्रम सञ्चालन गरेर बसेका छन् । शान्ति र कृपाले आश्रमका लागि आर्थिक व्यवस्थापन गर्ने र अन्यले बालबालिकाको हेरचाह गर्ने गरेका छन् । नारी पुरुषको सहभागिता र सक्रियतामा भएको यो कार्यले बालबालिकाको भविष्य निर्माणमा सघाउ पुग्ने देखिएको छ । अर्कोतिर उपन्यासमा नारी बेचबिखनको कार्य चलिरहेको छ । समाजमा रहेको देउकी प्रथाका कारण नारीहरू देहव्यापारमा होमिनु परेको देखिन्छ । उनीहरू वेश्यालयमा बेचिई पुरुषकै मनोरञ्जनका साधन बनेको स्थिति छ । समाजमा पुरुष प्रभुत्व स्थापित भएकै कारण पुरुषले मालिक वा शासकको सामाजिक भूमिका निर्वाह गरेको स्थिति छ भने नारीको सामाजिक हैसियत पुरुषको अधीनस्थ देखिएको छ ।

*विश्वास* उपन्यासमा धेरै पात्रहरू र धेरै सामाजिक गतिविधिको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा बालविधवा, अनमेल विवाह, सट्टा विवाह, बालविधवा जस्ता विभिन्न किसिमका प्रथा परम्पराहरूमा नारी पुरुषको संलग्नता पीडक वा पीडितका रूपमा रहेको छ । यी सबैखाले

पितृसत्तात्मक संरचनालाई बल पुऱ्याउने खालका परम्परामार्फत औपन्यासिक समाजमा नारी वर्गहरू पुरुष प्रभुत्वका अधीनमा पर्न बाध्य भएका छन् । त्यसैले नारीको सामाजिक भूमिका पुरुषअधीनस्थ छ भने पुरुषको सामाजिक भूमिका प्रभुत्वशाली रहेको छ ।

प्रस्तुत उपन्यासका पात्रमध्ये रवि शर्मा, विष्णु शर्मा, देवीको ससुरा, देवी, दुर्गाजस्ता पात्रहरू विभिन्नसामाजिक गतिविधिमा संलग्न भएको देखिन्छ । रवि शर्मा प्रधानपञ्च र गाउँको मुखिया भएको कारण उसको सामाजिक संलग्नता अन्य पात्रको भन्दा धेरै छ । उसले समाजमा हुने विवाह, सभाहरूमा नेतृत्वदायी भूमिका निर्वाह गरेको देखिन्छ । उसले गाउँमा धेरैजसो कुसंस्कार र परम्परालाई जीवित राख्न भूमिका खेलेको छ । उसको पञ्चायतमा गाउँका विधवा केटीहरूको व्यक्तिगत स्वतन्त्रताको कुरालाई लिएर समेत छलफल हुने गरेको छ । बालविधवा देवी भृगुसँगको सम्बन्धलाई लिएर उसले पञ्च बोलाएको छ । यसको बारेमा उपन्यासमा यस्तो भनिएको छ-"मलाई गाउँको पञ्च भलाद्मी जम्मा पारी तिनीहरूको माझमा राखेर केर्न थाले ...। मैले गाउँलेहरूबाट पाएपछि मेरो ससुरा र त्यो मुखिया लोते कान लगाउँदै सभा भङ्ग गरी घरतर्फ लागे (७४)।" यसबाट रवि शर्माको सामाजिक भूमिकाको सङ्केत मिल्छ । यसबाट गाउँमा हुने भेलाहरूमा पुरुषहरूको उपस्थिति हुने कुरा पनि स्पष्ट हुन्छ । गाउँमा हुने सम्पूर्ण गतिविधिमा रवि शर्माकै इच्छा र निर्णयको मुख्य भूमिका छ । उसैको इच्छाअनुसार काठमाडौँबाट दुर्गा शिक्षिकाको रूपमा गाउँमा भित्रिएकी छ । बालविवाह रोक्नुपर्ने उसको दायित्व भए पनि उसले नै कानुनविपरीत बालिकाहरूको विवाहमा गाउँलेहरूलाई सघाएको छ । देवीलाई बारम्बार लाञ्छना लगाउनु, तिरस्कार गर्नु, दुर्गाका शैक्षिक गतिविधिमा अवरोध पुऱ्याउनु र उनीहरूलाई गाउँबाट अनेक लाञ्छना लगाएर निकाला गर्नुमा रवि शर्माको मुख्य हात रहेको छ । उसले गाउँमा घटेका हरेक घटनामा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ तर ती गतिविधि गरीब र नारी शोषण, कुसंस्कार, कानुनलाई मिच्ने कार्यलाई बढावा दिने खालका छन् । उसको सामाजिक भूमिका उत्पीडनकारी छ ।

यसका साथै गङ्गाको मृत्यु भएपछि रवि शर्माको घरमा जम्मा हुने मानिसमा पनि पुरुषको आधिक्य रहेको छ । छोरी गङ्गाको मृत्यु भइसकेपछि त्यसको बारेमा बुझ्न विष्णु शर्मा मात्र गएको छ । त्यहाँ देवी पनि सहभागी छ । उसलाई गङ्गाको मृत्यु शंकास्पद लागेकाले प्रहरी अनुसन्धानबिना लासलाई सदगदका लागि लिएर जाने तरखर गरेकोमा उसले त्यसमाथि यसरी प्रश्न उठाएकी छ-"के गर्न लाग्नुभएको यस्तो ? लासको जाँचबुझ नगरिकन घाटतिर अहिल्यै कहाँ लैजान पाइन्छ र ? खै, पुलिस आइपुगेको (३५)?"यसले देवीको सामाजिक संलग्नतालाई दर्शाउँछ । त्यहाँ उसले गङ्गाको मृत्यु प्राकृतिक नभई हत्या वा आत्महत्या हुन सक्नेतर्फ प्रहरी र

मानिसहरूका बिचमा औँला पनि उठाएकी छ । त्यस्तै देवी गाउँका छोरी बुहारीलाई शिक्षाको अभियानमा समेट्नका लागि दुर्गाले चलाएको सचेतना अभियानमा पनि संलग्न रहेकी छ । उसले आफ्नो गाउँको वास्तविकता दुर्गालाई बताई सहयोग गर्नुका साथै गाउँका नारीलाई छोरी पढ्न पठाउनका लागि आग्रह गर्ने, त्यससम्बन्धी चासो राख्ने काम गरेकी छ । उसले यसरी आफ्नो चासो व्यक्त गरेकी छ-"खै, तपाईँले आफ्नी छोरीलाई पढ्न पठाउँछु भन्नु भएको अझसम्म आएकी छैन । कहीँ मन बदल्नु त भएन (१६३)?" यसले देवीको सामाजिक गतिविधिमा रहेको संलग्नता प्रस्ट हुन्छ । यसका साथै कृत्रिम गर्भाधानबाट सन्तान जम्माएर समाजमा नयाँविचारको बीजारोपण गर्ने सामाजिक कार्यमा पनि ऊ सहभागी छ । ऊ आफ्नै इच्छाले यस्ता गतिविधिमा संलग्न भएकी छ । यसले उसमा आत्मविश्वास र विद्रोही चेतनाको विकास गराएको छ ।

प्रस्तुत उपन्यासमा शिक्षक दुर्गाको सामाजिक भूमिका पनि उल्लेख्य छ । शिक्षक भएका कारण उसले समाजमा शिक्षाको महत्त्वसम्बन्धी चेतना फैलाउने काममा ठूलो भूमिका निर्वाह गरेकी छ । नारी पुरुष समान शिक्षाले समाज र परिवारलाई मात्र नभएर देशलाई टेवा पुग्ने भएका कारण आफ्ना परिवारका सदस्यलाई शिक्षाप्राप्तिको अवसरबाट वञ्चित गर्न नहुने दुर्गाको विचार छ ।यसका साथै उसले गाउँलेका मनमा जरा गाडेर बसेका विभिन्न परम्परा र अन्धविश्वासका विरुद्ध चेतना फैलाउने काम गरेकी छ । उसले यस्तो भनेकी छ-

> यस्तो अन्धविश्वास हटाउन पहिले आफैँले यसबारे बुझ्नुपर्छ अनि अरुको दिमागमा रहेको भ्रम हटाउनतर्फ लाग्नुपर्छ । वास्तविकताको अभावले नै अन्धविश्वासले जरा गाडेको हुन्छ । यो अज्ञानताको पराकाष्ठा हो । यिनै अर्थ हुन् म यस गाउँमा शिक्षिकाको हैसियतले भित्रिएपनि चारैतिर हात हाली अन्धविश्वासलाई हटाएर विश्वास जगाउन सङ्कल्पबद्ध भएकी र तिमीहरूको कर्तव्य पनि आफ्नो पढाइको साथसाथै यस्तो काममा सहयोग पुऱ्याउनुपर्छ (१२८)।

यसबाट दुर्गाको सामाजिक सुधारतर्फको लगाव देख्न सकिन्छ । यसका साथै ऊ समाजमा विद्यमान रहेको बहुविवाह र सन्तानसम्बन्धी समस्यालाई समाधान गर्ने विकल्प कृत्रिम गर्भधारण हुनसक्छ भन्ने चेतना समाजमा फैलाउने कार्यमा भूमिका खेलेकी छ ।यस कार्यले दुर्गामाथि गाउँका अगुवाहरूबाट नै लाञ्छना भोग्नुपरेको छ । उपन्यासमा यसको बारेमा ताराका भनाइ यस्तो छ-"हाम्रो गाउँको प्रधान कस्तो छ, ...उसले हाम्रो गाउँबाट दुर्गा मास्टर्नी र देवी दिदीलाई कस्तो बेइज्जत गरेर धपाएको छ (२१६)।" सामाजिक सुधारतर्फका नयाँ कदम चाल्ने दुर्गालाई समाजमा हैकम चलाएको रवि शर्माले गाउँनिकाला गरेको देखिन्छ ।

यसरी हेर्दा विश्वास उपन्यासमा पुरुषहरू समाजको नेतृत्वकर्ता, निर्णयकर्ता र प्रभुत्वशाली भूमिकामा नारीहरू चेतना फैलाउने सचेतकको भूमिकामा रहेका छन् । समग्रमा नारी पुरुषका सामाजिक भूमिकालाई हेर्दा पितृसत्तात्मक प्रभुत्वका कारण पुरुषहरूलेउत्पीडक, शोषक र दमनकारी भूमिका निर्वाह गरेका र नारीहरू पितृसत्ताबाट शोषित, पीडित र अधीनस्थ रहेका देखिन्छन् ।

*नोकरी* उपन्यासमा नेपाली समाजमा रहेको देउकी प्रथा र त्यसबाट पीडितहरूकोप्रसङ्ग चित्रित छ । यसमा सामाजिक परम्पराका कारण देउकी बनाइएका नारी र उनीहरूका सन्तानमाथि समाजले गर्ने दुर्व्यवहारका माध्यमले पुरुषको प्रभुत्वशाली र नारीको अधीनस्थ भूमिकाको चित्रण गरिएको छ ।यसमा नूर लगायतका उपन्यासमा देउकीहरू पीडित छन् भने उनीहरूको शारीरिक शोषणमा संलग्न पुरुष र उनीहरूलाई तिरस्कार गर्ने समग्र समाज पीडक बनेको छ । देउकीका सन्तानलाई विद्यालयमा भर्ना हुन नदिने र समाजले देउकीहरूको वैवाहिक जीवन नस्वीकार्ने गरेका कारण उनीहरू समाजबाट शोषित पीडित बनेका छन् । पितृसत्तात्मक शक्तिसम्बन्धका कारण देवकीहरूले आफ्नो इच्छाअनुसार केही गर्न पाएका छैनन् । उनीहरू आफू र आफ्ना सन्तानका लागि पनि निर्णय गर्न पाउने अवस्थामा छैनन् । यसले सामाजिक रूपमा देउकीहरू पुरुषका अधीनस्थ र पुरुषहरू शोषकको भूमिकामा रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासका पात्रहरू सामाजिक सेवामा पनि संलग्न छन् । यसका प्रमुख पात्र शिव भ्रमणका क्रममा देउकी र उनीहरूका सन्तानका समस्या बुझेकाले उनीहरूको उत्थानको लागि कार्य गर्न चाहन्छ । त्यसैले उसले समस्याबाट पीडितहरू भएकै ठाउँमा गएर सहयोग गर्न चाहेको देखिन्छ ।उसको चाहना र योजना यस्तो छ-

> मैले चाहेको छु स्वच्छ वातावरणको सिर्जना गर्न जहाँ प्रजातन्त्र बाँच्न सकोस् मानवता फस्टाउन सकोस् । साधना र म सामाजिक प्रदूषण हटाई मानव एकता ल्याउने अभियानमा लाग्छौं । ...यस अभियानलाई सफल पार्न नयाँ पुस्ता र तिनका अभिभावकहरूलाई साथसाथै सम्झाई बुझाई गर्दै अगाडि सार्न सकेमा मात्र नयाँ वातावरणको सिर्जना हुनसक्छ । साधना चैं आफ्ना पुस्तासँग मिलेर अगाडि बढ्छे । म उसलाई र उसका अभिभावकहरूलाई सहयोग गर्छु (१६८)।

यसबाट शिवले उसकी छोरी साधनालाई साथमा लिएर समाजसेवाका कार्यमा अग्रसर भएको बुझिन्छ । समग्रमा प्रस्तुत उपन्यासमा सामाजिक रूपमा नारीहरू पीडित नै देखिन्छन् यद्यपि

ग्रामीण क्षेत्रका अशिक्षित समाजका तुलनामा सहरी क्षेत्रका शिक्षित नारी पुरुष पात्रहरू सामाजिक भूमिका निर्वाहतर्फ समान रूपले लाग्न थालेको देखिन्छ ।

*निष्कर्ष* उपन्यासका पात्रहरूविभिन्न सामाजिक भूमिकामा देखिएका छन् । यस उपन्यासमा पनि नारी पुरुषको सामाजिक भूमिका पितृसत्तात्मक शक्तिसम्बन्धका आधारमा निर्धारित देखिन्छ । केही पात्रहरू सामाजिक कार्यमै संलग्न भए पनि केही पात्रहरूलाई संलग्न गराइएको छ । यसमा मुख्य पात्र इला समिरलगायत चारजना युवकको बलात्कारमा परेकी छ । पितृसत्तात्मक संरचनामा पुरुषलाई दिइएको स्वतन्त्रताका कारण समिरले इलालाई बलात्कार गरेर आफ्नो अहम्को पूर्ति गर्ने प्रयास गरेको छ । उसका अपराधिक गतिविधि व्यक्तिगत मात्र नभएर सामाजिक मान्यताका कारण सिर्जित भएका कारण ऊ उत्पीडक हो भने इला शोषित, पीडित बनेकाले ऊ सामाजिक रूपमा उत्पीडित भूमिकामा रहेकी छ । त्यस्तै यसमा बनेपामा पीडित महिला र तिनीहरूका सन्तानको आश्रयका लागि पुनर्जीवनालय आश्रमको निर्माण गरिएको देखिन्छ । निर्दोष अमिरलाई बलात्कारको अभियोगमा जेल पार्न षडयन्त्र गरेको रुद्रको इच्छानुसार सो आश्रमको निर्माण भएको देखिन्छ । त्यस आश्रमको लागि नयाँ भवन निर्माण गरी इलाद्वारा त्यसको उद्घाटन गराइएको छ । यसबाट प्रस्तुत उपन्यासमा नारी पुरुष दुवै सामाजिक भूमिकामा संलग्न भए पनि नारीहरूपुरुषद्वारा पीडित नै देखिन्छन् ।

## #=% k];fut e"ldsf

गीता केशरीका उपन्यासका पात्रहरू विभिन्न पेसा व्यवसायमा संलग्न छन् । उनका उपन्यासको स्थानगत परिवेश प्रायः सहर भएका कारण नारी पुरुष दुवै किसिमका पात्रहरू पेसागत भूमिकामा देखिएका छन् । उनका उपन्यासमा नारी पुरुषका पेसागत भूमिका पनि पितृसत्तात्मक शक्तिसम्बन्धका आधारमा निर्धारित छन् ।

*सौगात* उपन्यासका पात्रहरू पनि विभिन्न पेसा व्यवसायमा संलग्न भएका देखिन्छन् । यसका नारी पात्रहरूकार्यालयका जागिरे, टाइपिष्ट, कारखानाका कामदार र घरेलु कामदार छन् भने पुरुषहरूसरकारको प्रशासनिक नोकरी, होटल व्यवसायी र होटलको कर्मचारी छन् । उपन्यासमा प्रतिभा, रागिनी, मेनका, सुभद्रा, कमल, रघुवीर, जीवन र प्रतिभाको बाबु विभिन्न पेसा व्यवसायमा संलग्न पात्रहरू हुन् । यस उपन्यासमा प्रतिभाले दुई स्थानमा नोकरी गरेकी छ । उसले शोभनाको घरमा बस्दा वीरगञ्जस्थित स्टिल कारखानामा काम गरेकी छ भने त्यहाँबाट निस्केपछि उसले प्रतिभा लजमा खजाञ्चीको सहयोगीका रूपमा काम गरेकी छ । अर्की पात्र रागिनी अफिसमा नोकरी गर्छे तर उसको नोकरी कुन अफिसमा हो भन्ने कुराको उल्लेख

उपन्यासमा छैन । "ऊ बिउँझिदा रागिनीको अफिस जाने बेला हुन्थ्यो (५५)" भन्ने उपन्यासको यस वाक्यले रागिनी नोकरी गर्ने कुराको जानकारी दिन्छ । यसका साथै उपन्यासमा मेनका नामक नारी पात्र कमलको टुरिष्ट लजमा रिसेप्सनिस्टका रूपमा कार्यरत छ । ऊ त्यहाँ बिहान दसबजेदेखि बेलुकी छ/सात बजेसम्म पनि आगन्तुकहरूको नाम लेख्न र सत्कार गर्नमा व्यस्त हुन्छे । उसले त्यहाँ कमललाई लजमा पाहुनाहरूको घुइँचो र तिनीहरूको व्यवस्थापनको जानकारी समेत दिने काम गरेकी छ । त्यस्तै मेनकाकी आमा सुभद्रा काठमाडौँको एक ब्राह्मण परिवारमा घरेलु कामदार बनेर बसेकी छ । घरेलु कामदारका रूपमा बस्दा ऊ घरका मालिकद्वारा शारीरिक शोषणमा परेकी छ ।फलस्वरूप ऊ गर्भवती भई एक वृद्धसँग विवाह गर्न बाध्य पारिएकी छ ।

प्रस्तुत उपन्यासमा जीवनको नोकरी होटलमा छ । त्यहाँ उसले पाहुनाको बन्दोबस्त गर्ने काम गर्छ । त्यस्तै रघुवीर अञ्चलाधीश कार्यालयमा नायब सुब्बा छ । प्रतिभाको बाबु सरकारको सचिव पदमा कार्यरत रहेको छ ।प्रतिभाको पति कमल भने व्यापारी हो । उसले प्रारम्भमा नेशनल ट्रेडिङबाट माल ल्याई बाहिर बजारमा ज्यादा मोल राखी बेच्न थालेको देखिन्छ । पछि उसले काठमाडौँका साथै वीरगञ्ज, विराटनगर र पोखरासम्म आफ्नो होटल व्यवसायलाई फैलाएको छ ।उपन्यासमा उसको व्यवसायका सम्बन्धमा धेरै ठाउँमा उल्लेख गरिएको छ ।उपन्यासमा प्रस्तुत यी कथनले उसको व्यापार व्यवसायका विषयमा तथ्य उद्घाटन गर्दछन्-"सबैले बुझ्न सक्ने सभ्य, सामुन्ने आई इज्जतको साथ दिन काट्नलाई एउटा टुरिष्ट लज सरकारी ऋण लिएर खोलेको थियो (७३)।"यसबाट कमलको व्यापार वैध र अवैध दुई किसिमको रहेकोबुझिन्छ । तीमध्ये उसको वैध व्यवसायका रूपमा टुरिष्ट लज रहेको छ । कमलको त्यसमा संलग्नताबारेमा उपन्यासमा यस्तो भनिएको छ-

> कमलको टुरिष्ट लज अरुहरूको लज हेरी निकै चलेको थियो । यहाँ सबै कुराको सुविधा थियो । ...अक्सर गरेर कमल बिहान र साँझ दुवै पटक त्यहाँको व्यवस्था र हिसाब जाँच्न आफैँ आउने गर्दथ्यो । हरीले यदि दिनको समयमा कुनै यात्रुहरूसँगै भेटघाट मिलाएको छ भने मात्र दिउँसो आउँथ्यो (७७-७८)।

यसले कमलको व्यापार निकै चलेको र उसले व्यवस्थापकको भूमिका निर्वाह गरेको तथ्य उजागर गरेको छ । यसरी प्रस्तुत उपन्यासमा पुरुषहरू आफू संलग्न पेसामा महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका छन् । नारीहरू भने कार्यालय सहायक, रिसेप्सनिस्ट, घरेलु कामदार जस्ता पेसामा आबद्ध भएका छन् । रिसेप्सनिस्ट, घरेलु कामदारका रूपमा कार्यरत नारीहरू न्यून आयका कारण कार्यक्षेत्रमा शोषित बनेका छन् ।

*विश्वास* उपन्यासमा पनि पात्रहरू विभिन्न पेसा व्यवसायमा संलग्न छन् । यस उपन्यासमा शिक्षक, कृषक, नर्स, घरेलु कामदार, मनोचिकित्सक, राजनीतिकर्मी जस्ता विभिन्न पेसामा पात्रहरू आबद्ध भएका देखिन्छन् । तीमध्ये शिक्षक पेसामा दुर्गा, देवी, विद्या, उदय र बाबाहजुरका पतिपत्नी जस्ता पात्रहरू आबद्ध भएका छन् । दुर्गा रवि शर्माको प्रस्तावअनुसार गाउँमा नारी शिक्षालय खोलेर पढाउन भनी केन्द्र (काठमाडौँ)बाट खटिएर आएकी शिक्षिका हो ।उसले गाउँमा नारी शिक्षालाई जोड दिँदै समाजका अन्धविश्वासका विरुद्ध चेतना चेतना फैलाउने, काम गरेकी छे । उसले त्यस गाउँका नारी मात्र नभएर बालिका, पढ्ने अवसरबाट वञ्चित भएका पुरुषसमेतलाई शिक्षा दिने काम गरेकी छ । दुर्गाले शिक्षाबाट वञ्चित भएका सबै गाउँलेहरूलाई शिक्षा लिने प्रक्रियामा संलग्न गराउन धेरै प्रयत्न गरेकी छ । उसका कारण नै बालविधवा भएर समाजबाट तिरस्कार खेपेकी देवी, सट्टा विवाहको मारमा परेर माइत लखेटिएकी विद्या र औँसीमा उल्टो जन्मेका कारण तिरस्कृत भएकी उमालेआफ्नो अस्तित्वनिर्माण गर्न र आफ्नाबारे निर्णय लिनसक्षम बनेका छन् । यद्यपि उसलाई गाउँका युवालाई भड्काएको र चरित्रहीन काम गरी गाउँ भाँडेको आरोपमा गाउँ निकाला गरिएको छ ।

प्रस्तुत उपन्यासमा विद्यालेनर्सपेसा अपनाएकी छ । उसलाई पहिलेदेखि नर्स बनेर बिरामीहरूको सेवा गर्ने इच्छा छ । ऊ नर्सका रूपमा गाउँकै स्वास्थ्यचौकीमा कार्यरत छे । त्यसैले ऊ त्रिशुलीको स्वास्थ्य खटिएकी छ । त्यहाँबाट उसको गाउँ त्यति टाढा नभएकोले त्यस गाउँबाट पनि स्वास्थ्य उपचारका लागि त्यहीँ बिरामीहरू आउँछन् ।उसले ती सबै बिरामीको सेवागर्ने गरेकी छ । ऊ कार्यरत स्वास्थ्य केन्द्रमा आफ्नो छोरालाई उपचारका लागि लिएर आएकी उसकीसासू र लोग्नेलाई आफ्नो अस्तित्व सम्झाउन सकेकी छ । देवी गाउँमा छँदा दुर्गाकै सहयोगमा गाउँकै विद्यालयमा बच्चाहरूलाई पढाउने काम गरेकी छ । पछि उसले कृत्रिम पद्धतिका माध्यमबाट छोरालाई जन्म दिएपछि भने उक्त कार्यलाई छोडेकी छ । ऊ काठमाडौँमा आएपश्चात् एक स्कुलको टाइपिष्टको रूपमा कार्य गरेकी छ । काठमाडौँमा दुर्गा शिक्षक पेसालाई नै निरन्तरता दिइरहेकी छ । स्कुल मास्टर्नी दुर्गा र टाइपिष्ट देवीलाई नोकरीको आम्दानीले बिहान बेलुकीको मुख जोडाइ र कर्णको पढाइ खर्च पुऱ्याउनसमेत पुगेस् नपुगेस् हुने स्थिति रहेको छ । त्यस्तै उदय दुर्गालाई गाउँनिकाला गरेपछि काठमाडौँबाट देवीहरूको गाउँको विद्यालयमा आएको शिक्षक हो । उसले पनि गाउँमा शिक्षासम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यमा भूमिका खेलेको छ । त्यस गाउँमा दुर्गाले बसालेको केटाकेटीलाई एकै ठाउँमा राखेर पढाउने चलनको विरोध चल्न थालेका बेला उसले नै त्यस स्थितिलाई सम्हालेको छ । ऊ पनि गाउँमा आदर्श पुरुषको रूपमा सबैको हृदयमा बसिसकेको छ । उसलाई त्यस गाउँमा पुरुष भएकै कारण दुर्गालाई जस्तो झमेलाको सामना

गनुपरेको छैन तर पछि उदय विदेसिएको छ । उपन्यासमा उदयको बाबु पनि शिक्षक पेसाबाट अवकाश लिएको व्यक्तिहो ।

प्रस्तुत उपन्यासमा रवि शर्मा प्रधानपञ्च हो । पहिला उसको परिवारको जेठो छोरालाई गाउँको मुखिया स्वीकार गर्ने न्यस गाउँको चलनहअनुसार ऊ मुखिया बनेको छ भने पञ्चायती शासनव्यवस्थाको सुरुवात भएपश्चात् उसले नै प्रधानपञ्च भएर गाउँमा शासन गरिरहेको देखिन्छ । उपन्यासमा यस सम्बन्धमा यस्तो उल्लेख छ-

> २०१७ सालमा जनप्रतिनिधिको व्यवस्थाको अन्त्य भई पञ्चायती व्यवस्था लागू गरिएपछि यिनै रवि शर्माले गाउँको प्रधानपञ्च समेत भई शासन चलाउन पाएका छन्  हरेक पटकको चुनावमा उनी नै छानिँदै आएका छन् । परम्पराबाट मात्र होइन व्यवस्था अन्तर्गत पनि उनी नै गाउँको प्रधान हुन पाएकोले र सरकारबाट प्रतिनिधित्व गर्न छानिएकोले पनि उनका अहम्को मात्रा झन् झन् बढ्दै जान थालेको प्रत्यक्ष थाहा हुन्छ ( ४७)।

यसले रवि शर्मा समाजको नेतृत्व गर्ने राजनीतिक भूमिका निर्वाह गरेको प्रस्ट हुन्छ । उसले गाउँलेहरूको आँखामा छारो हाल्न काठमाडौँमा चल्ने गरेका नारी विकास, नारी सेवा, नारी शिक्षाको नारा, अस्पताल, शिक्षालय र सुगम बाटोघाटोको माग राख्दै आफूलाई क्रियाशील राखेको छ । उसले आफ्नो पदीय दायित्वलाई बिर्सेर लैङ्गिक विभेद, कानुनविपरीतका विभिन्न कुसंस्कारलाई बढावा दिन सघाउने खालका गतिविधि गरेको छ । छोराहरूलाई काठमाडौँमा राखेर पढाउने रवि शर्मा छोरी बुहारीलाई भने घरको काम, मेलापातमा मात्र सीमित राखेको छ । बालविधवा, अनमेल विवाह, विधवा परम्परालाई उसले समर्थन गरेको छ । उसले गाउँमा चेतना फैलाउन मदत गर्ने शिक्षक दुर्गा र देवीलाई चरित्रहीनको आरोप लगाएर गाउँनिकाला गरिदिएको छ । यसर्थ उसले आफ्नो पदीय दायित्व राम्रोसँग निर्वाह गर्न सकेको छैन ।

प्रस्तुत उपन्यासमा केही पात्रले घरेलु कामलाई पेसाको रूपमा अपनाएका छन् । यसमा उमा(तारा), जानकी, गोरे घरेलु कामदार हुन् । उमा उदयसँगको प्रेमका कारण गर्भवती बनेर उसकै खोजीमा काठमाडौँ आएपश्चात् घरेलु कामदारको पेसासँग आबद्ध भएकी छ । ऊ संयोगवश उदयकै घरमा सहायकका रूपमा बसेकी छ । ऊजस्तै उसकी साथी जानकी पनि घरेलु कामदारको रूपमा कार्य गरिरहेकी छ । घरेलु कामदारका रूपमा कार्य गर्दा गर्भवती भएको अरुले थाहा पाएपछि उमाले धेरै लाञ्छनापनि सहनुपरेको छ । उदयकी कान्छी पत्नी आरती मनोविज्ञका रूपमा विदेशमा नै कार्यरत छ । प्रस्तुत उपन्यासका अधिकांश गाउँले मानिस कृषि पेसामा संलग्न

छन् । कृषिका घाँसदाउरा, मेलापात जस्ता काममा गाउँका नारी सदस्यहरू सहभागी भएको देखिएको छ । यसले गर्दा उनीहरू शिक्षाप्राप्ति, विभिन्न बाहिरी गतिविधिमा संलग्न हुन पाएका छैनन् । घरेलु कामदारका रूपमा का मगर्नेमा नारीहरूको सङ्ख्या बढी छ । राजनीतिमा पुरुषको मात्र संलग्नताले नारीहरू पछाडि पारिएको अवस्था छ । शिक्षक पेसामा नारीहरू संलग्न हुँदा सम्पूर्ण गाउँमा विभिन्न किसिमका चेतनाका अभियानहरू चलेका छन् ।

*नोकरी* उपन्यासका पात्रहरू विभिन्न पेसासँग आबद्ध छन् । उपन्यासले मूल रूपमा काठमाडौँलाई कार्यपीठिका बनाएकोले यसमा पुरुषका साथै थुप्रै नारीहरू पनि विभिन्न पेसामा संलग्न भएको देखिन्छ । उपन्यासका पात्रमध्ये शिव, गौरी, प्रेरणा, शैली, मीरा प्रशासनिक क्षेत्रमा नोकरी गर्दछन् । शिव खड्का नोकरीबाट निष्काशित हुनुभन्दा पहिला अफिसको कुनै फाँटको हाकिमको भूमिका निर्वाह गरेको छ । "शिवलाई त्यो सूचना पढ्न अरु उत्साही गराउँछ र ऊ अगाडि सर्छ । हामि नै त्यहाँ आएको देखेर अरु कर्मचारीहरूले उसलाई बाटो छोडिदिन्छन् (२)" भन्ने भनाइले उसको पदको बारेमा जानकारी दिन्छ । त्यस्तै गरी गौरीले पनि प्रशासनिक क्षेत्रमा नोकरी गर्छे तर उसको कुन कार्यालय हो र उसको कुन दर्जा हो भन्ने उल्लेख उपन्यासमा छैन तर "गौरी अझै नोकरी गर्दै छे(२३)।"र "घरमा तपाईंको र अफिसमा हाकिमको आदेश मान्नुपर्ने मलाई तपाईँ के भन्नुहुन्छ (६०)?"भन्ने अंशले उसको दर्जा हाकिमभन्दा तल रहेको स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा प्रेरणा, मीरा, शैली पनि जागिरे नारीहरू हुन् । उनीहरूले नोकरी गर्ने कार्यालयमा नारीभन्दा पुरुष जागिरदारको संख्या धेरै छ । उनीहरूको कार्यालयमा पिउनदेखि हाकिमसम्म ज्यादा पुरुष कामदार छन् तर शैली र प्रेरणा त्यो कार्यालयमा हाकिमको दर्जामा रहेर कार्य गरेकाछन् । उनीहरूलाई आफ्ना पदीय दायित्व पूरा गर्न उनीहरूको परिवारप्रतिको जिम्मेवारी र नारीलाई असक्षम हेर्ने परिपाटीका कारण गाह्रो भएको देखिन्छ । उपन्यासमा शैली र नारी कर्मचारीप्रतिका दृष्टिकोण र व्यवहारलाई यसरी प्रस्तुत गरिएको छ-

> शैलीलाई अफिसमा नचाहेको बोझको स्थापना भएको जस्तो गरी व्यवहार गर्छन् ।पिउनले समेत टेर्दैन। पुरुष कर्मचारीहरूले भन्छन्-'यी स्वास्नीमान्छे किन जागिर खान आउँछन् । घरैमा बालबच्चा स्याहारेर बसे भैहाल्थ्यो । यहाँ बसेर पनि अफिसको भन्दा बढी घरैको चिन्ता लिन्छन् । यस्तालाई हाकिम भनेर कसरी मान्नु सबै काम हामीले नै गरिदिनुपर्छ । तलब सोहोर्न मात्र आएका हुन्छन् यी आइमाईहरू(११०)।

यसबाट नारी कर्मचारीलाई कार्यालयका जिम्मेवारीका साथसाथै घर बच्चाको दोहोरो जिम्मेवारी सम्हाल्नुपरेको र कार्यालयमा असहयोग हुने गरेको तथ्य उद्घाटन भएको छ । त्यस्तै कार्यालयका

दायित्वप्रति ध्यान दिएर नारी कर्मचारीमाथि लाग्ने आरोप हटाउन प्रयत्न गरिरहेकी प्रेरणाले पनि नारी कर्मचारीबाटै असहयोग र आलोचना बेहोर्नुपरेको छ । उपन्यासमा उनीहरूका आलोचना यसरी प्रस्तुत भएका छन्-"पहिले यही ठाउँमा लोग्नेमान्छे हाकिम थियो । उसले कहिल्यै हामीलाई यस्तो भनेन । ...यसलाई जस्तो ठूली कसैलाई हुनुपर्दैन (११२)।"यसमा प्रेरणा उक्त कार्यालयकी हाकिम रहेको र उसका आदेशलाई नारी कर्मचारीले नै बेवास्ता गरी असहयोग गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा साधना हवाइपरिचारिकाको पेसासँग आबद्ध भएकी छ ।उसले पेसागत जिम्मेवारी राम्रोसँग निर्वाह गरेकी छ । उसका कार्यका सम्बन्धमा उपन्यासमा यस्तो उल्लेख छ-

> साधनाले जहाजका ढोकामा उभिएर जहाजभित्र छिर्दैका सबै यात्रीहरूलाई हाँसेर नमस्कार गरी अभिवादन गर्छे । जब जहाजको ढोका बन्द गरिन्छ र त्यो धावनमार्गतर्फ बढ्छ । यात्रीहरूलाई सिटको पेटी बाँध्नोस् भन्ने सङ्केत गरेअनुसार धमाधम पेटी बाँध्न थाल्छन् । ...जहाजभित्र साधना जीवन सुरक्षाको ज्याकेट प्रयोग गर्ने विधि बताइरहेकी छ (६९)।

यसले उसको पेसासँग सम्बन्धित कार्यको जानकारी दिएको छ । हवाइपरिचारिका पेसालाई समाजले तत्कालीन समयमा हेर्ने दृष्टिकोण अलि साँघुरो भएका कारण यो पेसा अपनाउँदा उसले दाजु, ठूलोबा र प्रेमीका अवरोध पनि पार गर्नुपरेको छ । उसले यस नोकरीका माध्यमले नै आफ्नो दाजुभाइका लागि पढाइखर्चका लागि परिवारलाई सहयोग गर्न सकेकी छ । उडानका क्रममा विभिन्न देश र स्थानको भ्रमण अवलोकन, विभिन्न प्रकृतिका यात्रुसँगको भेटले उसको आत्मविश्वासमा बढोत्तरी आएको छ । जसले गर्दा उसमा आफ्नो जीवनका बारेमा निर्णय सजिलै लिन सक्ने क्षमताको विकास पनि भएको छ । उपन्यासमा गौरीका छोराहरू इन्जिनियरिङ अध्ययन गर्दै छन् । दयाको पति पनि इन्जिनियर पेसामा आबद्ध भएको देखिन्छ । राधाले रेडियोमा गायिकाको नोकरी गरेकी छ । दिलबहादुर सुरक्षागार्डलाई आफ्नो पेसा बनाएको छ । उपन्यासमा नूरजस्ता देउकी पात्रहरूले देहव्यापारलाई आफ्नो पेसा बनाउनु परेको छ । जसले गर्दा उनीहरूले सामाजिक रूपमा धेरै तिरस्कार र शोषणको सामना गर्नुपरेको छ ।

यसरी नोकरी उपन्यासमा पात्रहरूले फरक फरक पेसा व्यवसायको अबलम्बन गरेका छन् । उनीहरूमध्ये केही नारी पात्रहरूले पूरा कार्यालय पनि सञ्चालन गरेका छन् । केही नारी पात्रले पेशा छनोटका क्रममा परिवार र आफन्तका दबाब र हस्तक्षेपको पनि सामना गर्नुपरेको छ । शिक्षाको अवसर पाएका र सहरी क्षेत्रमा रहेका पात्रहरू आर्थिक उपार्जन र व्यक्तित्व विकासका लागि आफूले चाहेका पेसा छनोट गर्न सक्षम भएका छन् भने अशिक्षित र ग्रामीण क्षेत्रका विशेषगरी नारी पात्रहरू अनिच्छित पेसा अपनाउन बाध्य भएका छन् ।

*निष्कर्ष* उपन्यासका पात्रहरू पनि विभिन्न पेसा व्यवसायमा आबद्ध भएका छन् । यसका पात्रहरूड्राइभर, राजनीतिकर्मी, घरेलु कामदार, कृषि, सैनिक, प्रहरी तथा प्रशासनिक क्षेत्रमा आबद्ध भएका देखिन्छन् । प्रस्तुत उपन्यासका पात्रहरूमध्ये इला, भोला, मीरा, विमली, इलाको बाबु, रुद्र, अमिर विभिन्न पेसासँग संलग्न छन् । यीमध्ये इलाले नोकरी गर्छे । उसले कुन अफिसमा के काम गर्छे भन्ने जानकारी उपन्यासमा दिइएको छैन तर "आजभोलि अफिसमा पनि निकै छेडछाड सुन्नुपर्छ,उसले (११७)।" भन्ने अंशले उसले कुनै अपिसमा काम गर्छे भन्ने थाहा पाउन सकिन्छ । भोला पनि जागिरे पुरुष हो तर उसको कुन अफिस भन्ने उल्लेख उपन्यासमा छैन । "त्यहाँ मोटर नदेख्दा लाग्छ भोला अफिस गइसकेको हुनुपर्छ (६७)।" भन्ने अंशबाट भोला जागिरे भएको जानकारी मिल्छ । प्रस्तुत उपन्यासमा विमली घरेलु कामदार हो । उसले स्नेहाको घरमा सहायकको रूपमा भान्सा र सरसफाइको काम गर्ने गरेकी छ । उपन्यासमा प्रयुक्त यी अभिव्यक्तिले यसको पुष्टि गर्छन्-

> मच्चीमच्ची भाँडा माझिरहेकी बिमलीका हातहरू स्नेहाको आज्ञा सुनेर यसै अड्छन् । बल्ल उसलाई ख्याल आउँछ कि अस्पताल गएकी मालिक्नी भोकै आउनुहुन्छ र खाना खोज्नुहुन्छ भन्ने कुरा किन नसम्झेकी । अब के गर्ने, के भन्ने सोच्न नसकेर शिर निहुराई धोसे मुन्टो लगाउर ऊ उभिइरहन्छे (६८)।

यहाँ विमली घरेलु कामदारका रूपमा भाँडा धुने काम गरिरहेकी देखिन्छे । ऊ मालिक्नी स्नेहासँग डराइरहेकी देखिन्छे । प्रस्तुत उपन्यासमा मीरा पनि सुरुमा काठमाडौँ आउँदा घरधन्दा गर्ने काम गरेकी छ । मीराको छोरो अमिर ट्याक्सी ड्राइभर हो ।"दिनभर ट्याक्सी चलाएर थाकेर घर फर्केपछि ...अमिर चित्र कोर्न मन गर्थ्यो (९२)" भन्ने उपन्यासमा प्रयुक्त अंशले ऊ ट्याक्सी ड्राइभर भएको तथ्य उजागर गर्छ । उसले बैंकबाट ऋण लिएर ट्याक्सी लिएको छ । त्यही ऋणको चिन्ताले उसकी आमा मीराले रुद्रको जालमा परेर अमिरलाई बलात्कारी घोषित गरेकी छ ।

प्रस्तुत उपन्यासमा रुद्र राजनीतिकर्मी हो । ऊ राजनीतिलाई माध्यम बनाएर समाजसेवागर्ने उद्देश्य राखेको छ । उपन्यासमा प्रयुक्त "उनी कुनै पार्टीमा आबद्ध छैनन् र सधैँ स्वतन्त्र उम्मेदवार भएर नै उठ्न चाहन्छन् । समाजसेवीको नामबाट उनी प्रख्यात भइसकेका छन् (७१)" भन्ने अंशले रुद्र कुनै पार्टीमा संलग्न नभई राजनीति गर्ने गरेको स्पष्ट हुन्छ । उसले आफ्नो ख्याति र शक्तिको दुरूपयोग गरेको छ ।उसले आफ्नो छोरालाई सजाय हुनबाट बचाउन उसका साथीहरूलाई समेत भगाउने काम गरेको छ । उपन्यासमा यस सम्बन्धमा यस्तो उल्लेख गरिएको छ-"म तिमीहरूलाई सूचना दिन आएको र यदि मैले भनेको मान्छौ भने केही महिनाको लागि काठमाडौँ छोडेर जाओ । ...अलिकति रकम ल्याइदिएको छु । तिमीहरू सक्छौ भने अहिले नै नत्र

भोलिसम्म यहाँबाट गइहाल (८८)।" रुद्रले छोरा समिर र अन्य बलात्कारीलाई भगाईनिर्दोष अमिरलाई फसाएको छ ।त्यस्तै इलाको बाबु ब्रिटिस आर्मीमा जागिरे भएको देखिन्छ । उसका यी अभिव्यक्तिले यस कुराको पुष्टि गरेका छन्-

> हामीहरू दोस्रो विश्वयुद्धको सुरुदेखि यस्तो कल्पना दिएर विदेशमा पस्न थाल्यौं । तीमध्ये कोही मजस्तो भएर फर्के कोही छातीभरि तक्मा टाँसेर आए ।...त्यसबेला देखेको त्यस युद्धको ज्वाला, ओहो ! त्यहाँ मानवको कुनै मुख्यता थिएन । को शत्रु, को मित्रु यति मात्र मनुष्यको परिचय थियो (५५)।

यहाँ इलाको बाबुका अभिव्यक्तिले ऊ सेनामा जागिर खाँदा लडाईंमा परेको तथ्य उजागर गरको छ ।

यसरी प्रस्तुत उपन्यासमा नारी घरायसी कामदार र अफिसका कामलाई पेसाका रूपमा अपनाएका छन् भने पुरुषहरू राजनीति, सैनिक, ड्राइभर जस्ता बौद्धिक र शारीरिक बल आवश्यक पर्ने पेसासँग सम्बन्धित छन् । यहाँ सैनिक र ड्राइभर पेसामा संलग्न पुरुष निम्न वर्गका छन् । त्यसैले उनीहरू अन्य पेसा अपनाउने पात्रभन्दा पेसागत रूपमा पीडित बनेका देखिन्छन् ।

## #=^ lgisif{

गीता केशरीका उपन्यासमा लैङ्गिक भूमिकाको निर्धारण पितृसत्तात्मक शक्तिसम्बन्धका आधारमा गरिएको छ । उनका उपन्यासमा पात्रहरूले पारिवारिक, सामाजिक र पेसागत भूमिका निर्वाह गरेका छन् । परिवारभित्रका खाना बनाउने, भाँडा धुने, कपडा धुने, सरसफाई गर्ने, घरका लागि चाहिने सामानको रेखदेख र बन्दोबस्त गर्ने, बच्चालाई हुर्काउने बढाउने, उनीहरूलाई विद्यालय पठाउने, घाँसदाउरा, मेलापात, खेतीपातीगर्ने जस्ता कामको जिम्मेवारी नारीले निर्वाह गरेको देखिन्छ । यी उपन्यासमा सन्तानलाई मार्गदर्शन गर्ने, उनीहरूको गुनासा सुन्ने, इच्छा बुझ्ने जस्ता काम केही पुरुषले गरे पनि नारीको नै भूमिका प्रमुख रहेको छ । यसका साथै परिवारका लागि आवश्यक खर्चको व्यवस्थापन गर्ने काममा धेरैजसो पुरुषको भूमिका रहेको छ भने नारीहरूले पनि यस किसिमको भूमिका निर्वाह गरेको देखिन्छ । उनका उपन्यासमा आयआर्जनका लागि काम गरिरहेका नारीले घर, बच्चा, कामको दोहोरो जिम्मेवारी निर्वाह गरिरहेका छन् जसले गर्दा उनीहरूले कार्यालयमा आफ्ना क्षमताअनुसारको कार्य गर्न सकेका छैनन् । उनीहरूलाई घरका पुरुष सदस्यले काममा सहयोग गरेका छैनन् । कतिपय नारीहरूसमाजमा अनुत्पादक मानिएका घरेलु कामहरूमा मात्र सीमित रहेका देखिन्छन् । उनीहरूले घरमा सीमित हुँदा आफूमा भएका

क्षमता पनि नाश भएको अनुभव गरेका छन् । केही नारी घरायसी काममा सीमित रहेकै कारण पतिद्वारा हेपिएका छन् । उनका उपन्यासमा केही पुरुष भने घरायसी काममा आफ्ना पत्नीलाई सहयोग गरेका पनि छन्यद्यपि घरायसी काम र सन्तानलाई हुर्काउने बढाउने काममा नारीको प्रमुख भूमिका रहेको छ । आयआर्जनमा पुरुषको भूमिकालाई प्रमुख मानिएपनि नारी पनि यस्ता कार्यमा संलग्न भएका छन् ।

केशरीका उपन्यासका पात्रहरू सामाजिक भूमिकामा पनि देखिएका छन् । यी उपन्यासमा पुरुषहरूलाई सामाजिक रूपमा मालिकको रूपमा स्विकारिएको छ । त्यसैले समाजमा हुने विभिन्न किसिमका संस्कारगत कार्य, भेला आदिमा पुरुषको बाहुल्य रहेको देखिन्छ । नारीलाई संस्कारगत कार्यमा बन्दोबस्ती र स-साना काम दिई पुरुषहरू निर्णायक भूमिकामा रहेका देखिन्छन् । यी उपन्यासमा सामाजिक सरोकारका विषयमा भेलाहरू बस्दा पनि त्यहाँ पुरुषकै आधिक्य रहेको छ । नारी सदस्य पनि समाजमा अन्धविश्वासका विरुद्ध चेतना फैलाउने सामाजिक अभियानमा संलग्न रहेका छन् । उनीहरूले शिक्षाको महत्त्व सम्झाएर पूरै समाजलाई शिक्षित बनाउन चाहेका छन् । त्यस्तै केही पात्र नारी र बालबालिकाको हितका लागि आश्रमको स्थापना गरेर नै सामाजिक कार्यहरूमा अग्रसर छन् । त्यस्ता सामाजिक कार्यमा नारी परुष दुवैको संलग्नता देख्न सकिन्छ । यी उपन्यासमा नारी पुरुषको सामाजिक भूमिकाको अर्को पाटो पनि छ । पितृसत्तात्मक प्रभुत्वका कारण नारीहरू समाजमा उत्पीडित र पुरुषहरू उत्पीडकको भूमिकामा रहेका देखिन्छन् ।

केशरीका उपन्यासका पात्रहरू विभिन्न पेसा व्यवसायमा संलग्न भएका छन् । ग्रामीण परिवेशका पात्रहरू कृषि पेसामा आबद्ध भएका देखिन्छन् भने सहरी क्षेत्रका पात्रहरू डाक्टर, इन्जिनियर, वकिल, हवाइपरिचारिका, शिक्षक, व्यापारी, नर्स, प्रशासकीय अधिकृत, प्रहरी, सैनिक, घरेलु कामदार, देहव्यापार जस्ता पेसामा आबद्ध रहेका देखिन्छन् । पुरुष पात्रहरू सैनिक, प्रहरी, इन्जिनियर, वकिल, डाक्टर, व्यापारी, प्रशासकीय अधिकृत जस्ता पेसामा संलग्न छन् । नारी पात्र भने हवाइपरिचारिका, शिक्षक, नर्स, प्रशासकीय अधिकृत, प्रहरी, घरेलु कामदार र देहव्यापारमा संलग्न छन् । हवाइपरिचारिका, प्रशासकीय अधिकृत, प्रहरी र शिक्षक पेसामा संलग्न नारीहरूको आर्थिक तथा सामाजिक हैसियत पनि राम्रो छ । यी नारीले निर्वाह गर्नुपर्ने दोहोरो जिम्मेवारीका कारण कतिपय नारीहरूलाई आफ्नो पदीय जिम्मेवारी निभाउन गाह्रो परिरहेको अवस्था छ । यीमध्ये केही नारीले समाजमा नारीका लागि तोकिएको पेसागत दायराका कारण आफूले चाहेको पेसा रोज्न परिवार र समाजका पुरुषको हस्तक्षेपको सामना गर्नुपरेको छ । घरेलु कामदारको पेसा अपनाएका कतिपय नारीहरू पुरुषहरूबाट शोषित भएका छन् । उनीहरूलाई मालिकले अनादरपूर्ण सम्बोधन गर्ने गरेका छन् । उनीहरूलाई दिइने पारिश्रमिक पनि न्यून नै रहेको छ । त्यसैले पेसामा

आबद्ध हुँदा पनि नारीहरू उत्पीडित हुन बाध्य भएका छन् ।यसरी गीता केशरीका उपन्यासमा पात्रका भूमिका पितृसत्तात्मक शक्तिसम्बन्धमा आधारित छन् । यी उपन्यासमा भूमिकाकै कारण नारी पुरुषको सशक्तता, स्वतन्त्रता, प्रभुत्व र अधीनस्थता निर्धारण भएको छ ।

## rf}yf] kl/R5]b

# uLtf s]z/Lsf pkGof;df n}lËs ;r]tgf / k|lt/f]w

## $=! ljifokl/ro

गीता केशरीका उपन्यासमा अधिकांश पात्रहरू सहरी परिवेशमा रहेर शिक्षाप्राप्तिको अवसर पाएका छन् । ग्रामीण परिवेशमा रहेका केही पात्रहरू र केही सहरी क्षेत्रका पात्रहरू पनि शिक्षाप्राप्तिको अवसर पाएका छैनन् । सबैजसो उपन्यासमा पितृसत्तात्मक सोचको बाहुल्यका कारण पुरुष र कतिपय नारी पात्रबाट नै नारी पात्रहरू उत्पीडनमा परेका छन् । यीमध्ये शिक्षित पात्रहरू शिक्षाप्राप्ति र अशिक्षित पात्रहरू विभिन्न अनुभव तथा भोगाइका माध्यमबाट लैङ्गिक समानता, विभेद, अधिकार र सहअस्तित्व जस्ता विषयमा सचेत भएका छन् । पात्रहरूले आफूमाथि भएका अन्याय, विभेद, गरिने असमान व्यवहार र दृष्टिकोणहरू सही वा गलत के हुन् भन्ने छुट्याउन सकेका छन् ।  त्यसैले केशरीका उपन्यासमा धेरैजसो नारी पात्रले नै विभेदका विरुद्ध प्रतिरोध गरेका छन् । यसर्थ प्रस्तुत अध्ययनमा सचेतना र प्रतिरोधका सैद्धान्तिक मान्यतालाई आधार बनाएर गीता केशरीका निर्धारित उपन्यासमा निहित लैङ्गिक सचेतना र प्रतिरोधको अध्ययन  गरिएको छ ।

## $=@ ;}4flGts kof{wf/

लैङ्गिक सचेतना र प्रतिरोधलाई सांस्कृतिक अध्येताहरूले शक्तिसँग सम्बन्धित अवधारणाका रूपमा लिएका छन् । अन्टोनियो ग्राम्सीको प्रभुत्वसम्बन्धी धारणालाई यससँग जोडेर हेर्न सकिन्छ । ग्राम्सीका अनुसार-"मानव समाजहरू दुई प्रकारका हुन्छन्, राजनीतिक समाज र नागरिक समाज । जुनसुकै राष्ट्र वा प्रदेशमा पनि यी दुवै किसिमका समाजहरू  हुने भएका भएतापनि कुनै ठाउँमाराजनीतिक समाजले बढी भूमिका खेल्छ भने कुनै ठाउँमा नागरिक समाजले । जुन राष्ट्र वा प्रदेशमा राजनीतिक समाज बढी शक्तिशाली हुन्छ, त्यहाँ राज्य वा शक्तिकेन्द्रले सेना पुलिस जस्ता राज्यशक्तिको प्रयोगमार्फत विद्रोहलाई दमन गर्छ । निरङ्कुश व्यवस्था भएका मुलुकमा प्रायः यस्तै हुने गर्छ । यस्तो मुलुक बाहिरबाट हेर्दा शक्तिशाली मात्र नभई शान्त पनि देखिन सक्छ तर विद्रोहको इच्छा मानवको अवचेतनमा दमित मात्र नभई राष्ट्रका सीमाभित्र पनि सल्बलाइरहेको हुन्छ । ... अर्को शब्दमा भन्दा राजनीतिक समाज शक्तिशाली भएको राष्ट्रमा विद्रोहहरू भित्रभित्रै मौलाउँदै जाने पनि उत्तिकै सम्भावना हुन्छ । कहिले यो विद्रोह बमका रूपमा पड्किन्छ, कहिले जनआन्दोलनको आँधी बनी पुराना व्यवस्था, संरचना र आइडियोलोजीलाई भत्काउँछ (उप्रेती

१७२)।"यसबाट राजनीतिक समाज वा सत्ताले मानिसहरू माथि शासनका लागि विभिन्न शक्तिशाली संयन्त्रको प्रयोग गरे पनि मानिसहरूमा प्रतिरोधी चेतनाको विकास हुन्छ भन्ने बुझिन्छ । यसले शक्तिसँगसँगै प्रतिरोध पनि सँगसँगै हुर्किरहेको हुन्छ भन्ने बुझाउँछ । फुकोले पनि यसलाई मान्छन् । उनको अनुसार जहाँ शक्तिको अभ्यास देखा पर्छ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागको रूपमा हेरिनुपर्छ (उप्रेती ४३)।शक्ति र प्रतिरोधका यी मान्यता लैङ्गिक प्रतिरोधका क्षेत्रमा पनि जोडेर हेर्न सकिन्छ । व्यक्तिमाविकसित आफूमाथि भएका विभेद, दमन, शोषण, उत्पीडनको बोध र आफ्नो अस्तित्वप्रतिको सचेतनाले मात्र प्रतिरोधको सम्भावना जन्माउँछ । तसर्थप्रस्तुत शोधकार्यमाशक्ति विद्यमान भएकै ठाउँमा विद्रोहको सम्भावना रहने र यसले पुराना आइडियोलोजीलाई भत्काउने काम गर्छ भन्नेसैद्धान्तिक मान्यताका आधारमा गीता केशरीका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष* उपन्यासमा प्रस्तुत लैङ्गिक सचेतना र प्रतिरोधको अध्ययन गरिएको छ ।

## $=# uLtf s]z/Lsf pkGof;df n}lËs ;r]tgf

गीता कशरीका उपन्यासमा धेरैजसो नारी पात्रहरूकेन्द्रीय भूमिकामा रहेका छन् । उनका उपन्यासमा समाजमा विद्यमान नारी बेचबिखन, बलात्कार, बहुविवाह, बालविवाह, विधवा परम्परा र देवकी प्रथा आदिबाट शोषण तथा उत्पीडनमा परेका नारीहरूका समस्याको वर्णन गरिएको छ । यसका साथै पारिवारिक तहदेखि नै छोराछोरीमाथि हुने विभेद, शिक्षामा समान सहभागिताको अवसरमा न्यूनता, पेसागत छनोटमा हस्तक्षेप तथा विवाहसम्बन्धी विषयमा परिवारको दबाबजस्ता विषयबाट पनि नारी पात्रहरू विभेदमा परेको स्थिति छ । पुरुष वर्चस्व कायम रहेका परिवार र पुरुषप्रधान समाजबाट विशेष गरेर नारीमाथि भएका दमन,शोषण, हिंसा र अधीनस्थता लैङ्गिक विभेदका परिणाम हुन् भन्ने कुरामा निर्धारित उपन्यासका नारी पात्रहरूका साथै केही पुरुष पात्र पनि सचेत हुँदै गएको देखिन्छ । तसर्थ यहाँ केशरीका *सौगात, खोज, विश्वास, नोकरी* र *निष्कर्ष*उपन्यासमा पात्रहरूमा विकसित सचेतनाको अध्ययन विश्लेषण विभिन्न उपशीर्षकहरूमा गरिएको छ ।

### $=#=! n}lËs lje]bk|ltsf] ;r]tgf

केशरीका उपन्यासका विभिन्न पात्रहरूमा लैङ्गिक विभेदप्रतिको सचेतना विकसित भएको पाइन्छ । तीमध्ये *सौगात*उपन्यासकी मुख्य पात्र प्रतिभामा लैङ्गिक सचेतना सबैभन्दा प्रबल छ । उसमा आफूमाथि माइतीमा हुँदै आएको विभेद, पतिको घरमा भएको अविश्वास र शोषण अनि

रघुवीरद्वारा लगाइएको कुदृष्टि गलत हो भन्ने चेतना छ । बाबुआमाले आफ्नो भाइ र आफूमा चाडपर्वमा अपनाइने संस्कारगत नियमको पालना नगर्दा परिवारबाटै विभेद भएको महसुस गरेकी छ । परिवार लैङ्गिक विभेदको सुरुवात गर्ने केन्द्र हो भन्ने उसलाई लागेको छ । त्यसैले उसले यसपालिको टीका भाइभन्दा पहिले आफूले नै लगाउने माग गरेकी छ साथै सानै उमेरमा बिहे भएका दिदीहरू र स्वयम् आफ्नै आमामाथि पनि समाजका मान्यताका कारण विभेद भइरहेको छ भन्ने उसलाई लाग्छ । जीवनमा धेरै संघर्ष गरेकी प्रतिभाले उत्तिकै मात्रामा जीवनसम्बन्धी भोगाइ र अनुभवहरू पनि सँगालेकी छ । माइतीमा रहँदा शिक्षाप्राप्तिको अवसर पाएका कारण पनि उसमा समाजमा, परिवारमा भएका विभेद र शोषण छुट्याउन सक्ने चेतनाको विकास भएको छ । त्यसैले उसले नारीमाथि समाज र परिवारद्वारा गरिने व्यवहार पितृसत्ताद्वारा नारीमाथि गरिएको दमन हो भन्ने बुझेकी छ । त्यसैले ऊ विद्या आर्जन गर्नु ठूलो कुरा हो भन्ने मान्यता राख्छे । समाजमा  विवाहपश्चात् नारीहरूको जीवन कुण्ठित भएको देखेकी प्रतिभाले विवाहलाई नारीलाई दमन गर्ने सामाजिक संयन्त्र मानेकी छ । विवाहका माध्यमबाट समाजमा नारीका इच्छा, चाहना, क्षमतालाई चिउराजसरी कुट्ने र थिच्ने काम गरिने विचार राखेकी छ ।

*खोज* उपन्यासका विभिन्न शान्ति र कपिलकी हजुरआमा जस्ता पात्रहरूमा लैङ्गिक विभेदप्रतिको सचेतना विकसित भएको पाइन्छ । जसमध्ये शान्ति आफ्नी आमाबाट नै विभेदको महसुस गर्ने पात्र हो । उसकी आमाले छोरा संयोगलाई बढी महत्त्व दिने गरेको देखिन्छ । उसले छोराका हेरक गल्तीको ढाकछोप गर्ने गरेकी छ । शान्तिकी आमाले सुरु सुरुमाछोरीलाई पन्छाई छोराप्रति अत्यधिक माया गर्ने, छोरालाई घरमा पूर्ण अधिकार दिएर छोरीलाई आश्रित, केही दिनको पाहुनामात्र हुन् भन्ने जस्तो व्यवहार गर्ने गरेकी छ । आमाको यस व्यवहारबाट शान्तिलाई भित्रभित्रै अर्न्तमुखी बनाउँदै लगेको छ । त्यसैले ऊ बेचिएर वेश्यालयबाट भागेपछि यो विभेदको असरको बोध गरेकी छ । उसले आफ्नी आमाले आफ्ना इच्छा चाहना कहिल्यै नबुझी हैकम चलाउनाले आफूले बादलसँग विवाह गर्ने गलत निर्णय लिन पुगेको अनुभव गरेकी छ । वेश्यालयमा बेचिएका नारीको नारकीय जीवन प्रत्यक्ष देखेकी शान्तिमा समाजमा वर्ग, जात, पेसा र धर्मका आधारमा नारीमाथि गरिने व्यवहार लैङ्गिक विभेद हो भन्ने चेतनाको विकास भएको छ । उसलाई समाजले नारी पुरुषबिच सिर्जना गरेको विभेद गलत हो । यसले नारीलाई झन् असमर्थ बनाइरहेको छ । त्यसैले कुनै पनि आधारमा नारीमाथि गरिने विभेद गर्नु हुन्न भन्ने चेतना उसमा आएको छ । उसले कपिलकी हजुरआमासँग भनेका यी भनाइमा उसमा विकसित सचेतना उजागर भएको पाइन्छ -

> गरीबी, जात र पेसाको आधारमा नारीको अस्तित्वको यहाँ विभाजन भएको छ । धर्म, रीतिरिवाजले पनि यसैमा साथ दिएको छ । यसैले म त्यो धर्मलाई, त्यो संस्कृतिलाई र त्यो रीतिरिवाजलाई मान्दिन, जसले नारी नारीमा समेत भिन्नता ल्याएको छ । मर्द र जनानाको दुई समूह बनाइ सबै क्षेत्रबाट नारीको पूज्यनीय पारिएको छ । हो, हामीले पनि समाजले तोकेको परिधिमा रहन सकेमा संरक्षण र मान पाएका छैनौँ भन्न सकिँदैन । आफ्नोपन गुमाएर केही पाएका छौँ तर बढ्ता संरक्षण र सम्मान हामीलाई चाहिएको छैन जसले हामीलाई असमर्थ बनाउँदै लैजान्छ । हामीले यसो भन्यौँ हेला र बेवास्ता मागेका पनि होइनौँ, न त नारी स्वतन्त्रताको माग मर्द जातिको विरोधमा जानु नै हो । हाम्रो माग हो, यहाँ कोही आफ्नो योग्यताअनुसार कर्म सञ्चालन गर्दा देखिन जानसक्छ र त्यस्तो योग्यता विकास गर्ने अवसर सबैले प्राप्त गर्न सक्नुपर्दछ (१०९)।

यहाँ शान्तिले धर्म, संस्कृति, पेसा, जात या गरीबीका आधारमा नारी पुरुषमध्ये कसैलाई पनि मालिक या सेवक बनाइनुहुँदैन । यिनै कुरालाई आधार मानेर समाजमा नारी सेविका र पुरुष मालिक बनेका छन् । यो सर्वथा गलत हो । व्यक्तिको कर्म, योग्यता र क्षमताका आधारमा व्यक्ति मालिक वा सेवकको हकदार हुनुपर्छ । धर्म, परम्परा जस्ता कुरालाई आधार बनाएर नारीलाई सेविका बनाउनु र संरक्षण गर्नुले उनीहरूमा भएको क्षमता नै हराएर जान्छ भने पुरुषमा दमन र हस्तक्षेप गर्ने मालिक प्रवृत्ति बढ्दै जान्छ । यो लैङ्गिक विभेदको अन्त्य हुनुपर्छ र आफ्नो क्षमताविकास गर्ने बराबर अवसर नारी पुरुष दुवैले पाउनुपर्छ भन्ने शान्तिको विचार छ । यसलाई लैङ्गिक विभेदप्रतिको सचेतनाका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासकी अर्की पात्र कपिलकी हजुरआमाले पनि आफ्नो जवानीमा विभिन्न किसिमका शोषण र उत्पीडन भोगेकी छ । घरेलु कामदारका रूपमा काठमाडौँका विभिन्न धनाढ्य परिवारका साथै राणाहरूका दरबारमा बसेकी उसलाई पुरुषहरूले रखौटीको व्यवहार गरेका छन् । ऊ व्वाँसारूपी पुरुषहरूबाट भाग्दाभाग्दै पनि उनीहरूको पन्जाबाट बच्न नसकेर फस्न पुगेकी छ । ऊ राणाको दरबारमा रखौटी भएपश्चात् उनीहरूका वासनापूर्तिका साधनका रूपमा प्रयोग भएकी छ । उसले इच्छाविपरीत वर्षैपिच्छे सन्तान जन्माउने र कैयौँ गर्भपतन गराउने बाध्यतामा परेकी छ । दरबारका नारीहरूले आफ्ना अतृप्त लोग्नेहरूका वासना तृप्त गराउन आग्रह गर्ने र पुरुषहरूले आफूमाथि अधिकार सम्झने कारणले ऊ यौनजन्य शोषणमा वर्षौंसम्म परेकी छ । उसले जीवनमा भोगेका यस्तै शोषण, उत्पीडन र जस्ता अनुभव, स्वअध्ययन, धार्मिक प्रवचनमा संलग्नताबाट उसमा नारी पुरुषबिच परम्परादेखि हुँदै आएको विभेदबारे सचेतनाको विकास भएको छ । समाजमा विद्यमान लैङ्गिक विभेदका कारण सिर्जित नियमहरूका कारण नारी विकासमा

अवरोध पुगेको हो भन्ने विचार कपिलकी हजुरआमाको छ । उसका यी भनाइमा लैङ्गिक विभेदप्रतिको सचेतना प्रस्तुत भएको पाइन्छ -

> तिमीले यति धेरै सोचेर पनि बिर्सियौ कि कुनै युगमा पनि नारीलाई बाहिर एक्लै निस्किएर केही गर्न दिएका छैनन् भनेर । हो, घरकी मालिक्नी बनाएका छन्, देवी भन्छन् आदर पनि त्यतिकै गर्छन् तर भन्छन् कमजोर जाति । आकर्षणको रूप भनेर जनसम्पर्कमा आउन दिँदैनन् र मर्यादाको बोझ थमाइदिएर कार्यक्षेत्र निर्धारित गरिदिएका छन्, घर-व्यवहार । अरु सबै आफैँ गर्दछन् । यसैले मलाई त आजभोलि मान मर्यादा गरे पनि शंका लाग्छ र पटक्कै मन पर्दैन । यो नै हाम्रो प्रगतिमा लागेको बेडी हो । हामीलाई पनि साथसाथै पूर्व युगदेखि काम गर्न दिइएको भए हामीले पनि कत्ति जान्ने सुन्ने भइसक्थ्यौँ होला ? कसरी नारी र पुरुषमा यस्तो सम्झौता हुनगयो र यस्तो नियम बस्न गयो ? यी सौलियत जुन हामीलाई दिइएको छ, हामीलाई कमजोर जाति भनेर र जुन पाएर हामी रमाइ रमाइ रणभूल्लमा पर्दै गयौँ त्यो नै हाम्रो विकासको अवरोध हो (१०५)।

समाजमा परापूर्वकालदेखि नै नारी र पुरुषबिच हरेक कुरामा विभेद गरिएको छ । नारीलाई उनीहरूको आकर्षण, सौन्दर्यको प्रशंसा गरेर बेकम्मा बनाइएको छ । सजिलो काम भनी घर व्यवहारका काममा सीमित राखी ज्ञान वृद्धिका लागि बाहिरी जगत्मा निस्कन नदिनाले नारीहरू कमजोर साबित भएका हुन् । बुद्धिविकासका काममा पुरुषहरू मात्र संलग्न हुनाले दुवैको विकास असमान गतिमा भएको छ । नारीलाई घरकी मालिक्नी भनिदिने तर स्वामित्व र निर्णयको अधिकार नदिने, देवीको उपाधि भिराइदिने तर कमजोर जात भनेर हेलाको व्यवहार गर्ने, विभिन्न किसिमका शोषण गर्ने कारणले नारीले आफ्नो व्यक्तित्व विकास गर्ने अवसरबाट वञ्चित हुनुपरेको छ । यो समाजद्वारा नारी माथि गरिएको विभेद हो भन्ने सचेतना कपिलकी हजुरआमामा विकसित भएको छ ।

*विश्वास* उपन्यासमा नारी पुरुषका बिचमा रहेका धेरै किसिमका विभेदको वर्णन गरिएको छ । प्रस्तुत उपन्यासका नारीहरू विभिन्न प्रथा परम्पराका कारण समाजमा विभेदमा परेका छन् । नारीलाई पतिको मृत्युपछि वैधव्य जीवन व्यतीत गराउन दबाब दिने समाजले पत्नीविहीन भएका पुरुषका लागि दोस्रो विवाहको वैधता दिएको छ । नारीका लागि उसको पहिरन, हिँडाइ, बोलाइ, सामाजिक, सांस्कृतिक कार्यमा संलग्नताजस्ता कुरामा बन्देज लगाउने कार्य भएका छन् । ती सबै सामाजिक विभेदका अतिरिक्त कानुनले पनि नारीमाथि विभेद गरेको अनुभव दुर्गाले गरेकी छ । त्यसप्रति पनि ऊ सचेत छ ।  उसलाई समाज र कानुनका कारण नै नारी पुरुषबिच विभेदको

पर्खाल खडा भएको हो भन्ने लाग्छ । उसले देवीको कृत्रिम गर्भका विषयमा चर्चा गर्दा कानुनमा भएको विभेदका विषयमा आफ्नो विचार यसरी राखेकी छ -

> समाजमा नारीको स्थिति रहेको छ ? यदि लोग्नेको पुंसत्व दोषले गर्दा नै जायजन्म हुन सकेन भने पनि त्यस्ताको स्वास्नीले आफू बाँझी भएर बस्नुपर्छ, कि बच्चा जन्माउन नसक्ने भन्ने दोष बोकेर माइतमा लखेटिनुपर्छ कि सौतासँग भिडिनुपर्छ । त्यसमा पुरुषलाई दोष दिन चाहँदैनन् । त्यस सत्यलाई सकभर लुकाउँछन् । त्यसैगरी यदि नारीको कमजोरीबाट सन्तान हुन सकेको रहेनछ भने कानुनले त्यस सन्तानलाई सन्तानको लागि अर्को विवाह गर्न पाउने प्रावधान बनाइदिएको छ । हाम्रो देशको कानुनी न्याय स्त्री र पुरुषको लागि यस्तो बनेको छ । यस सम्बन्धमा मेरो भनाइ समान भन्नाले अर्को लोग्ने एउटै घरमा ल्याएर रडाको मच्चाएर अशान्त जीवन बिताउनलाई होइन । मेरो माग हो त्यस अवस्थामा परेका नारीले यस्तो वैज्ञानिक विधिबाट गर्भधारण गरी बालक जन्माएमा कानुनले संरक्षण दियोस्, त्यस घरमा उसले बाबुको छोरा भई वंशको उत्तराधिकारी भई रहन पाउने अधिकार पाओस् । यसो गर्दा कसैलाई कुनै अन्याय पनि हुँदैन र यो हुन नसक्ने कुरा पनि छैन (२६५)।

यहाँ दुर्गाले समाजमा सन्तान नभएका दम्पति, बालविधवा, लोग्नेबाट त्यागिएका, विवाह नगरी बसेका नारीहरूको लागि मातृत्वको चाहना पूरा गर्ने माध्यम कृत्रिम गर्भाधान पद्धति हुनसक्छ भन्नेतर्फ सबैलाई सचेत बनाउन चाहेकी छ । समाजमा सन्तानप्राप्तिको विषयलाई लिएर देशको कानुनले नै नारी पुरुषलाई अलग नियमको निर्माण गरेको छ । परिणामस्वरूप सन्तानविहीन भएका नारीहरू चुपचाप बाँझी भन्ने संज्ञा शिरोपर गरेर सौता भोग्नुपर्ने नियतिबाट गुज्रेका छन् तर पुरुष नपुंसक भएको अवस्थातर्फ भने कोही कसैले ध्यान दिँदैन । यो तथ्यलाई समाजमा सकेसम्म लुकाउने गरिन्छ । पुरुषलाई वंश धान्ने नाममा अर्को विवाह गर्ने अनुमति दिइन्छ । यो नारीमाथि कानुनले गरेको विभेद हो । यसको अन्त्यका लागि कृत्रिम गर्भाधान पद्धतिलाई कानुनी मान्यता दिनुपर्छ भन्ने उसको मान्यता छ । दुर्गाका यी विचार नारी अधिकार र लैङ्गिक विभेदप्रतिको सचेतनाका उदाहरण हुन् ।

प्रस्तुत उपन्यासमा समाजमा विवाहको मान्यता र त्यसबाट प्राप्त वैधानिकताका सम्बन्धमा नै अलमल रहेकोप्रति पनि पात्रहरूले आफ्ना विचार राखेका छन् । समाजमा विवाहलाई परिभाषित गर्ने परिपाटी नै बुझ्न गाह्रो र एकतर्फी भएको पाउन सकिन्छ । विवाहको परिचय केवल नारीले मात्र बोक्नुपर्ने, त्यसको लागि चुरा, धागो, पोते, सिन्दुरजस्ता वस्तुलाई विवाहको प्रतीक मानिने, ती प्रतीक धारण गर्न पनि समाजको अनुमति चाहिने र आफ्नो इच्छाले ती वस्तु

लगाएमा विवाह भएको नमानिने सामाजिक नियम नमिल्दो भएको विचार प्रस्तुत उपन्यासकी पात्र उमा (तारा)ले राखेकी छ । विवाह, यौन सम्बन्ध र विवाहका प्रतीक धारणले नारीलाई नै अप्ठ्यारोमा पारेको तर्क उसको छ । समाजकै विरोधाभासी नियमका कारण बालविधवाहरू विवाहमा यौन सम्बन्धमा संलग्न नभईकन पनि उनीहरूले धारण गरेका वस्तुका आधारमा जीवनभर वैराग्यको जीवन बाँच्न बाध्य छन् । त्यसैले समाजले विवाहका सम्बन्धमा अर्थ्याएका नियम नै लैङ्गिक विभेदलाई बढावा दिने खालका छन् भन्ने उसको विचारमा सचेतना झल्किएको छ । विवाह गर्न नपाएकोले आफ सुखी जीवन व्यतीत गर्नबाट वञ्चित भएको बताइरहेकी जानकीलाई ताराले विवाह नै सुख प्राप्तिको आधार नभएको तर्क यसरी गरेकी छ -

> यदि चुरा, धागो, पोते र सिन्दुर नै विवाहको प्रतीक हुने भए ती चिज लगाएपछि विवाह भएको मानिनुपर्ने तर त्यो लगाएको देख्ने साक्षी किन चाहिन्छ ? त्यसैगरी शारीरिक सम्बन्ध भएपछि विवाह भएको मानिन्छ भन्ने हो भने बालविधवाहरू कुमारीसरह मानिनुपर्ने र त्यस्तोलाई मान्ने हो भने सुखी जीवन साथमा रहेर बिताउन नपाएर या नसकेर बेग्लाबेग्लै बसेका छन् भने या सम्बन्ध राख्न नचाहेर अर्को सुखी जीवन बिताउने चेस्टामा लागेकाहरूप्रति हेय दृष्टिले नहेरिनुपर्ने हो किनकि साथमा रहेर दुःख सुखको साथी बन्न सकेन या पाएन भने त्यसलाई विवाह भएको कसरी मान्ने (२९३)?

यहाँ ताराले विवाहका सम्बन्धमा समाज नै अलमल रहेको बताएकी छ । विवाहको परिचायक नारीले लगाउने चुरा, पोते र सिन्दुर या शारीरिक सम्बन्ध या नारी पुरुषबिचको आपसी सम्बन्ध के हो भन्ने विषयमा समाजमा विद्यमान तथ्यमा नै विरोधाभास रहेको उसको तर्क छ । उसका अनुसार विवाहका मान्यताबाट नारी नै विभेदमा पर्ने गरेका छन् । त्यसैले समाजमा सँगै रहेर पनि सुखी जीवन व्यतीत गर्न नसकेका नारी पुरुषका सम्बन्धलाई विवाह भन्न नसकिने तर समाजले विवाहलाई सुखको आधार भनी व्याख्या गरेकोमा विरोधाभास भएको पाउन सकिन्छ । समाजले स्थापित गरेका यी मान्यताहरू केवल नारीका लागि मात्र भएका कारण नारी विभेदमा परेका छन् भन्ने उसको विचारमा लैङ्गिक विभेदप्रतिको सचेतना पाइन्छ ।

*निष्कर्ष* उपन्यासमा इला शिक्षित नारी हो । ऊ सामूहिक बलात्कारबाट पीडित बनेकी युवती हो । आफू पीडित भएर पनि समाज पीडकको पक्षमा हुने, समाजले नारीलाई मात्र दोषी देखाउने र उसको चरित्रमा मात्र दाग लगाउने प्रवृत्तिप्रति ऊ असन्तुष्ट छ । समाजमा छोरीप्रति लगाइने प्रतिबन्ध, उनीहरूको विषयमा हुने नकारात्मक टिप्पणी विभेदपूर्ण छन् भन्ने चेतना उसमा छ । समाजको यस किसिमको विभेदप्रति सचेत भएका कारण समाजका टीका टिप्पणी सुनेर अल्झिनुभन्दा समयको गतिसँगै अगाडि बढ्नुपर्छ भन्ने उसलाई लाग्छ-“हामी नारीमाथि मात्र

लगाउन, हिँड्न, काम गर्न, बोल्न, व्यवहार गर्न सबैसबैमा टीकाटिप्पणी किन हुने ? यस्तैले हो हाम्रो प्रगतिमा अवरोध ल्याउने ? टीकाटिप्पणी सुनेर अल्मलिने कि समयको गतिसँग अगाडि बढ्ने (५९)?" समाजमा पहिले नारीलाई सानो आवाजमा बोल्न, पुरुषका अगाडि नबोल्न, पारिवारिक र सामाजिक चासोका विषयमा आवाज नउठाउन लगाइन्थ्यो । अहिले पनि नारीले सार्वजनिक चासोका विषयमा आफ्ना मत राखी भने पोथी बासी भन्ने संज्ञा दिँदै उसका मतको अवहेलना गर्ने गरिन्छ । नारीका लागि हिँडाइमा मापदण्ड, बोलाइ, लगाइमा प्रतिबन्ध लगाइएको समाजमा भने पुरुषका लागि कुनै कुरामा मापदण्ड छैन । सृष्टिकार्यमा समान भूमिका हुने दुई जातिमध्ये एकलाई हरेक कुरामा छुट र अर्कोलाई हरेक कुरामा प्रतिबन्ध न्यायसङ्गत होइन । यो लैङ्गिक विभेद हो । त्यसैले सधैँ यस विषयमा टीकाटिप्पणी गरेर बस्नुभन्दा समयले ल्याएको परिवर्तनअनुसार आफू पनि चल्नु र अरुलाई पनि चल्न दिनु हामी सबैको कर्तव्य हो भन्ने इलाको विचार छ । उसका यी विचारलाई लैङ्गिक विभेदप्रतिको सचेतनाका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासमा समाजले नारी पुरुषका लागि गर्ने असमान व्यवहारका विषयमा पनि पात्रका विचारहरू प्रस्तुत भएका छन् । समाजमा पुरुषहरू आफू बलात्कारका घटनामा संलग्न हुँदा पनि ढुक्कले इज्जतका साथ बिहे गरेर अर्की केटी भित्र्याउँछन् । उसकी पत्नीको विषयमा कुनै कारणवश चरित्रहीन भएको हल्ला सुनियो भने या परपुरुषसँग उसको नाम जोडियो भने त्यो नारीलाईस्वीकार्न उसलाई गाह्रो पर्छ । यदि त्यस्तो स्थिति आयो भने उक्त नारीले परिवार र लोग्नेबाट बहिस्कृत नै हुनुपर्छ । आफू जस्तोसुकै भए पनि आफूसँग बिहे गर्ने केटी चाहिँ दागरहित हुनुपर्छ भन्ने मानसिकता पुरुष र समाजमा व्याप्त छ तर नारीहरू भने लोग्ने जतिसुकै चरित्रहीन भए पनि उसको विरोध गरेर हिँड्न हाम्रो परम्परा र सामाजिक मनोविज्ञानले नै दिँदैन । मर्दका दस वटी स्वास्नी हुन्छन् भनेर पुरुषलाई जतिसुकै नारीसँग सम्बन्ध राख्न स्वीकृति दिएको हाम्रो समाजमा अहिले पनि पुरुषका यस्ता गतिविधिलाई सामान्य नै मान्ने गरिन्छ । यस्ता पुरुषसँग विवाह हुने नारीलाई परिवारका इज्जतका खातिर चुप रहन र सहनशील बन्न उपदेश दिइन्छ । उसको मनमा लोग्नेप्रति जागृत हुने वितृष्णातर्फ ध्यान दिइँदैन । उसले केही गरी परिवारको चालचलनमा भिज्न सकिन भने उसलाई नै गलत नजरले हेर्ने गरिन्छ । यो एक किसिमको लैङ्गिक विभेद हो । यसप्रति पनि उपन्यासकी पात्र इला सचेत छ । त्यसैले यस्तो विभेदको विरोध गर्नुपर्छ भन्ने उसलाई लागेको छ । उसले यससम्बन्धी आफ्नो दृष्टिकोण यसरी राखेकी छ-

> कति दिक्क लाग्छ होला त्यसबेला जब त्यसकी स्वास्नीले थाहा पाउँछ उसको लोग्ने बलात्कार गरेर अपराध बोकेको छ । बोल्दैन समाज त्यसबेला पनि त्यस केटीको पक्ष लिएर । बरुसंस्कृति, धर्म, व्यवहार, प्रथा, नियम, कानुन कुन उपयुक्त हुन्छ, त्यसैको

> तगारो तेर्साउँछन् र त्यस्तै परिस्थितिमा जीवन गुजारा गर्न अभ्यस्त हुन तालिम दिन थाल्छन् । घर सुहाउँदो योग्य बुहारी र स्वास्नी बनाउन पाउने अधिकार प्राप्त तिनीहरूले त्यस केटीको मर्म के बुझ्लान् ? सम्झौता गर्न नसकेमा त्यो हरेकको नजरबाट खस्न पुग्छ, एक निर्दोष त्यो केटी, कसैको प्यारी छोरी, दुष्चरित्रकी रूपमा गनिन सक्छ(६४)।

इलाका यी अभिव्यक्तिले बलात्कारी पुरुषसँग वैवाहिक जीवनमा आबद्ध हुने नारीले त्यो पुरुष अपराधी हो भन्ने थाहा पाएपछि त्यस सम्बन्धबाट मुक्त हुन नपाइ हीनताबोधका साथ बाँच्न विवश हुनुपर्ने यथार्थको उजागर गरेका छन् किनभने नारीहरू सहजै त्यस्ता सम्बन्धबाट उन्मुक्त हुनसक्ने सामाजिक वातावरण नै छैन । बरु उनीहरूले आफ्नो भाग्यलाई दोषी मान्दै उक्त अपराधी पुरुषलाई लोग्नेका रूपमा स्वीकारेर सम्झौता गर्नुपर्ने हुन्छ । समाज र परिवारले पनि यस्ता घटनामा नारीलाई धर्म संस्कारको नाममा विद्रोह गरी सम्बन्धविच्छेद गर्नबाट रोक लगाइन्छ र जतिसक्यो सहन बाध्य पारिन्छ । सहन नसकी उसले विद्रोह गरी भने उसको चरित्रमाथि प्रश्न उठाइन्छ तर स्वयम् अपराध गर्ने पुरुषलाई भने कुनै मापदण्डमा खरो उत्रनु पर्दैन । यो समाजमा नारी पुरुषबिच भएको विभेद हो भन्ने कुराप्रति इला सचेत छ । त्यसैले ऊ उसको अगाडि बलात्कारको आरोपीका रूपमा खडा गरिएको अमिरबाट उसकी प्रेमिकाको भविष्य सुरक्षित राख्न चाहन्छे ।

## $=#=@ gf/L cl:tTj, clwsf/ / JolQmTjljsf;k|ltsf] ;r]tgf

गीता केशरीका उपन्यासका धेरैजसो नारी पात्रहरू नारीअस्तित्व, अधिकार र नारीको व्यक्तित्व विकासप्रति सचेत देखिन्छन् । तीमध्ये *सौगात* उपन्यासकी पात्र प्रतिभा जीवनमा आफूले भोगेका विभिन्न विभेद, उत्पीडन, हिंसाका कारण आफ्नो अस्तित्वप्रति सचेत भएकी छ । उपन्यासमा उसको परिवारले उसको धेरै पढ्ने र नोकरी गर्ने इच्छाको कदर गरेको छैन । धनी केटो पाएकै भरमा परिवारबाट विवाहको लागि दबाब आएको छ । त्यस दबाबलाई उसका इच्छा र तर्कले टार्न नसकेपछि प्रतिभा विवाह गर्ने निर्णयमा पुगेकी छ । यो निर्णय गर्दा पनि ऊ आफ्ना निर्णयप्रति र भविष्यप्रति सचेत नै छ । उसको विवाह र विवाहपछिको भविष्यका विषयमा पनि यस्तो सोच छ - "जीवनमा विवाह नै पनि त अन्त्य होइन । यस दाम्पत्य जीवनमा सुख, शान्ति मिलेन भने म आफ्नै तालले पनि त बिताउन सक्दछु । जति विद्या हासिल गरेकी छु, यसैको उपयोग गरेको खण्डमा पनि म बाँच्न सकिहाल्दछु (१५)।" विवाह जीवनको एउटा मोड हो, वैवाहिक जीवन कष्टप्रद भयो भने पीडा खपेर सधैँ यसलाई बन्धन मानेर बाँधिनु आवश्यक हुँदैन । आफूमा ज्ञान, सीप भएको खण्डमा आफ्नो जीवन स्वतन्त्र रूपले बाँच्ने निर्णय पनि गर्न सकिन्छ

भन्ने चेतना उसका यी अभिव्यक्तिमा निहित छ । यसलाई प्रतिभाको आफ्नो खुबी र अस्तित्व पहिचानप्रतिको चेतनाका रूपमा लिन सकिन्छ ।

उपन्यासमा विवाहपश्चात् कमलको अवैध व्यापारप्रतिको चासो र नोकरी गरेर सघाउने प्रतिभाको अडानका कारण गोप्य व्यापारको रहस्य बाहिरिने डरले प्रतिभालाई घरभित्रै बन्दी बनाएर कडा निगरानीका साथ राखिएको छ । पछि उसलाई पागल साबित गरेर कमलले दोस्रो विवाह गरेको छ । त्यसपछि प्रतिभा आफ्नो अस्तित्वप्रति अझ सचेत भएकी छ । परिवारका सदस्यबाट पूर्णतया अबला बनाइएकी प्रतिभामा आफ्नो अस्तित्वरक्षाका लागि नारीले आत्मबल बलियो बनाउनुपर्छ भन्ने सचेतनाको विकास यसरी भएको छ-

> हामी अबला छौँ भने पनि अब समय आएको छ कि हामीले सबला बन्न सिक्नु परेको छ । आफूमा आत्मबल ल्याउनु परेको छ । मनको मिथ्या कमजोरीलाई त्याग्नु परेको छ । नत्र हामी कमजोर, असहाय, अनाथ शरणार्थी बनिरहन्छौँ, लुटिरहन्छौँ । हाम्रो निर्माण आउँदैन (३०)।

यी अभिव्यक्ति प्रतिभाका आत्मचिन्तन हुन् । यिनमा नारी आफैँमा अबला होइन । नारी कमजोर भन्ने कुरा मिथ्या भ्रम मात्र हो । नारीमा अथाह शक्ति निहित छ । समाजले नारीभित्र मिथ्या कमजोरी रहेको बताएर उसलाई झन् कमजोर बनाइरहेको छ । त्यसैले नारीले अनाथ, असहाय र पितृसत्ताको शरणार्थी हुनबाट जोगिन आफूमा भएको शक्तिलाई जगाउनुपर्छ भन्ने अस्तित्वप्रतिको सचेतना प्रतिभामा विकास भएको छ ।

*खोज* उपन्यासमा पनि पात्रहरूमा नारी अस्तित्व र व्यक्तित्वविकाससम्बन्धी सचेतना विकसित भएको पाइन्छ । उपन्यासमा शान्तिमा यस किसिमको सचेतना प्रस्तुत भएको छ । शान्तिले नारीको व्यक्तित्व विकास, स्वतन्त्रताप्राप्तिको माध्यम शिक्षा भएकाले नारीलाई शिक्षाआर्जन गर्ने अवसर प्रदान गर्नुपर्छ भन्ने विचार राखेकी छ । नारीलाई घरको चौघेराभित्र धन सम्पत्तिको उपलब्धताभन्दा उनीहरूलाई बन्धनमुक्त बनाएर व्यक्तित्व विकास गर्न दिनुपर्छ । यो उनीहरूको अधिकार हो र नारीको व्यक्तित्व विकास शिक्षाबाट मात्र सम्भव छ भन्ने चेतना शान्तिमा उद्घाटन भएको छ । उसले आफ्ना विचार यसरी राखेकी छ-

> आज घरबाट निकालेर आफैँ कमाएर खा जे मन लाग्छ गर भनेर छोडिदिनु त्यो स्वतन्त्रता हैन न त घरभित्रको चार कनामा रहेर मुठ्ठीभरि नोट समातेर लोग्ने र सन्तानलाई आफ नो तालले नचाउन पाउनु नै नारीले मागेको अधिकार हो । स्वतन्त्रताको परिचय लिएर त्यसको  उपभोग गर्न र गराउन दिने हो भने पहिले व्यक्तित्व विकास हुन

> दिनुपर्छ र त्यसपछि कर्मक्षेत्रमा उत्रन दिन बन्धनमुक्त हुन दिनुपर्छ । घरको संघारभित्रको परिधिमात्र नारीको कर्मक्षेत्र होइन । त्यसरी व्यक्तित्व विकाससँग जोडिएको स्वतन्त्रताको भोग गर्न दिन नारीलाई बाल्यकालदेखि शिक्षा अध्ययन गर्न दिनु जरुरी छ । ज्ञान ज्योतिको सहाराले चल्न जान्ने भएपछि जुनसुकै परिस्थितिमा पनि आफ्नो परिश्रमबाट जीवन गुजारा गर्न सक्ने हुन सक्छिन् । उनलाई आश्रित भएर जिउन पर्दैन र त्यसरी कुण्ठित भएर भाग्यमा मात्र भर परेर बाँच्न नपर्नु नै नारी स्वतन्त्रता हो (१११)।

यहाँ शान्तिले नारीले खोजेको स्वतन्त्रता र अधिकारको बारेमा आफ्ना विचार राखेकी छ । उसका विचारमा नारीले अशिक्षित, सीपविहीन र निरीह अवस्थामा घरबाट बाहिर निस्केर फुकुवा हुन खोजेकी होइन । नारी धन सम्पत्तिको रवाफमा परिवारका पुरुष सदस्यलाई धाक र हैकम राख्नुलाई नारी स्वतन्त्रता होइन । नारीले आफ्नो सीप, दक्षता र परिश्रमबाट बिना रोकटोक आफ्नो व्यक्तित्व विकास गर्न खोजेका हुन् । नारीलाई परम्परा र समाजले तोकिदिएको चौघेरामात्र उसको कार्यक्षेत्र होइन । उसमा शिक्षाप्राप्तिको अवसर पाएका खण्डमा जस्तोसुकै कार्य पनि गर्न सक्ने क्षमता छ । नारीलाई उसका क्षमताको उपयोग गर्न दिएको खण्डमा उसले पुरुषहरूको आश्रयमा आफ्ना इच्छा, चाहना दबाएर र भाग्यको भर परेर बाँच्नु पर्दैन । त्यसैले नारीलाई बाल्यकालदेखि नै शिक्षाप्राप्तिको अवसर प्रदान गर्नुपर्छ । शिक्षा र व्यक्तित्व विकास नारीको अधिकार र स्वतन्त्रताको विषय हो भन्ने शान्तिको यस विचारलाई नारी शिक्षाको महत्त्व र नारीको व्यक्तित्व विकाससम्बन्धी सचेतनाका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासका पात्रहरूमा नारी अस्तित्व र व्यक्तित्वविकाससम्बन्धी सचेतना विकसित भएको पाइन्छ । उपन्यासमा शान्तिमा नारीको व्यक्तित्व विकाससम्बन्धी सचेतना प्रस्तुत भएको छ । उसलाई समाज वा परिवारमा नारीको व्यक्तित्व विकासबाट एकल रूपमा नारी मात्र नभई उसँग हिँड्ने पुरुष र समग्र देश पनि लाभान्वित हुनसक्छन् भन्ने लाग्छ । उसका यी अभिव्यक्तिबाट यस्तै चेतना अभिव्यक्त भएको पाइन्छ -

> नारीको व्यक्तित्व विकास भई स्वतन्त्र हुनाको फाइदा केवल यो नारीलाई मात्र छैन यसको फाइदा उनको साथसाथमा चल्ने मर्दलाई पनि त्यत्तिकै छ र देशलाई पनि । आमा, दिदी, बहिनी, स्वास्नी, भाउजू, बुहारी यी  सबै नारी हुन् । के शिक्षित विवेकशील यिनीहरू हुनु मानव विकासका लागि लाभदायक छैन र ? आज जुन अवस्था आएको छ त्यो आएको केवल आपसी सुझबुझ नभएर हो र यो ल्याउन सकिने उपाय हो, शिक्षा र कर्म जुन योग्यताको दुवै शक्तिमा समान रूपले विकास भएको हुनुपर्छ (१११)।

यहाँ नारीको व्यक्तित्व विकासका लागि उनीहरूलाई शिक्षा र काम प्राप्त गर्ने अवसर दिनुपर्छ । नारी परिवारमा कसैको आमा, पत्नी, बुहारी भाउजू, दिदी, बहिनी भएका कारण ऊ शिक्षित र सक्षम हुने हो भने सारा परिवार शिक्षित हुन मदत पुग्छ । यसबाट नारी सक्षम त हुन्छन् नै यसबाट पुरुष र समग्र देश नै लाभान्वित हुन्छ । पुरुषले एक सक्षम सहयात्री पाउँछ । उसलाई जिम्मेवारीको बाँडफाँड हुनाले परिवारप्रतिको बोझ हलुको हुन्छ । आपसमा समझदारीको विकास हुन्छ । देशमा चेतनशील जनशक्तिमा वृद्धि हुन्छ, जसले गर्दा देश पनि प्रगतिपथमा अगाडि बढ्न मदत मिल्छ । यसर्थ पुरुष र समग्र देशहितका लागि पनि नारीलाई शिक्षा र कामको अवसर प्रदान गरिनुपर्छ भन्ने चेतना शान्तिमा विकसित भएको छ ।

प्रस्तुत उपन्यासमा शान्ति नारीअस्तित्वप्रति पनि सचेत छे । नारीहरू आपसमा लड्ने, नारी नै नारीको शोषणमा र उत्पीडनका सहयोगीका रूपमा सहभागी हुने गर्नाले समग्रमा नारीहरू पछाडि परेका हुन् । पितृसत्तालाई बल पुग्ने किसिमका नारीविरोधी व्यवहार हाम्रो पारिवारिक तहदेखि नै भइरहेकाले नारीको अस्तित्व पुरुषको सेवकका रूपमा स्थापित भएको हो । त्यसैले नारीको स्वतन्त्र अस्तित्वनिर्माणका लागि नारीहरू एकताबद्ध भएर नारी हितमा लाग्नुपर्छ भन्ने चेतना शान्तिमा विकसित भएको देखिन्छ । उपन्यासमा शान्ति बनारसको वेश्यालयमा एक नारीद्वारा नै देहव्यापारका लागि किनिएपछि नारीको शोषणमा नेतृत्वदायी भूमिका नारीको नै रहेको पाउँछे । त्यहाँबाट भागेर बाहिर आएपछि आफू बेसहारा महसुस गरेकी शान्तिमा नारीहरू अस्तित्वनिर्माण र विभेदबाट मुक्तिका लागि एक भई परम्परागत नियमहरूलाई समयानुकूल बनाउँदै लानुपर्छ भन्ने चेतना जागृत भएको छ । उसका अनुसार-

> ... आफ्नो लोग्ने र छोरालाई मान गराउन छोरी बुहारीलाई तह लगाउने काम त्यही आमाले गर्छ । समाजको नियमको पालना गर्ने जिम्मा यिनै नारीले बोकेकी हुन्छिन् र कुरा काट्दै त्यही नारीलाई हतोत्साही बनाउँछन् जसले समाजका पक्षपाती नियमहरूको विरोध गर्दै हिँडेका हुन्छन् । यसैले समाजमा सुधार ल्याउने नै हो र नारी जीवनलाई वरदानमय बनाउने हो भने पहिलो चाल हामी नारी आफैँले केलाएर चाल्नुपर्छ ।... यहाँ रहेका नियम चलनहरूलाई समयानुकूल बनाउँदै लैजानुपर्ने हो र यदि हामी नारीहरू नै एक भएर परिवर्तनपट्टि लाग्यौँ भने हाम्रो गुनासो किन रहिरहन्थ्यो र (६१)?

यहाँ शान्तिले नारीहरू शोषित पीडित हुनुको कारण नारीहरू आपसमा खिचातानी गर्ने प्रवृत्ति पनि हो भन्ने बुझेकी छ । समाजमा स्थापित परम्परागत संस्कारलाई आफ्नै थाप्लोमाथि राखेर हिँड्ने अनि नारीले नै नारीका कुरा काटेर हतोत्साही बनाउने प्रवृत्तिले समाजमा नारी पछाडि परेका हुन् । त्यसैले समान लैङ्गिक विकासका लागि पछाडि परेका नारी समुदाय एक भएर सामाजिक

सुधारतर्फ पाइला चाल्नुपर्छ भन्ने चेतना उसमा विकसित भएको छ । यसलाई उसको नारी अस्तित्वप्रतिको चेतनाका रूपमा लिन सकिन्छ ।

*विश्वास* उपन्यास नेपाली समाजको प्रजातन्त्र पुनर्स्थापनाभन्दा अगाडिको यथार्थको पृष्ठभूमिमा रचित छ । यद्यपि यसमा समाजमा अहिलेको समयमा पनि पूर्णतया स्वीकार गर्न नसकेको कृत्रिम गर्भधारण पद्धतिको बारेमा समाजमा चेतना फैलाउन उद्देश्य राखिएको छ । त्यसैअनुरूप उपन्यासमा बालविधवा पात्रलाई कृत्रिम गर्भधारण गराई त्यसका सकारात्मक पक्षहरूको चर्चा गरिएको छ । समाजले बालविधवाहरूलाई दास्रो विवाहका लागि वैधानिक स्वीकृति नदिएको अवस्थामा नारीमा विकसित मातृत्वका चाहनाको परिपूर्ति गर्ने उत्तम विकल्पका रूपमा कृत्रिम गर्भधारणको पद्धतिलाई अगाडि सारिएको छ । ग्रामीण क्षेत्रमा रहेकी देवीलाई सहरमा हुर्केर  बढेर चेतनशील बनेकी दुर्गाले सो प्रक्रियामा साथ समर्थन र सहयोग दिएकी छ । देवीको देवरले पनि उक्त कार्यमा देवी र दुर्गालाई समर्थन गरेको छ । यस कार्यले समाजमा बढ्दै गरेको बहुविवाह कम हुने र बुहारीका तर्फबाट कृत्रिम रूपमा जन्मेको सन्तानले वंशपरम्परा अगाडि बढाउने विश्वास गरिएको छ । यस सम्बन्धमा दुर्गा, देवीहरू सबैभन्दा बढी चेतनशील देखिन्छन् । उनीहरूले गरेका संघर्ष, तर्क र गतिविधिले उनीहरूका नारीको मातृत्वसम्बन्धी अधिकार र अस्तित्वनिर्माणसम्बन्धी चेतनाको विकास भएको मान्न सकिन्छ । समाजमा व्याप्त लैङ्गिक विभेदको मूल कारण अशिक्षा हो भन्नेमा शिक्षिका दुर्गा अत्यन्त सचेत छ । तसर्थ उसले गाउँका छोरी, बुहारी र पढ्ने अवसरबाट वञ्चित छोराहरू समेतलाई शिक्षाप्राप्तिमा जुट्न आग्रह गरिरहेकी छ । उसले गाउँका छोरीबुहारी र सासूससुराहरूलाई सम्झाउँदै व्यक्तित्व विकासमा जुट्न यसरी आग्रह गरेकी छ -

> हाम्रो व्यक्तित्व विकास गर्न झगडा गर्दै सेवा र मर्यादालाई उल्लङ्घन गर्दै हिँड्नुपर्छ भन्ने छैन । बूढाबूढी असमर्थहरूलाई सेवा गर्नु नै हाम्रो कर्तव्य र धर्म हो । कर्तव्य पूरा गर्दा कठिनाइ बाधाहरू आइपर्न सक्छ तर त्यसलाई पर्वाह नगरेर आफ्नो लक्ष्यमा लाग्दै जानुपर्छ तर हामीले बुझ्नु र गर्न सक्ने केवल कर्तव्य मात्र होइन यसको साथसाथै अधिकार पनि छ । त्यसलाई छोड्दै गयौं भने हामीहरू लुटिँदै जान्छौं । ती अधिकार कर्तव्यसँग मिल्न गई सत्वहीन हुन जानेछन् अनि हामी कर्तव्यको बोझले थिचिँदै जान्छौं । आजको हाम्रो स्थिति त्यसैको नतिजा हो (१०५)।

दुर्गाले यहाँ पढ्न नपाएका गाउँका छोरी बुहारीलाई आफ्ना कर्तव्यको पालना गर्दै आफ्नो अधिकारप्राप्तिमा जुटी व्यक्तित्व विकास गर्न आग्रह गरेकी छ । आफ्नो अधिकारलाई छोड्दै जाने हो भने कर्तव्य पालनले मात्र त्यसलाई सत्वहीन र अर्थहीन बनाइदिन्छ । त्यसैले आफ्ना मर्यादा र

आफूभन्दा ठूलालाई गर्नुपर्ने सेवालाई निरन्तरता दिँदै आफ्नो पढ्ने र व्यक्तित्व विकास गर्ने अधिकारको प्राप्तिमा लाग्नुपर्छ भन्ने सल्लाह दुर्गाले दिएकी छ । उसले गाउँलेहरूलाई शिक्षा सबैको अधिकारको विषय, अधिकार प्राप्तिको माध्यम, अस्तित्वनिर्माण र व्यक्तित्व विकासको कडी भएका कारण कर्तव्यको पछि लागेर अधिकार नभुल्न सबैलाई प्रेरित गरेकी छ । आफ्ना अधिकारलाई बिर्सेर समाजले निर्देशन गरेका काम कर्तव्यलाई निभाउँदै जाँदा नारीहरू समाजमा शोषित, पीडित बनेका हुन् । यस्तो स्थितिबाट माथि उठ्नको लागि शिक्षा अनिवार्य शर्त भएकाले शिक्षाप्राप्तिमा जुट्नुपर्छ उसको विचार रहेको छ । दुर्गाका यी विचारमा नारीका अधिकार र व्यक्तित्व विकासप्रतिको सचेतना पाइन्छ ।

प्रस्तुत उपन्यासमा उदयको बाबु वा ताराको ससुरा बाबाहजुर पनि लैङ्गिक विभेद र नारी अधिकारका सम्बन्धमा सचेत देखिन्छ । उसले प्रारम्भमा तारालाई सेविकाको रूपमा आफ्नो घरमा आश्रय दिएको छ । पछि ऊ गर्भवती छ भन्ने थाहा पाएपछि ताराप्रतिको उसको भावनामा कुनै परिवर्तन आएको छैन । झन् ताराको गर्भमा आफ्नै छोराको सन्तान हुर्किएको थाहा पाएपछि उनीहरूलाई न्याय दिलाउनका लागि उसले समाजका लाञ्छनाहरू समेत सहेको छ । समाजमा तारासँग सम्बन्ध राखेको हल्ला फैलिएपछि त्यस विषयमा कुरा गर्न आएकी आफ्नी छोरीसँग उसले गरेका यी तर्कले उसमा नारी अधिकारप्रति सचेतना छ भन्ने कुरा बुझाउँछ -

> तिमी पनि स्वास्नीमान्छे हौ । ताराको स्थिति देख्दा के तिमीलाई दया लाग्दैन ? मैलेभन्दा बढी उसको पीरमर्का तिमीहरूले बुझ्नुपर्ने हो । यस अवस्थामा पुगेकी तारालाई यस घरबाट निकालिदियौँ भने त्यो कहाँ गएर जीवन गुजार्छ ? कसले त्यसलाई राख्छ जब हामीले समेत आफूसँग राख्न सक्दैनौ भने ? तसर्थ त्यसको बच्चाले यही घरमा जन्म लिनुपर्छ । तारा हाम्रै घरकी सदस्य भइसकेकी छन् ।...नारीको आपसमा विश्वास नहुनाले नारी नै नारी विकासको अवरोध हुन गएका छन् । हामीमा एकता आउनुपर्छ भन्ने तिम्री आमाको सिद्धान्तलाई जाँची हेर्न तिमी तारालाई ज्यादा दुःख दिनुको साटो माया गर्न थाल, दया गर दया (२५८)।

यहाँ बाबाहजुरकी छोरीले तारालाई घरबाट निकालिदिनुपर्छ भनिरहेका बेला उसले तारा समस्यामा परेकी एक स्वास्नीमान्छे भएका कारण उसलाई घरबाट निकालिदिनु ऊमाथि अन्याय हुने बताएको छ । उसका विचारमा नारी भएर अर्की नारीका समस्या, पीडा बुझ्न नसकेकै कारण समाजमा नारीहरू पछाडि परेका हुन् । त्यसैले नारीका पीडा स्वयम् नारीले बुझेर एकअर्कालाई साथ र सहयोग गर्नुपर्छ । उसको यो विचार नारी अधिकार र अस्तित्वका पक्षमा छ । त्यसैले यो लैङ्गिक सचेतनाको एक उदाहरण हो ।

प्रस्तुत उपन्यासमाबाबाहजुरले आफ्नो छोरा उदयले विवाहको कुरा लुकाएर गल्ती गरेको महसुस गरी बुहारीको रेखदेखको जिम्मा उसले लिएको छ । तारालाई पत्नी र नातिलाई सन्तानको हक दिलाउनका लागि उसले समाजका लाञ्छना पनि खेपेको छ । ताराले आफूले भाग्यका कारण उदयको साथ पाउन नसकेका कारण व्यर्थैमा उनीहरूका पतिपत्नीका बिचमा आउन नचाहेको बताउँदा बाबाहजुरले आफ्ना हकका लागि लड्नुपर्ने बताएको छ । उसले यसरी नारीहरू पछि पर्नुका कारण बताएको छ-

> स्वास्नीमान्छेले उन्नति गर्न नसक्नुको कारण तिमीहरूको जस्तै स्वभावले हो । आफ्नो अधिकार पनि छोड्दै जानुहुन्छ ?... आफू लुटिएर पनि सहनशील बन्न खोज्ने तिमीहरूलाई म के भनूँ ? देऊ तिम्रो लोग्नेलाई नयाँ स्वास्नीसँग मोजमस्ती गर्न र आफू यहाँ नोकर्नी भएर जीवन बिताइ राख । त्यो हुने बच्चाको अधिकारसमेत गुमाइदेऊ (२५१)।

यहाँ बाबाहजुरले आफ्नी बुहारीलाई उसको अधिकारका लागि लड्न प्रेरित गर्दैछ । नारीको सहने र भाग्यमा भर पर्ने प्रवृत्तिले गर्दा नै नारीहरू उन्नति गर्न नसकेका हुन् । त्यसैले नारीले जस्तो अन्याय पनि चुपचाप सहने बानीको अन्त्य गर्नुपर्छ भन्ने उसको विचार छ । उसको यो विचारलाई नारी अस्तित्व र अधिकारप्रतिको सचेतनाका रूपमा लिन सकिन्छ ।

*नोकरी*उपन्यासमा संलग्न पात्रमध्ये धेरै नारी पुरुष पात्रहरू शिक्षित र सहरिया पृष्ठभूमिका छन् । उनीहरूमध्ये नारी पात्रहरू पनि विभिन्न पेसा व्यवसायमा संलग्न भई आर्थिक उपार्जनमा समेत संलग्न भएका छन् । जसले गर्दा उनीहरू समाजमा विद्यमान लैङ्गिक विभेद र आफ्ना अधिकार र कर्तव्यप्रति सचेत छन् । तीमध्ये उपन्यासमा महत्त्वपूर्ण भूमिकामा रहेका गौरी, साधना, राधा, दया जस्ता पात्रहरू नारी अस्तित्व र अधिकारप्रति अत्यन्त सचेत देखिन्छन् । नेपाली समाजमा छोरीहरूलाई आफ्नो जीवनसाथी छनोटको अधिकार र स्वतन्त्रता कमै मात्र दिइन्छ । परिवारले जस्तो भन्यो त्यही केटासँग चुपचाप बिहे गर्नुपर्ने बाध्यता नेपाली नारीमाथि छ । जसले गर्दा पछि नारीहरू विभिन्न किसिमका शोषण र यातनाका शिकार हुनुपरेका घटनाहरू समाजमा घटेका छन् । यसैले विवाह गर्दा छोरीले केटा के-कस्तो छ बुझ्नु जरुरी हुन्छ । केही नबुझी विवाह गर्दा नारीहरूले विभिन्न किसिमका शोषण, हिंसा भोग्नुपर्ने र उनीहरूको अस्तित्व नै सङ्कटमा पर्ने हुनाले विवाहका सम्बन्धमा राम्रोसँग विचार गर्नुपर्ने विचार प्रस्तुत उपन्यासकी पात्र राधामा देखिएको छ । उसले आफ्ना भनाइ यसरी राखेकी छ -“मैयाँ हजुरको पनि विवाह विदेशमा काम गर्नेसँग हुन लागेको कुरा सुन्छु । आफ्नै देशको केटाभए पनि त्यहाँ के कस्तो काम गर्दैछ, त्यो राम्ररी बुझेर मात्र गर्नुहोला । विवाह भएपछि कुरा अर्कै हुन्छ(४७)।” राधाको यो भनाइ विवाहको

निर्णय गरी तयारीमा जुटेकी दयाका लागि दिइएका सल्लाह हुन् । दयाको विवाह विदेशमा बस्ने केटासँग हुने भएकाले उसका सम्बन्धमा राम्रोसँग बुझेर मात्र विवाह गर्नका लागि राधाले सुझाव दिएकी हो । विवाह भएपश्चात् नेपाली नारीको जीवनमा धेरै सामाजिक नियमका कारण अप्ठ्यारो परिस्थितिको सिर्जना हुने हुनाले बिहेभन्दा पहिले नै नारी सचेत हुनु जरुरी भएको विचार राधाका उक्त भनाइमा अभिव्यक्त हुन्छ । विवाहलाई सात जुनीको बन्धन मानिने हाम्रो समाजमा बिहे भएपछि पछुताउनुभन्दा बिहेपहिले नै बिहे गर्ने केटाको बारेमा सम्पूर्ण कुराहरू बुझ्दा भविष्य सहज हुने सचेतना पाइन्छ । यस कुराको समर्थन दयाले पनि गरेकी छ । उसले यसबारेमा पहिलै बुझ्न आवश्यक रहेको कुराको बोध यसरी गरेकी छ-

> विदेशमा जागिर खाएकोसँग विवाह भयो भने त्यहाँ जान पाइन्छ भनेर मोहित हुनु, डलरको कमाइ छ भनेर खुबै राम्रो लोग्ने पाएँ भनेर आफूलाई सुम्पिहाल्दा धोका पनि पाइन सक्छ । अहिले के भएको छ र ? वरमाला लगाइसकेको छैन । चित्त नबुझे छोड्न पनि सकिन्छ (४८)।

समाजमा विदेशमा जागिर गर्ने केटा भनेपछि केही नसोची विवाह गर्ने परिपाटीले कति नारीहरू नारकीय जीवन बिताउन बाध्य भएको देख्न सकिन्छ । त्यसैले आफूले पनि समय रहँदै त्यसतर्फ सोचेर मात्र विवाहको निर्णय लिनुपर्छ भन्ने नारी अस्तित्वप्रतिको चेतना दयामा देखिएको छ ।

प्रस्तुत उपन्यासमा नारी पात्रहरूले व्यक्तित्व विकासका लागि विभिन्न किसिमका पेसा अवलम्बन गरेका छन् । उनीहरू समाजमा विद्यमान नारीले घर व्यवहार, बच्चा सम्हाल्ने र पुरुषले आर्थिक भारवहन गर्ने परम्परागत मान्यतालाई चिरेर पेसागत भूमिका निर्वाह गरेका छन् । प्रस्तुत उपन्यासमा साधनाले हवाइपरिचारिका पेसा अपनाउने क्रममा परिवारका सदस्यको साथै प्रेमीको पनि हस्तक्षेपको सामना गर्नुपरेको छ । उसको प्रेमी मेघको पनि नारीको कमाइ खानुहुँदैन, छोरीले परिवारको दायित्व निर्वाह गर्नु हुन्न, हवाइपरिचारिका जस्तो पेसा नारीका लागि सुहाउँदो हुँदैन, विवाहपश्चात् सबै जिम्मा पुरुषको हुन्छ भन्ने मान्यता छ तर साधना नारीहरूले नोकरी आफ्नो व्यक्तित्व विकासका लागि गर्नुपर्छ भन्नेप्रति सचेत छ । नोकरीले नारीलाई परनिर्भर हुनबाट जोगाउने र नोकरीबाट प्राप्त ज्ञानले उनीहरूको व्यक्तित्व विकासमा सघाउ पुऱ्याउने उसको विचार छ । उपन्यासमा उसको विचार यसरी प्रस्तुत भएको छ -

> पेसा त केवल एक अवसर हो । त्यसलाई हामी कसरी प्रयोग गर्छौं त्यो नै हाम्रो योग्यताको परिचय हो । नारीले आफ्नो व्यक्तित्व विकासका लागि र आत्मनिर्भरताका

> लागि अरुको जे जस्तो भनाइ रहेपनि नोकरी गर्दै जानुपर्छ । नोकरीका प्रदुषणलाई हटाई स्वच्छ वातावरणको सिर्जना गर्नै पर्छ (१०८)।

साधनाका यी अभिव्यक्तिबाट पेसा आफैँमा गलत हुने होइन भन्ने मान्यता प्रस्तुत भएको छ । उसका विचारमा पेसामार्फत व्यक्तिको योग्यताको परिचय हुन्छ । त्यसैले हरेक नारीले आफ्नो व्यक्तित्व विकासका लागि आफ्नो योग्यताअनुरूपको नोकरी गर्नैपर्छ । नोकरीले नारीलाई आत्मनिर्भर बनाउँछ । जसले समाजमा उनीहरूलाई शोषण र विभेदबाट मुक्ति दिलाउन मदत गर्छ । यसलाई साधनामा विकसित भएको व्यक्तिन्व विकाससम्बन्धी सचेतनाका रूपमा लिन सकिन्छ ।

*निष्कर्ष* उपन्यासमा इलानामक प्रमुख पात्र बलात्कारजन्य हिंसाको शिकार भएकी छ । उसमाथि बलात्कारपछि हत्याको प्रयाससमेत गरिएको छ । ऊ पढेलेखेकी, स्वावलम्बी नारी हो । समिरनामक एक युवकले उसलाई पट्याउन गरेको बारम्बारको प्रयास असफल भएपछि साथीहरूसमेतलाई लिएर इलामाथि उक्त हिंसाको अपराध गरेको छ । ऊ आफैँमा पनि सचेत नारी हो भने उपन्यासमा उसकी साथी स्नेहा पनि लैङ्गिक विभेद, समानता, अधिकारसम्बन्धी कुरामा सचेत देखिएकी छ । बलात्कृत इलालाई अस्पतालमा विभत्स अवस्थामा भेटेपछि उसले यस्ता पाशविक घटना दोहोरिन नदिनका लागि दोषीलाई सजाय दिनु जरुरी भएको विचार व्यक्त गरेकी छ । त्यसको लागि नारी कमजोर भएर होइन सुरो भएर लाग्नुपर्ने उसको तर्क छ । उसले छोरीलाई मरणासन्न अवस्थामा देखेपछि रोइरहेकी इलाकी आमालाई सम्झाएकी छ । समाजमा नारीमाथि बढ्दै गएका पाशविक घटनाहरू दोहोरिनमा दोषी उम्कनु नै कारक बनेकोले अपराधीलाई सजाय दिलाउनु पर्छ भन्ने उसको विचार छ । उसले नारीलाई पुरुष हिंसाबाट बचाउन सबैभन्दा पहिले नारीमा आत्मबल बढाउनुपर्ने तर्क गरेकी छ । नारीमा आत्मबल बढ्यो भने उसले आफ्नो अस्तिस्वरक्षा, अधिकारप्राप्ति र व्यक्तित्वविकासका कार्यहरू गर्न सक्छ भन्ने चेतनाको उद्घाटन स्नेहामा भएको पाइन्छ । उसका यी भनाइमा यस्तै सचेतना झल्किएको छ-

> हामी नारीहरूले नै अब केही गर्नुपर्छ । मनुष्यले आफ्नो धर्म र कर्तव्य छोड्दै जान थालेपछि पाशविक घटनाहरू यसरी बढ्दै जान थाल्छ । यस्तोमा रोक लगाउन यी चण्डालहरूलाई कसरी सजाय दिन सकिन्छ, त्यसतर्फ हामीले लाग्नुपर्छ । रोएर त आफैँ कमजोर हुने मात्र हो तिनीहरूलाई केही हुने होइन । यसैले नरूनोस् आमा, बरु शूरो हुनोस् हामीले धेरै गर्नुपर्छ (२६)।

यहाँ आँसु नारीको कमजोरी भएको कुरा स्नेहाले गरेकी छ । यसले झन् नारी आफूलाई कमजोर र पीडकलाई बलियो बनाउँछ । त्यसैले यस्ता घटनाबाट आगामी दिनमा आफूलाई सुरक्षित राख्न पीडकलाई जुनसुकै शर्तमा सजाय दिनैपर्छ । त्यो सजाय अरु कसैले नारीका लागि गरिदेलान् भनेर मुख ताकेर हुँदैन । नारी सधैँ जे कुरामा पनि पुरुषमा निर्भर रहने, आफ्नो अस्तित्वनिर्माण, व्यक्तित्व विकासमा नलाग्ने र आफूलाई कमजोर साबित गराउन रुन्चे पहिचान स्थापित गर्नाले ऊ झन् शोषणमा परेकी हो । त्यसैले आगामी दिनमा नारीको कमजोरीका रूपमा चिनिएको आँसुलाई नदेखाइकनै आफ्नो अधिकारका लागि आफैँ सचेत भएर लाग्नुपर्छ । तबमात्र समाजमा नारीमाथि सहजै शोषण गर्ने हिम्मत कसैको हुँदैन भन्ने विचार स्नेहाको छ । यो नै उसको नारी अस्तित्वनिर्माण र सशक्ततासम्बन्धी चेतना हो ।

प्रस्तुत उपन्यासमा फोहोरको थुप्रोमा फ्याँकिएकी इलालाई कुरेर बसेको एक प्रहरी जवानले नारी बलात्कृत हुनुमा उनीहरूकै हिँडाइ, पहिरन,उनीहरूको व्यक्तित्व जिम्मेवार हुन्छ भन्दै पुरुष अपराधीको पक्ष लिइरहेको छ । अर्को प्रहरी जवान भने उसको विचारसँग सहमत छैन । ऊ नारीको स्वतन्त्रता र नारी हिँसाको स्वरूपप्रति सचेत छ । नारी स्वतन्त्र भएर हिँड्नु र पुरुषले जानीजानी पछाडि परेर बलात्कार गर्नु फरक फरक कुरा हुन् । जानीबुझी पछाडि परेर गरेको बलात्कार अपराध हो भने स्वतन्त्र भएर हिँड्नु अधिकार हो भन्ने उसले मानेको छ । उसका अनुसार बलात्कार नारी स्वतन्त्रतामाथिको हमला हो र यो झम्टाइ पशुवृत्ति हो । त्यसैले नारीको हिँड्न पाउने अधिकारलाई दुरूपयोग र गलत व्याख्या गरिनु हुँदैन भन्ने उसको विचार छ र ऊ पूर्ण रूपमा नारी स्वतन्त्रता, अधिकार र हिंसाबारे सचेत छ ।

## $=#=# gf/L k'?if ;xcl:tTj, ;xsfo{ / ;dfgtfk|ltsf] ;r]tgf

गीता केशरीका उपन्यासमा पितृसत्ताका कारण नारीहरू शोषण, दमन र उत्पीडनमा परेको भए पनि लैङ्गिक समविकास र समाज विकास नारी पुरुषको सहअस्तित्व र सहकार्यबिना सम्भव छैन भन्ने कुरामा पात्रहरू सचेत भएका देखिन्छन् । यस्तो सचेतना उनका सबैखाले उपन्यासका पात्रमा विकसित भएको देखिन्छ । तीमध्ये सौगात  उपन्यासका प्रतिभा र जीवनमा यस्तो खालको सचेतनाको विकास भएको छ । प्रतिभा घरबाट भागेर जीवनको परिवारमा बस्न थालेपछि परिवारका जिम्मेवारीलाई लिएर जीवन र रागिनीबिच तनाव बढिरहेको अवस्था छ । उनीहरूबिच पारिवारिक भूमिकालाई लिएर बारम्बार वादविवाद भइरहन्छ । उनीहरूबिचको तनावको समाधान गर्ने उद्देश्यले प्रतिभाले दुवैलाई सम्झाएकी छ । उसले नारी पुरुषको सहभाव र

सहकार्य एक परिवारका लागि ज्यादै महत्त्वपूर्ण हुने, सहकार्य र जिम्मेवारी बाँडफाँडले सन्तानलाई सही शिक्षा मिल्नेतर्फ यसरी सचेत गराएकी छ -

> लोग्ने स्वास्नी भनेको एकअर्काको पूरक हो । तपाईंहरूको आपसी व्यवहार सन्तानका लागि शिक्षा हो । एकअर्कालेे आपसमा एकअर्काको असमर्थता बुझ्ने कोसिस गरेन भने यो कहिले पनि अन्त हुँदैन । हजुरहरू दुवैले एकअर्काको कामको प्रकृति नबुझेको होइन । फेरि किन यस्तो अबुझ झैँ हुनुहुन्छ ? दुवै काममा लागेको समाजको लागि, घरको आर्थिक स्थितिको लागि र आ-आफ्नो बौद्धिक विकासको लागि कति सहयोगी छ । यसरी दुवै काममा लागेपछि दाजु हजुरले पनि सबै भाउजूले नै गरिदेओस् भनी पर्खेर बस्नुहुँदैन । बरु भाउजूलाई सहयोग घरभित्र पनि गरिदिनुपर्छ । भाउजूले जागिर खाएको आफ्नो लागि मात्र होइन । सबै परिवारलाई खुसी राखूँ भनेर त हो (५६)?

प्रतिभाका यी अभिव्यक्तिमा नारी पुरुष सहअस्तित्वको बोध र चेतना छ । नारी पुरुष सहकार्य र सहयोग समाज, परिवार, स्वयम् व्यक्ति सबैका लागि आवश्यक छ । त्यसैले दुवैले एकअर्कालाई बुझ्न सक्नुपर्छ । लोग्नेस्वास्नी एकअर्काका पूरक भएकाले दुवैले समान दायित्व निर्वाह गर्नुपर्छ । त्यो सहकार्य र दायित्वबोध सन्तानका लागि लैङ्गिक समानता स्थापना गर्ने शिक्षा हुन्छ भन्ने नारी पुरुष सहअस्तित्वको सचेतना प्रतिभाका यी अभिव्यक्तिबाट झल्किन्छ ।

प्रतिभाले वीरगञ्जको प्रतिभा लज आफ्नै पति कमलको हो र उसले त्यसमार्फत पनि थुप्रै गैरकानुनी तरिकाले धन कमाएको छ भन्ने थाहा पाएपछि त्यो ठाउँ छोड्छे । उसले नारी भएकै कारण आफू हरेक ठाउँमा असुरक्षित भएकोले अब आफूजस्तै नारीहरूको दुःखलाई समेटेर एउटा लेख तयार पारी भावी पुस्तालाई सौगात छोड्ने निर्णय गरेकी छ । यस क्रममा उसले नारी पुरुषमध्ये कुनै ठूलो या सानो हुँदैन । दुवैले एकअर्काका आवश्यकतालाई बुझेको खण्डमा शान्ति, सुख प्राप्त हुन्छ भन्ने कुराको बोध गरेकी छ । उसका अनुसार -

> सुख, शान्ति र रमाइलो भनेको नारी पुरुषबिचको आपसी समझदारीबाट नै उत्पन्न हुन्छ र यसमा दुवैको जिम्मेवारी उत्तिकै छ । यहाँ कोहीभन्दा ठूलो कुनै छैन । कुनैबेला थियो जब समयले नै बलको आधारमा आफ्नो परिवारको सुरक्षा र शान्तिको लागि पुरुषलाई शक्तिशाली मानी जीवनको रणक्षेत्रमा अगाडि सारेको थियो तर आज यही समयले अर्को परिवर्तन ल्याइसकेको हुनाले हामीले अब यसमा मिल्ने आवश्यकता महसुस गर्नुपर्ने हुन आएको छ । कसैका शंका लिनु अशान्ति निम्त्याउनु हो, लालचले वैमनश्यता जगाउँछ । तृष्णाले धोका दिन्छ र त्यस्तै घमण्डले पतनको सङ्केत गर्दछ । मानिस यसभित्र छिरेपछि

> उम्कन गाह्रो हुन्छ र ऊ त्यहाँ आफू आफैँ सुखको गला घोटिरहेको पाउँदछ । यसैले आज पहिले आफूले आफूलाई चिन्नुपरेको छ, आफ्नो जरुरत जान्नु परेको छ र त्यहीँ कसौटीमा अर्को मानिसलाई राखी हेर्नु परेको छ(१०८)।

प्रतिभाका यी भनाइमा नारी पुरुष एकअर्कामा वैमनस्य, लोभ, शंका पालेर होइन, दोस्रोका अनुभूतिहरूलाई आफ्ना अनुभूति ठानेर व्यवहार गऱ्यो भने लैङ्गिक विभेदको अन्त्य हुने सचेतना पाइन्छ । नारी पुरुषमध्ये कोही पनि कोहीभन्दा ठूलो नभएकाले दुवैले दुवैप्रतिका शंका त्यागेर अगाडि बढ्नुपर्छ । यसो गरिएन भने नारी पुरुषमध्ये कुनै एक जाति सुखी, खुसी रहन सक्दैन । त्यसैले नारी पुरुषको सहअस्तित्व र सहयात्रा अत्यन्त जरुरी भएको चेतना प्रतिभाका यी अभिव्यक्तिमार्फत उजागर भएका छन् ।

प्रस्तुत उपन्यासमा जीवन र रागिनी दुवै शिक्षित छन् । उनीहरू दुवै समाजमा भएको लैङ्गिक असमानताप्रति जानकार छन् । रागिनी त्यो असमानताको अन्त्य गरी समानता कायम गर्ने अभियानमा जुटेकी छ । यस क्रममा उसले आफ्नो परिवारमा पनि जीवनबाट आफूलाई जिम्मेवारी निर्वाहमा सहयोग पुऱ्याओस् भन्ने चाहन्छ तर जीवन भने लैङ्गिक असमानता एकैचोटि स्थापित हुने कुरा होइन, त्यसको लागि नारीहरूले पितृसत्तात्मक सोच हाबी भएको समाजमा बिस्तारै पारिवारिक तहदेखि नै जागरणको अभियान चलाउनुपर्छ भन्ने विचार राखेको छ । उसले रागिनीलाई समाजको यथास्थितिको अवगत यसरी गराएको छ-

> पुरुषमा यस्तो भावनाको जागरण गराउनु पऱ्यो कि ऊ आफू आफैँ तिमीहरूको नम्रता, ज्ञान र सेवाको जरुरतमहसुस गरी समर्पण गरोस् । तिम्रो अधिकार गुटमुटाएर बसेको पुरुषसँग तिमी लडेर, झगडा गरेर पनि त्यो फिर्ता लिन त सक्दछौ तर यसरी लिएको अधिकार दिगो हुन नसकी लुछाचुडीमा कसैको पनि नभइ बिचैमा टुक्रिएर जान पनि सक्दछ । यस्तो भावना पुरुषको मनमा उब्जाउन तिमी शिक्षित नारीहरूको ठुलो भूमिका छ,जो घर घर प्रवेश गरी चलाखीपूर्ण तरिकाले ल्याउन सक्दछौ । त्यहाँ नै तिमीहरूको कल्पित समाजको उदय हुन्छ । ...वर्तमान परिस्थितिको राम्रो अध्ययन नै नगरी त्यहाँका राम्रा नराम्रा सबै नियमको विरोध गर्नु हाम्रो विकास गर्नु हो भन्ने तिमीहरूको धारणालाई बदल्नु परेको छ । यो संस्कार हो । यसको जरा धेरै अगाडिदेखि फैलिइ अरु अगाडि बढिरहेको हुन्छ । यो तिमीहरूलाई थाहा नै नहुने गरी तिमीहरूसँग रहिरहेछ...जो हामी दुवै नारी पुरुषले बदल्ने प्रयास गर्नुपर्दछ । यो यसरी फैलिएको छ । यसलाई हटाउन पनि त्यत्ति नै समय लाग्छ । यो पूरा हट्न गाह्रो छ तर बदल्न सकिन्छ (६०-६१)।

जीवनका यी अभिव्यक्तिबाट ऊ समाजमा भएको विभेद, कुसंस्कार र असमानताप्रति सचेत भएको पाउन सकिन्छ । उसले समाजमा लैङ्गिक असमानताले सँस्कारका रूपमा मानिसका मनमा जीवित रहेकोले त्यो हट्न समय लाग्ने र नारीका पुरुषद्वारा जकडिएका अधिकारको प्राप्ति र समानता स्थापनामा नारी पुरुष दुवैले समान प्रयत्न गर्नुपर्ने बताएको छ । समाजमा रहेका यी कुसंस्कारलाई नारी पुरुषका समान प्रयत्नले एकदिन अवश्य हटाउन सकिने विश्वास उसले गरेको छ । त्यसैले जीवनका यी अभिव्यक्तिमा लैङ्गिक समानताका लागि नारी पुरुष एक भएर लाग्नुपर्छ भन्ने सहकार्य र सहअस्तित्वको सचेतना उजागर भएको पाइन्छ ।

*खोज* उपन्यासमा पनि पात्रहरूमा नारी पुरुष सहअस्तित्वप्रतिको सचेतना पनि प्रकट भएको छ । यसमा शान्ति, कृपा जस्ता पात्रमा यस्तो किसिमको सचेतनाको विकास भएको पाइन्छ । शान्तिले उपन्यासमा नारी पुरुषको सहअस्तित्व र विकासको आवश्यकतालाई यसरी प्रस्तुत गरेकी छ-

> एक पक्ष निकास त्यो मर्दको मात्र या नारीको मात्र किन नहोस् त्यो उपयोगी हुँदैन । हाम्रो आजको जरुरतहो मानव स्वतन्त्रता, मानव अधिकार र यसको साथसाथै मानव कर्तव्य र मानव परिचयमा नारीको संलग्नता । यति पुग्यो भने कतै पनि गुनासो रहँदैन, न त नारीको न त पुरुषको (११३)।

शान्तिका यी भनाइमा कुनै एक पक्ष वा लिङ्गको विकासले मानव विकास नहुने हुनाले दुवैको विकास हुनु जरुरी छ । त्यसैले दुवैले सहकार्य गर्नुपर्छ । नारीलाई पुरुषलाई जस्तै मानवका रूपमा लिनुपर्छ भन्ने विचार व्यक्तिएको छ । यसका साथै प्राकृतिक कारणले नारी पुरुष छुट्टिएर पनि उनीहरू एकअर्काका परिपूरक हुन् भन्ने शान्तिको धारणा छ । उसका अनुसार-

> विर्यधारी हुनु, धारण गर्ने र जन्माउने शक्ति हुनु त्यो प्रकृतिको कार्य सम्पादन भइसकेपछिको परणामबाट छुट्टिएका नर र नारी हुन् जो एक अर्काको जरुरतबोकेर सृष्टिकर्ताको रूपमा समान छन् । नारी एक्लैले न त सृष्टि गर्न सक्छ न त एक्लो पुरुषले, एकसँग जीवन दिनसक्ने शक्ति छ भने अर्कोमा त्यसलाई धारण गरी जन्माउन सक्ने शक्ति छ । त्यो जन्ममा दुवैको अंश रहेको हुन्छ (११४)।

शान्तिका यी अभिव्यक्ति नारी पुरुष सहअस्तित्वका पक्षमा छन् ।नारी पुरुष एकअर्काका परिपूरक भएकाले एकबिना अर्कोको अस्तित्व सम्भव नै छैन । त्यसैले एकअर्काको अस्तित्व स्वीकारेर सहअस्तित्व र व्यक्तित्व विकासका लागि सहकार्य गर्नु जरुरी छ भन्ने चेतना शान्तिका यी कथनबाट अभिव्यक्त भएको छ ।

*विश्वास* उपन्यासमा पात्रहरूमा नारी पुरुष सहअस्तित्व र सहकार्यप्रतिको सचेतना विकसित भएको पाइन्छ । उपन्यासमा संलग्न पात्रमध्ये सबैभन्दा सचेत दुर्गा छ । उसले गाउँमा शिक्षिका रूपमा कार्य गरिरहँदा पुरुषहरूले नारीलाई कमै महत्त्व दिएको पाएकी छ । नारीलाई घरको चौघेराभित्र सीमित राखेर आफू बाहिर स्वतन्त्र भएर हिँड्ने पुरुषका गतिविधिलाई उसले नजिकैबाट नियालेकी छ । नारी पुरुषलाई एकअर्काका अर्धाङ्ग र अर्धाङ्गिनी भनेर परिभाषित गर्ने समाजमा नारीलाई सबै अधिकार र अवसरबाट वञ्चित गराउनु समाजको एक पाटोको विकास नै बन्द गराउनु हो भन्ने उसलाई लागेको छ । त्यसैले उसलाई सृष्टि सञ्चालनमा नारी पुरुष दुवैको बराबर भूमिका हुने हुनाले दुवैको व्यक्तित्व विकास समान पनि रूपले हुनु जरुरी छ भन्ने लागेको छ । शिक्षाको महत्त्व सम्झाउने क्रममा उसले गाउँलेहरूलाई यो कुरा यसरी सम्झाएकी छ -

> नारी विकास भनेको समाजको एउटा महत्त्वपूर्ण अङ्गको विकास हो जो चेतनशील छ जसले आफ्नो हरेक इन्द्रियबाट काम लिन सक्छ । स्त्री पुरुष भनेको एकअर्काका पूरक हुन् । नारीको जरुरतजसरी सृष्टिको लागि आवश्यक पुरुषसरह नै छ त्यस्तै गरि तिनको संरक्षणको लागि पनि छ । नारीलाई अर्धाङ्गिनी मान्नुहुन्छ भने सबै क्षेत्रमा मान्नोस् । जीवनको हरपलमा साथीको जरुरतछ सहयोग चाहिन्छ त्यो नारीले पनि दिन सक्छ (५६)।

यहाँ दुर्गाले नारीपुरुष सहअस्तित्वको बारेमा गाउँलेहरूलाई सम्झाउने कोसिस गर्दैछे । सृष्टि प्रक्रियामा नारी पुरुषको नै जरुरतभएजस्तै त्यसको संरक्षणमा पनि दुवै जातिको उत्तिकै सहभागिता हुनु जरुरी छ । एक पक्ष नारी कमजोर बनाइए भने सामाजिक संरचना पनि कमजोर बन्छ । त्यसैले नारीलाई अर्धाङ्गिनी भनेर मात्र होइन हरेक क्षेत्रमा बराबर हक अधिकारको सुनिश्चितता गरेर त्यसलाई प्रमाणित गराउनु पर्छ । नारी आफैँमा कमजोर होइन, अवसरबाट वञ्चित गराइनाले ऊ कमजोर देखिएकी हो । त्यसैले नारीलाई शिक्षाप्राप्तिको अवसर दिनुपर्छ भन्ने सल्लाह दुर्गाले गाउँलेहरूलाई दिएकी छ । यसमा नारी पुरुष सहअस्तित्व र नारी अधिकार र सक्षमताप्रतिको सचेतना पाइन्छ ।

प्रस्तुत उपन्यासकी दुर्गाले समाजमा विद्यमान लैङ्गिक असमानता र नारी हिंसा पुरुष अहम्को परिणति मानेकी छ । उसले नारी पुरुष सृष्टिका लागि बराबर आवश्यक भएकाले पुरुषसँग भागेर नारीविकास सम्भव हुँदैन, उनीहरूसँगको सम्झौतामा नै नारी विकास सम्भव छ भन्ने विचार राखेकी छ । उसको यो विचारलाई नारी पुरुष सहअस्तित्वसम्बन्धी सचेतनाका रूपमा लिन सकिन्छ-

> नारी स्वतन्त्रताको समस्या पुरुष होइन । पुरुषको अहम् र उसको आफ्नो समाज हो जसलाई उसले चाहेर पनि छोड्न सक्दैन । यदि समाजभित्र विभाजित गरिएको नारी र पुरुषको बेग्लाबेग्लै समाजलाई सम्झौतामा बाँधेर नयाँ अधिकार र कर्तव्यको बोध गराउन सक्यौँ भने यस्ता प्रकारले हुने सामाजिक अपराधबाट बचाउन सक्थ्यौँ होला । हामीले पुरुषदेखि भागेर उसलाई दुत्कारेर आफूले केही उपलब्धि गर्न सक्दैनौँ । उसँग मिलेर सम्झौता गरेर नै आफ्नो अधिकार फिर्ता लिन सक्छौँ (१४८)।

दुर्गाका यी अभिव्यक्तिमा नारी स्वतन्त्रताको बाधकका रूपमा पुरुष अहम् र पितृसत्तात्मक समाजलाई लिइएको छ । त्यही अहम् र वर्चस्व बचाइराख्नका लागि पुरुषले नारीमाथि आफ्नो हैकम चलाइराख्छ र नारीका स्वतन्त्रतामाथि बन्देज लगाउँछ । प्रभुत्वशाली पुरुष र अधीनस्थ नारी गरी दुई वर्गमा बाँडिएको लैङ्गिक समाजलाई समान अधिकार र कर्तव्यका बोध गराउन सकेमा समाजमा बढिरहेका अपराधिक गतिविधि रोक्न सकिने विचार दुर्गाको रहेको छ । त्यसैले समाजमा नारी हिंसा र लैङ्गिक असमानताको अन्त्यका लागि प्रभुत्व जमाइराखेको पुरुषसँग  शत्रुका रूपमा लडेर नभई अधिकार र कर्तव्यको बाँडफाँड गरी उसँग सम्झौता गर्नुपर्छ । नारी पुरुष एकतामा नै विकास सम्भव छ भन्ने दुर्गाका यी अभिव्यक्तिमा नारी पुरुष सहअस्तित्वको चेतना मुखरित भएको छ ।

प्रस्तुत उपन्यासमा नारी पुरुष समानतासम्बन्धी सचेतना पनि पाइन्छ । समाजमा नारी पुरुषका सम्पत्तिसम्बन्धी अधिकारमा विभेद भएका कारण लैङ्गिक विभेद र असमानताको सिर्जना भएको हो । सम्पत्तिसम्बन्धी अधिकार नारीलाई दिलाउन नसक्दा समाजमा दाइजो प्रथाको जन्म भएको हो । समाजमा दाइजो प्रथाका कारण नारीहरू धेरै नै उत्पीडनमा परेका छन् । यस प्रथाका कारण केटा पक्षले दाइजो नल्याएको निहुँमा बुहारीलाई सधैँ तनाव दिइरहने र जलाउनेसम्मका घटना अहिले पनि नेपाली समाजमा विद्यमान छन् । यस प्रथाका कारण छोरीहरू ठगिएका पनि छन् । बाबुआमाको सम्पत्तिमा छोरीको दाइजोभन्दा अरु अधिकार नहुँदा धनीका छोरीहरू पनि सम्पत्तिविहीन हुनुपर्ने स्थिति छ भने गरीब माइती हुनेहरूको दाजुभाइ र बाबुहरू दाइजो दिनुपर्दा अनावश्यक ऋणमा डुब्नुपरको देखिन्छ । यस अवस्थाको अन्त्य गरी लैङ्गिक समानता स्थापनाका लागि बाबुआमाको सम्पत्तिमा छोराछोरीको बराबर हक हुनुपर्ने विचार दुर्गाको छ । उसले आफ्ना विचार यसरी राखेकी छ -

> यो रिवाजलाई हामी सबै मिलेर हटाउन सक्यौँ भने हाम्री छोरीले रुनु पर्दैन र हामीले पनि उनको जन्ममा खिन्नता व्यक्त गर्नुपर्दैन । विचारेर हेर्ने हो भने यो दाइजो प्रथाले दुवै पक्ष अन्यायमा परेका छन् । यदि उसलाई तपाइँले भनेजस्तै बाआमाबाटको अंश भन्ने नै हो

> भने जो धनीका छोरी छन् त्यसले दाइजो मात्रले उसले पाउनुपर्ने भाग पाएकी हुन्नन् र त्यस्तै गरीबकी छोरी छन् भने बाबु दाजुभाइले रिन गरेर आफ्नो औकातभन्दा बढी चलनअनुसार दाइजो दिनुपर्दा तिनका दाजुभाइ थिचोमा परेका हुन्छन् । यसैले अंशवन्डाको हिसाबले छोराछोरीलाई बराबर भाग लगाउने प्रथाको माग गर्नुपर्छ (१०७)।

दुर्गाले यहाँ छोराछोरीमा हुने सम्पत्तिसम्बन्धी वितरणलाई कानुनी रूपमा बराबर गराउने हो भने दाइजो प्रथाका कारण हुने मर्का हटेर जाने विश्वास गरेकी छ । बाबुआमाको सम्पत्तिमा दाजुभाइको मात्र अधिकार दिएर दिदीबहिनीलाई दाइजोमा उम्काउँदा नारीहरूसम्पत्तिविहीन हुनुपरेको छ । नारीलाई सक्षम, स्वावलम्बी भई अरुको भरमा बाँच्नुपर्ने अवस्थाको अन्त्य गर्न नारीलाई दाइजो नदिइ दाजुभाइसरह सम्पत्तिको अधिकार दिनुपर्छ । यसले दाइजो प्रथा पनि हटेर जाने, अनावश्यक ऋण लिनुपर्ने बाध्यताबाट गरीब परिवारका अभिभावक मुक्त हुने र यसबाट हुने लैङ्गिक हिंसाको पनि अन्त्य गराउन सकिने विचार दुर्गाले व्यक्त गरेकी छ । उसका यी भनाइमा लैङ्गिक समानता स्थापनासम्बन्धी सचेतना पाइन्छ ।

*नोकरी* उपन्यासमा पनि समाज विकासका लागि नारी र पुरुष दुवैको समान विकास हुनु जरुरी छ भन्ने मान्यता अभिव्यक्त छ । त्यसको लागि यसमा नारी पुरुष दुवैलाई शिक्षा र व्यक्तित्व विकासको अवसर पनि दिइएको छ तर समाजमा पुरुषसोच र प्रभुत्व कायम रहेकाले शिक्षित र चेतनशील परिवारमा पनि त्यसको प्रभाव परेको छ । पारिवारिक रूपमा मात्र नभएर यसमा समाजमा विद्यमान लैङ्गिक असमानता, नारी हिंसा र शोषणका विविध स्वरूपको पनि वर्णन गरिएको छ । उपन्यासको प्रमुख पुरुष पात्र शिव देशका विभिन्न स्थानको भ्रमणका क्रममा समाजका त्यस्ता असमानता, नारीमाथि हुने गरेका शोषण र दुर्व्यवहार नजिकैबाट नियाल्ने मौका पाएको छ । देवकीहरूका पीडा र सामाजिक बहिस्करणका नमुना देखेर नारी उत्थानका लागि कार्य गर्ने सोच बनाएको शिवले समाजमा नारी विकासका लागि सर्वप्रथम पुरुष सोचको विकास हुनु जरुरी भएको महसुस गरेको छ । त्यसैले समाजमा पुरुषवादी सोचबाट माथि उठी पुरुषले मानवीय सोचको विकास गर्नुपर्ने विचार शिवको रहेको छ । उसका अनुसार-

> समाजमा पुरुषको विकास भएन भने नारी विकास असम्भव हुन्छ । ...आजको समाज पुरुषप्रधान छ । पुरुषमा चेतना आउन सकेमा मात्र उसले थाहा पाउन सक्छ मानवको अर्को रूप नारी शोषित भएकीले नै उसले समाजमा पहिलो स्थान ओगट्न सकेको हो । यस्ता सोचाइले जाग्रत भएर मात्रै सुधारका लागि अग्रसर हुन सकिन्छ । नत्र जे छ, त्यसैलाई अठ्याई राखेर सुधारलाई निम्त्याइँदैन । बरु नारी स्वतन्त्रताप्रति घोर विरोध गर्दै

> आफ्नो समाजमा प्राप्त प्रधान स्थानको सुरक्षा गर्न थाल्छ ।...छोराछोरी दुवैका लागि पढाउनु उत्तिकै आवश्यक छ (१४४)।

शिवका यी अभिव्यक्तिबाट समाजमा पिछडिएका नारीका लागि सर्वप्रथम पुरुष सोच विकसित हुनुपर्छ । पुरुषले आफ्नो प्रधान स्थान सुरक्षित राख्न नारीलाई दबाउने सोच बदल्नुपर्छ । यसका लागि छोराछोरी दुवैलाई समान शिक्षा दिनु जरुरी हुन्छ भन्ने लैङ्गिक समानताप्रतिको सचेतना स्पष्ट हुन्छ ।

## $=#=$ gf/L lzlffsf] dxŒjk|ltsf] ;r]tgf

गीता केशरीका उपन्यासमा नारी पुरुषबिच विभेद हुनुको कारण शिक्षामा समान अवसरको अभाव पनि हो भन्ने कुराको पुष्टि हुने घटनाहरूको संयोजन गरिएको छ । परिवारमा आमाबाबुले नै छोरीलाई शिक्षाप्राप्तिको अवसरबाट वञ्चित गर्नाले नारीहरू निरीह बन्न बाध्य भएका हुन् । त्यसैले नारीलाई स्वाभिमानी र सक्षम बनाउन छोरीहरूलाई पढ्ने अवसर दिनुपर्छ भन्ने विचार उपन्यासमा विभिन्न पात्रहरूमा पाइन्छ । शिक्षाले व्यक्तिको आफ्नो चेतना अभिवृद्धि, अस्तित्व पहिचान, क्षमता विकास गर्न मदत पुऱ्याउने भएकाले शिक्षाको अत्यन्त महत्त्व भएकोप्रति उपन्यासका विभिन्न पात्रहरूमा सचेतनाको विकास भएको छ ।

सौगात उपन्यासमा प्रतिभा नारी अस्तित्व, नारी पुरुष सहअस्तित्व, लैङ्गिक विभेद र नारी शिक्षाको महत्त्वप्रति सचेत छ । उसलाई शिक्षा नारीलाई स्वावलम्बी बनाउने एक साधन हो । यसको आर्जनले व्यक्तिलाई बौद्धिक रूपमा धनी बनाउँछ । यो कसैसँग बाँड्नु पर्दैन । शिक्षा प्राप्त गरेपछि यो कसैले चोर्न पनि सक्दैन । त्यसैले छोरीलाई विवाहका लागि हतार गरेर पढ्ने अवसरबाट वञ्चित गर्नुहुँदैन भन्ने विचार प्रतिभाको रहेको छ । आफ्नो विवाहका लागि दबाब दिइरहेका आमाबाबुसमक्ष उसले आफूलाई पढ्ने अवसर नखोस्न आग्रह गरेकी छ । विवाह, कुल र वंशसम्बन्धी उसको विचारमा अन्तर्भूत भएर शिक्षाको महत्त्वसम्बन्धी सचेतना आएको छ । उसका विचारलाई उपन्यासमा यसरी प्रस्ट्याइएको छ -

> विवाहलाई ढिकीको ओखली सरह मानेकी थिइन्, जो बज्रिनासाथ चिउराको रूपमा परिणत गरिदिन्छ । उनी खुब पढ्न इच्छुक थिइन् र आफैँ आर्जन गरी आफ्नै मेहनतमा बाँच्न चाहन्थिन् । उनी काम गर्न इज्जतको पर्वाह गर्दिनथिइन् । न त पैसालाई नै सबै महत्त्व दिन्थिन् । कुल, वंश भनेको खालि आफ्नो अहम् हो । यसको केही अर्थ छैन । विद्या, सद्गुण नै हाम्रो सम्पत्ति हो । जसलाई न त कसैले हर्न सक्दछ न त हामीले एक पटक

> प्राप्त गरेपछि हटाउन सक्दछौँ । म विद्याको भोको छु । मेरो तपस्या भङ्ग नगर्नोस् भनी उनी सधैँ आमाबाबुलाई संकेत गरिरहन्थिन्(१४)।

यहाँ प्रतिभाका विवाहसम्बन्धी विचार समाविष्ट छन् । उसका अनुसार शिक्षा कसैलाई बाँड्न नपर्ने, कसैले हर्न र लुट्न नसक्ने धन हो । शिक्षा आर्जन गरी नारीहरू आफैँमा स्वावलम्बी बनेर बाँच्न सक्छन् । उनीहरूलाई कसैको भार भएर बाँच्नु पर्दैन । शिक्षाप्राप्ति गरेपछि नारीहरू आफू आफैँमा आत्मनिर्भर बन्न सक्छन् । त्यसैले कुनै पनि अभिभावकले आफ्ना छोरीहरूलाई विवाह गरेर पन्छाउन हतार गर्नुहुन्न । विवाहपश्चात् नारीहरूको स्वतन्त्रताको हनन हुने कारणले उनीहरूलाई परनिर्भर बन्नबाट जोगाउन अनिवार्य शिक्षाप्राप्तिको अवसर दिनुपर्छ भन्ने विचार प्रतिभाको रहेको छ । आफू पनि विवाह नगरी धेरै पढेर आफ्नै खुट्टामा उभिने सपना भएकोले त्यसमा साथ दिन आफ्ना आमाबाबुसमक्ष अनुरोध गरेकी छ । प्रतिभाको यस भनाइमा नारी शिक्षा उसको जीवनको आत्मनिर्भरता र स्वतन्त्रताको माध्यम हो । त्यसैले नारी शिक्षा अनिवार्य हुनुपर्छ भन्ने सचेतना प्रस्तुत भएको छ । अहिलेको समयमा नारी शिक्षाले फड्को मारेको स्थिति भए पनि तत्कालीन नेपाली समाजमा नारी शिक्षा अत्यन्त दयनीय अवस्थामा रहेको हुनाले यो सान्दर्भिक पनि छ ।

*खोज* उपन्यासमा नारी पात्रहरूले विभिन्न किसिमका हिंसा तथा उत्पीडन भोगेका छन् । नारीहरू पुरुषका प्रेममा परी विवाह गर्दा पनि उनीहरूबाट बेचिएका छन् । देउकी प्रथाका कारण कतिपय नारीहरू वेश्यालयको जीवन बाँच्न विवश छन् । कति नारीहरू वेश्यालयमा बेचिएपछि यौनकार्यलाई नै आफ्नो जीविकोपार्जनको व्यवसाय बनाएका छन् । उनीहरूको हातमा सीप र शिक्षा नभएको हुनाले उनीहरूले अन्य काम गरेर जीविकोपार्जन गर्न सक्ने अवस्था छैन । यस्तो अवस्थाबाट प्रस्तुत उपन्यासकी पात्र शची पनि समस्यामा परेकी छ । ऊ बादलसँग विवाह गरी धोका खाँदा सीपको अभावमा धेरै दुःख पाएकी छ । आफ्नो पतिले अर्की नारी शान्तिलाई विवाह गरी वेश्यालयमा बेचेको थाहा पाएपछि बादललाई पक्राउन शान्तिकी आमालाई सहयोग गर्ने उद्देश्यले उसको घरमा गएकी छ । त्यसबेलामा उसले शान्तिकी आमासँग छोरीलाई पढाउनु उसको स्वाभिमान र जीवनसंघर्षको लागि आवश्यक भएको कुरा बताएकी छ । उसका यी भनाइमार्फत नारीशिक्षाको महत्त्वसम्बन्धी सचेतना उजागर भएको छ-

> त्यसले छोडेर एक्लै बिरानो देशमा रहेर मलाई जीविका चलाउन ज्यादै गाह्रो पर्‍यो । त्यसबेला मैले थाहा पाएँ छोरीलाई पढाउनु कति आवश्यक रहेछ । उसले आफूलाई बचाउन सक्दिरहेछ र जीवन संघर्षमा उत्रिएर यसैको माध्यमबाट कमाई गरेर खान सक्दिरहेछ । कुमार्गमा लागेर आफ्नो ज्यान बेचेर खानुपर्दैन न त आश्रित भएर नै (२३)।

बादलबाट बिहेपछि धोका पाएकी शचीले मितिनी आमालाई शान्ति बेच्ने ठग बादल हो भन्ने सुनाउँदा यी अभिव्यक्ति दिएकी हो । छोरीहरू शिक्षाको अभावमा जालझेलमा सजिलै फस्ने हुनाले उनीहरूमा चेतनाको विकास गर्न र स्वावलम्बी बनाउनको लागि शिक्षा दिनु अत्यन्त जरुरी रहेको उसलाई लागेको हो । कतिपय नारीलाई ज्ञान, सीप क्षमताको अभावमा जीविकोपार्जन गर्न देहव्यापारमा लाग्नु परेको हुन्छ । शिक्षा प्राप्त गर्न सकेको खण्डमा नारीमा जीविकोपार्जनका लागि योग्यता, सीप र क्षमताको विकास हुन्छ । त्यसो भएको अवस्थामा उसले आफ्नो देहको व्यापार गरेर जीवन गुजारा गर्नुपर्दैन । यसर्थ नारीलाई देहव्यापार जस्तो निकृष्ट काम गर्नबाट जोगाउन र संघर्षशील बनाउन शिक्षा अपरिहार्य हुन्छ भन्ने सचेतना शचीका उपर्युक्त भनाइबाट उजागर भएको छ ।

*विश्वास* उपन्यासमा समाजमा व्याप्त अन्धविश्वास, कुप्रथाका विरुद्ध शिक्षाको महत्त्वलाई प्रस्ट्याउने खालका विषय, घटना र पात्रको संयोजन गरिएको छ । प्रस्तुत उपन्यासमा नुवाकोटको एक गाउँमा शिक्षाको अभावमा मौलाएका कुरीति, कुसंस्कार र विभिन्न प्रथा परम्पराको चर्चा गरिएको छ । यी परम्पराका कारण गाउँका नारीहरूमा र कतिपय गरीब पुरुषमा अशिक्षा, नारीमाथि पुरुष प्रभुत्व, दमन, उत्पीडन, अवहेलना, दुर्व्यवहार, नारीमा चेतनास्तरमा न्यूनता विद्यमान रहेका छन् । शिक्षिकाको रूपमा गाउँ भित्रिएकी दुर्गाको आगमनले त्यहाँ शिक्षाको महत्त्वसम्बन्धी सचेतनामा वृद्धि हुँदै गएको छ । दुर्गाले गाउँमा अन्धविश्वास र कुप्रथाका कारण गाउँका छोरीबुहारीहरू उत्पीडित, शोषित भएको भयावह स्थिति देखेर परिवर्तनका लागि पहल गरिरहेकी छ । गाउँमा व्याप्त सबै समस्याको मूल जड अशिक्षा भएको उसलाई लागेको छ । त्यसैले उसले शिक्षामा विशेषगरेर नारी सहभागिता बढाउनका लागि हरेक परिवार, पुस्तासँग शिक्षाको महत्त्वको बारेमा सचेतना फैलाउने काम गरेकी छ ।  यसै क्रममा उसले पढ्ने अवसरबाट वञ्चित भई दुःखको जीवन निर्वाह गरेका बूढापाकाहरूलाई आफ्ना छोरी बुहारीलाई पढ्न पठाउन यसरी आग्रह गरेकी छ -

> ... अहिले हामीले छोरी बुहारीलाई आफूले बिताएको जस्तो जीवन बिताउन नपरोस् भनेर सहयोग गर्नुपर्ने भएको छ । हामीले दुःख सहनुपरेको मुख्य कारण हो हामी आफैँ सक्षम हुन पाएका छैनौँ । यसैले हामीले छोरीलाई पढाऔँ र छोरीको अवस्थामा पढ्न नपाएर फुत्केकाहरू जो बुहारी भएका छन् उनलाई पनि पढ्न पठाऔँ । सक्षम हुन चाल्नुपर्ने पहिलो कदम नै शिक्षा आर्जन गर्नु हो (१०५)।

यहाँ दुर्गाले पढ्न नपाएर दुःख भोगेका बूढापाकाहरूलाई आफ्ना छोरी बुहारी त्यस्तै दुःखबाट गुज्रिनु नपरोस् भनेर पढ्न पठाउन आग्रह गरेकी छ । नारीले समाजमा पाएको दुःख, अवहेलना र

पीडाको कारण नारीहरू घरभन्दा बाहिरका काममा असक्षम हुनु पनि हो । नारीलाई सक्षम बनाउने पहिलो कदम नै शिक्षाआर्जन भएका कारण त्यो अवसरबाट उनीहरूलाई वञ्चित नगराउन दुर्गाले आग्रह गरेकी छ । उसका यी आग्रहमा शिक्षाको महत्त्वप्रतिको सचेतना प्रस्तुत भएको पाइन्छ ।

*नोकरी* उपन्यासमा पात्रहरू शिक्षाकै कारण सक्षम र चेतनशील भएका देखिन्छन् । त्यसैले उनीहरूमा शिक्षाको महत्त्वप्रतिको सचेतना विकसित भएको देखिन्छ । उपन्यासका प्रमुख पात्र गौरी, शिव, साधना, राधाहरूमा यस्तो किसिमको सचेतना भएको बुझिन्छ । तीमध्ये शिवले आफ्नो परिवारको उदाहरण दिँदै भनेका शिक्षाको महत्त्वप्रस्ट्याएको छ । उसले भनेको छ-

> कसैले आएर स्वास्नीमान्छेलाई किन पढाउनु पर्छ । घर धान्न र बालकहरूको रेखदेख गर्न जान्नेसम्मको ज्ञान भए भइहाल्यो भन्छन् भने म यो घरको उपमा दिएर भन्न सक्छु । यस्तो सहयोगी जीवन गुजार्नका लागि शिक्षा र बुद्धिको जरुरत सबै परिवारका लागि हुन्छ । यिनैका सुबुद्धिले गर्दा आत्मसम्मानका साथ बाँच्न र शिर ठाडो गरेर हिँड्न सकेको छु । मेरी अर्धाङ्गिनीले पढलेख गरेकी हुनाले यी मेरा छोराछोरीले शिक्षा प्राप्त गर्नमा नै प्राथमिकता पाए र आज घरमा आपत्‌विपत् आइपर्दा पनि परिवार मिलेर घरका इज्जतलाई थामिरहेका छन् । यदि म एक्लोमाथि सबै भार परेको भए अहिले हाम्रो के गति हुन्थ्यो (१२६)?

यसबाट नारी शिक्षाको महत्त्वप्रति शिव थप सचेत भएको स्पष्ट हुन्छ । उसले यहाँ आफ्नी पत्नीले पढेकैले उसका सन्तानले राम्रोसँग पढ्ने वातावरणको सिर्जना भएको र उनीहरू पढेर आयआर्जन गर्न सक्षम भएकाले नै आफ्नो नोकरी जाँदा पनि आर्थिक अभाव खेप्नु नपरेको बताएको छ । उसका यी अभिव्यक्तिमानारी शिक्षित भएमा पूरा परिवार नै शिक्षित हुने र परिवार नै सुखी र खुसी हुने विचार निहित छ । यसलाई उसमा विकसित नारी शिक्षाको महत्त्वप्रतिको सचेतनाका रूपमा लिन सकिन्छ ।

*निष्कर्ष* उपन्यासमा पात्रमा छोरीलाई यौन शिक्षाको आवश्यकतासम्बन्धी सचेतना पाइन्छ । यसमा समाजमा बलात्कारबाट नारी पीडित भएको घटना समावेश छ । समाजमा दिनहुँजसो युवती मात्र नभएर बालिकाहरू पनि बलात्कारमा परेका छन् । आफ्नै परिवारका बाबु, दाजु, काकाहरू, शिक्षक, छिमेकीहरू र अन्य अपरिचितबाट बालिकाहरू बलात्कारमा परेका घटना सुन्न पाइन्छ । बालिकाहरू पुरुषको सामिप्यता माया, स्नेह या उसको कामुकता हो छुट्याउन सक्दैनन् । त्यसैले उनीहरू पुरुषले देखाएको प्रलोभन, धम्कीमा छिटै फस्छन् । उनीहरूको अबोधपनको

फाइदा उठाएर विशेष गरेर आफ्नै परिवार र नजिकका आफन्तबाट नै बालिकाहरू बलात्कारमा परेका हुन्छन् । उनीहरूलाई आफूमाथि के भइरहेको छ भन्ने कुराको समेत ज्ञान हुँदैन । तसर्थ नारीलाई बलात्कारका घटनाबाट जोगाउन बच्चैदेखि स्कुलमा यौनशिक्षाको प्रबन्ध मिलाउनुपर्छ, ताकि उनीहरूलाई कुन पुरुषले कस्तो आशयले आफूसँग व्यवहार गरेको छ र कस्तो मनसायले आफूलाई छोएको छ भन्ने ज्ञान होस् र त्यसको प्रतिकार गर्न सकून् भन्ने विचार स्नेहाको रहेको छ । उसका विचारहरू यस्ता छन्-

> …आजभोलिको समयमा केटाकेटी दुवै घुलमिल भएर नै काम गर्नुपर्छ । भाग्ने कति भाग्ने कहाँसम्म ? त्यसैले आफ्नो स्वभाव राम्रो हुनुपर्छ र सतर्कता अपनाई व्यवहार गर्नुपर्छ, कुरा त्यति हो । यो कुरा हामीले सानैदेखि उमेरअनुसार सम्झाउँदै बुझाउँदै जानुपर्छ । … सुन्नुभएकै होला नाबालिकहरूलाई ललाई फकाई धम्की दिएर बलात्कार गरेका खबरहरू पुरुषले प्रदर्शन गरेको माया कामिता हो कि स्नेह त्यो बुझेर सम्बन्ध राख्न पनि उमेर सुहाउँदो गरी सम्झाउनुपर्छ, हपारेर होइन (४३)।

नारी पुरुष अलग हुन सक्ने र मिल्ने प्राणी होइनन् । उनीहरू अहिलेको समयमा एकै स्थानमा र समयमा सहकार्यमा जुट्नुपर्ने हुन्छ । परिवार पनि नारी पुरुषकै संलग्नताबाट निर्माण भएको हुन्छ । तसर्थ एकअर्काका सहयात्री नारी पुरुषमध्ये नारी कहिलेसम्म र कहाँकहाँ भागेर सम्भव हुन्छ भन्ने प्रश्न स्नेहाका मनमा उब्जिएको छ किनभने नारीहरू पराई या अपरिचितबाट मात्र होइन, परिचित र आफ्ना आफन्त, आफ्ना बाबु, दाजुहरू, शिक्षकबाट नै बलात्कारमा परेका छन् । आफ्नै घरमा, विद्यालयमा, होटलमा, जङ्गलमा जतातत‍ै नारीहरू बलात्कृत बनेका छन् । त्यसैले आफ्नै सहयात्रीसँग कहिलेसम्म, कहाँ र कतिसम्म भाग्न सम्भव हुन्छ भन्ने प्रश्न पेचिलो भएर अगाडि आएको छ । यसको समाधानका लागि विद्यालयमा नै उमेरअनुसारको यौन शिक्षा दिएर पुरुषका क्रियाकलापको मूल्याङ्कन गर्न सक्षम बनाउनुपर्छ भन्ने स्नेहालाई लागेको छ । यसबाट ऊ समाजमा यौन शिक्षाको महत्त्व र आवश्यकताप्रति सचेत रहेको थाहा पाउन सकिन्छ ।

## $=#=% gf/L k'?iflarsf] ;DaGw;DaGwL ;r]tgf

गीता केशरीका उपन्यासमा पात्रहरूले नारी पुरुषका सम्बन्धलाई लिएर विभिन्न किसिमका लाञ्छनाहरू सहेका छन् । सामाजिक रूपमा नारी पुरुषको सम्बन्धलाई एकै नजरले हेर्ने गरिएको छ । समाजमा नारी पुरुषबिचको सम्बन्ध केवल वासनाका कारण हुन्छ र त्यो गलत हुन्छ भन्ने मान्यता छ । सम्बन्ध गाँसिनुमा वासना जस्तै विभिन्न किसिमका भावनाको जरुरतहुन्छ । त्यसैले कस्तो भावनात्मक उद्देश्यले सम्बन्ध गाँसिएको छ; त्यसले सम्बन्धको स्तर मापन गर्न सकिन्छ ।

त्यसैले नारी पुरुषका हरेक सम्बन्धलाई गलत नजरले हेर्नु हुँदैन भन्ने मान्यता विश्वास उपन्यासकी दुर्गाको रहेको छ ।

*विश्वास* उपन्यासमा गाउँलेहरूले उसको गाउँका युवाहरूसँगको शैक्षिक बहस र भेटघाटलाई अनि देवीको उसको मित दाइसँगको सम्बन्धलाई लिएर अनेक लाञ्छना लगाएका छन् । उसलाई गाउँलेहरूको लाञ्छना र नारी पुरुष सम्बन्धलाई केवल वासनात्मक भावनाको परिणतिका रूपमा हेर्ने हेराइ गलत लागेको छ । ऊ नारी पुरुष सम्बन्धका अनेक भावनात्मक कारण हुनेप्रति सचेत छ । उसले गाउँलेका लाञ्छनाबाट दिक्क भएकी देवीलाई सम्झाउने क्रममा यसका सम्बन्धमा आफ्ना दृष्टिकोण यसरी राखेकी छ -

> सम्बन्ध राम्रो नराम्रो पार्ने केवल भावनाले हो । स्वास्नी स्वास्नीमान्छेबिचकै सम्बन्ध नै कुन राम्रो हुन्छ जब कुनै कुटुनीले केटीलाई लगेर बेचिदिन्छ । पैसाले स्वार्थरहितको सबैसँगको सम्बन्ध राम्रो नै हुन्छ, चाहे त्यो जवान नारीको पुरुषसँगकै किन नहोस् ? पुरुषसँगको नारीको सम्बन्धलाई बदनाम गराइएको केवल वासनायुक्त प्रेमले हो । सम्बन्ध कसैसँग बस्नलाई वासना नै चाहिन्छ भन्ने छैन । आकर्षण विभिन्न प्रकारको हुनसक्छ जसमध्ये वासना पनि एक हो (७५)।

यहाँ दुर्गाले मानिसहरूको सम्बन्ध भावनाको कारणले छुट्टिने बताएकी छ । गलत भावनाले गाँसिएको सम्बन्ध समान लिङ्गीका बिचमा भए पनि त्यो राम्रो र सुमधुर हुन सक्दैन । नारी पुरुषबिच पनि सम्बन्ध स्थापनाका अनेक किसिमका भावनाहरूले भूमिका निर्वाह गर्न सक्छन् । तीमध्ये वासना पनि उनीहरूको सम्बन्ध निर्माणमा एक प्रकारको भावना हो । त्यसैले नारी पुरुषका हरेक सम्बन्धलाई वासनाका कोणबाट मात्र हेरेर मूल्याङ्कन गर्नु हुदैन । उनीहरूबिच दाजु बहिनी जस्तो भावनात्मक सम्बन्ध पनि हुनसक्छ भन्ने मान्यता छ । यसलाई लैङ्गिक सम्बन्धप्रतिको सचेतनाका रूपमा लिन सकिन्छ ।

## $=#=^ n}lËs e"ldsf / lhDd]jf/Lk|ltsf] ;r]tgf

*नोकरी* उपन्यासमा साधना दया, गौरीले नोकरी गरेर पारिवारिक अर्थोपार्जनको दायित्व निर्वाह गरेका छन् । यस क्रममा साधनालाई उसको पेसामाथि प्रश्न उठाउने, नोकरी गर्न हस्तक्षेप गर्ने जस्ता गतिविधि पनि भएका छन् । समाजमा छोरीको कमाइ खानु पाप हो भन्ने परम्परागत सोचाइ विद्यमान भएका अवस्थामा साधना पारिवारिक जिम्मेवारीप्रति सचेत छ । उसमा आफूले कमाइ गरेर परिवारको खर्चमा टेवा पुऱ्याउनु सन्तानको कर्तव्य हो भन्ने कुराको सचेतना छ ।

जसलाई उसले विभिन्न ठाउँमा प्रस्तुत गरेकी छ -“दिदी, अब मैले नोकरी गर्न सुरु गर्नुपर्छ र दाजुका पढाइमा सहयोग पुऱ्याउनुपर्छ ।... एउटी आमाका कमाइले के गर्न सकिन्छ ? दाजुलाई कुनै पनि हालतमा यता न उताको बनाउनु हुँदैन । दुई वर्षको मात्र कुरा हो, त्यसपछि इन्जिनियर बनिहाल्नुहुन्छ (४९)।” यहाँ साधनाले सन्तान भएका नाताले आफूले परिवारका लागि आर्थिक उत्तरदायित्व निर्वाह गर्नु आफ नो कर्तव्य भएको महसुस गरेकी छ । उनीहरूको परिवार बाबुको नोकरी गुमेपछि आमाको र दिदीको कमाइबाट मात्र सञ्चालित छ । त्यस्तैमा दिदी दयाको पनि विवाह हुन थालेपछि परिवारका लागि सहयोग पुऱ्याउनु आफ नो कर्तव्य हो भन्ने चेतना साधनामा छ । परम्परागत समाजमा छोरीको कमाइ खानुहुँदैन । छोरीको कमाइ खाँदा पाप र भार लाग्छ भन्ने मान्यता छ । साधनाको परिवारमा पनि उसको दाजु विनोदले आफूले बहिनीका कमाइले पढ्न नसक्ने कुरा गर्दै साधनालाई हवाइपरिचारिका हुन नदिन प्रयत्न गरेको छ तर साधनालाई त्यस्तो विचार समयअनुकूल लाग्दैन । परिवारप्रति छोराछोरी दुवैको उत्तिकै दायित्व हुने विचार उसको छ । यसलाई लैङ्गिक उत्तरदायित्वप्रतिको सचेतनाका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासमा नारी पुरुषका अधिकारका साथै भूमिका र जिम्मेवारीको पनि चर्चा गरिएको छ । विशेष गरेर घरबाट बाहिरका कुनै पनि पेसामा आबद्ध हुने नारी पुरुषहरूको उनीहरूको कार्यप्रति समान जिम्मेवारी हुन्छ । हाम्रो समाजमा विभिन्न पेसा र पदमा नोकरी गर्ने नारीको सङ्ख्या बढेपनि उनीहरूले त्यो पदीय दायित्वका साथै घरको पूर्ण जिम्मेवारी लिइरहने पर्ने अवस्था छ । उनीहरूले निभाउनुपर्ने दोहोरो जिम्मेवारीको बोझले गर्दा पदअनुसारको दायित्व निर्वाहमा नारीहरू चुकेका उदाहरण पनि छन् । प्रस्तुत उपन्यासमा प्रशासनिक क्षेत्रमा पुरुषका तुलनामा नारी कर्मचारीको सङ्ख्या कम छ । ती नारीहरू घरायसी र कार्यालयीय जिम्मेवारी एकैसाथ निभाउनुपर्ने अवस्थामा छन् । जसले गर्दा उनीहरूको कार्यालयमा हुनुपर्ने प्रस्तुति कमजोर भएको हुन्छ । त्यसलाई नारीका कमजोरीका रूपमा लिने गरेको पाइन्छ तर यथार्थमा नारीहरू पुरुष कर्मचारीभन्दा कमजोर हुँदैनन् र कार्यालयमा जागिरदार भइसकेपछि जागिरप्रति उनीहरूको पनि समान दायित्व हुन्छ । त्यसैले जागिरप्रति बफादार हुन नारीले पनि सक्नुपर्छ अनि मात्र लैङ्गिक समानता प्रत्याभूति हुनसक्छ भन्ने सचेतना प्रस्तुत उपन्यासमा कार्यालयीय प्रमुखको जिम्मेवारी निभाएकी प्रेरणामा देखिन्छ-

> म यसको विरोध गर्न छोड्दिनँ । यसले गर्दा राम्रो जिम्मा लिएर काम गर्ने नारीहरू पनि बदनाम भएका छन् र आउनेलाई पनि हाँसो भएको छ । सम्झाउँदै जान्छु । अफिसमा बस्दा जागिरदार भएर बस्न सक्नुपर्छ । हाम्रो समय पैसा दिएर अफिसले किनेको हुन्छ । स्वास्नीमान्छेको परिचय दिने ठाउँ अफिस होइन । यहाँ कुर्सीमा  भेदभाव रहन नदिन

> व्यवहार ठीक राख्ने उपाय हामी नारी आफैँले गर्नुपर्छ । समानता खोज छौ भने समान हुनसक्छौँ भनेर पनि देखाउन सक्ने हुनुपर्छ (११२)।

यहाँ प्रतिभाले कार्यालयका नारी कर्मचारीका बारेमा पुरुष कर्मचारीहरूले लगाउने कमजोर र असक्षमको आरोपका कारण नारीका कामप्रतिका जिम्मेवारीका विषयमा आफ्ना विचार प्रस्तुत गरेकी छ । नारीलाई दोहोरो जिम्मेवारीका कारण अप्ठ्यारो भए पनि कतिपय नारी कर्मचारीले यसको फाइदा उठाई आफ्नो जिम्मेवारी निर्वाहमा कमजोर भइरहेका हुन्छन् । फलस्वरूप नारी कर्मचारीमाथि औँला उठ्ने गरेको छ । नारीले पेसागत दायित्व सम्हालेपछि त्यसलाई राम्रोसँग निर्वाह गरी पुरुषभन्दा कम छैनन् भन्ने देखाउनु आवश्यकता भएको विचार प्रेरणाको रहेको छ । अधिकारको माग र कर्तव्यको पालनामा समानता आएमा लैङ्गिक समानता स्थापित हुन सक्छ भन्ने उसका विचारलाई नारीको उत्थान र विकास गर्ने जिम्मेवारीप्रतिको सचेतनाका रूपमा लिन सकिन्छ ।

## $=#=& n}lËs lx+;fsf sf/0fk|ltsf] ;r]tgf

*निष्कर्ष* उपन्यासमा समाजमा बढ्दो बलात्कारजन्य हिंसाको कारकसम्बन्धी सचेतना पनि प्रस्तुत भएको पाइन्छ । बलात्कारका घटना घट्नुमा नारीका पहिरन, हिँडाइ, बोलाइ र उसको सौन्दर्यलाई दोषी मान्ने सामाजिक परिपाटी यस उपन्यासमा पनि रहेको छ । प्रस्तुत उपन्यासमा केही पुरुषहरूद्वारा इला बलात्कृत भएपछि उसको पहिरन र रूपसौन्दर्यलाई दोषी बनाइएको छ तर उपन्यासमा इलाकी साथी स्नेहा समाजको यो धारणासँग सहमत छैन । नारी बलात्कृत हुनु नारीको कुनै क्रियाकलाप र पहिरन दोषी नभएर पुरुष मानसिकता दोषी हुने कारणले गर्दा नारी रूपवती हुनु र उसले समयअनुसार आफ्नो रहरअनुसार आफूलाई सजाउनु उसको आवश्यकता हो गल्ती होइन भन्ने उसलाई लाग्छ । उसका विचारमा नारीको रूप, सौन्दर्य र पहिरन उसको पहिचान हो । त्यसैले समाजमा घट्ने यी घटना नारीको पहिरन र उसको स्वतन्त्रता नपच्ने पुरुषको अहम्ले सिर्जना गरेका घटना हुन् भन्ने कुरामा स्नेहा सचेत छ । उसलाई लाग्छ-

> यो घटना नारी प्रगतिमाथिको ईर्ष्या र  पुरुषको अहम्को परिणति पनि हो तर... यिनले बिर्सेका छन् जसको अहम्ले मै हुँ भनी गर्जिरहेका छन्, त्यही पुरुषत्वको दुरूपयोग गरिरहेका छन् आफैँले । कस्तो हास्यास्पद छ, यौन शोषणलाई आफ्नो पुरुषार्थ मानेर गर्व गर्नु । यसले त उनीहरूमा निहित ज्ञानको निम्नस्तर सभ्यताप्रतिको निर्लज्जपन र मानवतामाथिको कुठाराघात दर्शाइरहेको छ (३४)।

स्नेहाका यी अभिव्यक्तिमा पुरुषहरूको निम्नस्तरको सोचाइ नै नारीमाथि गरिने शोषणको कारक बनेको विचार अन्तर्निहित छ । समाजमा परम्परादेखि कायम रहेको पुरुष वर्चस्वले नारीमाथि सम्पत्तिसरह व्यवहार गर्न सिकाएको थियो । नारीहरू पनि पुरुषका हरेक इच्छाअनुरूप बिनातर्क पुरुषका निर्देशनमा हिँडिरहेका थिए । बदलिँदो समयक्रमअनुसार नारीहरू पुरुषका इच्छाभन्दा माथि उठेर आफ्नो अस्तित्वनिर्माणका लागि संघर्ष गर्न थाले । नारीका यी कार्यले बिस्तारै नारीहरू आफैँ निर्णय लिने, स्वतन्त्र भएर हिँड्ने र बाहिरका गतिविधिमा संलग्न हुने गर्न थाले । यसले पुरुषहरूको प्रभुत्व कायम रहन सकेन जसले गर्दा पुरुष अहम्मा ठेस लाग्न पुग्यो । आफ्नो त्यही घाइते भएको अहम्को क्षतिपूर्तिका लागि पुरुषहरू नारीमाथि बलात्कारजन्य हिंसाका घृणित कार्य गर्छन् । यो एकल प्रभुत्व कायम राख्न चाहने पुरुषको नारीप्रतिको ईर्ष्याको परिणाम हो भन्ने विचार स्नेहाको रहेको छ । यसबाट ऊ नारी हिंसाका कारणप्रति सचेत छ भन्न सकिन्छ ।

## $=$  uLtf s]z/Lsf pkGof;df n}lËs k|lt/f]w

### $=$=! n}lËs lje]blj?4sf] k|lt/f]w

गीता केशरीका उपन्यासमा नारी र पुरुष पात्रहरूबिच पारिवारिक र सामाजिक स्तरमा विभिन्न किसिमका विभेदहरू विद्यमान भएको अवस्था छ । समाज र परिवारद्वारा सिर्जित विभेदका कारण प्रायःजसो नारी पात्रहरू प्रभावित भएका छन् । त्यसैले त्यस्ता विभेदविरुद्धको प्रतिरोध पनि नारी पात्रले नै गरेका छन् । यहाँ केशरीका उपन्यासमा विभेदका विरुद्ध पात्रहरूले गरेको प्रतिरोधको अध्ययन गरिएको छ ।

*सौगात* उपन्यासमा वर्णित धेरै पात्रमध्ये प्रमुख पात्र प्रतिभाले लैङ्गिक विभेदविरुद्ध समानता र अस्तित्वरक्षाका पक्षमा आवाज उठाउँदै पितृसत्तात्मक सोचसँग प्रतिरोध गरेकी छ । उसले सर्वप्रथम माइतीमा आफूमाथि भएको विभेदविरुद्ध प्रतिरोध गरेकी छ । उसलाई आफू दिदी भएर पनि बाबुआमाले आफूभन्दा सानो भाइलाई आफूभन्दा पहिलो प्राथमिकतामा राखेको चित्त बुझेको छैन । तसर्थ दसैंमा टीका लगाउँदा भाइलाई भन्दा पहिले टीका लगाइदिनुपर्छ भन्ने माग उसको छ । उसले आफ्नो माग वा विरोधलाई यसरी प्रस्तुत गरेकी छ -

> यसपालिको दसैंमा बुझ्नुभो आमा बुबासँग टीका लगाउँदा उदय (भाइ) भन्दा पहिले म लगाउँछु । त्यो भन्दा पहिले म जन्मेको, म उसको दिदी हुँ । ...जहिले पनि जे कुरामा पनि पहिले त्यसलाई नै ? तपाईं कहिले ठूलाले सानोलाई माया गर्नुपर्छ रे भन्नुहुन्छ,

> कहिले छोरो मान्छेको रोल भाइ भए पनि पहिले आउँछ भन्नुहुन्छ । मैले भनिदिएकी छु । यसपालि त म मान्दै मान्दिन (१२)।

प्रतिभाले आमाबाबुबाटै छोराछोरीमाथि गरेको विभेदका विरुद्ध आफ्नो अधिकारका लागि यहाँ पहिलोपटक प्रतिरोध गरेकी छ । दसैँमा मान्यजनको टीका र आशीर्वाद ज्येष्ठताका क्रममा थाप्ने परम्परा भए पनि छोरालाई घरर वंशको आधार मानी पहिलो प्राथमिकता दिएको र आफू दिदी हुँदा पनि पछि पारिएको घटनाले प्रतिभाले विभेद महसुस गरेकी छ । उसले त्यसैको प्रतिरोध गरेकी छ ।

*खोज* उपन्यासमा केही पात्रहरूले समाज र परिवारका लैङ्गिक विभेदप्रतिका सोच र व्यवहारविरुद्धको प्रतिरोध गरेको पाइन्छ । त्यसमध्ये प्रमुख पात्र शान्तिले दाजु र आमाका सोचविरुद्धवैचारिक प्रतिरोध गरेकी छ । पहिली पत्नी मरेको र छोरीसमेत भएको बूढो लोग्ने मान्छेसँग विवाह गर्न दबाब दिइरहेको दाजु संयोग र उसलाई समर्थन गर्ने आमाका विरुद्धशान्तिले यसरी प्रतिरोध गरेकी छ-

> यसरी गर्दिन भनेर म अहिल्यै देखाउन सक्तिन तर बहिनी भन्ने नातामाथि तपाईंको अधिकार छ भन्नुहुन्छ भने म भन्नेसँग मेरो पनि अधिकार छ । त्यसैले हेर्दै जानोस् तपाईं आफ्नो वचन राख्न पाउनुहुन्न । बेलामा त्यो फिर्ता लिइहाल्नोस् । मलाई धनसँग घृणा छ र धनको मोहमा डुब्ने सबैलाई म घृणा गर्छु, बुझ्नुभयो ? मेरो साथीको लोग्ने मरेको छ, त्यो जवान छ त्यसको त झन् सन्तान एउटा पनि छैन के तपाईं त्योसँग विवाह गर्नुहुन्छ (१९)?

यहाँ संयोगले वचन दिइसकेकाले उसले विवाह गर्नैपर्छ भन्ने दबाब दिइरहेको बेला शान्तिले आफूले त्यो मान्छेसँग विवाह गर्दै नगर्ने अडान लिएकी छ । धनको रवाफ देखाएर आफ्नो इच्छा नबुझीकन उमेर नमिल्दो व्यक्तिसँग विवाह तोकिदिने दाजुलाई विवाह गरिदिने वचन फिर्ता लिन भनेकी छ । साथै आफूलाई दोस्रो पत्नीका रूपमा विवाह गरिदिन तम्सिने दाजुलाई विधवा विवाह गर्नका लागि चुनौती पनि दिएकी छ । विधवा विवाह गर्ने यस्तो चुनौती सुनेर उसकी आमाले शान्तिलाई थप्पड लगाउँदै त्यस्ता लोग्ने टोक्नेलाई आफूले बुहारीका रूपमा भित्र्याउन नसक्ने बताएकी छ । आफ्नी आमाको यो भनाइको पनि शान्तिले यसरी प्रतिरोध गरेकी छ-"ए, त्यसो भए स्वास्नी टोक्नेलाई मात्र ज्वाइँ बनाउन तपाईं पनि तयार हुनुहुन्छ, हैन? छोरी मरे केही छैन, छोरा भने चिरञ्जीवी रहोस् ? कस्तो आमाको पनि न्याय हुँदो रहेछ (१९)?" यहाँ शान्तिले परिवारका साथै पितृसत्तात्मक सामाजिक सोचको समेत प्रतिरोध गरेकी छ । समाजमा पुरुषलाई जस्तोसुकै

अवस्थामा र जतिसुकै उमेरमा पनि जवान केटी र जतिवटा पनि विवाह गर्न पाउने स्वीकृति थियो र अहिले पनि त्यो यथावत् छ । पत्नीको मृत्युपछि त पुरुषलाई विवाह गर्न समाज र परिवारका तर्फबाट अनुमति र दबाब समेत आउने गर्छ तर नारी विधवा छ भने उसलाई लोग्ने टोकुवाइको संज्ञा दिँदै जीवन एक्लै काट्न दबाब दिइन्छ । विधवा नारी जवान नै छ भने पनि उसलाई कमै परिवारले बुहारीका रूपमा स्वीकार्ने आँट गर्छन् । यहाँ पनि छोरीलाई दोस्रो पत्नीका रूपमा बूढो लोग्नेमान्छेसँग विवाह गरिदिन अनुमति दिने आमाले छोराको लागि विधवा नारीसँगको विवाह कल्पनासम्म पनि गर्न सकेकी छैन । यही सोच र विभेदको विरुद्धशान्तिले प्रतिरोध गरेकी हो । उसको यो प्रतिरोधका कारण उसको परिवारले त्यो बिहे रोक्न बाध्य हुनुपरेको छ ।

*विश्वास* उपन्यासमा पात्रहरूद्वारा सामाजिक प्रथा, परम्परा र मान्यताका विरुद्धनयाँ कदम चालेर प्रतिरोध गरिएको छ । प्रस्तुत उपन्यासमा दुर्गा, देवी, विद्या र तारा जस्ता पात्रका माध्यमबाट समाजका कुसंस्कार, दृष्टिकोण, मान्यताहरूका विरुद्ध प्रतिरोधात्मक कदम चालिएको छ । प्रस्तुत उपन्यासमा दुर्गा काठमाडाँबाट नुवाकोटको एक गाउँमा नारी शिक्षाका लागि खटाइएकी शिक्षिका हो । देवी, विद्या र तारा (उमा) दुर्गाको नारी शिक्षाको अभियानमा संलग्न भई जागरुक बनेका युवतीहरू हुन् । तीमध्ये देवी बालविधवा, विद्या सट्टा विवाहका मारमा परेर माइत लखेटिएकी परित्यक्ता नारी र तारा औँसीको दिनमा उल्टो जन्मिएकी केटी हुन् ।  यी तीनै जनाले समाजमा स्थापित गलत मान्यताका कारण उत्पीडनमा परेका छन् । दुर्गाको नारी शिक्षा दिलाउने अभियानमा संलग्न भएपछि यिनीहरू धेरै कुरामा चेतनशील र आत्मनिर्भर बनेका छन् । दुर्गाको समर्थनमा यिनीहरू गाउँका कुरीति र सोचका विरुद्ध आवाज उठाउन समर्थ बनेका छन् भने आफ्ना विरुद्ध भएका विभेदको खुलेर प्रतिरोध गर्न सक्ने भएका छन् । यिनीहरूमध्ये गङ्गा अनमेल विवाहका कारण परिवार र पतिको आशाअनुरूप कार्य गर्न नसकी रहस्यमय ढङ्गले जीवन त्यागेकी बालिका हो । विवाहपश्चात् घर र लोग्नेबाट भोग्नु परेका आफ्ना पीडाहरू आमासमक्ष सुनाउँदा आमाले पनि त्यो पीडा बुझ्न नखोजी सहन सिकाउँदा उसलाई उनीहरूले गर्ने छोरी सम्बोधन नै देखावटी लागेको छ । त्यसैले उपन्यासको सुरुवातमा आएको उसको जीवनभोगाइको प्रसङ्ग र उसले माइती र समाजले विवाहित छोरीलाई गर्ने सम्बोधन र व्यवहारबिचको भिन्नताप्रति यसरी प्रतिरोध गरेकी छ -

> केको लोलोपोतो पार्दै माया देखाउन छोरी भन्नुहुन्छ ? म त बुहारी हुँ । तपाईंहरूसँगको सम्बन्ध नै अब के रहेको छ र ? नाता अन्तर्गत मरणको सम्वेदनशील अवस्थामा श्रद्धा अर्पण गर्न त हामीले तेह्र दिनको साटो पाँच दिनमात्र पाएका हुँदा रहेछौँ भने के उस्तै सम्बन्ध रहेको जस्तो गरी छोरी भन्नुहुन्छ ?बरुखोज नोस् विवाह भएको छोरीलाई पछि के

नाताले बोलाउने, छोरी भनेर या अरु कुनै ? हाम्रो विवाह गराइदिनु भयो अब निश्चिन्त भएर बस्नोस् एउटा सन्तान घटी भनेर, भार घट्यो भनेर (३९)।

यहाँ गङ्गाले देवीसँगको कुराकानीका क्रममा आफ्ना यी असन्तुष्टिलाई अभिव्यक्त गरेकी हो । विवाहलाई छोरीको बोझबाट मुक्त हुने साधन बनाइएको हाम्रो समाजमा विवाहपछि छोरीलाई गर्ने पराई व्यवहारका विरुद्ध यसरी प्रतिरोध गरेकी हो । विवाह गरेपछि छोरीका सबै जिम्मेवारीबाट मुक्त भएको ठान्ने अभिभावकले उसलाई छोरी भन्ने सम्बोधन पनि नगरी अरु कुनै नामको खोजी गर्नका लागि चुनौती दिएकी छ । त्यसैले बोली र व्यवहारमा रहेको भिन्नतालाई हटाउन गङ्गाले अभिभावकलाई गरेको यो आग्रहलाई छोरीप्रति अभिभावकका विभेदपूर्ण व्यवहारका विरुद्धको प्रतिरोधका रूपमा लिइएको छ ।

## $=$=@ k'?if cxd\, x:tlf]k / s'b[li6sf lj?4sf] k|lt/f]w

*सौगात* उपन्यासमा घरबाट हिंसा सहन नसकेर भागेकी प्रतिभा नोकरीको लागि वीरगञ्ज पुगेकी छ । त्यहाँ ऊ आफ्नी साथी शोभनाका घरमा आश्रय लिएकी छ । ऊ एकल नारी भएका कारण शोभनाको घरमा रहँदा प्रतिभालाई शोभनाको लोग्ने रघुवीरले कुदृष्टि लगाएको छ । उसले प्रतिभाप्रति आफू आकर्षित भएकाले उसलाई छोड्न नसक्ने बताइरहेको छ । पतिबाट अलग्गिएकी प्रतिभालाई आफूसँग सम्बन्ध स्थापित गर्न आग्रह गरिरहेको छ । उसले प्रतिभाका हात र खुट्टामा गलत नियतले आफ्ना हात खुट्टा लगाउँदै प्रतिभालाई आफ्नो बन्न दबाब दिइरहेको छ । रघुवीरको आफूप्रतिको यस्तो दृष्टिकोण र व्यवहारप्रति प्रतिभाले यसरी प्रतिरोध गरेकी छ -

तपाईंलाई सरम भनेको पटक्कै रहेनछ । एक विवाहिता स्वास्नी मानिससँग यस्तो कुरा गर्न कसरी सक्नुभएको छ ? तृष्णाको व्याख्या गर्नुहुन्छ ? तृष्णा कसलाई लागेको छ ? आफ्नो घरमा स्वास्नी हुँदाहुँदै पनि प्यास नबुझ्ने तृष्णा लिएको तपाईं अरुलाई अर्ति दिँदै आफू साधु बिरालो बन्न खोज नुहुन्छ । निसहारालाई सहारा दिई उपकारको हाँसो उडाउन खोज्ने तपाईंलाई म मानिस भनूँ कि के भनूँ ? तपाईं मेरो पछि नलाग्नोस् । म आफैं बाँच्न सक्दछु । तपाईंको जरुरत छैन । तपाईंको घरको बासले अब मलाई गिज्याउँछ । स्वास्नी मानिस यो कहाँ जान सक्दछ भन्ने सोची तपाईं मलाई आफ्नी रखौटी बनाउन खोज नु भएको होइन ? हेर्नोस् हामी के गर्न सक्दछौं, कसरी आफ्नो जीवन बिताउन सक्छौं । देखाइदिनेछु, तपाईंहरू जस्ता मर्दलाई, जो स्वास्नीमानिस भनेको तपाईंहरूको हातको घुमाइने बाघचालका गोटी मात्र हुन् भनी आफ्नो प्रभुत्व देखाउन खोज्नुहुन्छ(९७)।

प्रतिभाले यहाँ रघुवीरको कुटिल चालको प्रतिरोध निडर भएर गरेकी छ । विवाहपछि एक्ली भएकी नारीलाई सहारा दिने बहानामा उनीहरूको अस्तित्व र अस्मितामाथि खेल्न खोज्ने पुरुष मानसिकतालाई प्रतिभाले बलियो प्रहार गरेकी छ । आफू एक्लै भए पनि केही गरेर एक्लै नै जीवन निर्वाह गर्न सक्षम भएकाले पुरुष प्रभुत्व जमाउन खोज्नु व्यर्थ छ । त्यसैले आफ्नो तृष्णा मेटाउन नारीलाई उपकार गरेको स्वाङ रच्ने यस्ता प्रवृत्तिमाथि प्रतिभाले सशक्त प्रतिरोध गरेकी छ । उसको प्रतिरोध पछि रघुवीर पुनः प्रतिभालाई यस्ता गतिविधि दोहोऱ्याएको छैन र प्रतिभा पनि उसको घर छोडेर अर्को ठाउँमा नोकरी गरेकी छ ।

प्रस्तुत उपन्यासमा अर्की पात्र रागिनीले पुरुषको अहम्‌को कदर गरेर पुरुषमा जागरण ल्याउनुपर्छ भन्ने जीवनको भनाइप्रति प्रतिरोध जनाएकी छ । उसको जीवनका भनाइप्रतिको प्रतिरोध यसरी व्यक्त भएको छ -

> सोझो औँलाले घीउ (घिउ) आउँदैन भनेको थाहा छैन । यस्तै शिक्षाले त आजसम्म यहाँ हामी उस्तै रूपमा छौँ । तपाईंहरू पढेलेखेका, विभिन्न देशका जातिहरूसँगै संगत भएकाहरूको त भनाइ यस्तो छ भने हामी के गरौँ ? हामी को माथि आशा राखौँ ? तपाईंको अहम्‌को मर्यादा गरिनुपर्छ भन्ने हो भने हामीले हाम्रो अस्तित्वबारे के भन्ने नि ? जीवन, यदि तिमी यस्तै विचार लिएर बसिरहन्छौ भने मलाई डर लाग्छ, कही हामी तलाकको फेरोमा पर्न त बाध्य हुँदैनौ (६२)।

यहाँ शिक्षित पुरुषहरू नै लैङ्गिक असमानतालाई समर्थन गरी नारीले पुरुष अहम्‌को कदर गर्नुपर्छ भन्ने आशा गरिरहेको प्रति रागिनीले प्रतिरोध गरेकी छ । रागिनीले नारीको समान अस्तित्वलाई यदि नबुझ्ने हो भने अस्तित्व र पहिचानका लागि आफू त्यो सम्बन्धबाट अलग पनि हुनसक्ने चेतावनी जीवनलाई दिएकी छ । यसबाट यहाँ रागिनीले नारीभन्दा आफू सर्वोच्च भएको मान्ने पुरुष अहम्‌का विरुद्ध प्रतिरोध गरेको बुझिन्छ ।

*नोकरी* उपन्यासमा पितृसत्ताको प्रभुत्वको कारण नारीका निर्णयमाथि पुरुषहरूले हस्तक्षेप गर्न खोजेको देखिन्छ । यस स्थितिमा विशेष गरी नारी पात्रहरूले समाज र परिवारका सदस्यविरुद्ध वैचारिक प्रतिरोध गरेको देखिन्छ । उपन्यासमा साधनालाई हवाइपरिचारिकाको नोकरी गर्नका लागि संस्कृतिलाई अगाडि सार्दै विनोदले प्रतिबन्ध लगाउन खोजेको छ । उसले हवाइपरिचारिका समाजले सम्मान नगर्ने पेसा भएका कारण त्यसमा साधनालाई नोकरी गर्न दिनु नहुने विचार राखेको छ । आमा गौरीले साधनाको निर्णयको समर्थन गरेका कारण आमालाई संस्कृतिका विरुद्धगई छोराको पढाइका लागि छोरीलाई नोकरीमा लगाउने कार्य गलत भएको भन्दै आफूले

साधनालाई हवाइपरिचारिका हुन नदिने बताएको छ । विनोदको यस्तो हस्तक्षेपको गौरीले यसरी प्रतिरोध गरेकी छ -

> संस्कृतिका बारेमा जसलाई केही थाहा छैन ऊ नै यसका बारेमा बोल्न थालेपछि के हुन्छ ? समयसापेक्ष यसलाई पनि बनाउँदै लगेनौ भने यो आफैँ इतिहास भएर थन्किन्छ र कोही पनि यसको अनुयायी हुन सक्दैन । छोरी, बहिनी, स्वास्नी र आमाको कमाइ खानु भन्नेले संस्कृतिलाई अहिले आएर पालना गर्छु भन्न खोज्यो भने के त्यो सम्भव हुन्छ ? हो, उहिले स्वास्नीमान्छेलाई पढाइन्न थियो, कुनै सीप तालिम दिइन्नथ्यो, त्यसबेला उनीहरूको कमाइ खानु भनेको अनैतिक काममा लगाएर धन कमाएको मानिन्थ्यो ।...तर अहिले नारीहरूको अवस्था त्यस्तो छैन । उनीहरू बौद्धिक रूपले समान रूपले काम गर्न सक्ने भइसकेका छन् (५९)।

संस्कृतिका पुराना पक्षलाई सधैँ जस्ताको त्यस्तै नअपनाई तिनलाई परिमार्जित ढङ्गले अपनाउनुपर्छ । नारीहरूको क्षमता विकास गर्न दिनुपर्छ । त्यसैले संस्कृतिका नाममा साधनालाई हवाइपरिचारिकाको नोकरी गर्न हस्तक्षेप गर्नुहुन्न भनेर गौरीले छोरा विनोदको निर्णयको प्रतिरोध गरेकी छ । सोही अनुसार साधना जागिरे पनि भएकी छ । अर्कोतिर साधनाले हवाइपरिचारिकामा नोकरी गरी परिवारलाई आर्थिक टेवा पुऱ्याउने निर्णय सुनाउँदा उसको प्रेमी मेघले आफूलाई त्यो निर्णय मान्य नभएको सुनाउँछ । उसले हवाइपरिचारिकाहरू घमण्डी हुन्छन् । उनीहरूले पैसा धेरै कमाउने हुनाले अरुलाई टेर्दैनन् । विशेष गरेर नारीहरू स्वावलम्बी भई पुरुषको अधीनबाट बाहिर निस्कन्छन् र पुरुषलाई परजीवी प्राणी बनाउँछन् । त्यसैले उसले समाजले नराम्रो मानेको पेसा अपनाउने साधनालाई अपनाउन आफूले नसक्ने पुरुषवादी सोच प्रस्तुत गरेको छ । आफ्नो पेसालाई लिएर आफूलाई नै छोड्न तयार भएको प्रेमिका अभिव्यक्तिले आफ्नो इच्छा र पेसालाई अवहेलना गरेको सम्झेर उसले यसका विरुद्ध यसरी प्रतिरोध गरेकी छ-

> तपाईंले यस पेसालाई लिएर मलाई खसाल्दै लगेर पातालमा पुऱ्याइदिनुभयो तर मलाई एउटा पेसा मात्र बताइदिनोस् जहाँ नारीले नोकरी गरेकोमा निन्दा गर्न छोडेको छ ? कुन नोकरी तपाईंले भनेजस्तो नारीका लागि इज्जतदार छ, डाक्टरी, इन्जिनियरिङ्ग, शिक्षिका हुनु, प्रशासनका क्षेत्रमा या नर्स बनेर सेवा गर्नु । यी सबैमा हाकिमसँग या सहकर्मीसँग यस्तै प्रेमकथा जोडिएका हुन्छन् । नारीले बाहिर कर्मक्षेत्रमा उत्रेकामा निरूत्साही पार्न यस्ता कुरा उब्जाइरहन्छन् । नारी र पुरुष साथै रहेर काम गर्दा यस्ता घटनाहरू भइरहन पनि सक्छन् तर यी सबै उपमा होइनन् ।... तिमी उपमा नै बटुल्न खोज छौ भने राम्रो काम गरेर बसेका नारीहरू पनि छन्, तिनको उपमा किन दिँदैनौँ ? हेर, म साफसाफ

> भनिदिन्छु, म यो नोकरी झट्ट छोड्न सक्तिनँ र यदि तिमी आफ्नो धारणा बदल्न सक्तैनौ भने मैले आफ्नो जीवनको बाटो बदल्नुपर्छ । म यस्ता अनैतिक दोष लिएर तपाइँकी त्याज्य प्रेमिका हुनुभन्दा म नै तपाइँलाई छोडिदिन्छु । प्रेमको अन्तिम लक्ष्य विवाह पनि होइन (१०८)।

यहाँ साधनाले हरेक गाउँ या पेसा आफैँमा राम्रो या नराम्रो हुँदैनन् । काम गर्ने नारी या पुरुषको इच्छामा कुनै सम्बन्ध राम्रो या नराम्रो हुन्छ । त्यसैले उसले आफ्नो काम र इच्छाको सम्मान नगर्ने व्यक्तिसँग जीवनयात्रा अगाडि बढाउनुभन्दा त्यस्तो सम्बन्ध तोड्नु नै आफ्नो लागि हितकर हुने अनुभव गर्छे । सोही अनुसार मेघसँगको आफ्नो सम्बन्धलाई आफैँ तोडेर उसको पुरुष अहम्का विरुद्धप्रतिरोध गरेकी छ । यसले साधनाको आत्मसम्मान अझ बढाएको छ ।

### $=$=# zf]if0f / pTkL8glj?4sf] k|lt/f]w

*सौगात* उपन्यासमा प्रतिभा पारिवारिक रूपमा विभेदको महसुस गरेकी पात्र हो । उसले विवाह नगरी धेरै पढेर नोकरी गरी स्वावलम्बी बन्ने चाहना राखेकी छ तर बाबुआमाको दबाब र साथीहरूको सल्लाहका कारण उसले कमल नामक व्यापारीसँग विवाह गर्छ । कमल गैरकानुनी तवरले व्यापारबाट प्रशस्त मात्रामा धन कमाएको छ । ऊ र उसकी आमा अम्बिका यसरी कमाएको धन र इज्जतप्रति निकै घमण्ड गर्छन् र आफ्नो गोप्यता स्थापित गर्न चाहन्छन् । प्रतिभालाई भने धनको लोभ छैन । त्यसैले प्रतिभाको विवाहपश्चात् पति कमलको गैरकानुनी व्यापारको विरोध गर्दै आएकी छ । उसको विरोधले आफ्नो व्यापारमा धक्का पुग्ने महसुस गरेर उसका परिवारले उसलाई पागल साबित गरी बन्दी बनाएका छन् । सही मार्गमा लाग्न दिएको सल्लाहको बदला यसरी लिएको र आफूलाई सहयात्रीका हैसियतले विश्वास नगरेकोमा प्रतिभा कमल र उसको परिवारको देखावटीप्रति रुष्ट छे । झुटो शान बचाउन नारीलाई पहिराइदिने गहना, छोरीलाई बच्चैदेखि लगाइदिने बाला कल्लीहरूलाई उसले जेलको कैदीलाई लगाइदिने नेल झैँ देखेकी छ । तसर्थ ऊ आफ्नी छोरीका हातमा लगाइदिएका बालाहरूलाई निकालेर फ्याँकिदिन्छ । परिवार र समाजको देखावटी र नारीलाई पहिऱ्याइदिने गहनासम्बन्धमा प्रतिभाका विचारलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ-

> शृङ्गारका लागि पहिरिने यी गहना र बालकको लागि पुर्ख्यौली खानदान बचाउन लगाइने यी गहना प्रतिभाको लागि कैदीलाई लगाइने नेलजस्तो लाग्दछ । उसले छोरीलाई यस कल्ली र बालामा आफूजस्तै बाँधिएकी शक्तिहीन कम्जोर र नारी भविष्यको लागि

बालककालदेखि तह लगाइएकी पाउँदछन् । उनी यी खानदानी धन जो रवाफ देखाउन लगाइन्छ । फुकालेर हुत्याइदिन इच्छुक भइन् र फ्याँकिदिइन् पनि (३)।

प्रतिभाले यहाँ आफ्नी छोरीका हातमा लगाइदिएका बालालाई कमजोर नारी भविष्यको निर्माण गर्न लगाइएको नेलका रूपमा लिएकी छ । संस्कारगत रूपमा पहिर्‍याइने यस्ता गहनाहरू केवल रवाफका प्रतीक हुन् र यिनले नारीलाई कमजोर साबित गराउँछन् भन्ने चेतनाले गर्दा उसले छोरीका हातका कल्ली र बाला फ्याँकिदिएर सामाजिक कुसंस्कारप्रति प्रतिरोध गरेकी छ । यसका साथै आफूलाई बन्दी बनाएर कमलले दोस्रो पत्नी बिहे गरेपछि प्रतिभा आफ्नो भविष्य झन् अन्धकार देखेर घरबाट भागेकी छ । उसको मनमा त्यसबेला यस्तो चेतना आएको छ- "भाग अहिले नै भाग्, भागेर आफ्नै मिहिनेतले बाँच्न सिक, यसरी कैदमा रहिरहिस् भने तेरो हातखुट्टा बस्नेछन् अनि जीवनभर अरुकै आश्रयमा बाँच्नुपर्नेछ । हेला सहेर दुःख भोगेर (२९)।" परिवारमा कैदी भएर अरुको आश्रयमा जीवन बिताउनुभन्दा त्यहाँदेखि भागेर आफ्नै परिश्रममा जीवन बिताउनु उचित मानेर प्रतिभा भागेकी छ । यो पनि उसले शोषणबाट बच्न र स्वअस्तित्वनिर्माणका लागि गरेको अर्को प्रतिरोध हो ।

*खोज* उपन्यासमा पुरुषहरूले सम्बन्धको गलत फाइदा उठाएर नारीको बेचबिखन गर्ने धन्दा चलाएका छन् । यसमा बादल र सोमनाथ दम्पतिको मिलेमतोमा शान्ति वेश्यालयमा बेचिएकी छ । शान्तिले यसको प्रतिरोध मानव बेचबिखनमा लागेका सोमनाथ र उसकी पत्नीलाई पण्डितको नकाबमा रहेर भजन गरिरहेका बेला पकाएर थुनाउने काम गरेकी छ । बेचिएका नारीहरू आफ्नो भाग्य सम्झेर वेश्यालयको दलदलमा फस्ने गरेका हुन्छन् तर शान्ति त्यहाँबाट भागेर नेपाल आई पुलिसमा भर्ना भएर सामाजिक सोचविरुद्ध प्रतिरोध गरेकी छ । नारीहरू केही गर्न सक्दैनन् भन्ने सोचलाई गलत साबित गर्दै पुलिस इन्स्पेक्टरमा जागिरे भई आफूलाई बेच्ने बादललाई समेत लज्जाबोध गराएकी छ । उपन्यासकी अर्की पात्र शचीले मितिनी आमासँग मिलेर आफू शान्तिको बेचबिखनमा संलग्न बादललाई सजाय दिलाउने कार्य गरेकी छ । कानुनी रूपमा सजाय दिलाएर उनीहरूले नारीलाई गरिने शोषणको प्रतिरोध गरेका छन् ।

प्रस्तुत उपन्यासमा दाइजो प्रथाका कारण नारीहरू उत्पीडनमा परेका घटनाको पनि वर्णन छ । दाइजो नल्याएको निहुँमा बारम्बार परिवारबाट अपमान, तिरस्कार र घोचपेचको शिकार नारीहरू हुनुपरेको छ । यसको प्रतिरोधमा उपन्यासका पात्रहरू लागेका छन् । प्रस्तुत उपन्यासमा पतिहत्याको आरोपमा थुनिएकी पागल युवतीले परिवारले बिहेपछि दाइजोको निहुँमा गरेको घोचपेचका विरुद्ध प्रतिरोध गरेकी छ । उसले भनेकी छ -"बुहारी खोज्न हिन्दुस्तानको छउछाउमा गर्ने जस्तो गरी छोराको घाँटीमा उसको मोल झुण्ड्याएर बजार थापेको भए हामी दुवैलाई राम्रो

हुन्थ्यो । तपाईंहरूले भने जस्तो मोल पाउनुहुन्थ्यो होला । मैले पनि मनुष्यरूपी जड मूर्ति हैन हृदयधारी मनुष्यसँग विवाह गर्न पाउँथे हुँला (९९)।” दाइजो माग्नु भनेको आफू धन पैसाद्वारा खरिद हुनु हो । त्यसैले दाइजोका अभिलाषीले छोराको मूल्य तोकेर बजारमा प्रतिस्पर्धा गराएको भए हुन्थ्यो भन्ने व्यङ्ग्य त्यस युवतीले गरेकी छ । आफू कुनै हालतमा दाइजो ल्याउने पक्षमा नरहेको सुनाउँदै दाइजोको आशमा बसेका परिवारका सदस्यका कुइच्छा र उत्पीडनका विरुद्ध उसले प्रतिरोध गरेकी छ । प्रस्तुत उपन्यासमा नारी पात्र नै पुरुष र समाजद्वारा पीडित भएका कारण उनीहरूले परिवार र समाजका सोच र क्रियाकलापप्रति प्रतिरोध गर्दै अगाडि बढेका छन् । प्रतिरोधी नारीहरू सचेत छन् र उनीहरू संघर्षशील भएर पछि स्वावलम्बी जीवन प्राप्त गर्न सफल भएका छन् ।

*विश्वास* उपन्यासमा तारा (उमा) गाउँमा शिक्षक बनेर गएको उदयसँगको प्रेमबाट गर्भवती बनेकी छ । उदयले छिटै विवाह गर्न दिएको वचन भुलेर बाबुको सल्लाहमा आरतीसँग विवाह गरी विदेश गएको छ । तारा गाउँबाट भागेर काठमाडौँमा आइ उदयकै घरमा नोकर भएर बस्छ । पछि उक्त घर उदयको र उसको गर्भमा भएको बच्चा आफ्नै छोराको हो भन्ने ज्ञात भएपश्चात् बाबाहजुरले उनीहरूलाई परिवारका सदस्यसरह स्थान दिएर राख्छन् । उदय र आरतीको तर्फबाट सन्तान नभएको र अभय उदयकै सन्तान भन्ने थाहा पाएपछि उसको भविष्य बनाउने लोभ देखाएर उदय र आरतीले तारासँग आफ्नो लागि अभय माग्छन् । यसैबखत तारामा विद्रोही चेतनाआउँछ र उसले आफ्नो छोरा कसैलाई नदिने कुरा यसरी बताउँछे -

> अभयको भविष्य मसँग गाँसिएको छ । यत्रो हुन्जेलसम्म बाबु को हो भनेर चिन्न पाएन अब हुर्केपछि, कुरा बुझ्दै जान थालेपछि बाबु किन चाहिन्छ ? हामीले बाबाहजुरको स्नेह पाएकै छौँ । छोराले आफ्नो बाबुबाटै स्नेह पाउन नसके पनि बाजेबाट पाएकै छ । अभय आफ्नै देशमा जे पाउँछ त्यही खाएर त्यही पढेर आमासँग नै बस्छ । यसलाई बाबु चाहिएको छैन । यो कुरा नउठाउनुहोस् मेरो बिन्ती छ (३१५)।

यहाँ ताराले आफ्नो लोग्ने उदय र सौता आरतीले आफ्नो छोरा अभयलाई मागेपछि त्यसलाई अस्वीकार गरेकी छ । आफूसँग वाचा गरी गर्भवती बनाई दोस्रो बिहे गरेर विदेशमा रमाउने उदयले अर्की पत्नीबाट सन्तान नभएपछि उसमाथि देखाएको चिन्ता देखावटी भएको अनुभव गरेकी छ । आफूलाई समाजमा बच्चाको बाबु को हो भन्ने प्रश्न गरेर लाञ्छना लगाउँदा जिम्मेवार व्यक्ति बेखबर रहेको तर आफूलाई आवश्यक हुँदा सहानुभूति दर्साउने र सन्तानको भविष्यको चिन्ता गरेको देखाउने प्रवृत्तिको विरोध उसले गरेकी छ । आफ्नो सन्तानको

लालनपालनका लागि  आफू नै सक्षम भएकाले यस्ता प्रस्ताव नराख्न आग्रह गरेकी छ । यो उसको प्रतिरोधी चेतनाको परिणाम हो ।

प्रस्तुत उपन्यासमा ताराले अभयमात्र नभएर तारालाई पनि विदेश लैजाने उदय र आरतीको प्रस्तावका विरुद्ध पनि यसरी प्रतिरोध गरेकी छ -

> जब समाजले जथाभावी भनेर तेरो पोइ को हो देखा भन्दा त्यतिखेर मैले यो हो मेरो लोग्ने भन्न नसकेर शीर निहुराई काखमा नानी च्याप्दै बसिरहनु पर्‍यो भने अहिले तपाइँहरूको जीवन समेतलाई खल्लो तुल्याउन म पछि किन लागूँ? यो रहस्यलाई यस्तै शंकै शंकामा रहन दिनोस् । हाम्रो लागि बेलायत अमेरिका कतै पनि जानुपरेको छैन । यही थलो हाम्रो लागि स्वर्ग हो (३१६)।

यहाँ सन्तानमात्र माग्दा ताराले दिन्न जस्तो लागेर उसलाई पनि विदेश जाने प्रस्ताव राख्ने उदयहरूलाई ताराले उनीहरूको पछि लागेर विदेश नजाने आफ्नो निर्णय सुनाएकी छ । उसले आफू समाजको अगाडि लज्जित हुनुपर्दा काम नलागेको आफ्नो लोग्नेका नाम र साथ अहिले समस्या समाधान भएपछि नचाहिने बताएकी छ । आफ्नो लागि उपयुक्त स्थान आफ्नै देश रहेको र विदेशको लोभमा लोग्ने र सौताको नोकरका रूपमा उनीहरूको जीवनमा बाधा ल्याउन आफू पछि नलाग्ने उसको निर्णय रहेको छ । ताराका यी अभिव्यक्तिमा उसको स्वाभिमान झल्किएको छ । यो बहुविवाह गरी पहिली पत्नीका हक अधिकारको ख्याल नगर्ने र उत्पीडित बनाउने यस्ता प्रवृत्तिविरुद्ध गरिएको प्रतिरोध हो ।

*निष्कर्ष* उपन्यासमा इला समिरद्वारा बलात्कृत भएकी छ । समिर धनी रुद्रको छोरा भएका कारण उसलाई बचाउन रुद्रले लालचको जाल बुनेको छ । मीराको गरीबीको फाइदा उठाएर उसको छोरा अमीरलाई अपराधी बनाइदिएको छ । अपराधीको नाम लुकाउने शर्तमा इलालाई धन, पैसाको लोभ देखाउन पठाएकी मीराले देखाएको प्रलोभनबाट इलामा अपराधीलाई सजाय दिने अठोट झन् बढेर गएको छ । पहिले अपराधीलाई कस्तो सजाय दिन उपयुक्त हुन्छ भन्नेबारे नसोचेकी इलाले बारम्बारको धनको रवाफ देखेपछि त्यो रवाफलाई झुकाइदिने अठोट गर्छे । उसको बलात्कारीसँग प्रतिरोध गर्ने तरिका अलि भिन्न छ । ऊ आफैँलाई बलात्कार गर्ने समूहको मुख्य नाइकेसँग विवाह गरी सो परिवार, उक्त केटा र सामाजिक मान्यताका विरुद्धप्रतिकार गर्न चाहन्छे । अपराधी मनोवृत्तिको बलात्कारीलाई थप नारीको जीवन बर्बाद गर्नबाट रोक्न र जीवनभर उसले गरेको अपराधको महसुस गराउनका लागि अपराधीसँग नै विवाह गर्ने निर्णय इलाले गरेकी छ ।

प्रस्तुत उपन्यासमा इलालाईरुद्रर मीराले झुठो अभियुक्त खडा गरेका छन् भन्ने थाहा हुँदैन र उसले अँध्यारोको कारण बलात्कारीहरूलाई चिनेकी पनि हुँदैन । स्वयम् मीरा आफ्नो छोरालाई बचाउनुपऱ्यो र उसको नाम अमिर हो भन्ने कबुल गरेपछि उसले त्यसै कुरामा विश्वास लिएर अमिरको नाम मुख्य बलात्कारीका रूपमा लिन्छे । उसको यो निर्णयमा उसकी आामा, भदैनी, साथीहरू कोही पनि सहमत छैनन् तर पनि उसले यस किसिमको निर्णयलाई अपराधीविरुद्धको प्रतिकार सम्झेकी छ । उसले स्नेहा र रेखासँग यस्तो प्रतिक्रिया दिएकी छ-

> मैले यो निर्णय सोचेर, सम्झेर नै लिएकी छु । त्यसैले कसैले पनि यसमा चिन्ता लिनुपर्दैन । बरु आमालाई राम्ररी सम्झाइदिनुहोला, यस छोरीलाई बहादुर सुब्बाको छोरी भई, यस समाजसँग लड्न दिनोस् भनेर । म थाक्दिन स्नेहा दिदी यस्ता कुकर्मीसँग प्रतिकार गरेर नै छोड्छु । डराएर भाग्नुभन्दा डटेर लड्नु छ मलाई, आफ्नो लागि नभए पनि नारीको भविष्य यस्ता अपराधबाट जोगाउन (११४)।

यहाँ इलाले समाजमा थप नारीको जीवन त्यस्ता बलात्कारी पुरुषको हातबाट बर्बाद हुन नदिन समाजका कुकर्मीहरूका विरुद्ध प्रतिकार गर्ने निर्णय गरेकी छ । उसको यो निर्णयलाई शोषण, उत्पीडन र कुप्रवृत्तिविरुद्धको प्रतिरोधका रूपमा लिन सकिन्छ किनभने एउटी बलात्कृत नारीलाई आफ्नो घरमा भित्र्याउन नचाहने परिवारमा भित्रिएर उनीहरूको मानसिक शान्ति खल्बलाइदिनु पनि एक किसिमको प्रतिरोध नै हो ।

## $=$=$ ;fdflhs ;f]r / cGwljZjf;lj?4sf] k|lt/f]w

*विश्वास* उपन्यासमा नारी पात्रहरू गलत सामाजिक सोच, कुप्रथा, परम्परा र अन्धविश्वासबाट पीडित छन् । नारीहरूले विधवा नारीले कुनै पुरुषसँग बोल्दा पनि समाजले गलत नजरले हेरेको छ । नारीलाई चरित्रहीनको संज्ञा दिँदै समाजको अगाडि बेइज्जत गरिएको छ । यस उपन्यासमा दुर्गाको सल्लाह र सहयोगमा देवीले दोस्रो विवाह नगरी कृत्रिम पद्धति अपनाई आमा बन्ने रहर पूरा गरेकी छ । ऊ बालविधवा भएकीले विवाह नगरी गर्भवती भएको देखेपछि गाउँले र उसको लोग्नेको परिवारले ऊमाथि अनेक प्रश्नहरू तेर्स्याएका छन् । उसलाई कुनै पुरुषसँगको अनैतिक सम्बन्ध बनाएको आरोप लगाइरहेका छन् । गाउँलेहरूको यस्तो आरोपको प्रतिरोध देवी र दुर्गा दुवैले गरेका छन् । देवीले आफू कृत्रिम पद्धतिबाट गर्भवती भएका कारण त्यो गर्भको सन्तानको बाबु को हो भन्नेमा अनभिज्ञ रहेको कुरा यसरी बताइरहेकी छ -

> के त्यसरी एउटै कुरामा केरिराख्नुहुन्छ ? थाहा छैन भनिहालेँ नि । बरु कसरी आमा हुन लागिस् भनेर सोध्नोस् न । गाउँको प्रधानपञ्च भएँ भनेर कुरै नबुझेर यसै दोष लगाउने प्रयास पनि गर्न पाउनु हुन्न । म आफ्नै लोग्नेको सतमा अझै छु । विधवा धर्मको पालना गर्दैछु । ज्यादा नराम्रो कुरा नबोल्नोस् (२००)।

यहाँ प्रधानपञ्चलगायतका अन्य मानिसले उसको गर्भलाई लिएर उसको चरित्रमाथि प्रश्न उठाएका बेला उसले आफू विधवा धर्मको पालना गर्दै कृत्रिम तरिकाले गर्भवती बनेको बताइरहेकी छ । त्यसैले सत्य नजानी आफूमाथि लाञ्छना लगाउने अधिकार कसैलाई पनि नभएको जवाफ उसले दिएकी छ । उसको यो भनाइ र उसले समाजका मान्यताविरुद्ध गर्भधारण गरी समाजका सामुन्ने खडा भएर प्रश्न र लाञ्छनाको सामना गर्नुलाई नै सामाजिक अन्धविश्वास, विभेद र सोचका विरुद्धको प्रतिरोध मान्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा दुर्गाले पनि देवीका यी भनाइमा दुर्गाले पनि समर्थन गरेर रवि शर्मालगायतका व्यक्तिहरूको यसरी प्रतिरोध गरेकी छ -"हो, देवीले विधवा धर्मको पालना गर्दै स्वर्गीय पतिको सतमा रहिरहेकी छु भनेको सुन्दा तपाइँहरूलाई तर्कसङ्गत नलाग्न सक्छ तर यसबारे जानकारी लिनुभन्दा पहिले नै आफ्नो लिडोपन नछोडेर अन्धाधुन्ध रूपले दोषारोपण गर्दै जानु पनि तपाइँजस्तो देशसेवक हुँ भन्नेहरूलाई सुहाउँदैन (२०१)।" यहाँ दुर्गा देवीको पक्षमा प्रधानपञ्च रवि शर्मा र गाउँलेहरूका सामु सत्य जानेर व्यवहार गर्न आग्रह गरेकी छ । उसले देवी आफ्नै स्वर्गीय पतिको सत्मा रहेकाले ऊबारे भ्रमित भई लाञ्छना लगाउनुपूर्व उसका कुराको सत्यता जाँच्नतर्फ लाग्न सल्लाह दिएकी छ । आफू मात्र जान्ने हूँ भन्ने मानसिकता बोकेको रवि शर्माका अगाडि उसको स्वभावको पाठ पढाउनुलाई उसले गरेको प्रतिरोधका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासमा बालविधवाका रूपमा धेरै लाञ्छना भोगेकी देवीले सामाजिक सोचका विरुद्ध धेरैपटक प्रतिरोध गरेकी छ । उसले आफ्नो मित दाइ भृगुसँगको उसको सम्बन्धलाई लिएर सार्वजनिक रूपमा औँला उठाएपछि त्यसको प्रतिरोध यसरी गरेकी छ -

> सल्किने र पल्किने भनेको के हो त्यो मलाई थाहा छैन । मेरो सम्बन्धबारे सोध्नुभएको हो भने मेरो वहाँ मीतदाइ हुनुहुन्छ । सो कुरा मेरो बासँग सोध्नोस् । मैले भृगु दाइलाई दाइ भएकाले माया गर्नै पर्छ । के तपाईका घरमा तपाइँका छोरीहरूले आफ्नो दाइलाई माया गर्नुहुन्न ? मैले वहाँबाट माया अरु बहिनीले भन्दा बढी यसैले पाएकी छु कि म दुःखी छु र तपाइँहरूबाट सताइएकी छु...। तपाइँहरूको जथाभावी गाली वचन सुनेर जब म रून्थेँ

> वहाँ नै एक हुनुहुन्थ्यो जसले मलाई सम्झाएर सान्त्वना दिँदै भन्नुहुन्थ्यो, आफ्नो शक्तिको नाश नगर देवी, तैँले यसको जरो उखेल्नुपर्छ !...मेरो र भृगुदाइको सम्बन्धलाई नराम्रो भन्ने को को हुन् त्यसले मेरो अगाडि आएर भनोस्, किटानको साथ अर्थाओस् मैले के त्यस्तो नराम्रो काम गरेकी रहिछु ? त्यसको प्रमाण छैन भने हामीलाई पनि यसै हेप्न पाइँदैन । यो गाउँमा माया गर्नुहून्न र घृणा मात्र गर्नुपर्छ भने त्यो पनि यहीँ भनुन् (७३)।

यहाँ प्रधानपञ्च रवि शर्मालगायत गाउँका मान्छेहरू भेला भएर देवीलाई भृगुसँग पात्तिएर हिँडेको आरोप लगाएपछि उसले त्यसको प्रतिरोधमा आफूहरूको सम्बन्ध दाइ बहिनीको रहेको बताएकी छ । उसले बिना प्रमाण आफूहरूको पवित्र सम्बन्धमा कलङ्क लगाई उनीहरूले लगाएको आरोप प्रमाणसहित पुष्टि गर्न चुनौतीसमेत दिएकी छ । उसले गरेको प्रतिरोध नारी र पुरुषको सम्बन्धलाई केवल वासनात्मक प्रेमका नजरले हेर्ने गलत सामाजिक सोच र परिपाटीका विरुद्ध रहेको छ ।

प्रस्तुत उपन्यासमा देवीको गर्भका विषयलाई लिएर बसेको सभामा दुर्गाले देवी बुहारी भएका कारण उसबाट जन्मिने सन्तानलाई आफ्नो वंशको सन्तान मानेर स्वीकार्न आग्रह गरेकी छ । उसले सौताका सन्तानलाई आफ्नो नभए पनि एक नारीले आफ्नो सन्तान मानेर व्यवहार गर्नु परेजस्तै आफ्नी बुहारीबाट कृत्रिम पद्धतिबाट जन्मेको सन्तानलाई पनि परिवारले आफ्नै उत्तराधिकारीका रूपमा स्वीकार्नुपर्ने तर्क गरेकी छ तर गाउँलेहरू र देवीको ससुरा त्यो कुरा मान्न कुनै हालतमा तयार छैनन् । देवीको ससुराले देवी लगायत दुर्गासमेतलाई गाउँबाट निकाल्न माग गरिरहेको छ । देवीबाट जन्मने बच्चा अनैतिक कार्यको परिणाम भएकोले उसलाई आफ्नो मृत छोराको उत्तराधिकारी मान्न कुनै हालतमा नसक्ने हुनाले उनीहरूलाई गाउँबाट निकाल्नको लागि प्रयत्न गरिरहेको छ। उसको यस्ता गतिविधिका विरुद्धदुर्गाले यसरी प्रतिरोध गरेकी छ -

> कसरी लगार्नुहुन्छ ? हामीले कुन नहुने काम गरेका छौँ र ? हिन्दु समाजमा युगौँदेखि चलिआएको चलनलाई हामीले पनि दोहोऱ्याएका हौँ । एउटै धार्मिक परम्पराले स्वीकार गरेका कुनै कुरालाई ग्रहण गर्ने र अर्को कुरालाई परित्याग गर्छौं भन्दा कस्तो हास्यास्पद हुन आउँछ सोच्नोस् त (२०२-२०३)?

दुर्गाले आफूहरूलाई लगार्ने धम्की दिने देवीको ससुराका सोचाइका साथै हिन्दु धर्मअनुसारका संस्कार अपनाउने सम्पूर्णका मानसिकत विरुद्ध पनि प्रतिरोध गरेकी छ । उसका अनुसार हिन्दु धर्ममा नारीहरूले इच्छानुसार विवाहअगाडि नै कृत्रिम तरिकाले बच्चा जन्माएका उदाहरण छन् । त्यहाँ उनीहरू र उनीहरूका सन्तानलाई सारा समाजले स्वीकार गरेको छ भने सोही धर्मअनुसार

चल्ने नेपाली समाजमा नारीका नैसर्गिक भावको कदर र मान्यता दिन समाज कन्जुस्याइँ गरिरहेको उसलाई लागेको छ । त्यसैले आफूहरू धर्मले देखाएको बाटोमा हिँडेकोले केही गल्ती नगरेकाले उनीहरूका धम्कीबाट नडराउने चेतावनी उसले दिएकी छ । उसका यी तर्क र उसको आत्मविश्वास दरिला छन् । यसलाई पनि समाजमा व्याप्त अन्धविश्वासका विरुद्धको प्रतिरोधका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासमा उदयको गर्भ बोकेकी तारा (उमा)लाई उसको ससुराले दिएको आश्रयलाई सबैले गलत नजरले व्याख्या गरेका छन् । बूढो भएर पनि एउटी नोकर्नीसँग सल्किएको भन्ने आरोप सबैले ताराको ससुरालाई लगाइरहेका छन् । विदेशमा रहेका ताराको लोग्ने उदयकी कान्छी स्वास्नी आरतीले पनि त्यहीँ हल्लालाई आधार मानेर आफ्नो ससुराको आलोचना गरेकी छ । तारा आफ्नी स्वास्नी उमा हो भन्ने थाहा पाएको उदयले आरतीको यस्तो आलोचनाको प्रतिरोध गरेको छ । नारी पुरुषबिचको सबै सम्बन्ध वासनाको कारण मात्र स्थापित भएको हुँदैन भन्दै उसले यसरी आरतीका विचारको प्रतिरोध गरेको हो -"कुनै स्वास्नीमान्छेलाई माया दया कुनै अवस्थाको पनि पुरुषले गर्नै हुँदैन ? त्यो वासना नै हुन्छ ? यस्तो ठाउँमा आएर बसेकी छौ, देखेकी छौ तर आफ्नो सोचाइ भने अझै संकीर्णको संकीर्ण नै छ । कुकुरको पुच्छर जस्तो ...छि (२७३)।" यहाँ उदयले आफ्नो बाबु र ताराबिचको सम्बन्धमा प्रश्न उठाएकोमा आरतीको विरोध गरेको छ । नारी पुरुषका सबै सम्बन्ध वासनाका कारण मात्र स्थापित हुँदैनन् त्यहाँ अन्य भावनात्मक उद्देश्य पनि लुकेको हुनसक्छ । विकसित देशमा बसेर पनि संकुचित मानसिकता विद्यमान रहेकोमा आरतीलाई उसले झपारेको छ । यसलाई पनि उसले गरेको संकुचित सोचका विरुद्धको प्रतिरोध मान्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा विद्या पतिद्वारा त्यागिएकी नारी हो । उसले पढेर परिचारिका (नर्स) भई बिरामीको सेवामा लागेकी छ । संयोगवश उसको लोग्ने बिरामी भएर ऊ कार्यरत स्वास्थ्यचौकीमा उपचारको लागि ल्याइएको छ । सक्षम भएकी उसलाई उसकी सासू, लोग्नेले फेरि घर फर्कने आग्रह गर्दा उसले त्यो आग्रहलाई लत्याएकी छ । आफूलाई आवश्यक भएको बेला घरबाट निकालिदिने र आफू आत्मनिर्भर भएपछि दया देखाउने उनीहरूको त्यो प्रस्तावको विद्याले यसरी प्रतिरोध गरेकी छ -

> मेरो यत्रो परिवारलाई देख्नुभएन ? यिनलाई छोडेर म कसरी तपाईँहरूको पछि लाग्न सक्छु ? जुनबेला मलाई तपाईँहरूको सहारा र आश्रयको जरुरतथियो त्यसबेला त्यो पाउन सकिन भने अब मलाई घरबारको आवश्यकता नै छैन । म जनसेवामा अर्पित भइसकेकी

> छु । म कार्यवश जहाँ पुग्छु त्यही मेरो घर हुन्छ । यी रोगीहरू सबै मेरो परिवारजस्तै साथी हुन् । यिनीहरूको सेवा गर्दा म यिनीहरूबाट माया पाउँछु (२८६)।

यहाँ परिचारिका बनेर आत्मनिर्भर बनेकी विद्याले आफूलाई गरीब भनी घर निकाला गरेर दोस्रो बिहे गर्ने परिवारका सदस्यसँग प्रतिरोध गरेकी छ । आफूलाई चाहिएको बखत आश्रय नदिने, आफू आत्मनिर्भर भएपश्चात् आफ्ना अगाडि झुक्न आउने उनीहरूका इच्छालाई उसले पूरा हुन दिएकी छैन । त्यसैले उसको यस कदमलाई पनि नारीलाई आफ्नो इच्छाअनुसार नचाउन खोज्ने सामाजिक प्रवृत्तिविरुद्धको प्रतिरोधका रूपमा लिन सकिन्छ ।

*निष्कर्ष* उपन्यासमा शोषण र उत्पीडनमा परेकी इलाले नै सामाजिक सोचका विरुद्धको प्रतिरोध गरेकी छ । उपन्यासको प्रारम्भमा इलाको घाइते शरीर देखेर बलात्कृत हुनुमा इला नै दोषी रहेको कुतर्क गरिरहेको प्रहरी जवानका सोचविरुद्ध पनि तन्द्रामा रहेकी इलाको मनमा प्रतिरोधी भावना उब्जिएको छ । नारीको नखरा र पहिरनका कारण पुरुषहरू बलात्कार गर्न प्रेरित हुन्छन् भन्ने उक्त प्रहरीको भनाइप्रति इलाले यसरी प्रतिरोध गरेकी छ -

> ती ५,७ वर्ष मात्र पुगेका नाबालिग छोरी बहिनीहरूले के नखरा देखाएहोलान् र उनीहरू बलात्कृत हुन थालेका छन् आफ्नै बाबु र दाजुहरूबाट । स्कुलको शिक्षकले नाबालिग चेलीमाथि यौन दुराचार गर्नुमा दोषी कसलाई ठान्नुहुन्छ ? त्यो शिक्षकलाई, छात्रालाई या स्कुललाई स्कुलमा पढ्न पठाउने बाबु आमालाई ? अपराधीमाथि पुरुष जातीय नाताले ढाकछोप गर्दै हाम्रो स्वतन्त्रताको, हाम्रो व्यक्तित्वको खिल्ली नउडाइदिनोस् (५)।

आफ्नो घृणित मानसिकता, कुण्ठित चाहना र झूठो अहम्का कारण समाजमा बालिकादेखि वृद्धसम्मका चेलीदेखि छोरी बहिनीसम्मलाई बलात्कार गर्ने पुरुषहरूले आफ्नो गल्ती छोप्न नारीका व्यवहार र पहिरनलाई दोषी बनाउनु निन्दनीय छ । त्यसैले कानुनको रक्षक मानिने प्रहरीसमेतले कुतर्क अगाडि सारेर नारीलाई दोषी बनाउने  पुरुषका अपराधलाई छोप्नेतर्फ लाग्नु नारी स्वतन्त्रता र अस्तित्वको खिल्ली उडाउनु हो भन्ने विचार इलाको छ । उसको यो प्रश्न नारी सधैँ गलत नै हुन्छन् भन्ने पितृसत्तात्मक सोच र सामाजिक मान्यतामाथिको चुनौती र प्रतिरोध हो ।

प्रस्तुत उपन्यासमा इलाले पितृसत्तात्मक प्रभुत्वका कारण घटनालाई दबाउन पीडित पक्षलाई धम्काउने, प्रलोभन देखाउने प्रवृत्तिविरुद्ध प्रतिरोध गरेकी छ । उसले आफूलाई बलात्कार गर्ने मुख्य आरोपीसँग नै विवाह गरेर परिवारका चाहनाविपरीत गएकी छ । इलाले शक्तिका आडमा पैसाको प्रलोभनमा पारेर आफ्नै निर्दोष छोरालाई अपराधी घोषित गरेकी मीराका अगाडि उसका चाहनाविपरीत अमिरसँगै विवाह गर्ने आफ्नो निर्णय सुनाएकी छ । रुद्रको योजनाअनुरूप

अपराधीको नाइके समिरको नाम नलिएर अर्कै केटाको नाम लिन दबाब दिन अस्पतालमा आएकी मीरालाई आफू पैसाको लोभमा फस्ने नारी नभएको बताएकी छ । बारम्बार पैसाको प्रलोभनमा पारेर अपराधीलाई बचाउनको लागि आग्रह गरिरहेकी मीरालाई इलाले यसरी सजाय दिलाएरै छोड्ने सङ्कल्प गरेकी छ-

> माफी ! त्यस निर्दयीलाई । के भनेर क्षमा दिऊँ ? तपाईं आफैँ पनि एउटी स्वास्नीमान्छे हुनुहुन्छ । सक्नुहुन्छ आफूलाई लुट्नेलाई क्षमा दिन ?... त्यसले कुनै पनि हालतमा पनि क्षमा पाउन सक्दैन । त्यो अधर्मी कुनै ओडारमा लुक्न पसे पनि म त्यसलाई तानेर ल्याउँछु र यस्तो सास्ती दिन्छु कि त्यसले प्रत्येक नारीको शक्तिलाई चिनोस् र सम्मान गर्न सिकोस् । तपाईं पनि जानोस् र यसरी आमा भएर छोराको अपराधमा माफी माग्न नआउनोस्(६२)।

यहाँ अपराध गरेपछि सजाय भोगाउनुको सट्टा नारीको पीडा नबुझी चुप लाग्न आग्रह गर्ने मीराको आग्रहलाई लत्याएर घटना दबाउन खोज्ने सामाजिक प्रवृत्तिविरुद्ध प्रतिरोध गरेकी छ । इलामा अपराधीलाई जुनसुकै शर्तमा सजाय दिलाएरै छोड्ने अठोट देखिएको छ । उसमा बलात्कारजस्तो जघन्य अपराध गर्ने व्यक्ति माफीको हकदार हुनै नसक्ने विचार वा चेतना प्रतिरोधी बनेर आएको छ । त्यसमाथि पैसाको प्रलोभन देखाएर सन्तानको अपराधमाथि ढाकछोप गर्न खोज्ने अभिभावकको सोचप्रति उसलाई क्रोध उत्पन्न भएको छ । त्यसैले उसले आफूमाथि शारीरिक शोषण र हत्याप्रयास गर्ने अपराधीलाई सजाय दिलाएरै छोड्ने दृढता उत्पन्न भएको छ ।

इलाले मीरासमक्ष गरेको यो अठोटपश्चात् पनि मीरा बारम्बार धन, सम्पत्तिको लोभ देखाइ अपराधीलाई छोड्न आग्रह गरिरहेकी छ । आफूले दिएको पैसाले इलाको भविष्य बनाइदिने प्रलोभन देखाउँदा इलाले त्यसको प्रतिरोध यसरी गरेकी छ-

> यस्तै चोट तपाईंको छोरीलाई गुण्डाहरूले लगाएर फ्याँकिदिएको भए के तपाईं त्यस अपराधीलाई यसै छोडिदिन सक्नुहुन्थ्यो ? के नोटको बिटो हातमा लिएर छोरीको गुमेको पवित्रतालाई फिर्ता गराउन सक्नुहुन्छ ? मलाई के सोचेर यहाँसम्म आउने हिम्मत गर्नुभयो , हँ । लालची, इज्जतहीन स्वास्नीमान्छे? मलाई के तपाईंले आफूजस्तै ठान्नुभएको छ ? तपाईंको निमित्त इज्जत अरु कुनै भए पनि मेरो लागि आत्मनिर्भर भएर जिउनु हो । म परिश्रम गर्न सक्ने व्यक्ति हुँ । यो कुरा बुझि राख्नोस् (६६)।

यहाँ इलाले पैसाको बिटो अर्थात् शक्तिका आडमा इज्जत किन्न खोज्नेहरूविरुद्धप्रतिरोध गरेकी छ । अरुका सन्तानलाई पैसाले किनेर न्याय लिलाम गर्न खोज्ने समाजका अभिभावकले सन्तानका

पीडालाई यसैगरी लिलाम हुन दिन्छन् त ? के नारीले अपराधीलाई सजाय दिलाई आत्मनिर्भर भएर जिउने अधिकार छैन त भन्ने पेचिलो प्रश्न तेर्साएर आफू कुनै प्रलोभनमा नफस्ने र अपराधीलाई माफी दिन नसक्ने जवाफ इलाले मीरालाई दिएकी छ । यसमा सम्पन्नहरूका सोच र क्रियाकलापविरुद्धको प्रतिरोध प्रतिबिम्बित छ ।

प्रस्तुत उपन्यासमा स्नेहा र इलाका अतिरिक्त पुरुष पात्रमा पनि विभेदकारी सोचका विरुद्ध प्रतिरोधी चेतना देखिएको छ । रुद्रको घरमा समिरलाई कसरी इलासँग बिहे हुनबाट जोगाउने भन्ने छलफल चलेको बेला घरका नारी सदस्यले इलालाई चरित्रहीन र घाँडोको संज्ञा दिएका छन् । रुद्रकी छोरी सुप्रभाले त्यस्ती चार जनाबाट इज्जत लुटिएकी इलालाई घरमा बुहारी बनाइ भित्र्याउन नहुने तर्क गरिरहेकी छ । उसको त्यस्तो तर्कको प्रतिरोध उसैको लोग्ने गौरवले यसरी गरेको छ-"के अनि को प्रश्न ल्याएर कुरालाई पन्छाउन खोज्छौ । तिमी पनि एउटी स्वास्नीमानिस हौ । उसको वेदनालाई बुझ्ने कोसिस गर । यहाँ तिमी इज्जतको कुरा गर्दैछ्यौ उता ऊ जीवन सङ्कटमा परेकी छ बिना कसुर (७७)।" यहाँ गौरवका भनाइमा बिना कसुर बलात्कृत भएकी पीडित इलाप्रति सहानुभूति छ । आफ्नै दाजुद्वारा बलात्कृत भई पीडित बनेकी नारीलाई अर्की नारीले इज्जतहीन नारीको संज्ञा दिँदै पन्छाउने कोसिस गरेकी छ । त्यसैले इज्जतको झुठो शान देखाएर पीडितको पीडा बुझ्न नसक्नु मूर्खता हो । त्यसो गर्नुहुँदैन भन्ने चेतना गौरवमा छ । यसलाई नारीविरोधी चेतना र गतिविधिका विरुद्धको प्रतिरोध मान्न सकिन्छ ।

## $=$=% sfg'gL Joj:yflj?4sf] k|lt/f]w

*विश्वास* उपन्यासमा देवीको कृत्रिम गर्भको अधिकारका लागि दुर्गाले धेरै संघर्ष गरेकी छ । यसै सन्दर्भमा उसले समाजका लाञ्छनाको जवाफ दिने क्रममा उसले कानुनमा नै नारी र पुरुषका दोस्रो विवाहका लागि गरिएका व्यवस्था विभेदमूलक भएको महसुस गरेकी छ । उसले कानुनमा विवाहका सम्बन्धमा भएका भाषिक प्रयोगमा पनि विभेद भएको औंल्याउँदै त्यसको पनि प्रतिरोध गरेकी छ । उसले देवीका विषयमा अधिवक्तासँग छलफल गर्ने क्रममा उक्त कुराको उठान गरेकी हो । उसले आफ्ना तर्कहरू यसरी राखेकी छ -

> कानुनमा पुरुषको पक्षमा लेखिएको शर्तमा भनिएको छ, स्वास्नी पोइल गएकी छ भने यहाँ पोइल भन्ने शब्दको सट्टामा विवाह भन्न सकिदैनथ्यो र ? जब लोग्नेमान्छेले भने यो...यो खोट स्वास्नीमा रहेका दोस्रो विवाह गर्न सकिन्छ भनिएको छ । त्यस्तै स्वास्नीमान्छेको पक्षमा भनिएको छ, यस्तो भएमा सम्बन्ध विच्छद गर्न सकिन्छ । भनिँदैन अर्को विवाह गर्न सक्छ । समाजलाई थाहा छ स्वास्नीमानिस फेरि दाम्पत्य जीवन बिताउन पोइल जान

> सक्छ र तैपनि यो भनिँदैन उसले विवाह गर्न सक्छ भनेर र यसबाट के प्रस्ट हुन्छ ? पुरुषलाई विवाह गर्ने अधिकार नारीको लागि पोइलको तिरस्कार (२६९)!

यहाँ दुर्गा समाजमा नारी र पुरुषबिच भएको विभेदको अन्त्य नहुनाको कारण कानुनी व्यवस्था पनि एक हो भन्ने मान्छे । उसका विचारमा नारी र पुरुषका लागि दोस्रो बिहेका सम्बन्धमा प्रयोग हुने शब्दहरू नै विभेदपूर्ण रहेका छन् । कानुनमा नै नारीको विवाहलाई पोइल जाने भन्ने तिरस्कारपूर्ण शब्द र पुरुषका लागि दोस्रो बिहे भन्ने शब्दको प्रयोग गरेर विभेद गरिएकोप्रति उसको असन्तुष्टि छ । कानुनमा यो किसिमको शब्दप्रयोगसम्बन्धी विभेदको अन्त्य गरी एकरूपतापूर्ण दोस्रो बिहे शब्द राख्नुपर्छ भन्ने उसको सुझाव छ । यो पनि कानुनका माध्यमबाट गरिएको विभेदप्रतिको वैचारिक प्रतिरोध हो ।

दुर्गा देवीमाथि लागेको लाञ्छनाबाट छुटकारा दिलाइ समाजमा ऊ र उसको बच्चालाई न्याय दिलाउनका लागि अटुट रूपमा लागेकी छ । उसले गाउँलेले देवीमाथि लगाएको लाञ्छनाको प्रतिरोध कानुनी व्यवस्थाको बारेमा समेत बताएर यसरी गरेकी छ -

> कानुनले कुनै धारामा पनि स्पष्ट लेखेको छैन विधवा नारीले बच्चा पाएमा त्यो विवाहिता बन्छ । यसले यतिमात्र बताएको छ कुनै विधवाले दोस्रो विवाह गरेको खण्डमा या नाजायजी सम्बन्ध परपुरुषसँग राखेमा त्यस नारीको पहिलो विवाह भएको घरसँग सम्बन्ध रहने छैन । अहिलेको देवीको बारेमा यो कुनै भएको छैन भने तपाईंले गाउँबाट लखेट्न खोज दैमा सम्बन्ध यसै छुटेको नठान्नुहोला । बरु भन्नोस् हाम्रो देशको कानुन नै समयानुकूल बनाउन बदल्नुपर्ने भएको छ । यस्ता शिशुहरूलाई जन्मन दिएर वंशको रक्षा गराउन सकिन्छ (२०८)।

विधवा भएर पनि बच्चा जन्माउन लागेको कुरालाई आधार बनाएर घर र गाउँबाट निकाला गर्न तम्सेका देवीको परिवार र गाउँलेहरूलाई कानुनी व्यवस्था सम्झाएर देवीको तर्फबाट दुर्गाले प्रतिरोध गरेकी छ । देवीले कानुनबमोजिम आफ्नो लोग्नेको घरसँग सम्बन्ध टुट्ने कुनै काम नगरेकोले उसको परिवारमा पूरा हक रहेको उसको तर्क छ । ऊ कुनै परपुरुषसँगको नाजायज सम्बन्धमा पनि नरहेको र दोस्रो बिहे पनि नगरेकाले उसले कृत्रिम पद्धतिबाट जन्माएको बच्चा सोही परिवारको अंश रहनुपर्ने उसको तर्क नै यहाँ प्रतिरोध बनेर आएको छ ।

## $=%lgisif

गीता केशरीका उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धका आधारमा पीडित पात्रहरूमा आफ्ना अस्तित्व, व्यक्तित्व, अधिकार, शिक्षाको महत्त्व, लैङ्गिक सहअस्तित्व र सहकार्य, लैङ्गिक सम्बन्ध, लैङ्गिक हिंसाका कारणप्रतिको सचेतनाको विकास भएको देखिन्छ । यी उपन्यासका पात्रहरूमा परिवार तथा समाजका विभिन्न एकाइबाट भएका विभेदपूर्ण कार्य गलत हुन् भन्ने चेतनाका कारण प्रतिरोधी चेतनाको समेत विकास भएको छ । यी उपन्यासमा छोरी भएकै कारण परिवारबाट पाउनुपर्ने शिक्षा, संस्कारगत प्राथमिकताबाट वञ्चित भएका नारीहरूले त्यस्ता विभेदप्रति सचेत हुँदै पारिवारिक तहदेखि नै प्रतिरोध गरेका देखिन्छन् । शिक्षाबाट वञ्चित गराई नारीहरूलाई घरभित्र सीमित राख्ने, विभिन्न बहानामा फसाएर वेश्यालयमा लगेर बेच्ने, बलात्कारमा परी तिरस्कृत हुने जस्ता कारणले नारी अस्तित्व नै बन्दी बनेको अवस्थामा नारीहरूमाअस्तित्वप्रतिको सचेतना विकसित भएको छ । त्यसले उनीहरूलाई विभेद र पुरुष अहम्का विरुद्ध प्रतिरोध गर्न सक्षम बनाएको छ । केशरीका उपन्यासमा पात्रहरूमा नारी पुरुष सृष्टिकार्यमा समान रूपले सहभागी भएजस्तै उनीहरूको समान विकासबाट मात्रै समाज विकास सम्भव हुन्छ भन्नेसचेतनाको विकास भएको छ । त्यसले नारी पुरुषलाई सहकार्य गर्न प्रेरित गरेको छ । उनका उपन्यासमा यस्तो किसिमको सचेतना नारी पात्रमा तुलनात्मकरूपमा पुरुषमा भन्दा ज्यादा देखिन्छ । केही पुरुष पात्र पनि नारी शिक्षाको महत्त्व र नारी पुरुष सहकार्यप्रति सचेत देखिन्छन् ।

केशरीका उपन्यासमा पात्रहरूले आफूमाथि भएका विभेद, शोषण, हिंसाका विरुद्ध वैचारिक र व्यवहारिक प्रतिरोध गरेका छन् । उनका उपन्यासमा नारी पात्र नै पितृसत्ताका कारण शोषित भएका कारण उनीहरूले नै त्यस्ता शोषण र विभेदका विरुद्ध प्रतिरोध गरेको देखिन्छ । यी उपन्यासमा नारीहरूले पुरुष अहम्, हस्तक्षेप, कुदृष्टि, उत्पीडन, असमान कानुनी व्यवस्था, सामाजिक सोच र अन्धविश्वासका विरुद्ध प्रतिरोध गरेका छन् । यी उपन्यासमा नारीहरूले आफूलाई बेच्ने दलालहरूलाई कानुनी सजाय दिलाएर, बालविधवाले कृत्रिम तरिका अपनाई बच्चा जन्माएर, दाइजोका कारण पाएका घोचपेचका विरुद्ध आवाज उठाएर, पतिका घरबाट निकाला भएका नारीले पढेर सक्षम भएर, पुरुषका हस्तक्षेपलाई पार गर्दै आफूले चाहेका व्यवसाय अपनाएर विद्यमान सामाजिक संरचना र अन्धविश्वासका विरुद्ध प्रतिरोध गरेका छन् । नारीले आफूमाथि पुरुषसँगको सम्बन्धलाई लिएर लगाइएका लाञ्छनाविरुद्ध निर्भीकताका साथ बोलेर प्रतिरोध गरेका छन् । यी उपन्यासमा नारीका साथै केही पुरुष पात्रले पनि नारीमाथि नारीले गर्ने दुर्व्यवहारका विरुद्ध प्रतिरोध गरेका देखिन्छन । यसरी केशरीका उपन्यासका नारी पात्रहरू आफ्ना अस्तित्व र अधिकारप्रति सचेत हुँदै लैङ्गिक विभेद, शोषण, उत्पीडनका विरुद्ध प्रतिरोधी बनेका देखिन्छन् ।

उनीहरूमा विकसित सचेतना र प्रतिरोधका कारण नारीहरूअस्तित्वनिर्माण र व्यक्तित्वविकासमा अग्रसर भएका छन् ।

# kfFrf}F kl/R5]b

# ;f/f+z tyf lgisif{

## %=! ;f/f+z

प्रस्तुत शोधकार्य पाँच परिच्छेदमा संगठित गरिएको छ । यसको पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ । यसमा यस शीर्षकसँग सम्बन्धित यसपूर्व भएकापूर्वकार्यको अध्ययनका माध्यमबाट शीर्षकको उपयुक्तता स्पष्ट पारिएको छ । यसमा शीर्षकसँग सम्बन्धित शोधका प्राज्ञिक समस्या र उद्देश्यको निर्धारण गरिएको छ । यसका साथै प्रस्तुत शोधकार्यको औचित्य र महत्त्वको बारेमा पनि स्पष्ट पारिएको छ । यसमा शोधकार्यको सीमाङ्कन गरी शोधकार्य सम्पन्न गर्ने क्रममा पुस्तकालय कार्यलाई सामग्री सङ्कलन विधिको मुख्य विभिकारूपमा प्रयोग गरेको जानकारी दिइएको छ । शोधविधिअन्तर्गत उपन्यास विश्लेषणको सैद्धान्तिक आधारका बारेमा संक्षिप्त जानकारी गराउँदै सङ्कलित सामग्रीको विश्लेषणमा व्याख्यात्मक र पाठविश्लेषणात्मक विधिको उपयोग गरिएको जानकारी गराइएको छ । यस परिच्छेदको अन्त्यमा प्रस्तुत शोधकार्यकोरूपरेखाको निर्माण गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदमा गीता केशरीका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध शीर्षक राखिएको छ । यस मुख्य शीर्षकलाई विभिन्न उपशीर्षकमा विभाजन गरेर गीता केशरीका *सौगात, खोज, विश्वास, नोकरीर निष्कर्ष*गरी ५ वटा उपन्यासमा निहित नारी पुरुषबिचको शक्तिसम्बन्धको अध्ययन गरिएको छ । यसमा शक्तिसम्बन्धी फुको, कोनेल र कोस्टरका सैद्धान्तिक अवधारणा प्रस्तुत गरी त्यसकै आधारमा परिवार तथा समाजका विभिन्न एकाइमा नारी पुरुषका बिच विद्यमान शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।विश्लेषणको सहजताका लागि मूल शीर्षकलाई विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ । यसमा मूल शीर्षकलाई नारीपुरुषबिचको शक्तिसम्बन्ध र नारी नारीबिचको सम्बन्ध उपशीर्षकमा विभाजन गरिएको छ । यसमध्ये नारी पुरुषबिचको शक्तिसम्बन्ध उपशीर्षकलाई पनि विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ ।

विश्लेषणका लागि छनोट गरिएका गीता केशरीका उपन्यासमा पितृसत्तात्मक सोच हाबी भएका कारण त्यसले समाज, परिवार, शिक्षा क्षेत्र र धर्म संस्कारगत क्षेत्रमा नारीहरू पुरुषका अधीनस्थ भएको देखिएको छ । पितृसत्तात्मक सोच पुरुषमा मात्र नभएर नारी पात्रमा जीवित रहेकाले नारी पात्रहरू विभिन्न प्रकारका विभेद, हिंसा, शोषण, दमन रउत्पीडनका शिकार भएका छन् । त्यसैले चयनित उपन्यासको अध्ययनमार्फत समाजमा विद्यमान पितृसत्ताका कारण पुरुष प्रभुत्व कायम रहेको र नारी परिवार र समाज लगायतका एकाइमा पुरुष प्रभुत्वमा अधीनस्थ बनेको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो परिच्छेदमा गीता केशरीका उपन्यासमा लैङ्गिक भूमिका शीर्षकअन्तर्गत केशरीका ५ वटा उपन्यासमा निहित नारी पुरुषका भूमिकाको अध्ययन गरिएको छ । यसमा शीर्षकीय विषयको संक्षिप्त परिचय दिँदै लैङ्गिकताको सैद्धान्तिक पर्याधार निर्माण गरिएको छ । लैङ्गिकता नारी पुरुषका लागि तोकिएका सामाजिक सांस्कृतिक भूमिका हो ।समाजमा विद्यमान शक्ति/सत्ताले आफूलाई बल पुग्ने खालका भूमिका आफ्ना लागि रअधीनस्थ बनाउने खालका भूमिका कमजोर पक्षलाई निर्धारण गर्ने गर्दछ । आर्थिक पक्षसँग जोडिएका भूमिकाले व्यक्ति र लैङ्गिक समूहलाई सबल बनाउँछ भने भूमिकालाई आर्थिक पक्षसँग नजोडिँदा त्यो पक्ष दुर्बल र पराधीन हुन्छ । यसैबाट शोषणको सुरुवात हुन्छ भन्ने मानिन्छ । गीता केशरीका उपन्यासमा पितृसत्तात्मक समाजमा नारी पुरुषका लागि निर्धारण गरेका भूमिकाहरू के-कस्ता छन्;पात्रहरूले निर्वाह गरेका भूमिकाले उनीहरूको चेतनास्तर, जीवनस्तर, निर्णयशक्तिको अभिवृद्धि र परिवर्तनमा खेलेको भूमिका के-कस्तो छ; त्यसको अध्ययन यस परिच्छेदमा गरिएको छ । विषयगत स्पष्टताको लागि केशरीका उपन्यासमा नारी पुरुषका पारिवारिक, सामाजिक/सँस्कारगत रपेसागत भूमिका जस्ता उपशीर्षकमा विभाजन गरिएको छ । पारिवारिक भूमिकालाई पनि घरायसी कामको व्यवस्थापन, आर्थिक उपार्जन र व्यवस्थापन र सन्तानसम्बन्धी उत्तरदायित्व जस्ता उप-उपशीर्षकमा छुट्याएर अध्ययन गरिएको छ ।

गीता केशरीका उपन्यासमा लैङ्गिकता शीर्षकको प्रस्तुत शोधकार्यको चौथो परिच्छेदमा पात्रहरूमा विकसित लैङ्गिक सचेतना र प्रतिरोधको अध्ययन गरिएको छ । यस परिच्छेदमा संक्षिप्त विषयपरिचय दिई सचेतना र प्रतिरोधको सैद्धान्तिक पर्याधार निर्माण गरिएको छ । केशरीका उपन्यासमा पितृसत्तात्मक समाजमा घटेका घटनाबाट पीडित र संघर्षशील रहेका नारी पात्रको बाहुल्य रहेको छ । त्यसैले समाजमा पितृसत्ताका कारण नारीहरूले विभेद, उत्पीडन, हिंसा र असमानता भोग्नुपरेको छ । नारीहरूमा शिक्षाप्राप्ति र भोगाइ आदिबाट लैङ्गिक सचेतना विकसित भएका कारण उनीहरूले समाज र परिवारबाट भएका विभेद र शोषणको प्रतिरोध गर्न सक्षम

भएका छन् । नारी पात्रमा मात्र नभएर केही शिक्षित पुरुष पात्रहरूमा पनि नारी पुरुष सहअस्तित्वसम्बन्धी सचेतना विकसित भएको छ । तसर्थ केशरीका उपन्यासमा नारी पुरुषका अस्तित्व, नारी पुरुष सहअस्तित्व, नारी अधिकार, विभेदविरुद्ध र नारी शिक्षाको महत्त्व र आवश्यकताका सम्बन्धमा विकसित सचेतनाको अध्ययन गरिएको छ । यसका साथै पात्रहरूले अन्धविश्वास, लैङ्गिक विभेद, लाञ्छना, पारिवारिक हस्तक्षेप, दबाब र नारी पुरुषका लागि बनेका असमान कानुनी व्यवस्थाका विरुद्ध गरेका प्रतिरोधको पनि अध्ययन गरिएको छ । पीडित पात्रमा विकसित सचेतनाले उनीहरूमा प्रतिरोधी चेतना विकसित भएको र उनीहरूले गरेको प्रतिरोधले पात्रमा अस्तित्वनिर्माण तथा निर्णयक्षमतामा वृद्धि भएको निष्कर्ष निकालिएको छ ।

## %=@ lgisif{

*गीता केशरीका उपन्यासमा लैङ्गिकता* शीर्षकको प्रस्तुत शोधकार्यमा उपन्यासका तथ्य विश्लेषणका माध्यमबाट प्राप्त निष्कर्षलाई शोधसमस्याका उत्तरका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१.गीता केशरीका उपन्यासमा नारी पुरुष पात्रबिच वर्चस्वशाली-अधीनस्थ शक्तिसम्बन्ध रहेको छ । यी उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धअन्तर्गत पारिवारिक, सामाजिक तथा संस्कारगत तहमा नारी पात्रहरू पुरुष प्रभुत्वका अधीनमा रहेका छन् । यी उपन्यासमा समाजमा विद्यमान विभिन्न किसिमका प्रथा, परम्परा र अन्धविश्वासका कारण परिवार र समाजमा नारीहरूमाथि विभेद, शोषण, हिंसा, उत्पीडन, दबाब र हस्तक्षेप भएका छन् । उपन्यासमा पारिवारिक तहबाट छोरा र छोरीबिच आमाबाबुद्वारा नै विभेदको सुरुवात भएको देखिएको छ । छोरीका इच्छालाई प्राथमिकतामा नराख्ने, विवाहका लागि दबाब दिने, विवाहपश्चात् छोरीको दायित्वबाट पन्छिने, छोरीलाई परिवारको बोझका रूपमा लिने, घरायसी काममा छोरालई छुट दिने तर छोरीलाई ती कार्य गर्न दबाब दिने, छोराछोरीमा शिक्षाका अवसरमा पनि विभेदको सिर्जना गर्ने, छोरालाई परिवार र समाजको संरक्षक तथा मालिक स्वीकारी उसलाई पूर्णतया स्वतन्त्रता उपलब्ध गराउने जस्ता गतिविधि पारिवारिक तहदेखि नै भएका छन् । समाजमा नारीका लागि तोकिएका दायरा, बन्देज र हस्तक्षेपका कारण धेरै नारीहरूले पारिवारिक विषयमा बोल्न र निर्णय गर्न पाएका छैनन् । पितृसत्ताको प्रभुत्वका कारण आफूमा विकसित अहम्को पूर्तिका लागि पुरुषद्वारा नारीमाथि बलात्कार र हत्या जस्ता हिंसात्मक आक्रमण भएका छन् । पुरुषका वासनाको पूर्तिका लागि नारीहरू किनबेच भएका छन् । नारीहरूलाई देवकी बनाई पुरुषहरूबाट शारीरिक शोषण गरिएको छ । बलात्कारजन्य अपराधमा समेत नारीको चरित्रमा नै दाग लगाउने कार्य गरिएको छ । कतिपय

नारीहरू दाइजो नल्याएको निहुँमा परिवारबाट उत्पीडन सहन बाध्य भएका छन् । बालविधवाहरू जीवनभर वैधव्य जीवनमा रहँदा पुरुषले पटक पटक विवाह गर्ने स्विकृति पाएका छन् । समाजले पुरुषको बहुविवाहलाई दिएको स्विकृतिले नारी उत्पीडित भएका छन् । यी उपन्यासका सहरी परिवेशका केही नारी पुरुष पात्रमा भने सहअस्तित्वको भावना विकसित भएको छ । यद्यपि समग्रमा गीता केशरीका उपन्यासमा पितृसत्तात्मक प्रभुत्व विद्यमान छ । उपन्यासमा अधिकांश पुरुष पात्र र कतिपय कतिपय नारी पात्रमा समेत पुरुष सोच हाबी भएका कारण पुरुषहरूको वर्चस्वमा नारीहरू नै शोषित, पीडित, दमित र अधीनस्थ भएको अवस्था छ ।

२. गीता केशरीका उपन्यासमा समाजका हरेक एकाइमा नारी पुरुषबीच विद्यमान वर्चश्वशाली अधीनस्थ शक्तिसम्बन्धले उनीहरूले निर्वाह गर्ने भूमिका निर्धारणमा ठूलो भूमिका खेलेको छ । औपन्यासिक समाजमा पितृसत्ता विद्यमान भएका कारण पारिवारिक, सामाजिक, पेसागत क्षेत्रमा नारी पुरुषका भूमिका र दायित्व अलग-अलग प्रकृतिका रहेका छन् । उपन्यासमा ग्रामीण नारीहरू प्रायःजसो घरायसी काम, मेलापात, घाँसदाउरा, बालबच्चाको रेखदेख, सरसफाइ, पढाइ, परिवारको सदस्यका सामान व्यवस्थापन आदि काममा व्यस्त भएका छन् । उपन्यासमा सहरी क्षेत्रका केही नारी पात्रहरू शिक्षक, नर्स, हवाइपरिचारिका, सरसफाइ कर्मचारी, प्रहरी, घरेलु कामदार जस्ता विभिन्न पेसासँग आबद्ध हुँदा पनि घर र बच्चाको रेखदेखको धेरैजसो जिम्मेवारी नारीमा नै रहेको छ । ग्रामीण क्षेत्रका पुरुष पात्रहरूले नारीलाई घरको काममा सहयोग गरेका छैनन् । आर्थिक उत्पादनका हिसाबले अनुत्पादक मानिएको घरेलु कामका कारण ग्रामीण क्षेत्रका प्रायः नारीहरू शिक्षा, रोजगार जस्ता व्यक्तित्व विकासका अवसरबाट वञ्चित भएका छन् ।

केशरीका उपन्यासका पुरुष पात्रहरू समाजसेवा, राजनीति, शिक्षण, सेना, प्रहरी, वकिल, प्रशासन, इन्जिनियरिङ, व्यापार, होटल व्यवसाय आदि जस्ता पेसामा संलग्न रहेका छन् । उनीहरू परिवारको संरक्षक मानिएकाले परिवारका लागि आर्थिक स्रोतको चाँजोपाँजो मिलाउनु पुरुषको दायित्व स्वीकारिएको छ । सहरी क्षेत्रका केही पुरुष पात्रहरूले विभिन्न पेसामा आबद्ध हुनुका साथै घरका काममा आफ्ना पत्नीलाई सघाउने समेत गरेका छन् । यसले उनीहरूमा समभ्रुदारीको विकास भएको देखिएको छ । केशरीका उपन्यासमा सामाजिक गतिविधिमा नारीभन्दा पुरुष पात्रको संलग्नता बढी देखिएको छ । त्यस्तै यी उपन्यासका पुरुष उत्पीडक र नारी उत्पीडितको भूमिकामा पनि देखिएका छन् । नारी पुरुषले निर्वाह गरेका यी पारिवारिक, सामाजिक र पेसागत भूमिकाले उनीहरूको स्वतन्त्रता, चेतना, व्यक्तित्व, अस्तित्व, निर्णय क्षमता, निर्णय प्रक्रियामा निकै ठूलो असर पारेको छ । यसले घरभन्दा बाहिर निस्केर विभिन्न पेसामा संलग्न भएका नारीहरू आफ्नो अधिकारका विषयमा सचेत देखिएका छन् । उनीहरूमा निर्णय गर्ने आत्मविश्वास बढेर

गएको छ भने घरायसी काममा सीमित पारिएका नारीहरू परनिर्भर भई शोषण र अपहेलनाको शिकार बनेका छन् । पुरुष परिवार र समाजको संरक्षक स्विकारिएको र उनीहरूका भूमिका आर्थिक उपार्जनसँग जोडिएका कारण प्रभुत्वशाली देखिएका छन् । यसले नारीलाई अधीनस्थ र पुरुषलाई प्रभुत्वशाली र दमनकारी  बनाएको छ ।

३. गीता केशरीका उपन्यासका पात्रहरू लैङ्गिक विभेद, नारी अधिकार, अस्तित्व, व्यक्तित्वविकास, नारी पुरुष सहअस्तित्व, सहकार्य, नारी पुरुषबीचको सम्बन्ध र नारी शिक्षाको महत्त्व जस्ता विषयप्रति सचेत भएका छन् । उनीहरूमा आफ्ना फरक-फरक भोगाइ र अनुभव, विभिन्न पेसा व्यवसायमा भएको संलग्नता, शिक्षाप्राप्ति जस्ता कारणले गर्दा आफूमाथि भएका विभेद, हिंसा, शोषण, उत्पीडन र व्यवहार गलत हुन् भन्ने चेतनाको अभिवृद्धि भएको छ । केशरीका सबै उपन्यासमा पितृसत्तात्मक शक्तिसम्बन्धका कारण नारी पात्रहरू बन्धन, शोषण, विभेद, उत्पीडनका शिकार भएकाले उनीहरू नै समाजमा विद्यमान प्रणाली गलत हो भन्ने कुरामा सचेत हुँदै गएको अवस्था छ । उनका उपन्यासका नारी पात्रमा सृष्टि प्रक्रियामा नारी पुरुष दुवैको समान सहभागिता भएजस्तै समाज विकासमा पनि लैङ्गिक सहअस्तित्व अत्यन्त महत्त्वपूर्ण रहेको सचेतना विकसित छ । उनीहरूलाई समाजमा पुरुषलाई मालिक र नारीलाई सेवकको रूपमा गरिने व्यवहार न्यायसङ्गत नभएको लागेको छ । उनीहरू नारीलाई घरभित्र राखेर उनीहरूको क्षमता र अधिकारलाई खुम्च्याउँदा नारी स्वयम्, परिवार, समाज र राष्ट्रलाई नै हानी पुऱ्याउने कुराप्रति सचेत छन् । समाजमा हरेक ठाउँमा र क्रियाकलापमा नारीलाई दायरा तोक्नु भनेको नारीको क्षमता र व्यक्तित्वमाथि तगारो लगाउनु हो । नारी पीडित र शोषित भएका घटनामा पनि नारीलाई नै दोषी देखाउने प्रवृत्ति गलत हो भन्ने चेतना उपन्यासका धेरैजसो नारी पात्रमा विकसित भएको छ । उनीहरूमा विकसित यस्तो सचेतनाले उनीहरूलाई विद्यमान सोच र प्रणालीविरुद्ध प्रतिरोधमा उत्रन सक्षम बनाएको छ । उपन्यासमा नारी मात्र नभएर पुरुष पनि पितृसत्ताका कारण नारीहरू शोषित पीडित बनेको कुराप्रति सचेत भएका छन् । विशेष गरेर सहरी क्षेत्रका केही पुरुषहरूमा नारी अधिकार, नारी अस्तित्व, नारी पुरुष सहअस्तित्वका सम्बन्धमा सचेतना आएको देख्न सकिन्छ । पुरुषमा आएको लैङ्गिक सचेतनाले उनीहरूलाई नारीका लागि सहयोगी भूमिका निर्वाह गर्न प्रेरित गरेको छ ।

४. गीता केशरीका उपन्यासका पात्रहरूले आफूमाथि भएका विभेद, शोषण, उत्पीडन, समाजका अन्धविश्वास र असमानता जस्ता कुराको प्रतिरोध गरेका छन् । उपन्यासमा पितृसत्तात्मक परिवार र समाजबाट नारी पात्रहरू नै पीडित बनेको अवस्था भएको कारण प्रतिरोधी चेतना पनि नारी पात्रमा नै बढी आएको देखिन्छ । यी उपन्यासमा विभेदमा परेका र लैङ्गिक समानता, जागरणका

विषयमा काम गर्ने नारी पात्रहरूले परिवार र समाजमा विद्यमान विभेद, शोषण, हिंसा र उत्पीडनको प्रतिरोध गरेका छन् । नारी र पुरुषका लागि विवाहका सम्बन्धमा भएका कानुनी र सामाजिक व्यवस्थाको पनि नारी पात्रहरूद्वारा नै प्रतिरोध भएको छ । बलात्कारी, मानव बेचबिखनमा लागेका दलालहरूलाई कानुनी रूपमा सजाय दिलाएर, पारिवारिक हस्तक्षेपका बावजुद पनि आफूले इच्छाएको पेसा अपनाएर, पुरुषले आफूमाथि गरेको दुर्व्यवहारका विरुद्ध बोलेर, समाजले लगाएका लाञ्छनाको उत्तर मागेर, दाइजोको आश गर्ने परिवारका विरुद्ध बोलेर र समाजलाई चुनौती दिँदै बालविधवाले कृत्रिम पद्धतिबाट बच्चा जन्माई मातृत्वको चाहना पूरा गरेर नारी पात्रले विद्यमान विभेद र सोचका विरुद्ध प्रतिरोध गरेका छन् । त्यस्तै घरबाट परित्यक्ता भएका नारीहरू पढेर र विभिन्न पेसामा नोकरी गरी आत्मनिर्भर भएर नारीका क्षमतामा प्रश्न उठाउने समाजका मान्यताविरुद्ध  प्रतिरोधी बनेका छन् । केशरीका उपन्यासमा नारीका अतिरिक्त केही पुरुष पात्रहरू पनि प्रतिरोधी बनेको अवस्था छ । नारीलाई लाञ्छना लगाउने, बेचिनुमा नारीको दोष देख्ने, उनीहरूको चरित्रमा प्रश्न उठाउने, नारीका लागि गाली गलौजका पतीत शब्दको प्रयोग गर्ने, नारी पुरुषको सम्बन्धलाई वासनाको रूपमा मूल्याङ्कन गर्ने सामाजिक प्रवृत्तिको विरुद्ध यहाँका केही पुरुष पात्रहरूले प्रतिरोध गरेका छन् । यी उपन्यासमा पात्रहरूले गरेका प्रतिरोधी क्रियाकलाप र विचारका कारण कतिपय पात्रलाई समाजमा तिरस्कार गरिएको छ भने कतिपय पात्र स्वावलम्बी, आत्मविश्वासी, निडर भई स्वतन्त्र रूपमा आफूले चाहेको मार्गमा हिँड्न सकेका छन् ।

समग्रमा गीता केशरी नेपाली समाजमा विद्यमान लैङ्गिक समस्यालाई औपन्यासिक रूप दिने उपन्यासकार हुन् । उनले नेपालको राणाशासन (१९०३-२००६), पञ्चायती व्यवस्था(२०१९-२०४६), प्रजातन्त्र पुनर्स्थापना (२०४७) र गणतन्त्र स्थापना (२०६५) सम्मका समाजमा रहेका लैङ्गिक विभेदका विषयलाई आफ्ना उपन्यासमा समेटेकी छन् । पुरुषप्रधान समाजमा हुने नारी पुरुषका भूमिका, सम्बन्ध र त्यसका आधारमा हुने नारी हिंसा, उत्पीडन, शोषण, अवहेलना, तिरस्कार, लाञ्छनाको प्रस्तुतीकरण उनका उपन्यासमा भएका छन् । उनले सहरी क्षेत्रको परिवेशलाई मुख्य कार्यपीठिका बनाएपनि धेरैजसो उपन्यासमा गाउँले परिवेशका लैङ्गिक अवस्थितिलाई समेत स्पर्श गरेकी छन् । उनका उपन्यासमा सहरी क्षेत्रका पात्रहरू देशका विभिन्न ठाउँमा भ्रमण गरी त्यहाँका लैङ्गिक समस्या, विभिन्न कुप्रथा, परम्परा र तिनका मार्फत नारीमाथि हुने विभेद र शोषणका स्वरूपको खोजी गरेका छन् । यसबाट उनीहरूमा नारी अस्तित्व, व्यक्तित्व, नारी पुरुष सहअस्तित्व तथा विभेदप्रतिको सचेतना विकसित भएको छ । यस किसिमको सचेतनाले पात्रहरूलाई लैङ्गिक समानता र नारी उत्थानका कार्यमा लाग्न प्रेरित गरेको छ । केशरीका उपन्यासका नारी पात्रहरू बलात्कारजन्य हिंसा, बेचविखन, दाइजो प्रथा, देवकी प्रथा,

अनमेल विवाह, बालविवाह, बालविधवा र बहुविवाह जस्ता परम्पराका कारण शोषित पीडित बनेका छन् तर अधिकांश पात्रहरू आफूलाई परेका हिंसाजन्य घटनालाई नै शक्ति बनाएर विभेदका विरुद्ध लडेका छन् । गीता केशरीले यी उपन्यासमा वेश्यालयमा बेचिएका नारी पात्रलाई यौन क्रियाकलापमा संलग्न नहुँदै भाग्न सफल गराउनु, बलात्कारबाट पीडितलाई आत्मबल दह्रो बनाएर दोषीलाई सजाय दिन अग्रसर गराउनु, बालविधवालाई कृत्रिम गर्भधारणमार्फत सन्तान जन्माउन लगाई कुसंस्कारका विरुद्ध प्रतिरोध गराउनु, घरबाट परित्यक्ता नारीलाई शिक्षा प्रदान गरी आत्मनिर्भर गराउनु र सहरकी नारीलाई गाउँमा लगी अन्धविश्वासका विरुद्ध लड्न लगाउनु जस्ता उपाय अपनाएर समाजमा नारी जागरणको सन्देश दिन खोजेकी छन् । उनले आफ्ना उपन्यासका नारी पात्रहरूलाई हिंसाबाट पीडित भई आत्महत्या, पलायन र समर्पण गर्नुभन्दा त्यसको प्रतिरोधमा लाग्ने बनाएकी छन् । यसले पाठकसामु समाजको लैङ्गिक विभेद र हिंसाको स्वरूप प्रस्तुत गर्दै त्यससँग प्रतिरोध गर्ने चेतनाको विकासमा मदत पुऱ्याउने उद्देश्य राखेको देखिन्छ । त्यसैले लैङ्गिक अध्ययनका दृष्टिकोणले केशरीका उपन्यास महत्त्वपूर्ण छन् र उनी लैङ्गिक सचेतना भएकी उपन्यासकार हुन् भन्ने स्पष्ट भएको छ ।

# ;Gbe{;fdu|L;"rL

## -s_ g]kfnL efiffsf ;Gbe{;fdu|L


अर्याल, अम्बिका, 'गीता केशरीका उपन्यासमा नारी संकेन्द्रण', अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन, त्रि.वि. शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान केन्द्र, २०७५ ।

आचार्य, बलराम, *लैङ्गिक समाजशास्त्र,* काठमाडौँ : नेशनल बुक सेन्टर, २०७४ ।

उप्रेती, सञ्जीव,*सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स, २०६८ ।

केशरी, गीता, *अन्तिम निस्तो,* काठमाडौँ : सेभ द चिल्ड्रेन, २०५१ ।

- - - *आवाज,* काठमाडौँ : भारद्वाज प्रकाशन, २०४७ ।

- - - *कसिङ्गर,* काठमाडौँ : साझा प्रकाशन, २०३४ ।

- - - *खोज,* काठमाडौँ : भारद्वाज प्रकाशन, २०५० ।

- - - *नयाँ अध्याय,* काठमाडौँ : ऐरावती प्रकाशन, प्रा. लि., २०७४ ।

- - - *निष्कर्ष,* काठमाडौँ : पन्त स्मृति प्रतिष्ठान, २०६० ।

- - - *नोकरी,* विराटनगर : वाणी प्रकाशन, २०५५ ।

- - - *बदलिँदो क्षितिज,* काठमाडौँ : शब्दार्थ प्रकाशन, २०६६ ।

- - - *मुक्ति,*काठमाडौँ : भारद्वाज प्रकाशन, २०४८ ।

- - - *विश्वास,* काठमाडौँ : लेखक स्वयम्, २०५२ ।

- - - *सौगात ,* काठमाडौँ : भारद्वाज प्रकाशन, २०४६ ।

खनाल, सुनिता, 'चुनौतीलाई अवसर मान्ने केशरी', नयाँ पत्रिका डट कम, २०७५, भदौ १६ गते ।

गुरुङ, सुशान्त, 'उपन्यास विधाका सन्दर्भमा नेपाली नारी स्रष्टाहरूको उपस्थिति र योगदान', *गरिमा* (३०/७),२०६९,पृ. ३९९-४००।

ज्ञवाली, रामप्रसाद, 'नयाँ विषयको औपन्यासिक प्रस्तुति', *नयाँ अध्याय,* काठमाडौँ : ऐरावती प्रकाशन, २०७४ ।

त्रिपाठी, सुधा, *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, सन् २०१२।

पाण्डे, ज्ञानु, 'नेपाली उपन्यासमा नारी स्रष्टाको उपस्थिति र वर्तमान अवस्था', *मधुपर्क,* (३८/४)

२०६२, पृ. ६९-७३ ।

- - - *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९ ।

पाण्डेय, ताराकान्त, *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन, २०७३ ।

पौडेल,विष्णुप्रसाद,'नारीलेखनका चार उपन्यासको नारीवादी परिप्रेक्ष्य', समकालीन साहित्य डट कम,२०६९, साउन, १, सोमबार ।

भट्टराई, तुलसी, 'मुक्ति मानवीय मूल्य-मान्यताको आधारशीला', *गरिमा,* (१०/७), २०४९, पृ. १९-२४ ।

भट्टराई, रमेशप्रसाद, 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,*(भाग १९), २०७०, पृ.३३४-३६४ ।

- - -*आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०७७।

- - - *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०७७ ।

लुइटेल, लीला, 'महिला लेखन र  नारीवादी नेपाली उपन्यास', समकालीन साहित्य डट कम, २०६६, चैत्र १९, बिहीबार ।

- - -'आख्यानकार गीता केशरी' समकालीन साहित्य डट कम, २०६८, जेठ १९, बिहीबार।

शर्मा, गार्गी, 'नेपाली साहित्यमा नारीको योगदान', *मधुपर्क,* (३८,४),२०६२ भदौ, पृ.१५-१७ ।

सापकोटा, सुनिता, 'नयाँ अध्याय उपन्यासको विधातात्त्विक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ, २०७५ ।

सुवेदी, राजेन्द्र, *समसामयिक नेपाली उपन्यास,* काठमाडौँ : तन्नेरी प्रकाशन, २०७५ ।

## -v_ c+u|]hL efiffsf ;Gbe{ ;fdu|L

कार्टर, एरिका, 'जेन्डर', *कल्चरल एन्ड क्रिटिकल थ्योरी,* सम्पा.माइकल प्याने, मासाचुएट्स : ब्ल्याकवेल पब्लिसर्स लिमिटेड, सन् २०००,पृ.२१७–२१८ ।

कोनेल, आर.डब्लु, *जेन्डर एन्ड पावर,* स्ट्यान्डफोर्ड, सि. ए. : स्ट्यान्डफोर्ड युनिभर्सिटी प्रेस, सन् १९८७।

कोस्टर, डायना,  जेन्डर एन्ड पावर सिक्स लिङ्क्स एन्ड वन बिग अपर्चुनिटी, https://www.dlprog.org/opinions/gender-and-power-six-links and-one-big-opportunity, २१ मे, २०१५ ।

ग्राम्सी, एन्टोनियो, *सेलेक्सन फ्रम द प्रिजन नोटबुक्स,* सम्पा. क्विनटिन होआर तथा ज्यौफ्री नोबेल-

स्मिथ, लन्डन : लरेन्स तथा विशहार्ट, सन् १९७६ ।

फुको, मिसेल, *पावर/नलेज : सेलेक्टेड इन्टरभ्युज एन्ड अदर राइटिङ्स* सम्पा. कोलिन गोर्डन, न्युयोर्क : प्यान्थियन, सन् १९८० ।

- - - *हिस्ट्री अव् सेक्सुआलिटी एन इन्ट्रोडक्सन,* अनु. रोबर्ट हर्ले, न्युयोर्क : भिन्टेज बुक्स, १९९०।

लर्बर, जुडिथ, *जेन्डर इनइक्वालिटी* (तेस्रो संस्करण), लस एन्जेलस : रक्सबरी पब्लिसिङ हाउस, सन् २००५ ।

विङ्गुड, जिना एम्. र डिक्लेमेन्ट राल्फ जे., 'द थ्योरी अव जेन्डर एन्ड पावर', *इमर्जिङ थ्योरिज इन हेल्थ प्रोमोसन प्राक्टिस एन्ड रिसर्च,* जोसे बास : सन्फ्रान्सिस्को, सन् २००२, पृ.३१३-३४६ ।